# आवधिक नगर विकास योजना

## (आर्थिक वर्ष २०८१/८२ - २०८३/८४)

सुरूङ्गा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कदमाहा, सप्तरी

मधेश प्रदेश

# विषय सूची


*परिच्छेद १: परिचय* ........ १

१.१ पृष्ठभूमि ........ १

१.२ आवधिक योजनाको उद्देश्य ........ २

१.३ आवधिक योजना तर्जुमा प्रक्रिया ........ २

१.४ आवधिक योजना तर्जुमाको कानुनी तथा नीतिगत आधारहरू ........ ४

*परिच्छेद २: नगरपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा* ........ ६

२.१ नगरपालिकाको परिचय ........ ६

२.२ नगरपालिकाको क्षेत्रगत अवस्था ........ ११

२.२.१ आर्थिक विकासको अवस्था ........ ११

२.२.२ सामाजिक विकासको अवस्था ........ १९

२.२.३ पूर्वाधार तथा शहरी विकासको अवस्था ........ २७

२.२.४ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था ........ २९

२.२.५ सुशासन तथा संस्थागत व्यवस्था ........ ३२

*परिच्छेद ३: सोच तथा विकासको अवधारणा* ........ ३६

३.१ पृष्ठभूमि ........ ३६

३.२ प्रमुख समस्या तथा चुनौति ........ ३७

३.३ प्रमुख सम्भावना तथा अवसर ........ ३७

३.४ निर्देशक सिद्धान्त ........ ३८

३.५ सोच, लक्ष्य तथा उद्देश्य ........ ३९

३.६ परिमाणात्मक लक्ष्य ........ ३९

३.७ रणनीति तथा प्राथमिकता ........ ४०

३.८ लगानी स्रोत अनुमान र बाडँफाँड ........ ४२

३.९ नगर गौरवका योजनाहरू ........ ४३

*परिच्छेद ४: आर्थिक क्षेत्र* ........ ४४

४.१ कृषि तथा पशुपंक्षी ........ ४४

४.२ सिंचाई ........ ५४

४.३ पर्यटन, सँस्कृति तथा सम्पदा ........ ५८

४.४ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति ........ ६३

४.५ श्रम, रोजगारी र सामाजिक सुरक्षा ........ ७१

*परिच्छेद ५: सामाजिक क्षेत्र* ........ ७७

५.१ स्वास्थ्य तथा पोषण ........ ७७

५.२ शिक्षा, विज्ञान तथा नवप्रवर्तन ........ ८१

५.३ खानेपानी तथा सरसफाइ ........ ८७

५.४ महिला, बालबालिका तथा लक्षित वर्ग ........ ९३

५.५ युवा तथा खेलकुद ........ ९९

*परिच्छेद ६: पूर्वाधार क्षेत्र* ........ १०३

६.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण ........ १०३

६.२ सडक, पुल तथा यातायात ........ १०९

६.३ जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा ........ ११६

६.४ सूचना, सञ्चार तथा प्रविधि ........ १२२

*परिच्छेद ७: वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र* ........ १२८

७.१ वन तथा जैविक विविधता ........ १२८

*परिच्छेद ८ : संस्थागत विकास तथा सुशासन* ........ १३५

८.१ संस्थागत संरचना र मानव संशाधन ........ १३५

८.२ वित्तीय स्रोत व्यवस्थापन ........ १४०

*परिच्छेद ९: कार्यान्वियन व्यवस्था* ........ १४५

९.१ पृष्ठभूमि ........ १४५

९.२ संस्थागत व्यवस्था तथा मानव संसाधन योजना ........ १४५

९.३ विषय क्षेत्र अनुसार अनुमानित बजेट ........ १४६

९.४ स्रोत परिचालन रणनीति ........ १४६

९.५ आवधिक नगर विकास योजना कार्यान्वयन ........ १४७

९.६ अनुगमन तथा मूल्याङ्कन योजना ........ १४७

**९.७ अनुगमन तथा मूल्याङ्कनको आवश्यकता** ...... १४७

**९.८ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी** ...... १४७

**९.९ अनुगमन तथा मूल्याङ्कन प्रक्रिया** ...... १४८

**अनसूची १ : नगर र वडा स्तरीय भेलाहरूको उपस्थिति विवरण** ...... १७२

**अनसूची २ : भूउपयोग नक्साहरू** ...... १७३

**अनसूची ३ : छलफल तथा भेलाका तस्विरहरू** ...... १७३

**अनसूची ४ : निर्माणाधिन नगर कार्यपालिका भवन** ...... १७४

चित्र नं. १ : अपाङ्ताको प्रकार अनुसारको जनसंख्या प्रतिशत ...... ९
चित्र नं. २ : १० वर्ष र सो भन्दा माथिका आर्थिक रूपमा सक्रिय र निष्कृय अनुसारको जनसंख्या ...... १६
चित्र नं. ३ : १० वर्ष र सो भन्दा माथिका व्यक्तिले आर्थिक काम गरेको अवधि (महिना) अनुसारको जनसंख्या ...... १७
चित्र नं. ४ : १० वर्ष र सो भन्दा माथिका व्यक्तिको पेशा अनुसारको जनसंख्या ...... १७
चित्र नं. ५ : १० वर्ष र सो भन्दा माथिका व्यक्तिको१२ महिनासम्म गरेका आर्थिक क्रियाकलापको औद्योगिक क्षेत्र अनुसारको विवरण ...... १८
चित्र नं. ६ : १० वर्ष र सोभन्दा माथिका व्यक्तिले पछिल्लो १२ महिनामा मूख्य आर्थिक कामको संस्थागत क्षेत्र अनुसारको ...... १८
चित्र नं. ७ : १० वर्ष र सोभन्दा माथिका व्यक्तिले पछिल्लो १२ महिनामा कुनै पनि आर्थिक काम नगर्नु वा ६ महिनाभन्दा कम समय काम गर्नुको कारणको विवरण ...... १९
चित्र नं. ८ : खानेपानीको स्रोत अनुसार परिवार संख्याको विवरण ...... ८७
चित्र नं. ९ : स्रोत अनुसार बत्तिको प्रयोग गर्ने परिवारको विवरण ...... ११७

तालिका नं. १ : नगरपालिकाको जनसंख्याको विवरण ...... ७
तालिका नं. २ : जातजातिगत विवरण ...... ८
तालिका नं. ३ : धर्म अनुसारको जनसंख्या विवरण ...... ८
तालिका नं. ४ : भाषा अनुसारको जनसंख्या विवरण ...... ९
*तालिका नं. ५ : उमेर समूह अनुसारको जनसंख्या विवरण* ...... १०
तालिका नं. ६ : आर्थिक विकासको वर्तमान अवस्था, समस्या र भविष्यमा हुनुपर्ने विवरण ...... ११
तालिका नं. ७ : कृषक परिवार, जग्गाको क्षेत्रफल, कित्ता संख्या र सिंचित क्षेत्रफलको विवरण ...... १४
तालिका नं. ८ : स्थायी, अस्थायी, अन्य खेती योग्य र स्थायी चरिचरण वन पोखरी रहेको जग्गाको विवरण ...... १४
तालिका नं. ९ : पाल्तु चौपाया सम्वन्धी विवरण ...... १४
तालिका नं. १० : पाल्तु पंक्षी सम्वन्धी विवरण ...... १५
तालिका नं. ११ : पाल्तु पंक्षी सम्वन्धी विवरण ...... १५
तालिका नं. १२ : सामाजिक विकासको वर्तमान अवस्था, समस्या र भविष्यमा हुनुपर्ने विवरण ...... २०
तालिका नं. १३ : स्वास्थ्य तथा पोषण सम्वन्धी बिद्यमान अवस्थाको विवरण ...... २३
तालिका नं. १४ : कूल जन्म भएका बच्चा हालसम्म जीवित बच्चा र मृत्यु भएको बच्चा सम्वन्धी विवरण ...... २४
तालिका नं. १५ : शैक्षिक अवस्था सम्वन्धी तुलनात्मक विवरण ...... २५
तालिका नं. १६ : पाँचबर्ष माथीको शैक्षिक अवस्थाको विवरण ...... २५
तालिका नं. १७ : पूर्वाधार विकासको वर्तमान अवस्था, समस्या र भविष्यमा हुनुपर्ने विवरण ...... २७

तालिका नं. १८ : वन, वातावरण तथा विपद् व्यवस्थापनको वर्तमान अवस्था, समस्या र भविष्यमा हुनुपर्ने विवरण ........ २९
तालिका नं. १९ : विपद् तथा जोखिमका प्रकार अनुसार प्रभावित रहेका वडाहरूको विवरण........ ३२
तालिका नं. २० : संस्थागत विकास तथा सुशासन क्षेत्रको वर्तमान अवस्था, समस्या र भविष्यमा हुनुपर्ने विवरण ........ ३२
तालिका नं. २१ : अपेक्षित परिमाणात्मक लक्ष्य तथा उपलब्धी........ ३९
तालिका नं. २२ : रणनीति तथा प्राथमिकता ........ ४०
तालिका नं. २३ : सुरुङ्गा नगरपालिकाको आय अनुमान ........ ४२
तालिका नं. २४ : उपक्षेत्रगत रणनीति तथा कार्यनीति ........ ४७
तालिका नं. २५ : कृषि तथा पशुपंक्षी विकासका कार्यक्रम तथा योजना........ ४९
तालिका नं. २६ : कृषि तथा पशुपंक्षी विकासका अपेक्षित उपलब्धि तथा नतिजा खाका........ ५१
तालिका नं. २७ : उपक्षेत्रगत रणनीति तथा कार्यनीति ........ ५५
तालिका नं. २८ : सिंचाइ सुविधाका कार्यक्रम तथा योजना ........ ५६
तालिका नं. २९ : उपक्षेत्रगत अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ५६
तालिका नं. ३० : उपक्षेत्रगत रणनीति तथा कार्यनीति ........ ६०
तालिका नं. ३१ : पर्यटन, संस्कृति तथा सम्पदा क्षेत्र विकासका कार्यक्रम तथा योजना........ ६१
तालिका नं. ३२ : उपक्षेत्रगत अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ६१
तालिका नं. ३३ : उपक्षेत्रगत रणनीति तथा कार्यनीति ........ ६५
तालिका नं. ३४ : उद्योग, व्यापार तथा आपूर्ति सम्वन्धी कार्यक्रम तथा योजना ........ ६७
तालिका नं. ३५ : उपक्षेत्रगत अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ६७
तालिका नं. ३६ : उपक्षेत्रगत रणनीति तथा कार्यनीति ........ ७२
तालिका नं. ३७ : श्रम, रोजगारी र सामाजिक सुरक्षा सम्वन्धी कार्यक्रम तथा योजना ........ ७४
तालिका नं. ३८ : उपक्षेत्रगत अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ७४
तालिका नं. ३९ : उपक्षेत्रगत रणनीति तथा कार्यनीति ........ ७८
तालिका नं. ३९ : स्वास्थ्य तथा पोषण सम्वन्धी कार्यक्रम तथा योजना ........ ७९
तालिका नं. ४१ : उपक्षेत्रगत अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ७९
तालिका नं. ४१ : उपक्षेत्रगत रणनीति तथा कार्यनीति ........ ८३
तालिका नं. ४३ : शिक्षा, विज्ञान तथा नवप्रवर्तन सम्वन्धी कार्यक्रम तथा योजना ........ ८५
तालिका नं. ४४ : उपक्षेत्रगत अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ८५
तालिका नं. ४५ : वडागत शौचालयको अवस्था सम्वन्धी विवरण ........ ८८
तालिका नं. ४६ : उपक्षेत्रगत रणनीति तथा कार्यनीति ........ ९०
तालिका नं. ४७ : खानेपानी तथा सरसफाई सम्वन्धी कार्यक्रम तथा योजना........ ९१
तालिका नं. ४८ : उपक्षेत्रगत अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ९१
तालिका नं. ४९ : उपक्षेत्रगत रणनीति तथा कार्यनीति ........ ९६
तालिका नं. ५० : महिला बालबालिका तथा लक्षित वर्ग सम्वन्धी कार्यक्रम तथा योजना ........ ९६
तालिका नं. ५१ : उपक्षेत्रगत अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ९६
तालिका नं. ५१ : उपक्षेत्रगत रणनीति तथा कार्यनीति ........ १००
तालिका नं. ५१ : युवा तथा खेलकूद क्षेत्र विकास सम्वन्धी कार्यक्रम तथा योजना........ १०१
तालिका नं. ५४ : उपक्षेत्रगत अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १०१
तालिका नं. ५५ : वडा अनुसार मापदण्ड पूरा गरेर बनेको घरको विवरण ........ १०३

तालिका नं. ५६ : उपक्षेत्रगत रणनीति तथा कार्यनीति ........ १०४
तालिका नं. ५७ : बस्ती, आवास तथा सार्वजनिक निर्माण सम्वन्धी कार्यक्रम तथा योजना ........ १०६
तालिका नं. ५८ : उपक्षेत्रगत अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १०६
तालिका नं. ५९ : उपक्षेत्रगत रणनीति तथा कार्यनीति ........ १११
तालिका नं. ६० : सडक, पुल तथा यातायात निर्माण सम्वन्धी कार्यक्रम तथा योजना ........ ११३
तालिका नं. ६१ : उपक्षेत्रगत अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ११३
तालिका नं. ६२ : वडा अनुसार उर्जा प्रयोगको आधारमा परिवारको विवरण ........ ११६
तालिका नं. ६३ : उपक्षेत्रगत रणनीति तथा कार्यनीति ........ ११८
तालिका नं. ६४ : जलस्रोत, पुल तथा यातायात निर्माण सम्वन्धी कार्यक्रम तथा योजना ........ १२०
तालिका नं. ६५ : उपक्षेत्रगत अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १२०
तालिका नं. ६६ : उपक्षेत्रगत रणनीति तथा कार्यनीति ........ १२३
तालिका नं. ६७ : सूचना तथा संचार सम्वन्धी कार्यक्रम तथा योजना ........ १२५
*तालिका नं. ६८ : उपक्षेत्रगत अपेक्षित उपलब्धि तथा नतिजा खाका* ........ १२५
तालिका नं. ६९ : उपक्षेत्रगत रणनीति तथा कार्यनीति ........ १३१
*तालिका नं. ७० : वन, वातावरण तथा जैविक विविधता संरक्षण सम्वन्धी कार्यक्रम तथा योजना* ........ १३२
*तालिका नं. ७१ : उपक्षेत्रगत अपेक्षित उपलब्धि तथा नतिजा खाका* ........ १३३
तालिका नं. ७२ : सुरूङ्गा नगरपालिकाले तयार गरेका स्थानीय कानुनहरूको विवरण ........ १३५
तालिका नं. ७३ : व्यक्तिगत घटना दर्ताको विवरण ........ १३६
तालिका नं. ७४ : नगर कार्यपालिका तथा वडा कार्यालयमा कार्यरत कर्मचारीको विवरण ........ १३८
*तालिका नं. ७५ : उपक्षेत्रगत रणनीति तथा कार्यनीति* ........ १३९
*तालिका नं. ७६ : प्रस्तावित आयको विवरण* ........ १४१
*तालिका नं. ७७ : विषयगत क्षेत्र/उपक्षेत्र अनुसार रणनीति तथा कार्यनीति* ........ १४४
*तालिका नं. ७८ : अनुगमन तथा मूल्यांकन प्रक्रिया* ........ १४८

सुरूङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कदमाहा, सप्तरी

**मन्तव्य**

# परिच्छेद १: परिचय

## *१.१ पृष्ठभूमि*

नेपालमा छ दशक लामो योजनाबद्ध विकासको अवधिमा नौवटा पञ्चवर्षीय र पाँचवटा त्रिवर्षीय योजना कार्यान्वयन भएका छन् भने पन्ध्रौं योजना (आर्थिक वर्ष २०७६/७७ - २०८०/८१) कार्यान्वयनको अन्तिम समयमा रहेको छ । नेपालको पहिलो आवधिक योजना (२०१३–१८) ले "उत्पादन र कृषिआयमा वृद्धि" लाई अपरिहार्य मानेको थियो । त्यसपछिका सबै आवधिक योजनाहरूले बृहत्तर आर्थिक सामाजिक अवस्थामा सुधार ल्याउने उद्देश्यले "उत्पादकत्व वृद्धि" मा नै जोड दिएको पाउँछौं । लामो समयसम्म केन्द्रिकृत शासन व्यवस्था र योजना पद्धतिको अवलम्बन पश्चात् आठौं योजनाकाल (२०४९–५४) देखि अपनाइएको आर्थिक उदारीकरणबाट परिणाममुखी परिवर्तनहरू देखा पर्न थालेका छन् । केही सकारात्मक परिवर्तन देखिए पनि अपेक्षित उपलव्धी महसुस हुने गरी समृद्ध नेपाल र नेपालीको भविष्य बनाउनका लागि सामाजिक न्यायको माध्यमबाट लोककल्याणकारी राज्य व्यवस्थाको स्थापना, नीजि र सहकारी क्षेत्रको सहभागितामा तीव्र आर्थिक वृद्धि हासिल भने हुन सकेको छैन ।

विभिन्न कालखण्डमा राजनैतिक व्यवस्थाहरूमा परिवर्तन हुँदै नेपाल संघीय लोकतान्त्रिक गणतन्त्र व्यवस्था अवलम्वन गरेको मुलुकको रूपमा स्थापित भएको छ । नेपालको संविधानले नेपाललाई सातवटा प्रदेशसहितको संघीय राज्यको रूपमा स्थापित गरि राज्यको मूल संरचना संघ, प्रदेश र स्थानीय गरि तीन तहको व्यवस्था गरेको छ । नेपालको वर्तमान राजनैतिक उपलव्धी प्राप्तिका लागि ऐतिहासिक जनआन्दोलन र मधेश आन्दोलनको योगदान अतुलनीय रह्यो ।

परिवर्तित व्यवस्थासंगै आएको नेपालको संविधानले स्थानीय सरकारलाई योजना तथा बजेट तर्जुमा गर्ने, कार्यान्वयन गर्ने र अनुगमन गर्ने जिम्मेवारी प्रदान गरेको छ । स्थानीय तह संचालन सम्बन्धी संघीय कानून स्थानीय सरकार संचालन ऐन, २०७४ ले गाउँपालिका/नगरपालिकाले स्थानीयस्तरको विकासकालागि आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा आवधिक, वार्षिक, रणनीतिक क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नु पर्ने व्यवस्था गरेको छ । ऐनले यस प्रकारका स्थानीय तहको योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन र अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्ने व्यवस्था गरेको छ । यसैगरी ऐनले गाउँ/नगरपालिकाले योजना बनाउँदा प्राथमिकता दिनु पर्ने विषयहरूसमेत तोकेको छ भने नगरपालिकाले आफ्नो कार्य संचालन गर्दा लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम उपयोग वा प्रभावकारी सेवा प्रवाह तथा अन्य गाउँ/नगरपालिकासँग साझेदारी, सम्झौता र संयुक्त व्यवस्थापन गर्न सक्ने विषयहरु समेत तोकेको छ ।

संघीय शासन व्यवस्था अनुसारको नयाँ राजनीतिक तथा प्रशासनिक परिवेशमा नगर विकासको प्रयासहरुलाई दिशानिर्देश गर्न नगर सभा तथा नगर कार्यपालिकाका निर्वाचित पदाधिकारी, कार्यालयका कर्मचारी, नगरपालिकामा क्रियाशिल राजनीतिक दलहरू र अन्य सरोकारवालाबाट आवधिक योजना तर्जुमाको आवश्यकता महशुस गरी सहभागितामूलक योजना तर्जुमा प्रक्रिया अनुसार एकीकृत स्वरुपको आवधिक योजना तर्जुमा गर्ने र सोको आधारमा बार्षिक योजना तथा बजेट तर्जुमा गरी नगर सभाबाट स्वीकृत गर्ने विषय आर्थिक ऐनमा व्यवस्था गरिएको छ । यसका लागि नगर कार्यपालिकाले संवैधानिक व्यवस्था, स्थानीय तहको अधिकार क्षेत्र तथा संघीय ऐन (स्थानीय सरकार संचालन ऐन, २०७४) मा भएका प्रावधान अनुसार योजनाबद्ध, एकीकृत तथा सहभागितामूलक विकासको अवधारणामा आधारित भई आवधिक योजना तर्जुमा कार्यविधि तयार तथा स्वीकृत गरेको छ । स्वीकृत कार्यविधि अनुसार इन्टरनेशनल आईडियाको सहयोगमा नगरपालिकाले नगर विकासको वर्तमान अवस्था, संभावना तथा समस्या विश्लेषण गरी सुरूङ्गा नगरपालिकाको एकीकृत स्वरुपको प्रथम आवधिक नगर विकास योजना (२०८१/८२–२०८३/८४) तर्जुमा गरिएको छ ।

### *१.२ आवधिक योजनाको उद्देश्य*

नगरपालिका क्षेत्रको समष्टीगत आर्थिक, सामाजिक विकासका लागि लक्ष्य तथा उद्देश्यहरु निर्धारण गरी निश्चित अवधिभित्र लक्ष्य हासिल गर्न उपयुक्त सिद्धान्त, नीति, रणनीति तथा प्राथमिकताहरु पहिचान एवम् परिभाषित मार्गचित्र नै आवधिक योजना हो । स्थानीय तहको आवधिक योजनाले निश्चित अवधिका लागि नगरपालिकालाई आफुले चाहेको गन्तव्य तर्फ विकासको गतिलाई डोर्याउने काम गर्दछ । नगरपालिकाको नेतृत्वमा योजनाबद्ध विकासका लागि सरकारी, गैरसरकारी, सहकारी, समुदायमा आधारित संस्था तथा नीजि क्षेत्रलाई एक स्थानमा ल्याई नगरपालिकाको एकीकृत तथा समष्टिगत विकास प्रक्रियालाई मार्गदर्शन गर्नु नै आवधिक नगर विकास योजना तर्जुमाको मुख्य उद्देश्य हो । योजना तर्जुमाका सहायक तथा निर्दिष्ट उद्देश्यहरु देहायअनुसार छन् :

- नगर विकास तथा श्रोत परिचालनको विद्यमान स्थिति विश्लेषण गरी नगरबासी तथा सरोकारवालाको चाहाना तथा सहभागितात्मक छलफलका आधारमा नगर विकासको खाका तयार गर्ने ।
- नगर विकासको दीर्घकालिन सोच, निर्देशक सिद्धान्त, लक्ष्य, रणनीति र प्राथमिकता निर्धारण गर्ने ।
- नगर विकासका प्रयासलाई मार्गदर्शन गर्ने तथा अपेक्षित नतिजा हासिल गर्ने कार्यनीति, प्रमुख कार्यक्रमहरु तय गर्ने ।
- नगरको एकीकृत, नतिजामुलक र योजनाबद्ध विकासका लागि साझेदार तथा सरोकारवालालाई एकथलोमा राखि विकासमा साझा उत्तरदायित्व सिर्जना गर्ने ।
- नगर विकास प्रयासहरुको प्रक्रिया तथा नतिजाको अनुगमन तथा मूल्याङ्कनको खाका प्रस्तुत गर्ने ।

### *१.३ आवधिक योजना तर्जुमा प्रक्रिया*

यस नगरपालिकाको विस्तृत स्वरूपको प्रथम आवधिक विकास योजना तयारीका लागि देहायको विधि तथा प्रक्रिया अवलम्वन गरिएको छ:

#### १.३.१ योजना तयारी कार्याशाला गोष्ठी

सुरूङ्गा नगर कार्यपालिकाको आयोजनामा कार्यपालिकाका पदाधिकारी, कर्मचारी र स्थानीय सरोकारवालाबीच आवधिक विकास योजना बारेमा साझा धारणा, बुझाई, योजना तर्जुमा प्रक्रिया, कार्ययोजना तयार र स्वीकृत गर्न २०८१ साल बैशाख ९ गते एक दिवसीय योजना तयारी कार्याशाला गोष्ठी आयोजना गरी कार्ययोजना तयार तथा स्वीकृत गरियो । नगर कार्यपालिकाका नगर प्रमुख श्री गीता चौधरी ज्यूको अध्यक्षतामा संचालन भएको कार्यशालामा नगर उपप्रमुख, वडा अध्यक्षहरू लगायत कार्यपालिकाका सदस्य, नगर कार्यपालिका कार्यालयका शाखा प्रमुख, वडा सचिव तथा स्थानीय संघसंस्थाका प्रतिनिधि समेतको उपस्थिति रहेको थियो । कार्याशालामा आवधिक विकास योजनाको अवधारणा, तर्जुमा विधि तथा प्रक्रिया, वस्तुस्थिति विवरण तथा आधाररेखा सूचना, योजना तर्जुमाको कार्ययोजना बारे प्रस्तुती जानकारी, छलफल र योजना तर्जुमा कार्ययोजना स्वीकृत गरिएको थियो ।

#### १.३.२ वस्तुस्थिति विश्लेषण विवरण तथा आधार सूचना तयारी

विषयगत र खण्डीकृत आधाररेखा सूचना सहित वस्तुस्थिति विवरण तयार गर्न नगरपालिकाबाट आवश्यक सूचना र तथ्यांक संकलन गरियो । नगरपालिका र विभिन्न द्बितिय स्रोतबाट प्राप्त सूचना र तथ्यांकहरूलाई विश्लेषण गरी वस्तुस्थिति विश्लेषण विवरण मस्यौदा तयार गरियो । मस्यौदालाई आवधिक योजना तर्जुमा सम्बन्धी दीर्घकालिन सोच निर्धारण र वस्तुस्थिति विश्लेषण कार्यशाला गोष्ठीमा प्रस्तुत गरी सुझाव संकलन गरियो । प्राप्त सुझावको आधारमा सूचनाको थप विश्लेषण गरी आवधिक विकास योजनाको लागि आवश्यक सूचक अनुसार विषय क्षेत्रगत आधार सूचना तयार गरियो । वस्तुस्थिति विश्लेषण विवरणमा नगरपालिकाको भौगोलिक तथा भौतिक अवस्थिति, जनसांख्यिक, आर्थिक, सामाजिक, पूर्वाधार विकास, वातावरण तथा विपद व्यवस्थापन र संस्थागत विकास तथा सुशासनको अवस्था सहित विषय क्षेत्रगत र खण्डीकृत आधार सूचना समावेश गरिएकोछ ।

### १.३.३ वडा स्तरीय योजना तर्जुमा गोष्ठी

नगरपालिकाको आयोजना तथा सामूहिक अभियानको प्राविधिक टोलीको सहजीकरणमा २०८१ साल बैशाख २६ गतेदेखि ३० गतेसम्म दुईवटा समूहबाट सम्पूर्ण वडाहरूमा वडा स्तरीय योजना तर्जुमा गोष्ठी संचालन गरियो। वडा स्तरीय योजना तर्जुमा गोष्ठीमा समग्र आवधिक योजनाको आवश्यकता र योजना तर्जुमा प्रक्रिया लगायत वडाको वस्तुगत विश्लेषण संकलन गरिएको थियो। यसका साथै वडाक समग्र विकासका लागि आवश्यक दिर्घकालिन योजनाको सूची समेत संकलन गरिएको थियो। वडा अध्यक्षको अध्यक्षतामा संचालन भएको उक्त कार्यक्रम वडाका पदाधिकारीहरू लगायत राजनीतिक दलका प्रतिनिधि, शिक्षक, स्थानीय संस्था प्रतिनिधि लगायत वुद्धिजिविहरूको सहभागितामा गोष्ठी संचालन भएको थियो।

### १.३.४ दीर्घकालिन सोच निर्धारण तथा वस्तुस्थिति विश्लेषण

नगरपालिकाको आयोजना तथा सामूहिक अभियानको प्राविधिक टोलीको सहजीकरणमा दीर्घकालिन सोच निर्धारण तथा वस्तुस्थिति विश्लेषणका लागि छलफल गरियो। छलफलमा विषय क्षेत्रगत समूह र वृहत समूह छलफल विधिको प्रयोग गरी विकासको दीर्घकालिन सोच (Vision), ध्येय (Mission), योजनाको समष्टिगत लक्ष्य (Goal), उद्देश्य (Objective) र रणनीति (Strategy), विषय क्षेत्रगत संभावना तथा अवसर, समस्या तथा चूनौती र अवलम्बन गर्नु पर्ने क्षेत्रगत रणनीति (Sectoral Strategy) तर्जुमा गरियो। गोष्ठीमा वस्तुस्थिति विवरण, आधार सूचना तथा वस्तुस्थिति विश्लेषणबाट प्राप्त विवरणको आधारमा योजनाको नतिजा, कार्यान्वयन योजना, विषय क्षेत्रगत रणनीति तथा कार्यनीति तर्जुमा गरियो। यसका साथै विगतको स्रोत प्रवाहका आधारमा योजनाको अवधिमा नगरपालिकाको आन्तरिक स्रोत, राजस्व बाँडफाँटबाट प्राप्त राजस्व, संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान समेत अन्य विभिन्न स्रोतबाट आगामी तीन बर्षका लागि उपलब्ध हुन सक्ने स्रोतको अनुमान तथा प्रक्षेपण गरियो। योजनाको वित्तीय विश्लेषणमा जनसहभागिता, निजी क्षेत्र, गैसस, समुदाय एवम् निजी क्षेत्रको लगानी, संघ तथा प्रदेश सरकारबाट कार्यान्वयन हुने आयोजना तथा कार्यक्रममा हुने लगानी समेत विश्लेषण गरी अपुग श्रोत परिचालन रणनीति समेत तय गरिएको छ। यस कार्यशाला मिति २०८१ बैशाख २३ गते देखि २५ गतेसम्म तीन दिन गरिएको थियो। सम्पूर्ण नगरसभा सदस्य लगायत स्थानीय बुद्धिजिवि, नगरपालिकामा कार्यरत गैरसरकारी संस्था, उद्योगी र शाखा प्रमुखहरू लगायत अन्य कर्मचारीहरूको साथै इन्टरनेशनल आइडियाबाट समेत सहभागिता रहेको थियो।

साथै कार्यशालामा योजनाको नतिजा खाकामा आधारित भई प्रस्तावित कार्यक्रम तथा आयोजनाको प्रक्रिया अनुगमन, प्रतिफल, असर तथा प्रभावको नतिजा अनुगमन तथा लेखाजोखाको खाँकाको समेत जानकारी गराईएको थियो। योजना तर्जुमा गोष्ठीमा मस्तिष्क मन्थन, समूह कार्य, वृहत समूह प्रस्तुती तथा छलफल आदि जस्ता कार्यशालाका विधिको प्रयोग गरिएको थियो भने गोष्ठीलाई उपलव्धीमूलक र प्रभावकारी बनाउनका लागि इन्टरनेशनल आईडियाबाट सहयोग भएको थियो।

### १.३.५ योजना दस्तावेज तयारी

वस्तुस्थिति विवरण तथा आधार सूचना, दीर्घकालिन सोच निर्धारण तथा वस्तुस्थिति विश्लेषण र योजना तर्जुमा कार्यशाला गोष्ठीको नतिजा, विषयक्षेत्र योजना तर्जुमा समितिको छलफल तथा परामर्शबाट प्राप्त विवरण, सूचना तथा निष्कर्षलाई नतिजामूलक योजना तर्जुमाको ढाँचामा लिपिवद्ध गरी योजना दस्तावेजको मस्यौदा तयार गरियो। योजना दस्तावेजलाई मुख्य ९ वटा परिच्छेदमा विभाजन गरिएको छ। जसअनुसार परिचय, नगरपालिकाको विद्यमान स्थिति र उपलव्धीको समीक्षा, सोच तथा विकासको अवधारणा, छुट्टाछुट्टै विषयगत क्षेत्रहरू र कार्यान्वयन व्यवस्था रहेका छन्। सन्दर्भ सामग्रीको रुपमा राष्ट्रिय तथा प्रदेश आवधिक योजना र विषय क्षेत्रगत गुरुयोजनाको प्रारुपलाई उपयोग गरिएको छ। साथै योजनाविद्, विषयविज्ञ तथा सरोकारवालाको समेत सुझाब लिई योजना तर्जुमा प्राविधिक टोलीबाट नतिजामूलक योजनाको ढाँचामा स्थानीय तहका अधिकार क्षेत्रका विषय एवं प्राविधिक पक्षहरूलाई तर्कपूर्ण एवं वस्तुनिष्ट ढंगबाट प्रस्तुत गरी आवधिक विकास योजनाको मस्यौदा दस्तावेज तयार गरिएको छ।

### १.३.६ आवधिक योजना मस्यौदामा छलफल

वस्तुस्थिति विवरण तथा आधार सूचना, दीर्घकालिन सोच निर्धारण तथा वस्तुस्थिति विश्लेषण पश्चात तयार भएको आवधिक योजनाको मस्यौदा छलफल गरियो। एकदिने यस छलफलबाट विषयक्षेत्रमा समेटिएका लक्ष्य उद्देय रणनीति सम्भावना तथा अवसर अपेक्षित उपलव्धी तथा नतिजा खाका र अनुगमन तथा जोखिम पक्षका विषयमा छलफल गरिएको थियो।

### १.३.७ आवधिक योजनाको अन्तिम दस्तावेज तयारी र पेश

छलफलबाट प्राप्त सुझाव र पृष्ठपोषणलाई समेटी यस आवधिक योजनालाई अन्तिम रूप प्रदान गरि नगरपालिकामा पेश गरियो। प्राप्त सुझाव र पृष्णपोपण अनुसार परिमार्जन गरि आवधिक योजना तयार गरिएको छ।

## *१.४ आवधिक योजना तर्जुमाको कानुनी तथा नीतिगत आधारहरू*

नेपालको संविधानमा उल्लेख गरिएको स्थानीय तहको अधिकार राज्यका निर्देशक सिद्धान्त, नीति, संघीय एवं प्रदेश सरकारको कानून तथा नीतिले स्थानीय तहको विकासलाई मार्गनिर्देशन गरेको हुनुपर्दछ। संविधानमा उल्लेख भएका संघ, प्रदेश र स्थानीय तहको अधिकारहरू मध्ये स्थानीय स्तरका आवधिक योजना र वार्षिक योजना तथा बजेट स्वीकृती सम्बन्धी कार्यलाई स्थानीय तहको कार्यसूचीमा सूचीकृत गरिएको छ। साथै दिगो विकासका लक्ष्य, संघीय र प्रादेशिक योजनालाई समेत कानुनी तथा नीतिगत आधार लिईएको छ। "समृद्ध नेपाल, सुखी नेपाली" भन्ने राष्ट्रिय सोच एवं मधेश प्रदेशको पहिलो आवधिक योजना २०७६/७७ २०८०/८१ ले "उच्च मानव विकास र पहिचान - समृद्ध मधेश समाज" बनाउने मधेश प्रदेशको सोच, संघीय तथा प्रदेश सरकारका आवधिक योजनका लक्ष्य, उद्देश्य र नीतिहरू, दिगो विकासका लक्ष्य प्राप्ति आदिलाई आधार मानी यस योजनाका लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा कार्यक्रमहरू तय गरिएका छन्। सन् २०१५ मा नेपाल लगायत संयुक्त राष्ट्रसंघका सबै सदस्य राष्ट्रले अनुमोदन गरेका दिगो विकासका कार्यसूचीलाई नेपालले प्रतिवद्धता जनाईसकेको छ। यसै प्रतिवद्धता अनुरुप राष्ट्रिय योजना आयोगले दिगो विकासका लक्ष्यहरूलाई समाहित गरी दीर्घकालिन सोच सहितको १५ औं आवधिक योजना तर्जुमा गरिएको र स्थानीय तहको योजना प्रक्रियालाई समेत दिगो विकास उन्मुख बनाउने गरी योजना तर्जुमा दिग्दर्शन (नमूना) उपलव्ध गराएको छ। साथै १५ औं आवधिक योजना समाप्तिको चरणमा रहेको र राष्ट्रिय योजना आयोगबाट १६ औं योजना (आर्थिक वर्ष २०८१/८२-२०८५/८६) को अवधारणा-पत्र स्वीकृत भईसकेको छ। यस १६ औं योजनाले निर्धारण गरेको सोच "सुशासन, सामाजिक न्याय र समृद्धि" तय गरेको छ भने ३ वटा उद्देश्यहरू निर्धारण गरेको छ जसमा (१) राजनीतिक, प्रशासनिक र न्यायिक क्षेत्रमा सुशासन कायम गर्नु (२) स्वास्थ्य, शिक्षा, रोजगारी, आवास तथा अन्य क्षेत्रमा सामाजिक न्याय स्थापित गर्नु र (३) मानवीय जीवन र राष्ट्रिय अर्थतन्त्रमा समृद्धि हासिल गर्नु रहेका छन्।

प्रत्येक स्थानीय तहलाई आवधिक विकास योजनाको लक्ष्य तथा उद्देश्य पुरा गर्नका लागि प्रत्येक वर्ष वार्षिक योजना तयार गर्नुपर्ने प्रावधान रहेकोले आवधिक नगर विकास योजनाको औचित्य अझ स्पष्ट हुन गएको छ। आवधिक योजनाका कानूनी तथा नीतिगत आधारहरू निम्नलिखित रहेका छन।

(क) स्थानीय सरकार संचालन ऐन २०७४ ले गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि संविधानको अनुसुची ८ र ९ मा तोकिएको अधिकार प्रयोगका गरी आवधिक, वार्षिक, रणनीतिक विषय क्षेत्रगत मध्यकालिन तथा दीघकालिन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था गरेको छ। (दफा २४ को उपदफा १)

(ख) स्थानीय सरकार संचालन ऐन २०७४ ले योजना तर्जुमा गर्दा संघीय सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग तालमेल हुने गरी दिगो विकासको लक्ष्य, भुउपयोग योजना, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, बालमैत्री, वातावरणमैत्री, अपाङ्गमैत्री, विपद् व्यवस्थापन तथा जाखिम न्यूनीकरण, जलवायु परिवर्तन अनुकूलन जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्ने उल्लेख गरिएको छ। (दफा २४ को उपदफा २)

(ग) स्थानीय सरकार संचालन ऐन २०७४ ले गाउँपालिका तथा नगरपालिकाले योजना बनाउँदा ऐनमा तोकिए बमोजिमको विषयहरूमा प्राथमिकता दिनुपर्ने विषयहरू समेत तोकेको छ। (दफा २४ को उपदफा ३)

(घ) यसै गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा प्रक्रियासँग अनुकुल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैंङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयहरूलाई ध्यान दिनुपर्ने कुरा उल्लेख गरेको छ।

(ङ) स्थानीय सरकारको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमामा दीर्घकालिन गुरुयोजना अनुरुप वार्षिक कार्यक्रमको प्राथमिकीकरण र लक्ष्य निर्धारण गर्ने कुरा उल्लेख गरेको छ।

माथी उल्लेखित कानुनी तथा नीतिगत व्यवस्थालाई आधार मानी यस सुरूङ्गा नगरपालिकाको तीन बर्षको आवधिक नगर विकास योजना तयार गरिएको छ।

# परिच्छेद २: नगरपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा

## २.१ नगरपालिकाको परिचय

सुरुङ्गा नगरपालिका सप्तरी जिल्लाको सगरमाथा राजमार्ग तथा पूर्व पश्चिम राजमार्गसँग उत्तर दक्षिण तर्फ फैलिएर रहेको छ । नेपाल सरकारले २०७३ सालमा साबिक पश्चिम पिपरा, हर्दिया, दौलतपुर, मधुपट्टी, कुशहा, हरिपुर, मलहनमा, टिकुलिया, पटेर्वा सबै वडा र मलहनिया गाउँ विकास समितिका ५ र ६ वडा मिलाएर यस नगरपालिका बनेको हो। यस नगरपालिकामा ११ वटा वडाहरुमा वर्गीकरण गरिएको छ । कुल १०७.०४ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको यस नगरपालिकाको उत्तर तर्फ त्रियुगा नगरपालिका, पूर्वतर्फ खडक नगरपालिका, पश्चिम तर्फ लहान नगरपालिका र दक्षिण तर्फ बोदेबर्साइन नगरपालिका र बलान बिहुल गाउँपालिका रहेका छन् । यस नगरपालिका क्षेत्रभित्र अवस्थित ऐतिहासिक सुरुङ्गा पहाडको नाममा यो नगरपालिकाको नामाकरण भएको हो। यस नगरपालिका भित्र प्राकृतिक श्रोत साधन पर्याप्त रहेको छ। बहुभाषिक, बहुजातीय तथा भौगोलिक दृष्टिकोणले फरक यस नगरपालिकामा खासगरी थारू, तेली, यादव, मुसलमान। बनिया, कलवार, पासवान, चमार, मुसहर, मलाह, ब्राहम्ण, क्षेत्री, मगर, राई, कोईरी, खत्वे, धानुक, दनुवार, सुडी, कामी आदि जातिको बसोबास रहेका छन्।

यस सुरूङ्गा नगरपालिकाको २०७८ जनगणना तथ्याङ्क अनुसार कूल परिवार संख्या १०,४८७ र परिवारको औसत आकार ४.७२ व्यक्तिहरू प्रति घरपरिवार रहेको छ। साक्षरता दर पुरुष ७८.१ र महिला ५८.३ कूल साक्षरता दर ६७.७, लैङ्गिक अनुपात ९२.११, अपाङ्गता भएको पुरुष अपाङ्गता जनसंख्या २.३, महिला अपाङ्गता जनसंख्या १.५ कूल अपाङ्गता जनसंख्या प्रतिशत १.९ र यस नगरपालिकाको कूल महिला संख्या २५,७४५ र कूल पुरुष संख्या २३,७१५ गरी जम्मा जनसंख्या ४९,४६० रहेको छ । यस नगरपालिकाको शैक्षिक परिदृश्य, २०७८ अनुसार शैक्षिक संस्थाहरु सरकारी प्राथमिक विद्यालय -१७, आधारभूत (१-८) – २६, निमावि-९, मावि (९-१०)- ६, मावि (९-१२) - ६ र उच्च माध्यमिक - ४ सहित जम्मा ६८ र संस्थागत विद्यालयहरु – ३४ सहित कूल १०२ वटा शैक्षिक संस्थाहरू रहेका छन।

### २.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना

वर्तमान राज्य पुनसंरचना अनुसार नेपालमा ७ वटा प्रदेश, ७७ जिल्ला र ७५३ वटा स्थानीय तहहरू रहेका छन् । स्थानीय तह मध्ये महानगरपालिका ६, उप महानगरपालिका ११, नगरपालिका २७६ र गाउँपालिका ४६० कायम गरिएको छ। महानगरपालिका ६ वटामा १७४ , उप महानगरपालिका ११ वटामा २३४, नगरपालिका २७६ वटामा ३,११९ र गाउँपालिका ४६० वटामा ३,२१६ वडाहरु गरी जम्मा ६,७४३ वडाहरु रहेका छन् । नेपालको ७ प्रदेश मध्ये मधेश प्रदेशमा जम्मा ८ वटा जिल्लाहरु छन् । यस प्रदेशमा कूल महानगरपालिका - १, उपमहानगरपालिका -३ नगरपालिका - ७३ र गाउँपालिका - ५९ सहित कूल १३६ वटा स्थानीय सरकारहरू रहेका छन् भने यसमा कूल १,२७१ वडाहरु छन्। मधेश प्रदेशका जिल्लाहरु मध्ये सप्तरी जिल्ला पनि एक हो र यस जिल्लामा १८ वटा स्थानीय सरकारहरू रहेका छन् जसमध्ये ९-९ वटा नगरपालिका र गाउँपालिकाहरू रहेको र कूल १६४ वडाहरु छन्। सप्तरी जिल्लाको १८ वटा स्थानीय सरकार मध्ये सुरूङ्गा नगरपालिका पनि एक हो। कूल ११ वटा वडाहरू रहेको सुरूङ्गा नगरपालिकाको भुआकृतिक स्वरुप करिव सबै जसो समतल रहेको छ भने केही भाग पहाडी क्षेत्रले समेत ओगटेको छ। उत्तरदक्षिण सरदर लम्वाई १५.३ किमी, पूर्वपश्चिम सरदर चौडाई ३.५ किमी र समुन्द्री सतहबाट ९० मिटरदेखि ३६४ मिटर उचाई, उत्तर दक्षिण फैलिएको, थोरै भाग चुरे पहाड समेत रहेको, धेरैजसो भूभाग समथर रहेको, अधिकांश समय बढी गर्मी हुने भएकोले उष्ण मनसुनी अन्नबाली उत्पादन हुने विशेषता रहेको छ । अधिकांश भूभाग समथर रहेको यस नगरपालिकामा कृषियोग्य जमिन ७४.३९%, वन क्षेत्र १६.९६%, बगर क्षेत्र ६.६४%, पानीले ढाकेको क्षेत्र १.६३%, चरण क्षेत्र ०.०३% र पोखरी/ताल ०.०४%, सिमसार ०.२९%, वस्ती ०.०१%, बगैंचा ०.१६% र बाँकी अन्य क्षेत्र रहेका छन्।

यस सुरूङ्गा नगरपालिका समुन्द्री सतहवाट ९० देखि ३६४ मिटर सम्मको उचाईमा रहेको छ । भौगोगिक अवस्थितिका हिसाबले २६ डिग्री ३५ मिनेट ४० सेकेण्ड उत्तर देखि २६ डिग्री ४७ मिनेट २६ सेकेण्ड उत्तरी अक्षांश र ८६ डिग्री ३० मिनेट २ सेकेण्ड देखि ८६ डिग्री ३५ मिनेट ३६ सेकेण्ड पुर्वी देशान्तरमा फैलिएको छ। जिल्लाको कुल क्षेत्रफल १२७५ वर्ग किमी मध्ये यस नगरपालिकाले ८.४ प्रतिशत भुभाग ओगटेको छ । (स्रोत: नगर वस्तुगत विवरण, २०७५)




## २.१.२ प्राकृतिक तथा साँस्कृतिक सम्पदा

सुरुङ्गा नगरपालिका सप्तरी जिल्लाको प्रसिद्ध सुरुङ्गा पहाडको नामबाट नामाकरण गरिएको हो। चुरेपहाडको श्रेणीमा अवस्थित यस पहाडबाट सुरुङ्गा खोलाको सुरुवात भई दक्षिण तिर बग्दछ जुन स्थानीय कृषि उपार्जनको लागि महत्वपूर्ण रहेको छ। यो नगरपालिकाको मध्य भाग भएर सगरमाथा राजमार्ग उत्तरतिर गएको छ भने पूर्व पश्चिम राजमार्ग पनि मध्ये भाग भएर गएको छ। पश्चिमी सिमानको रूपमा बलान नदी, उत्तरबाट शिशुवारी नदी, पूर्वबाट चहका नदी, सुरूङ्गा पहाडबाट सुरूङ्गा नदी, वीरधना नदी बग्दछन्। अधिकांश नदीहरू बलान नदीमा मिसिएर बग्दछन्।

यस नगरपालिकाको प्रमुख ऐतिहासिक पर्यटकीय तथा धार्मिक स्थलहरूमा शिव पार्वती मन्दिर, काली मन्दिर, हनुमान मन्दिर, सल्हेश मन्दिर, राधाकृष्ण मन्दिर, विश्वेरिय दह, सेतीदेवी मन्दिर, सुरूङ्गा पहाड/गुफा/नदी, आँप जोन, समसेरपुर दह र राजाजी मन्दिर आदि रहेका छन्। यस क्षेत्रमा विभिन्न जाति अनुसारको चाड पर्व मनाउने गरिन्छ। जस्तैः माघि, होली, मागे संक्रान्ति, कृष्ण जन्माष्टमि, बकर इद, उल इद फितर, आइतबारी, छठपर्व, बुद्ध जयन्ती, रक्षा बन्धन, लक्ष्मी पूजा, दशैं, तिहार, यहाँको प्रमुख चाड पर्वको रुपमा मनाईन्छ। यो नगरपालिकामा मधेसीमुलका र पहाडीहरुको मिश्रित बस्ती रहेको छ। यस नगरपालिकामा बोलिने मुख्य भाषामा मैथली, तामाङ्ग, मगर, नेपाली, थारु भाषाहरु रहेका छन्। सुरूङ्गा नगरपालिकाको नगर वस्तुगत विववरण २०७४ अनुसार सबैजसो वडाहरू (वडा नं ५ र ९ बाहेक) मा ३१ वटा मन्दिरहरू रहेका छन्।

## २.१.३ जनसांख्यिक अवस्था

राष्ट्रिय जनगणना २०७८ अनुसार यस नगरपालिकामा कूल घरधुरी संख्या १०,४८७ रहेको छ भने कूल जनसंख्या ४९,४६० रहेको छ जसको वडागत महिला पुरूष औसत घरधुरी र लैङ्गिक अनुपात सम्वन्धी विवरण तलको तालिकामा राखिएको छ :

*तालिका नं. १ : नगरपालिकाको जनसंख्याको विवरण*

| वडा नं | कूल घरधुरी संख्या | पुरूष | महिला | जम्मा | औसत घरधुरी | लैंगिक अनुपात |
|---|---|---|---|---|---|---|
| १ | १०६० | २१०३ | २३९८ | ४५०१ | ४.२५ | ८७.७० |
| २ | १४२६ | २९६० | ३२८१ | ६२४१ | ४.३८ | ९०.२२ |
| ३ | ११८९ | २७०४ | २७८० | ५४८४ | ४.६१ | ९७.२७ |
| ४ | १०५७ | २५५५ | २६३५ | ५१९० | ४.९१ | ९६.९६ |
| ५ | ८८९ | २१४३ | २४०७ | ४५५० | ५.१२ | ८९.०३ |

| वडा नं | कूल घरधुरी संख्या | पुरूष | महिला | जम्मा | औसत घरधुरी | लैंगिक अनुपात |
|---|---|---|---|---|---|---|
| ६ | ५८७ | १३९८ | १५४५ | २९४३ | ५.०१ | ९०.४९ |
| ७ | ११९६ | २७०१ | २९७२ | ५६७३ | ४.७४ | ९०.८८ |
| ८ | १००० | २१८९ | २४११ | ४६०० | ४.६० | ९०.७९ |
| ९ | ८०३ | १८४७ | २०४८ | ३८९५ | ४.८५ | ९०.१९ |
| १० | ६०८ | १४३४ | १४९२ | २९२६ | ४.८१ | ९६.११ |
| ११ | ६७२ | १६८१ | १७७६ | ३४५७ | ५.१४ | ९४.६५ |
| **जम्मा** | **१०,४८७** | **२३,७१५** | **२५,७४५** | **४९,४६०** | ४.७२ | ९२.११ |

स्रोत: राष्ट्रिय जनगणना २०७८

यस नगरपालिकाभित्र तराई मधेशमा बसोवास गर्ने धैरै जातजातिहरूको बसोवास रहेको पाउँछौं। मूख्य जातजातिहरूको जनसंख्या र प्रतिशत तलको तालिकामा राखिएको छ :

*तालिका नं. २ : जातजातिगत विवरण*

| **जातजाति** | **जनसंख्या** | | | **प्रतिशत** |
|---|---|---|---|---|
| | **पुरूष** | **महिला** | **कूल** | |
| थारू | ७६७४ | ८५२४ | १६१९८ | ३२.७५ |
| मुसहर | १८५६ | १९२३ | ३७७९ | ७.६४ |
| चमार/हरिजन/राम | १७१६ | १८६६ | ३५८२ | ७.२४ |
| मुस्लिम | १५७९ | १९४७ | ३५२६ | ७.१३ |
| यादव | १६६३ | १६०२ | ३२६५ | ६.६० |
| तेली | १३८९ | १३९१ | २७८० | ५.६२ |
| दुसाद/पासवान/पासी | १२३८ | १३१६ | २५५४ | ५.१६ |
| क्षेत्री | १०८८ | १२२३ | २३११ | ४.६७ |
| मगर | ५९७ | ७३० | १३२७ | २.६८ |
| अन्य | ४९१५ | ५२२३ | १०१३८ | २०.५० |
| **जम्मा** | **२३,७१५** | **२५,७४५** | **४९,४६०** | **१००** |

स्रोत: राष्ट्रिय जनगणना, २०७८

यस नगरपालिकामा हिन्दु धर्मलाम्वीहरूको बाहुल्यता रहेको छ भने अन्य धर्म मान्ने समुदायहरूको समेत बसोवास रहेको छ। धर्म अनुसारको जनसंख्या र प्रतिशत तलको तालिकामा राखिएको छ :

*तालिका नं. ३ : धर्म अनुसारको जनसंख्या विवरण*

| | कूल जनसंख्या | धर्म | | | | |
|---|---|---|---|---|---|---|
| | | हिन्दु | बौद्ध | इस्लाम | किराँत | क्रिस्चियन |
| पुरूष | २३७१५ | २१५५० | ५२५ | १५९० | १८ | ३२ |
| महिला | २५७४५ | २३१७९ | ५४७ | १९६५ | १५ | ३९ |
| **जम्मा** | **४९,४६०** | **४४,७२९** | **१,०७२** | **३,५५५** | **३३** | **७१** |
| **प्रतिशत** | **१००** | **९०.४३** | **२.१७** | **७.१९** | **०.०७** | **०.१४** |

स्रोत: राष्ट्रिय जनगणना, २०७८

यस नगरपालिकामा मैथिली भाषीको बाहुल्यता रहेको छ भने दोस्रोमा थारू भाषीहरू रहेका छन्। अन्य भाषीहरूको जनसंख्या र प्रतिशत तलको तालिकामा राखिएको छ :

*तालिका नं. ४ : भाषा अनुसारको जनसंख्या विवरण*

| **मातृ भाषा** | **जनसंख्या** | | | |
|---|---|---|---|---|
| | **जम्मा** | **प्रतिशत** | **पुरूष** | **महिला** |
| मैथिली | २७३८७ | ५५.३७ | १३२८९ | १४०९८ |
| थारू | १५८०१ | ३१.९५ | ७४८८ | ८३१३ |
| नेपाली | ४५२२ | ९.१४ | २१३० | २३९२ |
| मगर धुत | ९६० | १.९४ | ४३३ | ५२७ |
| उर्जु | २९२ | ०.५९ | १३९ | १५३ |
| अन्य | ४९८ | १.०१ | २३६ | २६२ |
| **जम्मा** | **४९,४६०** | **१००** | **२३,७१५** | **२५,७४५** |

स्रोत: राष्ट्रिय जनगणना, २०७८

राष्ट्रिय जनगणना, २०७८ अनुसार यस नगरपालिकामा कूल अपाङ्ताक भएका जनसंख्याको प्रतिशत १.९ रहेको छ जसमा अपाङ्ता भएका महिलाहरूको प्रतिशत १.५ रहेको छ भने पुरूषको प्रतिशत २.३ रहेको छ। अपाङ्ताको प्रकार अनुसार जनसंख्या प्रतिशत तलको चार्टमा देखाईएको छ :

*चित्र नं. १ : अपाङ्ताको प्रकार अनुसारको जनसंख्या प्रतिशत*




स्रोत: राष्ट्रिय जनगणना, २०७८

राष्ट्रिय जनगणना, २०७८ अनुसार यस नगरपालिकामा १५ देखि २४ उमेर समूहमा सबैभन्दा बढी जनसंख्या रहेको देखाउँछ जसमा कूल जनसंख्या २० प्रतिशतभन्दा बढी रहेको छ भने त्यसपछि ५ देखी १४ वर्षको उमेर समूह रहेको छ। विभिन्न उमेर समूह अन्तर्गत रहेका जनसंख्या र प्रतिशत तलको तालिकामा राखिएको छ :

*तालिका नं. ५ : उमेर समूह अनुसारको जनसंख्या विवरण*

| जातजाति | जम्मा | उमेर समूह | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | **०-४** | **५-१४** | **१५-२४** | **२५-३४** | **३५-४४** | **४५-५४** | **५५-६४** | **६५-७४** | **७५+** |
| पहाडी जाति | ३०१४ | २२९ | ५१७ | ४९७ | ४४४ | ४०५ | ३४३ | २७७ | १९३ | १०९ |
| मधेस/तराई जाति | ११११९ | १०७६ | २१५१ | २१८२ | १६७८ | १३७३ | १११४ | ६८७ | ६२६ | २३२ |
| पहाडी जनजाति | १८०७ | १३१ | ३२३ | ३४१ | ३०९ | २१३ | २०७ | १४९ | ९५ | ३९ |
| तराई जनजाति | १७२२८ | १३१२ | २५०६ | ३४९७ | २७७० | २२८१ | १९६९ | १३७९ | ११२५ | ३८९ |
| पहाडी दलित | ८३१ | ७२ | १४८ | १६५ | १२९ | १०५ | ९३ | ५९ | ४० | २० |
| मधेस/तराई दलित | ११८९० | १२९७ | २६११ | २५५० | १६०७ | १३७३ | १०३८ | ८६९ | ४१७ | १२८ |
| धार्मिक/भाषिक समूहहरू | ३५२६ | ४७० | ८६० | ७२६ | ४८० | ३२० | ३१२ | १८१ | १३९ | ३८ |
| अन्य, विदेशी र नखुलेको | ४५ | १ | ९ | ४ | ५ | ८ | ७ | १० | ० | १ |
| **जम्मा** | **४९,४६०** | **४,५८८** | **९,१२५** | **९,९६२** | **७,४२२** | **६,०७८** | **५,०८३** | **३,६११** | **२,६३५** | **९५६** |
| **प्रतिशत** | **१००** | **९.२८** | **१८.४५** | **२०.१४** | **१५.०१** | **१२.२९** | **१०.२८** | **७.३०** | **५.३३** | **१.९३** |

स्रोत: राष्ट्रिय जनगणना, २०७८

## २.२ नगरपालिकाको क्षेत्रगत अवस्था

स्थानीय सरकारको विकास प्रक्रियालाई व्यवस्थित गर्नका लागि विभिन्न पाँचवटा विषयगत क्षेत्रमा विभाजन गरिएको छ। यस अन्तर्गत सुरूङ्गा नगरपालिकाको विषय क्षेत्रगत अवस्थालाई तल व्याख्या गरिएको छ।

### २.२.१ आर्थिक विकासको अवस्था

नेपालको संविधानमा सुनिश्चित गरिएका नागरिकको खाद्य सुरक्षा, मर्यादित रोजगारी र आयको अधिकार कार्यान्वयन गर्न संघ, प्रदेश र स्थानीय सरकारको पनि महत्वपूर्ण भूमिका रहेको छ। यी भूमिकालाई निर्वाह गर्न स्थानीय तहले संविधानको परिधिभित्र रहेर, संघ तथा प्रदेशको कानून, नीति, योजना र लक्ष्यलाई टेवा पुग्ने गरी स्थानीय सरकारले दीर्घकालिन सोच सहित योजनाबद्ध ढंगले अघि बढ्नुपर्ने आवश्यकता देखिन्छ। नेपालको संविधानको अनुसूची– ८ मा स्थानीय तहलाई स्थानीय बजारको व्यवस्थापन, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, सहकारी जस्ता स्थानीय आर्थिक विकासको जिम्मेवारी प्रदान गरेको छ। यी विषयहरू दिगो विकासको लक्ष्य–१ (शुन्य गरिबी), लक्ष्य–२ (भोकमरीको अन्त्य) लक्ष्य–८ (सम्मानित काम तथा आर्थिक उन्नति) र लक्ष्य–१० (असमानताको न्यूनीकरण) संग जोडिएका छन्। यसलाई मध्यनजर गरी सुरूङ्गा नगरपालिकाको समग्र विकासको प्रमुख क्षेत्र तथा उत्पादन, रोजगारी र आयको संभाव्य स्रोतका रुपमा रहेको कृषि, पर्यटन, औद्योगिक विकासका विषयगत क्षेत्रमा नगरपालिकामा भएका सम्भावना, अवसर र विद्यमान अवस्था सहित समस्या तथा चुनौती पहिचान गरी समाधानका लागि रणनीतिक उपायहरूको विश्लेषण गरिएको छ।

*तालिका नं. ६ : आर्थिक विकासको वर्तमान अवस्था, समस्या र भविष्यमा हुनुपर्ने विवरण*

| उपक्षेत्रहरु | **वर्तमान अवस्था** (हामीसंग के छ ?) **(नीति, कानुन, रणनीति तथा कार्यक्रम, पूर्वाधार, मूख्य उत्पादनहरू, प्रविधि र कार्यान्वयनको अभ्यास)** | **समस्या** (हामीसंग के छैन ?) **(स्रोत साधन, प्रविधि, सीप, नीतिगत व्यवस्था, पहूँच, सुशासन)** | **के हुनुपर्छ ?** |
|---|---|---|---|
| कृषि र खाद्य सुरक्षा | - ८० प्रतिशत जमिन उर्वर र कृषि योग्य रहेको<br>- मानवीय संसाधन प्रसस्त रहेको<br>- कृषि सडक निर्माण गर्न अनुकुल भुगोल<br>- कृषि सिंचाइका लागि भूमिगत जलको उपलव्धता<br>- गाउँ स्तरका कृषक समूह तथा कृषि सहकारी रहेका<br>- कृषकहरुमा आधुनिक प्रविधि र खेति प्रणाली प्रति जागरुकता<br>- कृषि प्राविधिक तथा जनशक्तिको उपलव्धता | - कृषि कार्यमा युवा जनशक्तिको निराशाजनक सहभागिता<br>- स्थानीय तहमा पर्याप्त स्रोत साँधन नहुनु<br>- कृषि पूर्वाधारको कमी<br>- जलवायु परिवर्तनको असर देखा पर्नु | - कृषि पूर्वाधार निर्माणका लागि आवश्यक बजेट विनियोजन गर्ने<br>- युवाहरुलाई कृषि कार्यका क्षेत्रमा आकर्षण गर्ने कार्यक्रम, नीति र बजेट बनाइनुपर्ने<br>- कृषि अनुदान, तालिम, सहयोगलाई वास्तविक कृषकसम्म पुर्याइनु पर्न<br>- कृषि यान्त्रीकरण र आधुनिक कृषि प्रणाली प्रवर्द्धन गर्न बजेट व्यवस्था गरिनुपर्ने |
| पशुपालन | - सुहाउँदो वातावरण रहेको<br>- दाना घाँसका लागि वन जंगल, सिमसार, ऐलानी जमीनहरु प्रसस्त रहेको<br>- गाई भैंसी, कुखुरा फर्महरु चलिरहेका<br>- ठाउँठाउँमा एग्रोभेट तथा प्राविधिकको सुविधा रहेको<br>- सिमसार क्षेत्र, सार्वजनिक पोखरी तथा अन्य ठाउँ रहेको<br>- कृतिम गर्भाधान, उन्नत जातका विउ, बोका आदिको उपलव्धता<br>- विमाको व्यवस्था भएको | - वनजंगलहरुको अतिक्रमण दिनहुँ बढिरहेको<br>- ऐलानी जग्गाहरुमा बृक्षारोपण हुन नसकेको<br>- स्वदेशमै व्यवसायिक फर्म प्रवर्द्धन गर्न तालिम, ऋण आदिको व्यवस्था नहुनु<br>- सार्वजनिक र ऐलानी पोखरी संरक्षणका विशेष पहल नहुनु<br>- उत्पादित सामानको उचित बजार नहुनु<br>- चोरी, नोक्सानी, विषादिको प्रयोग बढेको | - बजार व्यवस्थापन गरिनु पर्ने<br>- विमाको व्यवस्थापनका जोड दिने<br>- पशु प्रजनन सेवा विस्तार गरी नश्ल सुधारमा जोड दिने<br>- औषधी उपचार र खोपको व्यवस्थापन अझ प्रभावकारी बनाउने<br>- पशुपालक किसानलाई अनुदान र सहुलियत ऋणको व्यवस्था गरिने पर्ने<br>- सार्वजनिक पोखरी संरक्षण, मर्मत र मत्स्यपालनलाई प्रवर्द्धन गर्ने<br>- वनजंगल र सिमसार क्षेत्र संरक्षण गर्दै त्यसमा कृषि उत्पादनलाई जोडेर व्यवस्थापन गर्ने<br>- चोरी तथा गलत कार्य निरुत्साहित गर्न चेतनामुलक कार्यहरु गर्ने (सडक नाटक) |

| | | | |
|---|---|---|---|
| उद्योग व्यापार | - घरेलु तथा साना उद्योगहरु स्थापना हुदै गरेका<br>- निर्माण सामग्री उत्पादन गर्ने उद्योग स्थापना भएका<br>- नगरपालिकामा लघु उद्यम विकास शाखा र जाशक्ति भएको<br>- संघीय सरकारबाट उद्यम विकासका लागि वित्तीय हस्तान्तरण हुने गरेको | - उद्योग सम्बन्धि नीतिनियम, ऐन, कार्यविधीको अभाव<br>- बजार व्यस्थापन नहुनु<br>- स्थानीय उत्पादनले प्रतिस्पर्धा गर्न नसक्नु<br>- बजारका लागि आवश्यक जग्गा नरहेको | - उपयुक्त प्रकारको उद्योग सम्बन्धि नीतिनियम, ऐन, कार्यविधीको तजु्मा र कार्यान्वयन गर्ने<br>- बजार व्यवस्थापनका लागि आवश्यक स्रोत साँधनको व्यवस्था गर्नु<br>- ससाना उद्योग प्रवर्द्धन गर्न बजेट विनियोजन गर्ने<br>- स्थानीय उत्पादनलाई एकिकृत रुपमा भण्डारण गरी विक्री वितरण गर्ने<br>- स्थानीय उत्पादन तथा खाद्य सामग्रीको रेट कायम गर्ने |
| पर्यटन | - सुरुङ्गा पहाड, सेतिदेवी, विसरिया, मुसहरनिया दहहरु पर्यटन क्षेत्र रहेको<br>- आँपका विशेष प्रजातिहरु रहेको | - पक्की सडकको विस्तार नहुनु<br>- पर्यटकीय क्षेत्रका वारेमा प्रचारप्रसारको कमी<br>- खानेपानी, होमस्टे तथा होटलहरुको व्यवस्था नहुनु<br>- सार्वजनिक धर्मशालाहरु व्यवस्थित नहुनु<br>- कला संस्कृति झल्कने प्रस्तुति नहुनु<br>- संरक्षण तथा सम्वर्द्धन नहुनु | - सञ्चार माध्यमको प्रयोग गरी प्रचारप्रसारमा ध्यान दिनु पर्ने<br>- दह, पोखरी, ताल तलैयाको सौन्दर्यकरण गरिनु पर्ने<br>- खानेपानीको उचित व्यवस्थापनमा जोड दिने<br>- सार्वजनिक स्थलमा घुम्ति शौचालयको व्यवस्था गरिनु पर्ने<br>- नगरपालिकाको आँपलाई ब्राण्डिंग गरी देश विदेशमा वजार विस्तार गरी आर्थिक विकासमा जोड दिने |
| बैंक तथा वित्तिय संस्था | - सहकारीको मूल्य मान्यता अनुसारका ऐन तथा नियमावली रहेको<br>- नगरपालिका भित्र २१ वटा कृषि, २ वटा दुग्ध सहकारी, १५ वटा वचत तथा ऋण, १ वटा बहुउद्धेश्य, १ वटा उद्यमशील सहकारी संस्था रहेको सहकारी रहेको<br>- सबैको सहकारी भवन रहेका<br>- नगरपालिकामा सहकारी इकाइ रहेका | - ऐन तथा नियमावलीले तोकेका कार्य नगरिने समस्या<br>- सहकारीमा आवश्यक जनशक्तिको अभाव<br>- आवश्यक प्रविधिको उपयोगमा कमजोरी<br>- वचत कर्ताको रकम हिनामिना हुने प्रवृत्ति<br>- सहकारी सहकारी वीच स्वच्छ प्रतिस्पर्धा नभएको<br>- नियमित अनुगमन तथा नियमनका लागि नगरपालिकामा कर्मचारीको अभाव | - ऐन तथा नियमावलीले तोकेका कार्य गराउन आवस्यक पहलकदमी गरिने<br>- संस्थाको क्षमता विकासका लागि आवश्यक स्रोत साधनको व्यवस्था गरिनु पर्ने<br>- आधुनिक सञ्चार तथा प्रविधिको उपयोगमा जोड दिइनु पर्ने<br>- सहकारी संस्थालाई उत्पादनमुलक कार्यमा आवद्ध गराउने<br>- सहकारीका सदस्यहरुलाई उद्यमशील बनाइ |

| | | | |
|---|---|---|---|
| | - नगरपालिकाले स्थानीय सहकारी संस्थाको विकास, नियमन र सम्वर्धन गर्ने गरेको | | व्यवसायिकरणमा जोड दिइनु पर्ने |

स्रोत: आवधिक योजना तर्जुमा गोष्ठी, २०८१

**कृषि तथा खाद्य सुरक्षा**

राष्ट्रिय कृषि गणना २०७८ को तथ्यांक अनुसार यस नगरपालिकाका कूल घरपरिवार मध्ये ८,०२४ कृषक परिवार रहेका छन् भने यस कृषक परिवारले उपयोग गरेको जग्गाको क्षेत्रफल, कित्ता संख्या र सिंचित क्षेत्रफलको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ:

*तालिका नं. ७ : कृषक परिवार, जग्गाको क्षेत्रफल, कित्ता संख्या र सिंचित क्षेत्रफलको विवरण*

| कृषक परिवारको जम्मा संख्या | कृषक परिवारले चलन गरेको जग्गाको जम्मा क्षेत्रफल (हेक्टर) | जम्मा कित्ता संख्या | औषत कित्ता संख्या | सिंचित क्षेत्रफल (हेक्टर) |
|---|---|---|---|---|
| ८०२४ | ५१६४.०२ | २९८७६.८ | ३.७४ | ७६३.३३ |

स्रोत: राष्ट्रिय कृषि गणना, २०७८

कृषक परिवारले भोगचलन गरिरहेको कूल ५१६४.०२ हेक्टर जग्गा मध्ये ३७९७.५ हेक्टर जग्गामा अस्थायी बाली लगाईएको देखिन्छ भने स्थायी बाली लागेको जग्गा, अन्य खेतीयोग्य जग्गा र स्थायी चरिचरण वन पोखरी लगायत अन्य जग्गाको विवरण तलको तालिकामा देखाईको छ :

*तालिका नं. ८ : स्थायी, अस्थायी, अन्य खेती योग्य र स्थायी चरिचरण वन पोखरी रहेको जग्गाको विवरण*

| अस्थायी बाली लागेको जग्गा | | अन्य खेतीयोग्य जग्गा | | स्थायी बाली लागेको जग्गा | | स्थायी चौरचरन, नीजि बन बनेलो, पोखरी तथा अन्य जग्गा | |
|---|---|---|---|---|---|---|---|
| परिवार संख्या | क्षेत्रफल (हेक्टर) | परिवार संख्या | क्षेत्रफल (हेक्टर) | परिवार संख्या | क्षेत्रफल (हेक्टर) | परिवार संख्या | क्षेत्रफल (हेक्टर) |
| ७०४५.९ | ३७९७.५ | ४७२.४ | ७४.० | ३१३१.५ | ७८७.९ | ८०२४.३ | ५०४.७ |

स्रोत: राष्ट्रिय कृषि गणना, २०७८

यस नगरपालिकामा कूल कृषक परिवार मध्ये पशु चौपाया पाल्ने कृषक संख्या ६,८७२ रहेका छन् । मूख्य गरी पशु चौपाया पालनमा गाई/ गोरू, राँगा/भैसी, बाख्रा र सुगुँर/बंगुर रहेका छन् र यस सम्वन्धी विवरण तलको तालिकामा देखाईएको छ :

*तालिका नं. ९ : पाल्तु चौपाया सम्वन्धी विवरण*

| कृषक परिवार | पाल्तु चौपाया | | | | |
|---|---|---|---|---|---|
| | पशु चौपाया | गाई/गोरु | राँगा/भैंसी | बाख्रा/च्याङ्ग्रा | सुगुँर/बंगुर |

| को जम्मा संख्या | पाल्ने कृषक परिवार को जम्मा संख्या | कृषक परिवार संख्या | गाई/गोरु संख्या | कृषक परिवार संख्या | राँगा/भैंसी संख्या | कृषक परिवार संख्या | बाख्रा/च्याङ्ग्रा संख्या | कृषक परिवार संख्या | सुगुँर/बंगुर संख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| ८०२४ | ६८७२ | ४२९३ | ९९४२ | १५२४ | २७८७ | ५३९० | २०७९७ | ९९ | १८४ |

स्रोत: राष्ट्रिय कृषि गणना, २०७८

यसैगरी यस नगरपालिकाका कृषक परिवारले पंक्षीपालनमा समेत संलग्न रहेका छन् जसमा कुखुरापालनका साथै हाँस, परेवा लगायत अन्य पंक्षीपालन गर्दै आएका छन् र यस सम्वन्धी विवरण तलको तालिकामा छ:

*तालिका नं. १० : पाल्तु पंक्षी सम्वन्धी विवरण*

| कृषक परिवारको जम्मा संख्या | पाल्तु पंक्षी | | | |
|---|---|---|---|---|
| | कुखुरा | | अन्य पंक्षी | |
| | कृषक परिवार संख्या | कुखुरा संख्या | कृषक परिवार संख्या | अन्य पंक्षी संख्या |
| ८०२४ | ७२९ | २३३९४ | १६७३ | १३५१८ |

स्रोत: राष्ट्रिय कृषि गणना, २०७८

नगरपालिका स्थित पशुपंक्षी विकास शाखाले उपलव्ध गराएको तथ्यांक अनुसार पशुपंक्षी सम्वन्धी हालको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ:

*तालिका नं. ११ : पाल्तु पंक्षी सम्वन्धी विवरण*

| विवरण | एकाई | विद्यमान अवस्था |
|---|---|---|
| सुचारु व्यवसायिक पशुपंक्षीजन्य फर्म | संख्या | २१ |
| सक्रिय पशुपंक्षीजन्य समूह | संख्या | २१ |
| नश्ल सुधार तथा प्राथमिक उपचार केन्द्र | संख्या | ४ |
| पशुपंक्षी वीमा सेवावाट लाभान्वित कृषक | संख्या | १०० |
| क्रियाशिल ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता | संख्या | १२ |
| सुचारु कृत्रिम गर्भाधान केन्द्र | संख्या | २ |
| दुग्ध चिस्यान केन्द्र/संकलन केन्द्र | संख्या | २ |
| दुध तथा दुधजन्य उत्पादन | क्विन्टल | १६.४२ |
| दुध तथा दुधजन्य उत्पादनको वार्षिक विक्री | रु. | ११४९७५० |
| खसीवोकाको मासु वार्षिक उत्पादन | क्विन्टल | ३०० |
| खसीवोकाको मासु वार्षिक विक्री | रु. | ३०,०००,००० |
| सुंगुर वंगुरको मासु वार्षिक उत्पादन | क्विन्टल | २०० |
| सुंगुर वंगुरको मासु वार्षिक विक्री | रु. | ९,००,००० |
| कुखुराको अण्डा बार्षिक उत्पादन | संख्या | १,००,००० |

| विवरण | एकाई | विद्यमान अवस्था |
|---|---|---|
| कुखुराको अण्डा बार्षिक विक्री | रु. | १५,००,००० |
| राँगा भैसीको मासु वार्षिक उत्पादन | क्विन्टल | १९०० |
| राँगा भैसीको मासु वार्षिक विक्री | रु. | ७६,००,००० |
| माछा उत्पादन | क्विन्टल | ५०० |
| माछा उत्पादन वार्षिक विक्री | रु. | १,२५,००,००० |

स्रोत: पशुपंक्षी विकास शाखा, सुरूङ्गा नगरपालिका

**पर्यटन तथा संस्कृति**

सप्तरी जिल्लाको सुरूङ्गा नगरपालिका चुरेको फेद र राजमार्ग माथिको भागमा वन जंगल तथा ताल तलैया रहेकोले यी क्षेत्रलाई पर्यटन आकर्षण क्षेत्रको रूपमा विकास गर्नसके पर्यटकलाई आकर्षक गर्न सकिने सम्भावना रहेको छ। धार्मिक सांस्कृतिक क्षेत्रदेखि प्राकृतिक सुन्दरतामा आधारित पर्यटन र मिथिलाकालीन सभ्यातासँग जोडिएका मौलिक कुराहरु सुरूङ्गा नगरपालिकामा रहेकाछन्। सिमाना जोडिएका क्षेत्रमा भारतीय नागरिक र अरु क्षेत्रमा आन्तरिक पर्यटकको चहलपहल छ। विशेष गरी सुरूङ्गा नगरपालिकासँग जोडिएको लहान नगरपालिकामा रहेको सलहेस फूलबारीमा वैशाख १ गते मात्रै फूल्ने भनिएको फूल हेर्न लाग्ने मेला भर्न छिमेकी देश भारत र प्रदेशका अरु जिल्लाबाट हजारौँ नागरिक सहभागी भइरहेका छन्। नगरपालिका भित्र साइकल लेन बनाउने, पदमार्ग, होटल र होमस्टे प्रवर्द्धन गर्ने, बफेलो राइडिङ, गोरूगाडा प्रतिस्पर्धा,  कृषि मेला, आँप (म्याङ्गो) पर्यटन तथा माछा पर्यटनको सम्भावना रहेको छ। पर्यटनलाई सेवा सुविधाको लागि व्यवस्थित होटल र रेष्टुरेन्टहरूको अभाव रहेको छ।

सुरुङ्गा पहाड, सेतिदेवी, राजदेवी, सलहेस मन्दिरहरु, विसरिया तथा मुसहरनिया दहहरु पर्यटन क्षेत्रहरू रहेका छन्। बार्षिक ५०० जनासम्म आन्तरिक पर्यटन र १०० जना वाह्मय पर्यटकहरू अनुमानित आउने गरेका छन् भने दुईवटा व्यवस्थित वनभोज तथा पार्क संचालनमा रहेको छ। यहाँका नगरवासीले सिरुवा, जितिया, सवा चखेवा, छठ, माघेसंक्रान्ती, होली, चौठचन र तीज जस्ता चाड पर्व मनाउने गर्दछन्।

**उद्योग, व्यापार, व्यवसाय र आपूर्ति**

यस नगरपालिकामा ठूला उद्योगहरू रहेका छैनन् भने मिल काठ उद्योग जस्ता व्यवसायिक उद्योगहरू संचालनमा रहेका छन्। नगर वस्तुगत विवरण २०७५ अनुसार यस नगरपालिकामा डिजेल मिल १६ वटा विद्युत मिल ३१ वटा रहेका छन्। यसका साथै सबै वडाका ग्रामीण क्षेत्रमा समेत किराना पसल लगायत पोल्ट्रिफार्महरू संचालनमा रहेका छन्। नगरवासीहरूलाई दैनिक जीवनयापनका लागि आवश्यक खाद्य सामग्रीहरू स्थानीय पसलहरूबाट आपूर्ति हुने गर्दछन् भने नजिकै रहेको लहान बजारमा समेत किनमेल गर्न जाने गर्दछन्।
यस नगरपालिकाको १० वर्ष र सोभन्दा माथिका ३७ प्रतिशत जनसंख्या आर्थिक रूपमा सक्रिय रहेका छन् जसलाई तलको चित्रमा देखाईएको छ :

*चित्र नं. २: १० वर्ष र सो भन्दा माथिका आर्थिक रूपमा सक्रिय र निष्कृय अनुसारको जनसंख्या*




**आम्दानी, रोजगारी र वित्तिय सेवा**

राष्ट्रिय जनगणना २०७८ अनुसार १० वर्ष र सो भन्दा माथिका व्यक्तिले गणनाको समयदेखि अघिको १२ महिनासम्म आर्थिक काम गरेको अवधि (महिना) अनुसारको जनसंख्यालाई तलको चित्रमा देखाईएको छ :

*चित्र नं. ३ : १० वर्ष र सो भन्दा माथिका व्यक्तिले आर्थिक काम गरेको अवधि (महिना) अनुसारको जनसंख्या*




स्रोत: राष्ट्रिय जनगणना, २०७८

यस नगरपालिकाको १० वर्ष र सोभन्दा माथिका आर्थिक रूपमा सक्रिय रहेका व्यक्तिहरूको आर्थिक क्रियाकलापमा पेशा अनुसारको जनसंख्यालाई तलको चित्रमा देखाईएको छ :

*चित्र नं. ४ : १० वर्ष र सो भन्दा माथिका व्यक्तिको पेशा अनुसारको जनसंख्या*




स्रोत: राष्ट्रिय जनगणना, २०७८

यस नगरपालिकाको १० वर्ष र सोभन्दा माथिका व्यक्तिले गणनाको समयदेखि अघिको १२ महिनासम्म गरेका आर्थिक क्रियाकलापको औद्योगिक क्षेत्र अनुसार सबैभन्दा बढी कृषि क्षेत्रमा संलग्नता रहेको छ भने यस सम्वन्धी विवरण तलको चित्रमा देखाईएको छ :

*चित्र नं. ५ : १० वर्ष र सो भन्दा माथिका व्यक्तिको१२ महिनासम्म गरेका आर्थिक क्रियाकलापको औद्योगिक क्षेत्र अनुसारको विवरण*




स्रोत: राष्ट्रिय जनगणना, २०७८

यसैगरी यस सुरूङ्गा नगरपालिकाको १० वर्ष र सोभन्दा माथिका व्यक्तिले पछिल्लो १२ महिनामा मूख्य आर्थिक कामको संस्थागत क्षेत्रमा सबैभन्दा बढी घरायसी क्षेत्रमा रहेको देखिन्छ र यसको जनसंख्या अनुसारको विवरण निम्न रहेको छ :

*चित्र नं. ६ : १० वर्ष र सोभन्दा माथिका व्यक्तिले पछिल्लो १२ महिनामा मूख्य आर्थिक कामको संस्थागत क्षेत्र अनुसारको*




स्रोत: राष्ट्रिय जनगणना, २०७८

साथै १० वर्ष र सोभन्दा माथिका व्यक्तिले पछिल्लो १२ महिनामा कुनै पनि आर्थिक काम नगर्नु वा ६ महिनाभन्दा कम समय काम गर्नुको कारण अनुसारको जनसंख्या निम्न रहेको छ :

*चित्र नं. ७: १० वर्ष र सोभन्दा माथिका व्यक्तिले पछिल्लो १२ महिनामा कुनै पनि आर्थिक काम नगर्नु वा ६ महिनाभन्दा कम समय काम गर्नुको कारणको विवरण*




स्रोत: राष्ट्रिय जनगणना, २०७८

यस नगरपालिकामा हाल एउटा राष्ट्रिय स्तरको एनएमबी बैंक रहेको छ भने ४१ वटा बचत तथा ऋण सहकारी संस्था रहेका छन्। यसैगरी १० वटा सहकारीहरू महिलाद्वारा संचालित छन् भने २६ वटा कृषि क्षेत्रका सहकारीहरू रहेका छन् । यी वित्तिय संस्थाहरूबाट नगरवासीहरुले वित्तिय सुविधा लिईरहेका छन्।

### २.२.२ सामाजिक विकासको अवस्था

वर्तमान संविधानले शिक्षा, स्वास्थ्य र समावेशीकरणका आधारभूत सवालहरूलाई मौलिक हकको रुपमा स्थापित गरेको छ। मधेश प्रदेशले तयार पारेको पहिलो आवधिक योजनाको सोचमा उच्च मानव विकासलाई नै आधार बनाएको र सोच निर्माणमा गुणात्मक स्वास्थ्य, शिक्षामा लगानीलाई प्रमुख गन्तव्यको रुपमा दृष्टिगत गरिएको छ। माध्यमिक तहसम्मको शिक्षा, आधारभूत स्वास्थ्य र नीति निर्माण तहमा समाजको पछाडी परेको वर्ग तथा क्षेत्रको सहभागितालाई सुनिश्चित गर्ने कानुनी तथा नीतिगत आधारहरू तयार भई सकेका छन्। स्थानीय सरकारले समृद्धिलाई सामाजिक विकासको लागि गुणस्तरीय जीवनयापनलाई आधार मानी संघ र प्रदेश सरकार तथा विकास साझेदार संस्थासँगको सहकार्य र समन्वयमा अर्थपुर्ण प्रयास गर्नु पर्ने आवश्यकता रहेको छ। सामाजिक विकासको क्षेत्रमा

स्थानीय सरकारको कार्यक्षेत्रहरूमा आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाई तथा सामाजिक विकासका अन्य पक्षहरू रहेका छन्। सामाजिक विकासको प्रगतिले दिगो विकासको चार वटा लक्ष्य, जस अन्तर्गत लक्ष्य–३ (स्वस्थ र समुन्नत समाज), लक्ष्य–४ (गुणस्तरीय शिक्षा), लक्ष्य–५ (लैंगिक समानता) र लक्ष्य–६ (स्वच्छ पानी तथा सरसफाई) संग सम्बन्धित छ। नगरपालिकाको विकासले यी चारवटा विषयहरूमा प्राप्त गर्ने उपलव्धीले समग्रमा दिगो विकासका लक्ष्यहरू प्राप्तिमा समेत योगदान गर्नेछ। सुरूङ्गा नगरपालिकाको समृद्धि गर्न सक्षम जनशक्ति उत्पादन र यथोचित अवसरहरू उपलब्ध गराउन शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण, युवा तथा खेलकुद, कला तथा संस्कृति जस्ता क्षेत्रमा नगरपालिकामा भएका सम्भावना, अवसर र विद्यमान अवस्था सहित समस्या तथा चुनौती पहिचान गरिएको छ।

*तालिका नं. १२ : सामाजिक विकासको वर्तमान अवस्था, समस्या र भविष्यमा हुनुपर्ने विवरण*

| उपक्षेत्रहरु | **वर्तमान अवस्था** (हामीसंग के छ ?)<br>**(नीति, कानुन, रणनीति तथा कार्यक्रम, पूर्वाधार, मूख्य उत्पादनहरू, प्रविधि र कार्यान्वयनको अभ्यास)** | **समस्या** (हामीसंग के छैन ?)<br><br>**(स्रोत साधन, प्रविधि, सीप, नीतिगत व्यवस्था, पहूँच, सुशासन)** | **के हुनुपर्छ ?** |
|---|---|---|---|
| शिक्षा | - शिशुबारी विद्यालय व्यवस्थापन भएको<br>- ७ वटा माध्यमिक विद्यालय सञ्चालित भएका<br>- २४ वटा आधारभूत विद्यालय सञ्चालनमा रहेका<br>- ५० वटा वाल विकास कक्षा सञ्चालन र ४ वटा गैससबाट सञ्चालित अभिभावक सचेतना कार्यक्रम रहेको<br>- हाजिरीको व्यवस्था भएको<br>- ५ वटा विद्यालयमा वालमैत्री, तथा अपांग मैत्री शौचालयहरु भएका | - क्याम्पसमा शिक्षा मात्र पढाइ हुने<br>- भौतिक पूर्वाधार पर्याप्त नभएका (भवन, प्रयोगशाला, शौचालय, खेल मैदान, शैक्षिक सामग्री, पुस्तकालय, कम्प्युटर ल्याव आदि)<br>- माध्यमिक विद्यालयमा दरबन्दी कमी रहेको | - अन्य उपयोगी विषयहरू थप गरी बहुमुखी क्याम्पस बनाउनु पर्ने<br>- भौतिक पूर्वाधार (भवन, प्रयोगशाला, शौचालय, खेल मैदान, शैक्षिक सामग्री, पुस्तकालय, कम्प्युटर ल्याव आदि) थप गर्नु पर्ने<br>- संघ तथा प्रदेश सरकारसंग पहल गरी आवश्यक दरवन्दी पूरा गर्नु पर्ने<br>- नगरपालिकाबाट शैक्षिक सामग्री तथा कम्प्युटरको व्यवस्था गरिनु पर्ने |
| स्वास्थ्य | - आवश्यक औषधीको व्यवस्था सहित १४ वटा स्वास्थ्य संस्था छन<br>- ६ वटा स्वास्थ्य संस्थाको आफ्नै भवन छन्<br>- ३६ वटा खोप केन्द्र सञ्चालनमा छन<br>- पोषण मैत्री नगर घोषणाको तयारीमा रहेको<br>- स्वास्थ्य संस्थाहरुले स्वास्थ्य, पोषण, सरसफाई, स्वच्छता सम्बन्धी जनचेतनाका कार्यक्रम सञ्चालन गर्ने गरेका | - २ वटा स्वास्थ्य संस्था दर्ता भएका छैनन्<br>- सबै स्वास्थ्य संस्थाको भवन छैनन् र भवन बनाउन स्रोतको अभाव छ<br>- खोप केन्द्रहरुमा सामग्रीको अभाव छ<br>- नसर्ने रोगको प्रकोप वढ्दो मात्रामा छ | - दर्ताका लागि पहल गरिनु पर्छ<br>- भवन र अन्य भौतिक सामग्रीका लागि नगरपालिकासंग पहल गर्नु पर्ने<br>- नगरपालिकाले प्रदेश तथा संघसंग समन्वय गरी स्रोतको व्यवस्था गर्नु पर्ने |
| खानेपानी तथा सरसफाई | - हरेक घरमा इनार अथवा ट्यूववेल रहेका छन्<br>- ४ स्थानमा ओभरहेड खानेपानी टयांकी बनेको छ | - चैत्र, बैसाख, जेठ महिनामा इनार तथा ट्यूववेलमा पानी सुकेर समस्या पर्दछ | - खानेपानी जाँच गर्ने व्यवस्था मिलाइनु पर्ने |

| | | | |
|---|---|---|---|
| | | - भएका इनार तथा ट्युववेलको पनि खानेपानी जाँच गरिएको छैन<br>- ओभरहेड खानेपानी टंकी सञ्चालनमा छैनन<br>- वडा नं. १, २, ८ र १० मा खानेपानीको समस्या छ<br>- प्लास्टिकजन्य फोहोर पदार्थ बड्दो क्रममा रहेको | - शुद्ध खाने पानी वितरणका लागि संघ र प्रदेश सरकारसंग पहल गरिनु पर्ने<br>- चुरे जंगल संरक्षण गरी पानी संरक्षण गरिनु पर्ने<br>- प्लास्टिकजन्य फोहोर पदार्थ व्यवस्थापन गर्न पहल गरिनु पर्ने र यसका लागि विज्ञहरुसंग छलफल गरी वैकल्पिक उपाय अपनाइनु पर्ने |
| सामाजिक समावेशीकरण | - रोजगारमुलक कार्यक्रम सञ्चालनमा रहेको<br>- सामाजिक सुरक्षा भत्ताको व्यवस्था छ<br>- वाल अधिकार संरक्षण कार्यविधि छ<br>- हरेक वडा तथा नगर स्तरीय वाल अधिकार संरक्षण समिति छन<br>- नगरपालिका भरिमा १२८ वटा वाल क्लव र नगर स्तरीय वाल सञ्जाल कार्यरत छ<br>- वालमैत्री नगरपालिका घोषणा गरिने तयारीमा छ | - कार्यक्रममा दलित पुरुष तथा महिलाको सहभागिता न्युन रहेको छ<br>- आमा समूह सक्रिय छैनन<br>- बृद्धवृद्धाहरुलाई समय कटाउन गाह्रो भएको<br>- वाल अधिकारको कार्यविधि त बनेको छ तर कार्यान्वयनमा आएको छैन<br>- वाल क्लव तथा सञ्जाल सञ्चालनमा स्रोतको अभाव छ | - लक्षित समूहका लागि सिपमूलक तालिम चलाइनु पर्ने<br>- दलित वालवालिकाहरुलाई विद्यालयमा भर्ना अभियान चलाइनु पर्ने<br>- बृद्धवृद्धाहरुलाई उनीहरुको आवश्यकता पहिचान गरी सोही अनुसारका कार्यक्रम बनाइनु पर्ने<br>- वालवालिकाा तथा किशोरी हरुको Peer Group वनाउनु पर्ने<br>- संघ तथा प्रदेश सरकारले पनि वाल क्लवका लागि बजेट दिनु पर्ने |
| युवा तथा खेलकुद | - न्युन युवा स्वरोजगार कार्यक्रम सञ्चालनमा रहेको<br>- मध्यम बैदेशिक रोजगार रहेको<br>- युवा उद्यमी सामान्य छ<br>- खेलकुद सामग्री वितरण गरिएको छ | - खेल मैदान छैन | - |
| स्थानीय भाषा, सस्कृति, कला तथा साहित्य | - सेतिदेवी, मुसहरनिया, राजदेवी तथा सलहेस मन्दिरहरु रहेको<br>- सिरुवा, जितिया, सभा चखेवा, छठ, माघेसंक्रान्ती, होली, चौठचन र तीज जस्ता चाड पर्व मनाइने गरेको | - मन्दिरमा घेरावार, सौन्दर्यकरण, बाटो, खानेपानी, शौचालय आदिको अभाव रहेको<br>- समुदायहरु आधुनिकतामा प्रवेश गरिरहेकाले परम्परागत नृत्य, गीत, चाड पर्व, पहिरन नासिदै गएको | - प्रदेश र स्थानीय सरकारले पूर्वाधार विकासमा ध्यान दिनु पर्ने<br>- प्रदेश र स्थानीय सरकारले परम्परागत र मौलिक चाड पर्व, नृत्य आदिको संरक्षणमा पहल गर्नु पर्ने |

| | | | |
|---|---|---|---|
| | - झुमरा, झिझिया, चोरकछी, सलहेस र सोरठी नृत्य प्रचलनमा रहेका<br>- झिझिया सामागीत, प्राती, विवाह गीत र चौठचन विरहीन गीतहरु गाइने गरेका<br>- धोती, कुर्ता, सर्ट पाइन्ट दौरासुरुवाल, साडी व्लाउज लगायत अन्यमा मगर तथा थारु पहिरन लगाउने गरेको<br>- मैथिली, थारु, नेपाली, मगर भाषा प्रचलनमा रहेको | | - प्रत्येक कार्यक्रम तथा समारोहहरुमा परम्परागत पहिरन अनिवार्य गरिनु पर्ने<br>- स्थानीय भाषाको प्रोत्साहन गरी नगरपालिकामा कामकाजको भाषाका रुपमा मान्यता दिइनु पर्ने |

स्रोत: आवधिक योजना तर्जुमा गोष्ठी, २०८१

**स्वास्थ्य तथा पोषणा**

यस सुरुङ्गा नगरपालिकाका सबै वडाहरूबाट आधारभूत स्वास्थ्य सेवा उपलव्ध हुँदै आएको छ भने औषत ३० मीनेटमा नजिकको स्वास्थ्य चौकीसम्म सेवा लिन सक्छन् । स्वास्थ्य बीमा कार्यक्रम संचालन नभएको अवस्था छ भने स्वास्थ्य शाखाले उपलव्ध गराएको अद्यावधिक तथ्यांक विवरण तलको तालिकामा राखिएको छ :

*तालिका नं. १३ : स्वास्थ्य तथा पोषण सम्वन्धी बिद्यमान अवस्थाको विवरण*

| विवरण | एकाई | विद्यमान अवस्था |
|---|---|---|
| विरामी पर्दा सर्वप्रथम स्वास्थ्य चौकी/प्राथमिक स्वास्थ्य केन्द्र/ अस्पताल जाने जनसंख्या | प्रतिशत | ५५.२६ |
| नजिकको स्वास्थ्य संस्थामा (स्वास्थ्य चौकी/प्राथमिक स्वास्थ्य केन्द्र/अस्पताल) पुग्न लाग्ने औषत समय | मिनेट | ३० |
| २५०० ग्रामभन्दा कम जन्मतौल भएका शिशुहरु | संख्या | १४ |
| कुपोषणका कारण ५ वर्ष मुनीका वाल वालिकाहरुको पुड्कोपन र उचाई अनुसारको कम तौल भएकाहरु | संख्या | ३७ |
| स्वास्थ्य संस्थामा प्रसुति गराउने गर्भवती महिला | संख्या | २०७ |
| ४ पटक प्रसूति सेवा प्राप्त गर्ने महिला | संख्या | ३१५ |
| प्रसुति सेवा उपलव्ध भएका स्वास्थ्य संस्थाहरु | संख्या | ३ |
| झाडापखालाको संक्रमण दर (प्रति हजारमा) | संख्या | १८० |
| स्वाप्रश्वासको संक्रमण दर प्रति हजारमा | संख्या | ४२० |
| स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी | संख्या | ६५ |
| भिटामिन ए प्राप्त गर्ने बालबालिका | प्रतिशत | ९८ |
| परिवार नियोजनका साधनको प्रयोग दर | प्रतिशत | ७ |
| स्वास्थ्य वीमा गर्ने नागरिक | प्रतिशत | ० |
| स्वास्थ्य सूचना, शिक्षा र संचार सचेतना कार्यक्रममा सहभागि | संख्या | ३०९ |

| विवरण | एकाई | विद्यमान अवस्था |
|---|---|---|
| घुम्ती लगायत स्वास्थ्य शिविर पटक | संख्या | ० |
| नागरिक आरोग्य कार्यक्रम संचालन | संख्या | १ |
| क्यान्सर, उच्च रक्तचाप, मधुमेह, मुटु रोग, क्षयरोग, एड्स, कुष्ठरोगको निशुल्क स्वास्थ्य परीक्षणवाट लाभान्वित | संख्या | ६५ |
| क्यान्सर, उच्च रक्तचाप, मधुमेह, मुटुरोग, क्षयरोग, एड्स, कुष्ठरोग जस्ता रोगवाट मृत्यु भएकाहरु | संख्या | २ |
| आधारभूत स्वास्थ्य सेवाहरु उपलव्ध भएका वडाहरु | संख्या | ११ |
| आधारभुत सुविधा (खानेपानी, शौचालय, वर्थिङ्ग वार्ड र परामर्श केन्द्र आदि) उपलब्ध भएका स्वास्थ्य संस्था | संख्या | ३ |
| क्रियाशिल महिला स्वास्थ्य स्वयंसेविका | संख्या | ८३ |
| योग, ध्यान तथा वैकल्पिक प्राकृतिक चिकित्सा (आयुर्वेदिक, होमियोप्याथिक, युनानी, अक्कुपञ्चर, आम्ची) उपचार पद्धति संचालन गर्ने संस्था | संख्या | १ |
| सामुदायिक संस्थाको सहभागितामा संचालित आरोग्य केन्द्र, योगा केन्द्र तथा व्यायामशाला | संख्या | १ |
| गाउँघर/शहरी स्वास्थ्य क्लिनिकको संख्या | संख्या | ३६ |
| संचालनमा रहेको पालिका स्तरीय अस्पतालमा उपलव्ध शैया संख्या | संख्या | ० |

स्रोत: स्वास्थ्य शाखा, सुरूङ्गा नगरपालिका

नगरपालिकाको शाखाको रूपमा स्वास्थ्य तथा सामाजिक विकास शाखा रहेको र शाखा अन्तर्गत १५ शैयाको प्राथमिक स्वास्थ्य केन्द्र एउटा (अस्पताल), प्रसुति सेवा केन्द्र समेतको स्वास्थ्य चौकी एउटा, स्वास्थ्य चौकी ८ वटा, आधारभूत स्वास्थ्य सेवा केन्द्र २ वटा, सामुदायिक स्वास्थ्य एकाई २ वटा, आयुर्वेद औषधालय एउटा र प्रत्येक वडामा क्रियाशिल ८३ जना स्वास्थ्य स्वयंसेविकाहरू रहेका छन्।

राष्ट्रिय जनगणना २०७८ अनुसार यस नगरपालिकाको हालसम्म जीवित जन्मेको अझै जीवित र मृत्यु भएका बच्चाको संख्या सम्वन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ :

*तालिका नं. १४ : कूल जन्म भएका बच्चा हालसम्म जीवित बच्चा र मृत्यु भएको बच्चा सम्वन्धी विवरण*

| विवरण | कूल | पुरूष | महिला |
|---|---|---|---|
| कूल जन्म भएका बच्चा | २२०४८ | ११६१० | १०४३८ |
| हालसम्म जीवित बच्चा | २१६०६ | ११३५६ | १०२५० |
| मृत्यु भएको बच्चा | ४४२ | २५४ | १८८ |

स्रोत: राष्ट्रिय जनगणना, २०७८

**शैक्षिक विकास**

**यस सुरूङ्गा नगरपालिकामा ४ वटा उच्च माद्यमिक विद्यालय, २ वटा माद्यमिक विद्यालय, २६ वटा आधारभूत विद्यालय (एउटा मदरसा १६ वटा प्राथमिक र ९ वटा निम्न माद्यमिक) सहित कूल ३२ वटा सामुदायिक विद्यालय छन भने एउटा क्याम्पस र अन्य १७ वटा** संस्थागत विद्यालय रहेका छन् । यसरी नगरपालिकाभरी कूल ५० वटा शैक्षिक संस्थाहरू क्रियाशिल रहेका छन् भने ४९ वटा बालबिकास केन्द्रहरू **सामुदायिक** विद्यालयमै समाहित छन् भने एउटा समुदायमा गरि ५० वटा प्रारम्भिक बालविकास केन्द्रहरू रहेका छन् । नेपालको संविधान २०७२ अनुसार नगरपालिकामा माद्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन गर्ने अधिकार रहे अनुसार यस नगरपालिकाले शिक्षा ऐन, नियमावली, आधारभूत शिक्षा (कक्षा ८) परीक्षा सञ्चालन कार्यविधि, शिक्षा विकास रणनीति बनाइ कार्यान्वयन गरेको छ ।

शिशुवारी मा.वि.,कुशहा मा.वि.,दौलतपुर मा.वि.,टिकुलिया मा.वि. र खैजनपुर मा.वि यस नगरपालिकामा माद्यमिक तहसम्म (कक्षा १० सम्म) अद्यापन हुने सामुदायिक विद्यालयहरू हुन् भने अन्य १४ वटा आधारभूत (वाल कक्षा देखि कक्षा ५ सम्म) अद्यापन गरिने सामुदायिक विद्यालयहरू रहेका छन् ।

यस नगरपालिकाले विस २०७७ सालमा शिक्षा ऐन तयार गरी कार्यान्वयन गरिरहेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार यस नगरपालिकाको देशको कूल साक्षरता दर ७६.२% (पुरूष साक्षरता दर ८३.६% र महिला साक्षरता दर ६९.४%) भन्दा कम रहेको छ भने मधेश प्रदेशको कूल साक्षरता दरभन्दा राम्रो रहेको छ । यस सम्वन्धी तुलनात्मक विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ :

*तालिका नं. १५ : शैक्षिक अवस्था सम्वन्धी तुलनात्मक विवरण*

| स्थान | कूल साक्षरता प्रतिशत | पुरूष साक्षरता प्रतिशत | महिला साक्षरता प्रतिशत |
|---|---|---|---|
| नेपाल | ७६.२% | ८३.६% | ६९.४% |
| मधेश प्रदेश | ६३.५% | ७२.५% | ५४.७% |
| सप्तरी जिल्ला | ६७.७% | ७८.२% | ५७.५% |
| सुरूङ्गा नगरपालिका | ६७.७% | ७८.१% | ५८.३% |

स्रोत: राष्ट्रिय जनगणना, २०७८

यस सुरूङ्गा नगरपालिकाको पाँच बर्ष वा सो भन्दा माथिका जनसंख्याको वडागत शैक्षिक अवस्थाको विवरण तलको तालिकामा राखिएको छ :

*तालिका नं. १६ : पाँचबर्ष माथीको शैक्षिक अवस्थाको विवरण*

| वडा नं | लिंग | पाँच बर्ष वा सो भन्दा माथिको जनसंख्या | जनसंख्या | | | साक्षरता दर |
|---|---|---|---|---|---|---|
| | | | पढ्न र लेख्न सक्ने | पढ्न मात्र सक्ने | पढ्न र लेख्न नसक्ने | |
| १ | जम्मा | ४१५० | ३०५८ | १५ | १०७७ | ७३.६९ |
| | पुरूष | १९२६ | १६१६ | ३ | ३०७ | ८३.९० |
| | महिला | २२२४ | १४४२ | १२ | ७७० | ६४.८४ |
| २ | जम्मा | ५७२१ | ३९३४ | ३३ | १७५४ | ६८.७६ |
| | पुरूष | २७०१ | २११९ | १६ | ५६६ | ७८.४५ |
| | महिला | ३०२० | १८१५ | १७ | ११८८ | ६०.१० |
| ३ | जम्मा | ४९६९ | २९६४ | १० | १९९५ | ५९.६५ |
| | पुरूष | २४२१ | १६६४ | ६ | ७५१ | ६८.७३ |

| वडा नं | लिंग | पाँच बर्ष वा सो भन्दा माथिको जनसंख्या | जनसंख्या | | | साक्षरता दर |
|---|---|---|---|---|---|---|
| | | | पढ्न र लेख्न सक्ने | पढ्न मात्र सक्ने | पढ्न र लेख्न नसक्ने | |
| | महिला | २५४८ | १३०० | ४ | १२४४ | ५१.०२ |
| ४ | जम्मा | ४७२४ | ३२५१ | ३ | १४७० | ६८.८२ |
| | पुरूष | २३०३ | १८३६ | १ | ४६६ | ७९.७२ |
| | महिला | २४२१ | १४१५ | २ | १००४ | ५८.४५ |
| ५ | जम्मा | ४०७८ | २९५५ | १ | ११२२ | ७२.४६ |
| | पुरूष | १९०३ | १५८८ | १ | ३१४ | ८३.४५ |
| | महिला | २१७५ | १३६७ | ० | ८०८ | ६२.८५ |
| ६ | जम्मा | २६७२ | १८९६ | १ | ७७५ | ७०.९६ |
| | पुरूष | १२५४ | १०४६ | ० | २०८ | ८३.४१ |
| | महिला | १४१८ | ८५० | १ | ५६७ | ५९.९४ |
| ७ | जम्मा | ५१४९ | ३४२९ | १२ | १७०८ | ६६.६० |
| | पुरूष | २४२९ | १९०२ | ५ | ५२२ | ७८.३० |
| | महिला | २७२० | १५२७ | ७ | ११८६ | ५६.१४ |
| ८ | जम्मा | ४१५७ | २९८० | २ | ११७५ | ७१.६९ |
| | पुरूष | १९६१ | १६२१ | ० | ३४० | ८२.६६ |
| | महिला | २१९६ | १३५९ | २ | ८३५ | ६१.८९ |
| ९ | जम्मा | ३४९२ | २२२३ | ३ | १२६६ | ६३.६६ |
| | पुरूष | १६१६ | ११९५ | १ | ४२० | ७३.९५ |
| | महिला | १८७६ | १०२८ | २ | ८४६ | ५४.८० |
| १० | जम्मा | २६२६ | १६४६ | ६ | ९७४ | ६२.६८ |
| | पुरूष | १२५९ | ९४५ | २ | ३१२ | ७५.०६ |
| | महिला | १३६७ | ७०१ | ४ | ६६२ | ५१.२८ |
| ११ | जम्मा | ३१३४ | २०४० | १ | १०९३ | ६५.०९ |
| | पुरूष | १५०१ | १०९१ | ० | ४१० | ७२.६८ |
| | महिला | १६३३ | ९४९ | १ | ६८३ | ५८.११ |
| **नपा भरी** | **जम्मा** | ४४८७२ | ३०३७६ | ८७ | १४४०९ | **६७.६९** |
| | **पुरूष** | २१२७४ | १६६२३ | ३५ | ४६१६ | **७८.१४** |
| | **महिला** | २३५९८ | १३७५३ | ५२ | ९७९३ | **५८.२८** |

स्रोत: राष्ट्रिय जनगणना, २०७८

### २.२.३ पूर्वाधार तथा शहरी विकासको अवस्था

आर्थिक, सामाजिक विकास र सेवा सुविधा प्रवाहलाई प्रभावकारी रुपमा अघि बढाउनका लागि पूर्वाधार विकास प्रमुख तथा महत्वपूर्ण आधार हो। पूर्वाधार विकास क्षेत्र अन्तर्गत सडक, पक्की तथा झोलुङ्गे पुल, वैकल्पिक उर्जा, आवास, भवन तथा वस्ती विकास र सूचना तथा संचार प्रविधि जस्ता विषयहरू पर्दछन्। व्यवस्थित बस्ती तथा सहरी विकासको महत्वले गर्दा पूर्वाधार विकासलाई दिगो विकासको एक महत्वपूर्ण आयामको रुपमा लिने गरिएको छ। यसका साथै दिगो विकास लक्ष्यले निर्धारण गरेका लक्ष्यहरू मध्ये लक्ष्य–७ (खर्चले धान्न सकिने स्वच्छ उर्जा), लक्ष्य–९ (उद्योग प्रवर्द्धन र पूर्वाधार) र लक्ष्य–११ (सहरहरू र समुदायहरूको दिगोपना) यस क्षेत्रसंग प्रत्यक्ष रुपमा दिगो विकासका लक्ष्यहरू सम्वन्धित रहेका छन्।

*तालिका नं. १७ : पूर्वाधार विकासको वर्तमान अवस्था, समस्या र भविष्यमा हुनुपर्ने विवरण*

| **उपक्षेत्रहरु** | **वर्तमान अवस्था** (हामीसंग के छ ?)<br>(नीति, कानुन, रणनीति तथा कार्यक्रम, पूर्वाधार, मूख्य उत्पादनहरू, प्रविधि र कार्यान्वयनको अभ्यास) | **समस्या** (हामीसंग के छैन ?)<br>(स्रोत साधन, प्रविधि, सीप, नीतिगत व्यवस्था, पहूँच, सुशासन) | **के हुनुपर्छ ?** |
|---|---|---|---|
| सडक, पुल तथा यातायत | - ३ किमि सडक कालोपत्रे भएको<br>- १.५ किमि आर सिसि र ७.५ किमि सडक भएको<br>- ३० किमि ग्राभेल र २० किमि कच्ची सडक रहेको<br>- ३ किमि पक्की सडक निर्माणाधिन (कदमाहा पटर्वा) | - डिपिआर अनुसार बजेटको व्यवस्था नहुनु<br>- चाहका वलान र सिशुवारीले कटान गरी खेति योग्य जमिन तथा बाटो नष्ट गरेको छ<br>- धाँती र प्रमाणपुर जोडने सुरुंगा नदीमा पुल छैन<br>- सबै स्थानमा पक्की नाला छैन<br>- सडक सुरक्षा मापदण्डको अभाव (सडकमा पशु, चौपाया, निर्माणसामग्री थुपार्नाले दुर्घटनाको जोखिम बढेको ) | - संघ र प्रदेशबाट तोकिए अनुसार बजेट व्यवस्था हुनु पर्ने<br>- ससर्त अनुदानलाई नगरपालिकाको माग अनुसार दिइनु पर्ने<br>- नगरपालिकाले टुक्रे योजना नगरी एकिकृत र ठूला योजना तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने<br>- खेलकुद मैदान निर्माण गरिनु पर्ने<br>- वृधना तथा पन्द्राहा खोलामा पुल बनाइनु पर्ने<br>- नगर रिंग रोड बनाइनु पर्ने |
| सिंचाई, आवास, वस्ती विकास तथा सार्वजनिक निर्माण | - १५ वेड अस्पताल निर्माणाधिन<br>- १ वटा वर्थिंग सेन्टर र १ वटा आँप प्रसोधन केन्द्र निर्माणाधिन रहेको | | |

| | | | |
|---|---|---|---|
| | - ६ वटा सामुदायिक भवनहरु रहेका र ९वटा निर्माणाधिन रहेको छन्<br>- १२ वटा स्थानमा साप्ताहिक हाटबजार रहेको जसमा आर सिसि ढलान गरिएको<br>- सडक बत्तिको शुरुवात गरिएको | | |
| विद्युत तथा बैकल्पिक उर्जा | - १०० प्रतिशत घरमा विद्युत सुविधा पुगेको<br>- ८० प्रतिशत विद्युत लाइनमा पक्की पोल रहेका<br>- १०० वटा कृषि मिटर जडान गरी नगरपालिकाले महशुल तिरिदिने गरेको<br>- ३० प्रतिशतमा कृषि विद्युतिकरण भएको | - विद्युत प्राधिकरणले समयमै पोलको व्यवस्था नभएको<br>- मरम्मत गर्ने प्राविधिक व्यक्ति समयमा नआउने गरेको<br>- वडा नं. ११ मा रहेको सामुदायिक विद्युत मिटरमा प्राधिकरणले शुल्क लिएर मात्र मरम्मत गरिदिने गरेको<br>- वाँस र काठका पोलमा दुर्घटना निम्तने खतरा रहेको<br>- नगरबाट कृषि विद्युतको मिटरको भुक्तानी समयमा नहुने गरेको | - वाँस र काठका विद्युतीय पोल विस्थापन गरी पक्की पोलको व्यवस्था गरिनु पर्ने<br>- सबै वडामा कृषि सडक विस्तार गरिनु पर्ने<br>- सबै वडामा कृषि सडक बत्तिको व्यवस्था गरिनु पर्ने<br>- सामुदायिक विद्युत वितरण प्रणालीलाई भंग गरी विद्युत प्राधिकरणलाई हस्तान्तरण गरिनु पर्ने<br>- सोलार प्लान्ट जडान गरी विद्युत उत्पादन गरिनु पर्ने |
| सूचना तथा प्रविधि | - नगरपालिकाको सबै स्थानमा टिभि तथा मोवाइलको नेटवर्क पुगेको<br>- कुशाहा माविमा प्राविधिक शिक्षालयको व्यवस्था रहेको<br>- मोवाइल, टिभि मर्मत केन्द्रहरु रहेका<br>- ५ वटा कम्पनीहरुले इन्टरनेट सेवा प्रदान गरिरहेका | - वडा नं. ९, १० र ११ मा कमजोर टावरको कारण इन्टरनेट सेवामा समस्या रहेको<br>- सुरक्षित पोलको व्यवस्था नहुँदा अवरोध भैरहने | - सेवा प्रदायकसंग समन्वय गरी टावरको व्यवस्था गर्ने<br>- सुरक्षित पोलको व्यवस्था गर्ने |

स्रोत: आवधिक योजना तर्जुमा गोष्ठी, २०८१

### २.२.४ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था

नेपालको संविधानको भाग ३ को धारा ३० ले प्रत्येक नागरिकलाई स्वच्छ वातावरणको हक प्रदान गरेको छ । प्राकृतिक स्रोतको संरक्षण, संवद्र्धन र उपयोग सम्बन्धी नीति अन्तर्गत प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनस्थापना गर्ने प्रावधान समेत राखेको छ । विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ ले विपद् पूर्वतयारी सम्बन्धी अवधारणाहरूको प्रभावकारी कार्यान्वयन मार्फत् प्रभावकारी विपद् व्यवस्थापनको सुनिश्चितता गर्ने ध्येय राखी विपद् उत्थानशील राष्ट्र निर्माणको दीर्घकालीन सोच राखेको छ । वातावरणीय दिगोपनालाई दिगो विकासको पक्षबाट चौथो आयामको रुपमा लिएको र नेपालको सन्दर्भमा यसलाई प्राकृतिक प्रकोप व्यवस्थापनको पक्षबाट हेरिनुपर्दछ । स्थानीय सरकारको कार्यक्षेत्रभित्र वातावरण संरक्षण तथा जैविक विविधता संरक्षण, जलाधार व्यवस्थापन, सिमसार, वन्यजन्तु, खानी तथा खनिज पदार्थ, फोहरमैला व्यवस्थापन साथै प्रकोप व्यवस्थापन पर्दछन् । यस विषयहरूको प्रभावकारी व्यवस्थापनका लागि स्थानीय सरकारले सरकारका अन्य संयन्त्रहरूसंग सहकार्य र समन्वय गर्न जरुरी हुन्छ । वातावरणीय दिगोपनाको सन्दर्भमा दिगो विकास लक्ष्यहरू मध्ये लक्ष्य १२ (उपभोग र उत्पादनमा जिम्मेवारीपना), लक्ष्य १३ (जलवायु सम्वन्धी कार्य), लक्ष्य १४ (जमीनमुनीको जीवन) र लक्ष्य १५ (भूसतहको जीवन) यस क्षेत्रसंग जोडिएका छन् ।

*तालिका नं. १८ : वन, वातावरण तथा विपद् व्यवस्थापनको वर्तमान अवस्था, समस्या र भविष्यमा हुनुपर्ने विवरण*

| **उपक्षेत्रहरु** | **वर्तमान अवस्था** (हामीसंग के छ ?)<br>(सामुदायिक, कवुलियती वन, राष्ट्रिय वन, संरक्षित क्षेत्र, नदी किनार र डाडापाखामा वृक्षारोपन, कृषिवन व्यवस्थापन, चरिचरण, जलाधरा क्षेत्र, सिमसार क्षेत्र) | **समस्या** (हामीसंग के छैन ?)<br><br>(स्रोत साधन, प्रविधि, सीप, नीतिगत व्यवस्था, पहूँच, सुशासन) | **के हुनुपर्छ ?** |
|---|---|---|---|
| वन तथा भूसंरक्षण | - नगरपालिका भरि १० वटा सामुदायिक वन सक्रिय र कार्यरत रहेका छन्<br>- करिव ७ वटा सा.व. जति दर्ता प्रक्रियामा छन<br>- शिशुवारी, चहका, वलान, सुरुङ्गा मूख्य नदी तथा भुसी, शुक्लाही, कुर्राहा, विधर्ना, पत्थराहा, बिहुल तथा बाँकी सहायक नदी रहेका छन् | - सामुदायिक बनको संरक्षण त भएको छ तर उपयोग गर्न धेरै कानुनी व्यवधानले सदुपयोग हुन पाएको छैन<br>- कतिपय दर्ताका लागि निवेदन परेका सावउसमा विधान तथा कार्ययोजना नभएकाले दर्ता प्रक्रियामा अवरोध भएको छ<br>- नदी कटान नियन्त्रण नहुँदा वर्षेनी खेतियोग्य जग्गा तथा बस्ति नदी | - नगरपालिकाले सम्बन्धित निकायसंग समन्वय गरी सामुदायिक बनका काठ लगायतका उत्पादन प्रयोग गर्न पाउने व्यवस्था गर्नुपर्ने<br>- उपभोक्तालाई विधान तथा कार्ययोजना तयारी तथा अध्यावधी गर्ने काममा सहजीकरण गर्नुपर्ने<br>- नदी संरक्षणका लागि तटबन्ध, नदीतटमा |

| | | | |
|---|---|---|---|
| | - साल, खयर, टीक तथा साज जस्ता बहुमुल्य रुखहरु रहेका छन्<br>- ढुंगा, गिटि, वालुवा तथा माटो उत्खखन गरिन्छ<br>- विसनरीया दह, पदम दह, अमहा दह, मुसहरनीया दह, रामपुर दह, अन्य ४ स्थानमा सिमसार क्षेत्र रहेका छन्<br>- चुरे क्षेत्रमा गौचरण तथा भिराला डाँडा ताथा उच्च भागहरु रहेका छन्<br>- नदी उकाश क्षेत्रमा बृक्षरोपण गरिएको छ | कटानमा परि धनजनको क्षति भैरहेको छ ।<br>- नदीमा पानी कम हुँदै गएको तथा नदी गहिरिदै गएकाले कुला तथा नहरमा पानी लान नसकेर सिंचाइको अभाव भएको छ<br>- सहायक नदीहरुमा जथाभावी र अवैध रुपमा गिट्टी, वालुवा उत्खनन हुनाले नदीको वहाव परिवर्तन तथा नदी गहिरिन गएको छ<br>- चुरे क्षेत्रका प्राकृतिक दहहरु, सिमसार क्रमश: अतिक्रमण भएका तथा क्रमस: सुक्ने क्रममा रहेकाले तल्लो क्षेत्रमा नदी सुक्ने, पानीका कुवा तथा नाला सुक्ने क्रम बढ्दो रहेको छ | वृक्षरोपण र संरक्षणका कार्यक्रम गरिनु पर्ने<br>- नदी गहिरिन नदिन गिट्टी वालुवा उत्खननलाई मापदण्ड भित्र मात्र गर्न कडाईका साथ अनुगमन गरिनुपर्ने<br>- पालिकाले नदीको गिट्टी तथा वालुवा उत्खनन गर्ने आधुनिक औजार खरिद गरी परिचालन गर्नु पर्ने<br>- नगरपालिका भित्र रहेका दहहरुको संरक्षण, रिचार्ज पोखरीहरुको निर्माण तथा सिमसार क्षेत्रको बहु उपयोगी (संरक्षण तथा आयआर्जन समेत हुने गरी) प्रयोगमा ल्याउनु पर्ने । |
| वातावरण संरक्षण र जलवायु परिवर्तन | आधारहरु: सार्वजनिक खुल्ला ठाँउ, घरवस्तीको फोहोर व्यवस्थापन, जलवायु अनुकुलनको प्रयास (खडेरी, अतिवृष्टी, माटोको आद्रता व्यवस्थापन, हरियाली प्रवर्द्धन) धुवाँ धुलोको अवस्था | | |
| | - शहरी क्षेत्रमा फोहोर व्यवस्थापनको व्यवस्था भएको<br>- सबैवडामा खेल मैदान तथा खुल्ला चौरहरु रहेका छन्<br>- भू उपयोग नीतिले संरक्षण क्षेत्र, खेतियोग्य तथा अन्य जमीन उपयोगको नीति बनाएको छ | - शहरी क्षेत्रमा फोहोर व्यवस्थापनको व्यवस्था भए पनि ग्रामिण भेगमा प्लास्टिक जन्य फोहोरको व्यवस्थापन गर्ने व्यवस्था नभएको<br>- खुल्ला चौरहरुको संरक्षण नभएकाले अतिक्रमण भैरहेका छन्<br>- जलवायु परिवर्तनको आसर तथा त्यसको जोखिम सम्बन्धमा नगरपालिकाका जनप्रतिनिधि तथा | - ग्रामीण क्षेत्रमा प्लास्टिक जन्य फोहोर व्यवस्थापन गर्न जनचेतना लगायतका कार्यक्रम गर्नु पर्ने<br>- जनप्रतिनिधि तथा कर्मचारीहरुलाई जलवायु परिवर्तन तथा अनुकुलन सम्बन्धि आधारभूत ज्ञान र सीप अभिवृद्धि गरिनु पर्ने<br>- नगरपालिका तहमा जलवायु परिवर्तन अनुकुलनको योजना |

| | | | |
|---|---|---|---|
| | | कर्मचारीहरुमा आधारभूत ज्ञान समेत नभएको अवस्था छ<br>- जलवायु परिवर्तनका असरलाई सम्बोधन गर्न व्यवस्थित रुपमा योजना बनाइएको छैन<br>- सडक किनारा तथा अन्य आवश्यक स्थलमा हरियाली प्रवर्द्धनका कुनै नीति वा कार्यक्रम छैनन्<br>- अधिकांश घरपरिवारमा इन्धनका रुपमा वनका दाउरा तथा गुइठा र परम्परागत चुलोको प्रयोगले धुवाँग्रस्त भै अधिकांश गृहिणी महिलामा श्वासप्रश्वासको रोग भएको<br>- अव्यवस्थित इँटाभट्टा बाट उत्पन्न धुवाँ धुलोले वातावरण प्रदुषण गरेको छ | बनाई कार्यान्वयन गरिनु पर्ने।<br>- सडक किनारा तथा अन्य आवश्यक स्थलमा हरियाली प्रवर्धनका कुनै नीति वा कार्यक्रम बनाई कार्यान्वयन गरिनु पर्ने।<br>- धुवाँरहित चुलोको प्रवर्द्धन गर्ने तथा गुइँठाको प्रयोगलाई न्युनिकरण गर्ने कार्यक्रम बनाइ कार्यान्वयन गरिनुपर्ने<br>- वातावरण संरक्षण ऐन बनाइ इँटाभट्टाहरुलाई वातावरणीय मापदण्डको पालना गराइनु पर्ने |
| विपद जोखिम न्युनीकरण | आधारहरु : आगलागी, बाढी पहिरो, नदी कटान, बन्यजन्तु आक्रमण, महामारी, भवन निर्माण मापदण्ड, विपद जोखिम न्युनीकरणको पूर्वतयारी | | |
| | - भवन निर्माण मापदण्ड रहेको छ<br>- विपद व्यास्थापन योजना तथा समिति छ<br>- विपद व्यवस्थापन कोष छ | - आगलागी नियन्त्रणमा तालिम प्राप्त दस्ता वा स्वयंसेवक, आवश्यक औजार तथा वारुण यन्त्रको अभावमा वर्षेनी आगलागीबाट धनजनको ठूलो क्षति भैरहेको छ।<br>- बाढी, आगलागी तथा अन्य प्रकोप सम्बन्धी पूर्व सूचना प्रणालीको अभाव छ | - आगलागि नियन्त्रण सम्बन्धी उपकरण सहितको तालिम प्राप्त टोली बनाइ आवश्यक परेमा परिचालन गर्ने एवं कम्तिमा एउटा दमकलको व्यवस्था गर्ने<br>- बाढी, आगलागी तथा अन्य प्रकोप सम्बन्धी पूर्व सूचना प्रणालीको व्यवस्था गरिनु पर्ने |

स्रोत: आवधिक योजना तर्जुमा गोष्ठी, २०८१

यस नगरपालिकाका सबैजसो वडाहरू कुनै न कुनै प्रकारका विपत्त तथा जोखिमहरूबाट प्रभावित रहेका छन् । राष्ट्रिय जनगणना, २०७८ अनुसार बाढीबाट ११ वटै वडाहरू प्रभावित भएको देखाउँछ भने डुवानबाट ९ वटा वडाहरू, आगलागीबाट ६ वटा वडाहरू प्रभावित छन् भने यस सम्वन्धी विवरण तलको तालिकामा देखाईएको छ :

*तालिका नं. १९ : विपद् तथा जोखिमका प्रकार अनुसार प्रभावित रहेका वडाहरूको विवरण*

| बाढी | पहिरो | भूक्षय | डुवान | चक्रपात | चट्याङ् | असिना | शितलहर | खडेरी | आगलागी | डढेलो |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ वटै वडाहरू | ३ वटा वडाहरू | ३ वटा वडाहरू | ९ वटा वडाहरू | ७ वटा वडाहरू | २ वटा वडाहरू | एउटा वडा | ५ वटा वडाहरू | ३ वटा वडाहरू | ६ वटा वडाहरू | २ वटा वडाहरू |

स्रोत: राष्ट्रिय जनगणना, २०७८

### २.२.५ सुशासन तथा संस्थागत व्यवस्था

संघीय व्यवस्था अनुसार स्थानीय सरकार जनताको नजिकको सरकारको रुपमा स्थापित गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा उल्लेख गरिएका अधिकारको प्रयोग गर्दै दायित्व स्थानीय सरकारले प्रदान गर्ने सेवा प्रवाह र विकास कार्यलाई विधिसम्मत ढंगले जनअपेक्षा अनुसार कुशल, पारदर्शी, जवाफदेही ढंगले स्थानीय शासन संचालन गरी प्रभावकारी बनाउने अहम दायित्व रहेको छ । बदलिदो परिस्थितिमा स्थानीय सरकारलाई प्राप्त अधिकार क्षेत्र, साधन स्रोतमा बढोत्तरीसँगै जनआकांक्षा पनि चुलिएको छ । जनआकांक्षालाई सम्बोधन गर्न बदलिदो परिवेशसँगै सेवा प्रवाह र विकास व्यवस्थापनमा सिर्जनात्मक र वैकल्पिक उपायहरू अवलम्बन गर्न जरुरी छ । दिगो विकास लक्ष्यले संस्थागत विकास र सुशासनलाई समेत महत्व दिएको छ । दिगो विकास लक्ष्यहरू मध्ये लक्ष्य–१६ (शान्ति, न्याय र सृदृढ संस्थाहरू) र लक्ष्य–१७ (लक्ष्यहरूका निम्ति साझेदारी) यस क्षेत्रसंग जोडिएका लक्ष्यहरू हुन् । यसलाई मध्यनजर गरी सेवा प्रवाह र विकास व्यवस्थापन प्रभावकारिता अभिवृद्धि गरी स्थानीय तहमा सुशासन कायम गर्न कानून, नीति र सुशासन, संगठन तथा क्षमता विकास, राजस्व तथा श्रोत परिचालन र योजना व्यवस्थापनको वस्तुस्थिति विश्लेषण गरिएको छ ।

*तालिका नं. २० : संस्थागत विकास तथा सुशासन क्षेत्रको वर्तमान अवस्था, समस्या र भविष्यमा हुनुपर्ने विवरण*

| **उपक्षेत्रहरु** | **वर्तमान अवस्था** (हामीसंग के छ ?) | **समस्या** (हामीसंग के छैन ?) (स्रोत साधन, प्रविधि, सीप, नीतिगत व्यवस्था, पहूँच, सुशासन) | **के हुनुपर्छ ?** |
|---|---|---|---|
| सुशासन तथा सदाचार | - नगरसभाबाट सुशासन सम्बन्धि नीति स्वीकृत भएको र सो अनुसार जनप्रतिनिधि तथा कर्मचारीबाट कार्यसम्पादन हुदै आएको | - कार्यविवरणमा आधारित रही कार्य जिम्मवेवारी सम्पादन हुने नगरेको<br>- कर्मचारीहलाई सुशासन सम्वन्धी तालिमको अभाव रहेको | - नयाँ संरचना, दरवन्दी सृजना गरी सबै पदको कार्यविवरण तयार गरी लागू गर्नुपर्ने<br>- कार्यविवरणका आधारमा कार्यसम्पादन |

| | | | |
|---|---|---|---|
| | | - कार्यविवरण अनुसारको कार्यजिम्मेवारी सम्बन्धि सम्झौता कार्यान्वयनमा आउन नसकेको | मूल्यांकन पद्दति लागू गर्नुपर्ने<br>- नगर प्रमुख, उपप्रमुख, अधिकृत तथा सबै शाखा अधिकृतवीच कार्यसम्पादन सम्झौता गरिनुपर्ने<br>- क्षमता विकास योजना तयार गरी नगरपालिकाका सबै जनप्रतिनिधि तथा कर्मचारीलाई सुशासनको तालिम दिइनु पर्ने |
| स्थानीय तथ्यांक संकलन र अभिलेख व्यवस्थापन | - स्थानीय तहमा योजना तर्जुमा दिग्दर्शन अनुसार वार्षिक योजना तयार गरी कार्यान्वयनमा ल्याइएको<br>- वार्षिक योजनाहरु नगरसभाबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याइने गरिएको<br>- नगर तथा वडा तहमा अनुगमन समिति कृयाशील रहेको | - दिग्दर्शनले सिफारिश गरेअनुसार समय सीमा पालना नगरिएको<br>- अनुगमन समितिलाई अनुगमनको प्रक्रिया, तरिका विधि विषयमा तालिम, अभिमुखिकरण नगरिएको<br>- सूचकका आधारमा अनुगमन हुने नगरेको | - आवधिक योजना तयारी गरी ५ वर्षे नीति, रणनीति, कार्यविधि, प्राथमिकता तोकिनु पर्ने<br>- वार्षिक योजना तर्जुमा कार्यतालिका स्वीकृत गरी लागू गरिनुपर्ने<br>- विषयगत तथा सुचकगत अनुगमन गर्ने तरिका अवलम्वन गरिनुपर्ने |
| मानव संसाधन विकास तथा क्षमता अभिवृद्धि | - १० वटा वडा कार्यालयको भवन रहेका र सबै कार्य आफ्नै भवनबाट सञ्चानल भएका<br>- वडा कार्यालयमा स्वास्थ्य चौकी समेत रहेको<br>- एउटा कृषि तथा पशुपंक्षी सेवा भवन पनि रहेको<br>- नगरपालिकाको भवन भने निर्माणाधिन रहेको<br>- नगरपालिका तथा यस अन्तरगतका | - कर्मचारीको अभाव<br>- दक्ष कर्मचारी नहुनु<br>- वडा कार्यालयका भवन अपांग मैत्री नहुनु<br>- लैंगिक मैत्री शौचालयको अभाव<br>- Watering room, स्तनपान कक्ष नहुनु<br>- प्रशासनिक भवन लागत र स्रोतको साझेदारीमा निर्माण भैरहेकाले स्रोतको सुनिस्चितता नहुनु | - नगरपालिकाको मानवीय स्रोतको विषयमा अध्ययन सर्भेक्षण गरी आवश्यक संख्यामा दक्ष कर्मचारीको व्यवस्था गरिनु पर्ने<br>- भौतिक संरचनाहरु अपांग मैत्री तथा लैंगिक मैत्री बनाइनु पर्ने<br>- मध्यमकालिन खर्च संरचना तयार गरी स्रोतको सुनिस्चितता गरिनु पर्ने |

| | | | |
|---|---|---|---|
| | कार्यालयमा हाल जम्मा ....... कर्मचारी कार्यरत रहेका। | - Core Staff भन्दा Support Staff बढी रहेको<br>- नगरपालिकामा कति जनशक्तिको आवस्यकता छ भन्ने यकिन नभएको | - संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी कार्यान्वयन गरिनु पर्ने |
| वित्तीय स्रोत व्यवस्थापन | - सबै किसिमका सेवा शुल्क वडा कार्यालयबाट संकलन गरिने गरेको<br>- व्यवसाय कर र घरभाडा कर भने सोझै नगरपालिकाबाट लिइने गरेको | - राजस्व संकलनका दक्ष कर्मचारी नभएको<br>- राजस्व सम्भाव्यता अध्ययन भरपर्दो नभएको र राजस्व कम संकलन भएको | - राजस्व संकलनमा एकद्वार प्रणाली हुनुपर्ने<br>- करदाता शिक्षा सचेतना कार्यक्रम गरिनु पर्ने |

स्रोत: आवधिक योजना तर्जुमा गोष्ठी, २०८१

यस सुरुङ्गा नगरपालिकाको कार्यालय हाल भाडाको घरबाट संचालन भईरहेको छ भने कार्यालय निर्माणाधीन अवस्थामा रहेको छ। यस नगरपालिकाका ११ वटा वडाहरूमध्ये ……….. वडा कार्यालय आफ्नै भवनबाट कार्यालय संचालन भईरहेको छ भने ……….. वटा वडा कार्यालयहरू सामुदायिक भवन वा भाडाको घरबाट कार्यालय संचालन भईरहेको छ। यस नगरपालिका अन्तर्गत गठन हुनुपर्ने समितिहरू गठन भई संचालनमा रहेको छ। समितिहरूको काम, कर्तव्य र अधिकारका साथै थप क्रियाशिल बनाउन जरूरी रहेको छ। गठन भएका समितिहरू मध्ये केही समितिहरूको विवरण निम्न रहेका छन् :

| समितिको नाम | पदाधिकारीहरूको नाम | पद |
|---|---|---|
| स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति | श्री गीता चौधरी | संयोजक |
| | श्री सुनिता कुमारी दास | सदस्य |
| | श्री श्याम प्रसाद साह | सदस्य |
| | श्री दिनेश कुमार राम | सदस्य |
| | श्री फूल कुमारी राम | सदस्य |
| राजस्व परामर्श समिति | श्री रूद्र बहादुर कार्की | संयोजक |
| | श्री अर्जुन राज खपांगी | सदस्य |
| | श्री निर्मला कुमारी चौधरी | सदस्य |
| सामाजिक विकास समिति | श्री देवेन्द्र प्रसाद चौधरी | संयोजक |
| | श्री शिव नारायण चौधरी | सदस्य |
| | श्री किरण कुमार पोख्रेल | सदस्य |
| | छत्र बहादुर राउत | सदस्य |
| आर्थिक विकास समिति | श्री सन्त कुमार यादव | संयोजक |
| | श्री राधा मोची | सदस्य |
| | श्री दिनेश कुमार राम | सदस्य |
| पूर्वाधार विकास समिति | श्री राम कुमार चौधरी | संयोजक |
| | श्री दिलाराम चौधरी | सदस्य |

| समितिको नाम | पदाधिकारीहरूको नाम | पद |
|---|---|---|
| | श्री राधा मोची | सदस्य |
| वन वातावरण तथा विपद् व्यवस्थापन समिति | श्री दिलाराम चौधरी | संयोजक |
| | श्री हिरा कुमारी चौधरी | सदस्य |
| | श्री किरण कुमार पोख्रेल | सदस्य |
| सार्वजनिक सेवा तथा क्षमता विकास समिति | श्री अर्जुन राज खपांगी | संयोजक |
| | श्री राम कुमार चौधरी | सदस्य |
| | श्री सुनिता कुमारी दास | सदस्य |
| विधेयक समिति | श्री किरण कुमार पोख्रेल | संयोजक |
| | श्री सनीदेवी मण्डल | सदस्य |
| | श्री सन्त कुमार यादव | सदस्य |

# परिच्छेद ३: सोच तथा विकासको अवधारणा

## ३.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ जारी भए पश्चात देश संघियतामा प्रवेश गरेको छ । स्थानीय तह, प्रदेश सरकारलाई सामाजिक न्याय, समतामुलक समाज, लोकतन्त्र, मानव अधिकार, राजनीतिक स्थायित्व, स्थिर सरकार र समृद्धिको बाटोमा नेपालको कदम अघि बढाउने जिम्मेवारी प्राप्त भएको छ । संविधान अन्तर्गत रहेर हरेक तहका सरकारले कानुन निर्माण, नीति तथा योजना निर्माण, संस्थागत संरचना विकास र सुशासनको क्षेत्रमा दीर्घकालीन योजना तयारी गर्दै विकासका योजना तथा कार्यक्रमहरू तयार पार्ने कार्य भएको छ । संविधानमा उल्लेख गरिएको स्थानीय तहको अधिकार राज्यका निर्देशक सिद्धान्त, नीति, संघीय एवं प्रदेश सरकारको कानून तथा नीतिले स्थानीय तहको विकासलाई मार्गनिर्देशन गरेको हुनुपर्दछ । संविधानमा उल्लेख भएका संघ, प्रदेश र स्थानीय तहको अधिकारहरू मध्ये स्थानीय स्तरका आवधिक योजना र वार्षिक योजना तथा बजेट स्वीकृती सम्बन्धी कार्यलाई स्थानीय तहको कार्यसूचीमा सूचीकृत गरिएको छ । यसै सन्दर्भमा आवधिक योजनाले सुरूङ्गा नगरपालिकाको विकास प्रयासहरूलाई निर्दिष्ट बाटो प्रदान गर्दै योजना तथा बजेट तर्जुमामा सहयोग गर्नेछ । सुरूङ्गा नगरपालिकाको यस आवधिक योजनाले नगरबासीको आर्थिक, सामाजिक र भौगोलिक परिवेशबीचमा अन्तर्सम्वन्ध कायम गरी जनताको आर्थिक, सामाजिक सुविधा र समृद्धि प्रवर्द्धनमा टेवा प्रदान गर्दै नगरपालिकाको सुन्दरता, प्रकृतिको संरक्षण गर्दै मानव र प्रकृतिबीचको तालमेल समेत गर्नेछ ।

समग्रतामा नगरपालिकाको सोच तय गर्नका लागि नगर कार्यपालिकाका पदाधिकारी, प्रमुख राजनीतिक दल, विषयगत शाखा प्रमुख तथा अन्य सरोकारवालाको उपस्थितिमा छलफल गरिएको थियो । छलफलको क्रममा सुरूङ्गा नगरपालिकालाई आगामी तीन वर्षभित्र के कस्तो देख्न चाहनुहुन्छ भनी मष्तिष्क मन्थन र छलफल गरिएको थियो । नगरपालिकामा नगर कार्यपालिकाका पदाधिकारी, प्रमुख राजनीतिक दल, विषयगत शाखा प्रमुख तथा अन्य सरोकारवालाको उपस्थिति र वडागत छलफलको क्रममा सुरूङ्गा नगरपालिकालाई आगामी तीन वर्षभित्र के कस्तो देख्न चाहनुहुन्छ भनी मष्तिष्क मन्थन र छलफल गरिएको थियो । तहगत छलफलको क्रममा तीन बर्ष भित्र यस सुरूङ्गा नगरपालिकाको समग्र अवस्थाको चित्रणलाई तल बुँदागत रूपमा प्रस्तुत गरिएको छ :

- खाद्यान्न र रोजगारीमा आत्मनिर्भर तथा गार्हस्थ उत्पादन सकारात्मक भएको
- सबै कृषियोग्य जमिनको पहिचान र वर्गीकरण भई सबै जमिनमा माटो र हावापानी सुहाउँदो खेती भएको
- आधुनिक कृषि, पशुपालन, उद्योग, व्यवसायको विकास भई सबै युवाहरूले नगरपालिकाभित्रै आकर्षक रोजगारी प्राप्त गरेको
- सबै नागरिकलाई गाँस, बास र कपासको व्यवस्था भई गरिबी निवारण भएको
- कृषि उत्पादनमा आत्मनिर्भर भई निर्यात गर्न सक्ने अवस्थामा पुगेको
- सबै नागरिकको लागि स्वास्थ्य र शिक्षाको सहज पहुँच भएको
- गुणस्तरीय र सर्वसुलभ शिक्षा विकास भएको
- पर्यटन, धर्म संस्कृति तथा परम्पराको प्रवर्द्धन भएको
- नगरपालिकाका ११ वटै वडा कार्यालयसम्म पुग्ने पक्की सडक भएको
- सडक, विद्युत्, खानेपानी आपूर्ति, विद्यालय, दूरसञ्चार, सिंचाइलगायत सबै आधारभूत भौतिक पूर्वाधारहरू
- पक्की सडक, खानेपानी आपूर्ति, विद्युतीकरण, इन्टरनेट, फोहोर व्यवस्थापनसहितको आधुनिक बसाइयुक्त बसोवास भएको
- निर्माण भएका पूर्वाधार वातावरणमैत्री, बालमैत्री, अपांगमैत्री र विपद् प्रतिरोधी भएको
- सम्पूर्ण सुविधाले भरिपूर्ण हरियालीयुक्त नगर भएको
- मानिसको सोच र व्यवहारमा सकारात्मक परिवर्तन भएको

- भ्रष्टाचारमुक्त सुशासनयुक्त आधुनिक नगरपालिका
- आधुनिक प्रविधियुक्त छिटो, छरितो सेवा दिने र सबै नागरिकको पहुँचमा भएको नगरपालिका

## ३.२ प्रमुख समस्या तथा चुनौति

यस नगरपालिकाका लागि विद्यमान प्रमुख समस्या तथा चुनौतिहरू बुँदागत रूपमा निम्न रहेका छन् :

१. परम्परागत शैलीमा रहेको कृषि प्रणालीलाई आधुनिकीकरण, व्यावसायीकरण, यान्त्रिकीकरण तथा बजारीकरण गर्नु।
२. व्यवस्थित बसोवास र शहरीकरणको व्यवस्थापन गर्नु।
३. युवाहरूलाई कृषि पेशातर्फ आकर्षित गर्नु।
४. कृषि क्षेत्रमा सहुलियतपूर्ण ऋण पर्याप्त मात्रामा उपलब्ध गराउनु, सिंचित क्षेत्र व्यापक रूपमा विस्तार गर्नु।
५. उद्यमशीलता विकास गर्न आवश्यक भौतिक पूर्वाधार, दक्ष श्रमिक र सहुलियत कर्जा प्रयाप्त मात्रामा उपलब्ध गराउनु।
६. स्थानीय साना बजार क्षेत्रहरू क्रमिक रूपमा शहरीकरण हुँदै गएकोले कृषियोग्य जमीन सुरक्षित गर्नु।
७. सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर बढाउनका लागि अभिभावकको भूमिका र जिम्मेवारी बोध गराउनु।
८. मानवीय पूँजी निर्माणका लागि शिक्षा र स्वास्थ्यको सहज पहुँच र गुणस्तर सुधार गर्नु।
९. युवाहरू वैदेशिक रोजगारीमा जाने प्रवृत्ति कम गर्दै स्थानीय रूपमा रोजगारी सृजना गरी आर्थिक समृद्धिका लागि आवश्यक सिप र क्षमता भएका जनशक्ति उत्पादन गरी शैक्षिक वेरोजगारी घटाउनु एवम् श्रम बजारमा श्रमको माग र आपूर्तिको सन्तुलन मिलाउनु।
१०. प्राकृतिक तथा मानवीय विपद् व्यवस्थापनको पूर्व तयारी र व्यवस्थापनका लागि प्रयाप्त स्रोत साधनको व्यवस्था गर्नु।
११. सेवाप्रवाह छिटोछरितो, प्रविधिमैत्री एवम् विकास आयोजना समयमा सम्पन्न नहुने प्रवृति अन्त्य गर्नुका साथै सुशासन कायम गरी भ्रष्टाचारमुक्त नगरपालिका बनाउनु।
१२. भिन्न भिन्न राजनीतिक आस्था र विचारलाई सम्मान गर्दै समग्र नगर विकासको लागि सबै दलहरू र विकासप्रेमी स्थानीय समूहलाई एकत्रित गराउनु।

## ३.३ प्रमुख सम्भावना तथा अवसर

यस नगरपालिकाका लागि विद्यमान प्रमुख सम्भावना तथा अवसरहरू बुँदागत रूपमा निम्न रहेका छन् :

१. स्थानीय तहमा अधिकार सम्पन्न स्थानीय सरकारहरू संचालनमा रहेकाले विकासका कामहरू गर्न सहज वातावरण बन्नु।
२. नगरपालिकाको आर्थिक विकास र समृद्धिका लागि राजनैतिक स्थिरताको अवस्था हुनु र समृद्ध नगरपालिका निर्माण गर्ने नगरबासीको साझा प्रतिवद्धता हुनु।
३. नगरमा सामाजिक र राजनैतिक चेतनास्तरको विकास भई विकास र समृद्धिका बहस शुरू हुनु।
४. नगर क्षेत्र क्रमिक रूपमा शहरीकरण (राष्ट्रिय तथ्यांक कार्यालयको DEGURBA प्रतिवेदन अनुसार सबै वडाहरू अर्ध शहरी क्षेत्र) हुँदै जानु र क्रमशः उद्यमशीलता र व्यावसायिकता बढ्दै जानु।
५. वैदेशिक रोजगारीबाट फर्केका केही युवा सिर्जनशील र उद्यमशील कार्यमा लाग्नु।
६. नगरपालिकामा विकासका साझेदारहरूले लगानी तथा सहयोग बढाउन सक्ने अवसर रहनु।
७. आधुनिक प्रविधि प्रयोग गरी उत्पादन लागत घटाउन र यान्त्रिकीकरण बढाउन सकिने अवस्था रहनु।
८. जनसंख्यामा युवाको बाहुल्यता (२० बर्षदेखि ४९ बर्ष समूहमा ४२.५५%) रहेकाले जनसांख्यिक लाभ लिन सकिने अवसर रहनु।

## ३.४ निर्देशक सिद्धान्त

संघीय संरचना अन्तर्गत जनताको सबैभन्दा नजिकको सरकारको रूपमा रहेको यस नगरपालिकाले आफ्नो पहिलो आवधिक योजना तर्जुमा र कार्यान्वयनका लागि निम्न निर्देशक सिद्धान्तहरूलाई पालना गरिनेछ जसलाई तल बुँदागत रूपमा राखिएको छ:

- नगरवासीको विकासका लागि भूगोल, स्थानीय आवश्यकता र प्राथमिकताका आधारका साथै जनसंख्याको सापेक्षतामा प्रतिफलमुखी विकास हासिल गर्ने सिद्धान्त हुनेछ।
- नगरपालिकामा रहेका ग्रामीण वडामा पछाडी परेका महिला, दलित, बालबालिका, अपाङ्गता भएका व्यक्ति र परिवार, जेष्ठ नागरिक तथा लोपोन्मुख र पछाडी परेका जाति (मुसहर, डोम, चमार) हरूलाई लक्षित प्रत्यक्ष लाभ लिन सक्ने विकास गतिविधिलाई प्राथमिकता साथ अगाडी बढाईनेछ।
- बालबालिकाको सर्वाङ्गीण विकासका लागि बालमैत्री, अपाङ्गमैत्री र वातावरणमैत्री स्थानीय शासनलाई अवलम्वन गरिनेछ।
- पछाडी परेका महिला, दलित, बालबालिका, अपाङ्गता भएका व्यक्ति र परिवार, जेष्ठ नागरिक तथा लोपोन्मुख र पछाडी परेका समूहलाई स्थानीय विकास र शासनका प्रक्रियामा प्राथमिकता दिने र सकारात्मक विभेद गरिने सिद्धान्त अवलम्वन गरिनेछ।
- आवधिक योजनामा दिगोपना, वातावरणमैत्री तथा विपद् व्यवस्थापन संवेदनशीलतालाई अनिवार्य रूपमा सबै योजनाको अभिन्न अंगको रूपमा विश्लेषण तथा अङ्गीकरण गराईनेछ।
- प्राकृतिक स्रोत साधनको अधिकत्तम दोहनलाई नियन्त्रण गरी प्रभाव मूल्यांकनको आधारमा उपयोग गरी स्थानीय योजनाहरूलाई जलवायु अनुकूलनयुक्त बनाईनेछ।
- योजना छनोट र कार्यान्वयनको क्रममा दिगो विकास लक्ष्यहरूलाई ध्यान दिई लक्ष्य प्राप्तिमा नगरपालिकाको योगदान किटान गरिनेछ।
- "चेतना, संगठन र सशक्तीकरण : समाजमा सकारात्मक परिवर्तन" को सिद्धान्तलाई अङ्गीकार गरी स्थानीय सम्भाव्यता साधन स्रोतको उपलब्धतालाई प्राथमिकताका साथ स्थानीय स्रोत साधन र सीपको अधिकतम उपयोग गरिने सिद्धान्त अवलम्वन गरिनेछ।
- नगर विकासका लागि आवश्यक मानवीय तथा बित्तीय स्रोत साधनको स्थानीय स्तरमा अधिकतम परिचालन गरिनेछ। विभिन्न विषयक्षेत्रमा दक्ष, सीपयुक्त मानव जनशक्ति उत्पादन तथा क्षमता विकासका लागि विशेष लगानी गरिनेछ।
- नगरपालिकाले सार्वजनिक नीजि साझेदारीको अवधारणालाई आत्मसात गरी नीजि क्षेत्रको लगानीको संरक्षण गरिनेछ।
- नगरपालिकाका साझेदार निकायहरू (संघ प्रदेश गैरसरकारी संस्था नीजि क्षेत्र निर्वाचन क्षेत्र विकास कार्यक्रम लगायत नगरपालिकामा संचालन गर्न तयार गरिएका योजना) बीच समन्वय गरी आवधिक योजनाका प्राथमिकताका क्षेत्रमा लगानी केन्द्रीत गरिनेछ।
- नगरपालिकामा स्थापना भई कार्यरत सम्पूर्ण संघ संस्थाहरू (आमा/महिला समूह, युवा क्लव, टोल विकास समिति, स्थानीय धार्मिक, जातिय र सामाजिक विकास संस्था) लाई सहयोगी संस्थाको रूपमा मान्यता दिई सामाजिक/आर्थिक विकास र वातावरणीय सुधारका क्षेत्रमा परिचालन गरिनेछ।
- जवाफदेहिता पारदर्शिता सार्वजनिक सेवा सुविधालाई प्रभावकारी बनाउनका लागि नगरपालिकाका जनप्रतिनिधि कर्मचारी साझेदार निकाय विषयगत निकाय र गैरसरकारी संस्था समेतको क्षमता विकासका लागि लगानी गरिनेछ।
- सुरूङ्गा नगरपालिकाले आर्थिक बर्ष २०८०/८१ का नीति तथा कार्यक्रममा उल्लेख भएका उपलव्धीमूलक विषयहरूलाई निरन्तरता दिईनेछ।

## ३.५ सोच, लक्ष्य तथा उद्देश्य

आवधिक योजना तर्जुमा कार्यशाला गोष्ठीमा सहभागीहरु विचको छलफल, विषयविज्ञको सुझाब तथा परामर्शका आधारमा तयार गरिएको विकासका संभावना, अग्रणी क्षेत्र, सुरूङ्गा नगरबासीले चाहेको अवस्थालाई केन्द्रमा राखी दीर्घकालीन सोचलाई परिमार्जन गरिएको छ।

| **पहिलेको सोच** |
|---|
| शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र खानेपानी<br>स्वशासित, सुन्दर, समृद्ध सुरूङ्गा बनाउँछौं हामी |
| **परिमार्जन गरिएको सोच** |
| सीपयुक्त गुणस्तरीय शिक्षा, न्यूनतम स्वास्थ्य सेवा प्रवाह, प्रविधियुक्त कृषि, पर्यटन र पूर्वाधारको विकास,<br>वातावरणमैत्री, समतामूलक समाज तथा रोजगार भएका सुखी र समृद्ध सुरूङ्गा नगरपालिका |

**लक्ष्य तथा उद्देश्य**

यस नगरपालिकाको प्रथम आवधिक नगर विकास योजनाले सुरूङ्गा नगरवासीको सामाजिक, आर्थिक र भौतिक क्षेत्रको विकास गरी प्रविधिमैत्री एवं सुशासनयुक्त र समुन्नत सुरूङ्गा निर्माण गर्ने लक्ष्य लिएको छ भने उद्देश्यहरू निम्न रहेका छन् :

१. आर्थिक विकासको लागि उच्चतम स्रोत परिचालन गरी गुणस्तरीय उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धि गर्नु।
२. गुणस्तरीय शिक्षा, स्वास्थ्य र खानेपानी लगायतका आधारभूत सेवामा न्यायपूर्ण र सर्वसुलभ पहुँच सुनिश्चित गर्नु।
३. प्राथमिकताका आधारमा स्थानीय आवश्यकता र आर्थिक विकासलाई टेवा पुग्ने गरी दिगो पूर्वाधार विकास निर्माण गर्नु।
४. वन तथा वातावरणको संरक्षण गर्दै विपद् व्यवस्थापन र जलवायु परिवर्तनका असरहरू न्यूनीकरण गर्नु।
५. सुशासनयुक्त, सामाजिक न्यायपूर्ण र प्रविधिमा आधारित शासन प्रणाली स्थापना गर्नु।

## ३.६ परिमाणात्मक लक्ष्य

*तालिका नं. २१ : अपेक्षित परिमाणात्मक लक्ष्य तथा उपलब्धी*

| सूचक | संख्या | आधाररेखा (०७९/८०) को अवस्था | योजना अन्तिम बर्षको (०८३/८४) लक्ष्य |
|---|---|---|---|
| कुल साक्षरता | प्रतिशत | ६३.५% | |
| बहु आयामिक रोजगारी | प्रतिशत | | |
| स्वास्थ्य केन्द्र (खोप तथा पोषण सहितको) | संख्या | | |
| मानव विकास सुचकाङ्क | इन्डेक्स | | |
| औसत आयु | वर्ष | | |
| गार्हस्थ्य प्रतिव्यक्ति आम्दानी | यु एस डलर | | |
| पक्की सडक | किमी | | |
| विद्युत पुगेको जनसंख्या | प्रतिशत | | |
| रुख विरुवाले ढाकेको तथा चरनक्षेत्र | प्रतिशत | | |

| | | | |
|---|---|---|---|
| वेरोजगारी दर | प्रतिशत | | |
| पाइपवाट खानेपानी पुगेको परिवार | प्रतिशत | | |
| खेती योग्य जमिन मध्ये सिञ्चित क्षेत्रफल | प्रतिशत | | |
| सार्वजनिक शौचालय | वटा | ४ | |
| आफ्नै भवनमा रहेका वडा कार्यालयहरु | वटा | | |
| प्राविधिक र व्यावसायिक शिक्षामा तालिम प्राप्त जनसङ्ख्या | जना | | |
| शिक्षक विद्यार्थी अनुपात | अनुपात | | |
| पाइपवाट खानेपानी पुगेको परिवार | प्रतिशत | | |
| बहु आयामिक रोजगारी | प्रतिशत | | |
| स्वास्थ्य केन्द्र (खोप तथा पोषण सहितको) | संख्या | | |
| मापदण्ड अनुसार बनेका सार्वजनिक भवनहरु | प्रतिशत | | |
| वेरूजु रकम | रकम | २,३७,१७,००० | |
| स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन | प्रतिशत | ७९.२५ | |
| स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन | प्रतिशत | ६५.५ | |

## ३.७ रणनीति तथा प्राथमिकता

### रणनीति तथा प्राथमिकता

आवधिक नगर विकासको लक्ष्य प्राप्तिका लागि देहाय बमोजिमका रणनीति तथा प्राथमिकता निर्धारण गरिएको छ :

*तालिका नं. २२ : रणनीति तथा प्राथमिकता*

| रणनीतिहरू | प्राथमिकताहरू |
|---|---|
| उद्देश्य १ : आर्थिक विकासको लागि उच्चतम स्रोत परिचालन गरी गुणस्तरीय उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धि गर्नु। | |
| १.१ प्रतिस्पर्धात्मक लाभका क्षेत्रमा लगानी बढाईने | - उच्चमूल्य श्रृङ्खलामा आधारित कृषि उत्पादन, पर्यटन पूर्वाधार तथा साना तथा मझौला उद्योगको लगानीमा नीजिक्षेत्रलाई प्रोत्साहन गर्न स्थानीय नीति र कानून सुधारलाई प्राथमिकता दिईनेछ।<br>- प्रतिस्पर्धात्मक लाभका क्षेत्रहरु (उच्चमूल्य कृषि, पर्यटन, कृषिजन्य तथा अन्य उद्योग एवं नदीनालाहरुको उपयोग) मा प्राथमिकता तोकी बैंक तथा वित्तीयक्षेत्रलाई त्यसतर्फ लगानी गर्न प्रोत्साहित गरिनेछ। |

| रणनीतिहरू | प्राथमिकताहरू |
|---|---|
| | - प्रतिस्पर्धात्मक लाभका क्षेत्र पहिल्याउन र लगानी प्रवर्द्धन गर्न अन्तर सरकार, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरू, नीजिक्षेत्र, विकास साझेदार, अन्तर स्थानीय तह, वाह्य लगानीकर्ता आदि सवैसंग समन्वय र साझेदारीलाई प्राथमिकतामा राखिनेछ। |
| १.२ स्थानीय नगरवासीलाई विकासका अवसर र लाभहरूमा समतामूलक पहुँच सुनिश्चित गर्ने | - भौगोलिक र विषय क्षेत्रगत विकासका सूचकहरु बनाई विकासमा सन्तुलन कायम गरिनेछ।<br>- विकास प्रक्रियामा छुटेका वा पछाडि परेका वर्ग र समुदायको समतामूलक विकास गर्न लक्षित कार्यक्रम संचालनका लागि प्राथमिकता दिईनेछ।<br>- विकासमा पछि परेका र पारिएका समुदायको क्षमता विकास, विकासमा पहुंच र सहभागिता अभिवृद्धि गर्न सामाजिक परिचालन कार्यक्रम प्राथमिकतासाथ संचालन गरिनेछ। |
| उद्देश्य २ : गुणस्तरीय शिक्षा, स्वास्थ्य र खानेपानी लगायतका आधारभूत सेवामा न्यायपूर्ण र सर्वसुलभ पहुँच सुनिश्चित गर्नु। | |
| २.१ शिक्षा, स्वास्थ्य, सरसफाई, खानेपानी लगायत आधारभूत सेवाहरूको गुणस्तर र पहुँच अभिवृद्धि गर्दै मौलिक हकको प्रत्याभूत गर्ने | - आधारभूत शिक्षा, स्वास्थ्य, सरसफाई र खानेपानी जस्ता सेवाहरुको न्यूनतम गुणस्तर मापदण्ड तयार गरी प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।<br>- आधारभूत सेवामा विपन्न र पछाडि परेका वर्ग (विशेषत: राउटे, कुसुन्डा, बादी समुदाय)को समतामूलक पहुँच पुर्याउन विभिन्न प्रोत्साहनमूलक कार्यक्रम संचालनमा प्राथमिकता दिईनेछ।<br>- योग, शारिरिक व्यायाम, खानपान आदि स्वास्थ्य र पोषण सम्वन्धी कुरामा चेतनामूलक कार्यक्रमलाई प्राथमिकता दिई यसलाई नागरिकको दैनिक जीवन प्रणालीमा आबद्ध गर्दै लगिनेछ।<br>- परम्परागतरुपमा वसोवास गर्दै आएका जातजातिको ज्ञान, सीप, व्यवसाय, भाषा संस्कृतिलाई संरक्षण गर्दै समय सापेक्ष बनाउंदै लगिनेछ। |
| उद्देश्य ३ : प्राथमिकताका आधारमा स्थानीय आवश्यकता र आर्थिक विकासलाई टेवा पुग्ने गरी दिगो पूर्वाधार विकास निर्माण गर्नु। | |
| ३.१ दिगो र गुणस्तरीय पूर्वाधारहरूमा सबैको पहुँच सुनिश्चित गर्ने | - नगरपालिकाबाट निर्माण हुने सवै पूर्वाधारका न्यूनतम मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ।<br>- संघ र प्रदेशतहवाट निर्माण हुने संरचनाहरुमा पनि तोकिएको मापदण्डको पालना गराउन समन्वय गरिनेछ।<br>- अपाङ्ग, महिला तथा वालमैत्री पूर्वाधारहरु निर्माण गरिनेछ। |

| रणनीतिहरू | प्राथमिकताहरू |
|---|---|
| | - पूर्वाधार निर्माणमा भूउपयोग योजनाका प्रावधानलाई आधार मानी आवास क्षेत्रमा बसोवासका लागि घर निर्माणलाई प्राथमिकता दिईनेछ। |
| उद्देश्य ४ : वन तथा वातावरणको संरक्षण गर्दै विपद् व्यवस्थापन र जलवायु परिवर्तनका असरहरू न्यूनीकरण गर्नु। | |
| ४.१ वातावरणीय सन्तुलन एवं जल, जमीन, जङ्गल, जैविक विविधता आदि प्राकृतिक श्रोत र सम्पदाको संरक्षण तथा विकास गर्ने | - पूर्वाधार विकास र वातावरण वीच सन्तुलन कायम हुने गरी विकासका संरचनाहरु निर्माण गरिनेछ।<br>- वातावरण संरक्षण एवं प्राकृतिक श्रोतको व्यवस्थापनमा अन्तर स्थानीय तहको समन्वय र साझेदारी एवं स्थानीय जनताको सहभागितालाई प्राथमिकता दिई अपनत्व अभिवृद्धि गराइनेछ।<br>- वातावरण संरक्षण एवं प्राकृतिक श्रोतको व्यवस्थापनसंग आय आर्जन र रोजगारीका कार्यक्रमहरुलाई आवद्ध गरिनेछ।<br>- सार्वजनिक स्थल र व्यक्तिगत जमीनमा वृक्षरोपण कार्यक्रमलाई प्राथमिकता दिईनेछ। |
| उद्देश्य ५ : सुशासनयुक्त, सामाजिक न्यायपूर्ण र प्रविधिमा आधारित शासन प्रणाली स्थापना गर्नु। | |
| ५.१ संस्थागत विकास र सुशासन सम्वन्धि नीतिगत तथा कानूनी एवं संस्थागत व्यवस्था गरी प्रभावकारी कार्यान्वयन गर्ने | - सुशासन सम्वन्धी आवश्यक नीति तथा कानूनहरु तर्जुमा गरिनेछ।<br>- हालसम्मका राम्रा सिकाई र सवल पक्षहरुको संरक्षण गर्दै संस्थागत सुदृढीकरण र मानव श्रोतको क्षमता विकास गरी विकास कार्यक्रम र सेवा प्रवाहमा प्रभावकारिता ल्याइनेछ।<br>- वित्तीय अनुशासन कायम गर्दै वेरुजु शुन्य नगरपालिका बनाइनेछ।<br>- संस्थागत क्षमता स्वमूल्यांकन र वित्तिय जोखिम मूल्यांकन समयमा सम्पन्न गरी सुधारका पक्षहरूलाई प्राथमिकता दिई कार्ययोजना सहित सुधार कार्यलाई प्राथमिकतामा राखिनेछ। |

## ३.८ लगानी स्रोत अनुमान र बाडँफाँड

यस सुरूङ्गा नगरपालिकाको नगर आवधिक योजना अवधि भरिका बार्षिक आय अनुमान र खर्च व्यहोर्ने स्रोतहरूको विश्लेषणा गरिएको छ। संघ तथा प्रदेशबाट प्राप्त भईरहेको आय अनुमानलाई आधार मानी तीन बर्षको आय प्रक्षेपण गरिएको छ जसलाई तलको तालिकामा राखिएको छ :

*तालिका नं. २३ : सुरुङ्गा नगरपालिकाको आय अनुमान*

| बजेट कोड | विवरण | २०७९/८० को यथार्थ | २०८०/८१ को अनुमान | २०८१/८२ को प्रक्षेपित | २०८२/८३ को प्रक्षेपित | २०८३/८४ को प्रक्षेपित |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३२१२२ | नगद मौज्दात | १०९,६२१,०८९ | १०५,९१८,६२१ | १५४,३१९,६९३ | १८३,०९८,५७७ | २१७,२४४,३९९ |
| | आन्तरिक राजस्व | १४,५७६,२५७ | १९,७५१,८७९ | २४,११७,७६७ | २६,४३५,५६१ | २९,०७९,५९१ |
| १३३११ | सङ्घीय सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान | १३८,९३५,००० | १३०,१००,००० | १५१,०२७,७६० | १५७,४६३,२९६ | १६४,१७३,०६१ |
| १३३१२ | सशर्त अनुदान चालू (सङ्घीय सरकार) | २३४,५४८,५१५ | २६७,३६०,००० | २५८,९५९,२६९ | २७२,१०१,४४४ | २८५,९१०,५८४ |
| १३३१३ | सशर्त अनुदान पूँजीगत ( सङ्घीय सरकार) | १७,४११,४७३ | ३,५००,००० | २१,१६५,१२९ | २३,३३५,३१३ | २५,७२८,०१९ |
| ११४११ | सङ्घीय सरकारबाट राजस्व बाँडफाँड प्राप्त आय | ८०,७७१,२६८ | १२५,४५६,००० | १२५,६७७,९५० | १३८,१५६,९६५ | १५३,०७१,६७७ |
| १३३११ | प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान | १०,७८२,००० | १०,०००,००० | १३,३१४,५१४ | १४,७९५,७९५ | १६,४४१,८७३ |
| १३३१३ | सशर्त अनुदान (प्रदेश सरकार | ७,१९२,६५३ | - | ७,३८८,९२३ | ७,४८९,०५८ | ७,५९०,५५० |
| ११४५६ | प्रदेश सरकारबाट राजस्व बाँडफाँड प्राप्त आय | १०,८९९,०९८ | ८,६५०,००० | १७,८५४,८४१ | २२,१९४,८०१ | २७,६०७,३७६ |
| १३३१७ | विशेष / समपूरक अनुदान (सङ्घ) | १५,७७३,११३ | १३,०००,००० | २२,६३९,८५७ | २३,७७१,८५० | २४,९६०,४४२ |
| १३३१७ | विशेष / समपूरक अनुदान (प्रदेश ) | ३,४६०,६४५ | - | ४,१८७,३८० | ४,६०६,११८ | ५,०६६,७३० |
| | जनसहभागिता | | | | | |
| | **जम्मा** | **६४३,९७१,१११** | **६८३,७३६,५००** | **८००,६५३,०८२** | **८७३,४४८,७७८** | **९५६,८७४,३०२** |

## ३.९ नगर गौरवका योजनाहरू

# परिच्छेद ४: आर्थिक क्षेत्र

## ४.१ कृषि तथा पशुपंक्षी

### ४.१.१ पृष्ठभूमि

सुरूङ्गा नगरपालिका नेपालको पूर्वपश्चिम राजमार्गमा रहेको छ। नगरपालिका दक्षिणदेखि उत्तरमा चुरेसम्म फैलिएको कारण कृषि तथा पशुपंक्षी उत्पादनका अभ्यासहरुमा उत्तर र दक्षिणमा केही फरक रहेको पाइन्छ। सप्तरी जिल्ला नेपालमा आँप उत्पादनको लागि प्रसिद्ध रहेको छ। जिल्ला कै हिसावमा हेर्ने हो भने सुरूङ्गा नगरपालिकाको विचबाट गएको पूर्वपश्चिम राजमार्गको उत्तरी भेगमा आँप र दक्षिणी भेगमा माछाका भूरा र तरकारी उत्पादन हुने गरेको छ। नगरपालिकाको अधिकांश ठाउमा भूसतह सिंचाइ सुविधाको अभाव रहेको छ। त्यसैले सिंचाईको लागि नगरपालिकाको दक्षिणी भेगमा जमिनमुनीको पानी नजिकै रहेकोले साधारण ट्यूवेल वा इनार मार्फत पनि सिंचाइको व्यवस्था गर्न सकिने भएकोले तरकारी र माछा खेती गर्ने गरिन्छ। त्यसका अतिरिक्त वर्षायाममा धान खेती र हिउँदमा गहुँ, मसुरो र तोरी खेती गर्ने गरिन्छ। तर नगरपालिकाको उत्तरी भेग चुरेको नजिक रहेको र चुरेमा वन विनास भएकोले जमिनमुनीको पानीको सतह निकै तल पुगेको कारण टिप बोरिङबाट मात्र जमिनमुनीको पानी तानेर सिंचाइ गर्नु पर्ने भएकोले अधिकांश क्षेत्रमा आँप खेती गरेको पाइन्छ। त्यसैले वर्षायाममा मकै खेती गर्ने गरिन्छ भने हिउँदमा गहु, मसुरो तथा तोरी खेती गर्ने गरिन्छ।

पशुपंक्षीमा अधिकांश कृषकहरुले बाख्रा पालन र ब्रोइलर कुखुरा फर्म संचालन गर्ने गरेका छन्। नगरपालिकाको उत्तरी र दक्षिणी दुबै भेगमा व्यवसायिक रुपमा पशुपालन गरिरहेका छन्। पछिल्लो समय खेतियोग्य जमिनलाई खण्डिकृत गरी घडेरीमा बेच्ने चलन रहेकाले बजार क्षेत्र नजिकका कृषियोग्य जमिनहरु आवास क्षेत्रमा परिवर्तन भैरहको देखिन्छ।



### ४.१.२ समस्या तथा चुनौती

नगरपालिकाको उत्तरी भेगमा कृषि तथा पशुपंक्षी पालनका लागि मुख्य समस्या भनेकै सिंचाइ तथा पशुपालनको लागि आवश्यक पानी जोहो गर्नु रहेको छ। सिंचाइको लागि पानीको अभावमा खेतीपाती समेत गर्न कठिनाइ रहेको देखिन्छ। त्यसैले विकल्पको रुपमा उत्तरी भेगतर्फ आँप खेती बढी रहेको छ। नगरपालिकाको उत्तरी भेगमा पर्ने वडाहरूमा जंगलको भाग समेत पर्ने हुँदा कृषिवालीमा जंगली जनावरले नोक्सान गर्ने गर्दछ। नगरपालिकाको दक्षिणी भेगमा भने जमिन मुनीको सतहमा नजिकै पानी रहेको र साधारण ट्युवेल वा इनारबाट समेत पानीको जोहो गर्न सकिने भएकोले कृषि तथा पशुपन्क्षी पालन बढी नै रहेको छ। तर मल, विउ तथा कृषि परामर्श सेवाको अभाव रहेको र कृषि तथा पशुपन्क्षीमा लाग्ने रोग किराको समयमै पहिचान नहुनुका साथै त्यसको उपचारको लागि स्थानीय तहका कृषि तथा पशु शाखाका विज्ञहरुबाट समयमा नै सेवा प्रवाह नहुनाले कृषकहरूले नोक्सान बेहोर्नु परिरहेको छ। उत्पादित कृषि उपज तथा पशुपंक्षी तयार भएको समयमा बजार मूल्य निकै कम हुने तथा विउँ विजन, मलखाद किन्न अति नै बढी मूल्य हुने हुँदा कृषि तथा पशुपंक्षीमा गरेको लगानी समेत उठाउन गाह्रो भैरहेको छ। सिंचाइको लागि कृषि विद्युतीकरण नभएको कारण जमिनमुनीको पानी तान्नको लागि विद्युत अभाव रहेको छ।

कृषकहरूले व्यवसायिक योजना बिना नै कृषि तथा पशुपालन व्यवसाय सञ्चालन गर्ने गरेका छन। माटोको परीक्षण बिना नै खेती लगाउने प्रणालीले उत्पादनमा ह्रास आएको छ। उत्पादन वृद्धिका लागि मल समयमा नपाउँदा उत्पादन लागत बढ्न गई कृषकहरूले उत्पादित वस्तुहरू प्रतिस्पर्धात्मक बजारमा बेच्न कठिनाई रहेको छ। अधिकांश कृषकहरूमा व्यावसायिक कृषि र पशुपालन सम्बन्धी प्राविधिक, व्यवस्थापकीय र बजारीकरण सम्बन्धी ज्ञान, सीप र प्रविधिको प्रयोगमा कमी रहेको छ।

पशुपालनका लागि नश्ल सुधार कार्यक्रम नहुँदा उत्पादनका कमी आएको छ। डेरी फर्महरूबाट उत्पादित वस्तुहरूको गुणस्तरियता सही छ छैन भनेर अनुगमन गर्ने संयन्त्रको अभाव रहेको छ। सीप तालिम सेवा केन्द्र प्रयाप्त नभएकोले दक्ष जनशक्ति उत्पादन हुन सकेको छैन। पशुपंक्षीको लागि आवश्यक पर्ने प्रयाप्त औषधी पसल छैन। प्रयाप्त मात्रामा गाईभैसी फार्महरू नभएको र भएको पनि नाजुक अवस्थामा छ। सुलभ दरमा पाईने दाना प्रयाप्त नहुँदा कृषकहरू बढी मूल्य तिरेर दाना किन्न बाध्य छन्।

### ४.१.३ संभावना तथा अवसर

नेपाल सरकारले कृषि तथा पशुपंक्षी पालनमा विशेष जोड दिइरहेको छ। त्यसैगरी कृषिमा काम गर्ने विभिन्न सरकारी तथा गैर सरकारी सरोकारवाला निकायहरुले समेत कृषि तथा पशुपंक्षी पालनमा नयाँ नयाँ खोज अनुसन्धान तथा प्रयोग गरिरहेको देखिन्छ। यस नगरपालिकाले पनि आफ्ना क्षेत्रका कृषकहरुको तथ्यांक संकलन गरी कृषकहरूलाई सीप तथा प्राविधिक सहयोगहरु प्रदान गर्दै आएको छ। हाल यस नगरपालिकामा सक्रिय व्यवसायिक कृषक समूह १६ वटा र यसमा २०० जना अगुवा कृषक रहेका छन्। १० वटा स्थानीय व्यवसायिक कृषि फार्महरू रहेको र १०० जनाभन्दा बढीले कृषि सम्वन्धी विभिन्न विषयमा तालिम लिएका कृषकहरू रहेका छन्। यस भेगको मूख्य खाद्यान्न उत्पादनमा धान, गहुँ र मकै रहेको, तरकारी उत्पादनमा आलु, काउली, घिरौला, करैला, लौका, शितलचिनी रहेको छ भने फलफूलमा आँप, केरा, लिच्ची, अम्वा रहेका छन्।

नगरपालिकाको उत्तरी भेगमा सिंचाइ र खानेपानीको व्यवस्था गर्न सकेमा पशुपालनको लागि निकै सम्भावना रहेको देखिन्छ। नजिकमा वनजंगल चरिचरणको क्षेत्र प्रसस्त रहेकोले पशुपंक्षीमा विशेषगरी बाख्रा, कुखुरा, भैसी पालन गर्न सकिने सम्भावना रहेको छ। त्यसैगरी हाल सिंचाइको अभावमा आँप बगैचा बनाएका क्षेत्रहरुमा पनि अदुवा, बेसार, गहत (कुर्थी), भटमास जस्ता घुसुवा बालीहरु लगाइ छहारी खेती प्रणालीबाट प्रशस्त मात्रामा आम्दानी लिन सकिने देखिन्छ भने सिंचाइ भएमा बेमौसमी तरकारी खेतीको सम्भावना रहेको छ। तर त्यसको लागि ठुला डिप बोरिङहरुको आवश्यकता रहेको छ।

त्यसैगरी नगरपालिकाको दक्षिणी भेगमा साना सिंचाइका प्रविधि जस्ता साना ट्युवेल तथा इनारहरु समेतले पनि कृषकहरुले सिंचाइको व्यवस्था गर्न सक्ने हुनाले बेमौसमी तरकारी खेती उत्पादनको सम्भावना रहेको छ। दक्षिणी भेगमा प्रसस्त मात्रामा पानीको स्रोतहरू रहेकाले माछा पालनको सम्भावना पनि धेरै रहेको छ।

सुरूङ्गा नगरपालिकाको पश्चिममा व्यापारिक केन्द्रको रूपमा रहेको लहान बजार अवस्थित छ। यसले गर्दा स्थानीय उत्पादनलाई बजारसम्म पुर्याउन राम्रो सम्भावना रहेको छ। त्यसैगरी यो नगरपालिका देशको राजधानी काठमाण्डौदेखि २६३ किमी र मधेश प्रदेशको

राजधानी सहर जनकपुरधामदेखि ९० किमीको दुरीमा रहेकाले पनि यहाँ भएको उत्पादनको लागि बजारको सहज पहुँच रहेको छ। यस भेगमा उत्पादन हुने आँप स्वादिलो हुने भएकोले बजारमा अत्यधिक माग रहेको छ भने केही समययता सप्तरीको आँप अरव देशमा समेत बेचविखन हुन थालेको छ।

उत्पादन बढेको समयमा मुल्य घट्ने र केही दिनको अन्तरालमा मुल्य फेरी बढ्ने बजारको नियमले किसानहरुलाई केही हतोत्साहित पारेको देखिन्छ। किसानले आफ्नो उत्पादलाई केही दिनको बजारको विषम परिस्थितिमा भण्डारण गर्न नसक्नाले लगानी अनुसारको प्रतिफल नपाउनाले किसानहरूलाई कृषि पेशा प्रति उत्प्रेरणा घट्दै गएको पाईन्छ। यो समस्या समाधानका लागि सस्तो प्रविधिको शित भण्डार प्रत्येक गाउँमा स्थापना गर्नु पर्ने देखिन्छ। कृषिमा काम गर्ने सरोकारवालाहरुसँगको सहकार्यमा नगरपालिकाले साना किसान मैत्री शित भण्डार गाउँ गाउँमा र आँप भण्डारणको लागि ठूलो क्षमताको शित भण्डार बनाई किसानको उत्पादनमा मूल्य अभिवृद्धि गराइ बजारीकरण गर्ने सम्भावना रहेको छ।

त्यसैगरी संघीय सरकार, प्रदेश सरकारले कृषि तथा पशुपालनमा व्यवस्था गरेको अनुदान प्राप्तिमा किसानलाई सहजीकरण गरी व्यवसायिक कृषिमा किसानलाई सहयोग पुर्याउन सक्ने देखिन्छ। बेलामा मल नपाउने समस्याको दीर्घकालिन समाधानको लागि किसानलाई कम्पोष्ट मल बनाउने, पशुपालन गर्ने र हरियो मल उत्पादन गर्ने जस्ता बैकल्पिक विधिहरु अवलम्बन गर्नको लागि अनुदान तथा विमा कार्यक्रम अघि बढाउन सकिने देखिन्छ। कृषि तथा पशुपालनलाई व्यवसायसँग जोड्नका लागि कृषि पर्यटनलाई समेत प्रवर्द्धन गर्न सकिने सम्भावना रहेको छ। उत्तरी भेगमा वर्षामा बग्ने खोलाहरुमा ड्याम बनाइ पानी संचय गरी सिंचाइ गरी बेमौसमी तरकारी खेतीमा किसानहरुलाई प्रोत्साहन गर्न सकिने देखिन्छ। कृषि तथा पशुपंक्षी विमालाई प्रभावकारी रुपमा लागू गर्न सके किसानहरुमा नोक्सानी भरणको विश्वासको कारण आत्मविश्वास बढेर आउने भएकोले निर्वाहमुखीबाट व्यावसायिक कृषि तर्फ अग्रसर हुने देखिन्छ।

### ४.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य :**

कृषि प्रणालीलाई आधुनिकीकरण एवं व्यवसायी बनाई कृषि तथा पशुपालन क्षेत्रलाई प्रतिस्पर्धी र निर्यातमुखी बनाउने।

**उद्देश्य :**

आगामी तीन वर्षभित्रमा सुरूङ्गा नगरपालिकाले कृषि तथा पशुपंक्षी क्षेत्रको वृहत्तर विकासका लागि देहाय बमोजिम उद्देश्यहरू निर्धारण गरिएको छ :

१. कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढाउनु।
२. आधुनिकीकरण तथा गुणस्तरीय उत्पादन गरी कृषि पेशालाई व्यवसायीकरण गर्नु।
३. जैविक खेतीको प्रवर्द्धनबाट कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरी नगरपालिकाको अर्थतन्त्रमा टेवा पुर्याउनु।
४. पशुपंक्षी पालनलाई प्रविधियुक्त र व्यवसायिक बनाई पशुपंक्षीजन्य पदार्थको निर्यात प्रवर्द्धन गर्नु।

**रणनीति र कार्यनीति :**

*तालिका नं. २४ : उपक्षेत्रगत रणनीति तथा कार्यनीति*

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| उद्देश्य १ : कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढाउनु । | |
| १.१ कृषि भूमीको व्यवस्थित उपयोग गर्ने | १.१.१ कृषि भूमीको व्यवस्थित उपयोगको लागि आवश्यक नीतिगत र कानुनी व्यवस्था गरिनेछ ।<br>१.१.२ कृषि भूमीको खण्डीकरणलाई निरुत्साहन गरिनेछ ।<br>१.१.३ भूमीको चाक्लावन्दी एवं गह्रा सुधार गरी सामुदायिक, नीजि तथा सहकारी खेतीका लागि प्रोत्साहनात्मक कार्यक्रम संचालन गरिनेछ ।<br>१.१.४ कृषि जमिनलाई बांझो राख्न नपाइने नीति अवलम्बन गरिनेछ ।<br>१.१.५ रासायनिक तथा प्रांगारिक मल वितरण केन्द्र स्थापना गरिनेछ ।<br>१.१.६ करार खेती गर्न आवश्यक प्रोत्साहनात्मक कार्यक्रम संचालन गरिनेछ ।<br>१.१.७ करारमा जग्गा दिने जग्गाधनीको जग्गाको पूर्ण संरक्षण हुने र निजको स्वामित्वमा कुनै असर नपर्ने प्रत्याभूति दिने व्यवस्था गरिनेछ । |
| उद्देश्य २ : आधुनिकीकरण तथा गुणस्तरीय उत्पादन गरी कृषि पेशालाई व्यवसायीकरण गर्नु । | |
| २.१ बाली विविधिकरण गर्ने | २.१.१ कृषि क्षेत्रलाई बाँझो रहन नदिने गरी *सधै हरियाली हाम्रा खेतबारी* भन्ने नीति अवलम्वन गरिनेछ ।<br>२.१.२ छिटो पाक्ने बालीको खेती गरी बर्षमा तीन बाली लगाउन प्रोत्साहन गरिनेछ ।<br>२.१.३ माटोको गुणस्तरका आधारमा उपयुक्त बाली लगाउन कृषकहरुलाई प्रोत्साहित गरिनेछ ।<br>२.१.४ विशिष्टिकृत बालीहरु जस्तै धान, उखु, केरा, लिची, आँप जस्ता बालीहरुको खेतीमा विशेष प्रोत्साहन दिइनेछ ।<br>२.१.५ खेती प्रणालीलाई आधुनिकीकरणका लागि कृषकहरूलाई आवश्यक सामग्रीहरू उपलव्ध गराईनेछ ।<br>२.१.५ नगरपालिकामा खाद्य सुरक्षाको सुनिश्चितता हुनेगरी उत्पादन, भण्डारण र व्यवस्थापन गरिनेछ । |
| २.२ कृषि उत्पादनलाई उच्चमूल्य श्रृंखलामा आवद्ध गर्ने | २.२.१ उच्च मूल्यका बालीहरु उखु, फलफुल (मूख्यगरी आँप), तरकारी, दलहन, तेलहन आदि खेतीका लागि कृषकहरुलाई प्रोत्साहित गरिनेछ ।<br>२.२.२ छनौट गरिएका उच्चमूल्य बालीको नमूना क्षेत्रहरू निर्माण तथा विस्तार गरिनेछ ।<br>२.२.३ उत्पादनलाई उच्चमूल्य श्रृङ्खलामा आवद्ध गर्न प्रशोधन, भण्डारण, प्याकिङ, ब्राण्डिङ आदि गर्ने उद्योग तथा सेवा स्थापनामा प्रोत्साहन गरिनेछ ।<br>२.२.४ कृषिमूल्यको श्रृङखलालाई सवलिकरण गर्न Incubation Centre स्थापना गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
| --- | --- |
| | २.२.५ उच्च मूल्यका वालीका लागि विउ उत्पादन, आपूर्ति, जैविक मलको उत्पादन, प्रविधिको विकास र हस्तान्तरणको लागि कृषि अनुसन्धान संस्थाहरु, नीजिक्षेत्र, कृषक समूह, सहकारी आदिसंग समन्वय र सहकार्य गरिनेछ।<br>२.२.६ उच्चमूल्य कृषि उत्पादन, नवीन एवं उच्च प्रविधि प्रयोग, मूल्य श्रृङ्खला आदि लगायत सवै प्रकारका कृषि अनुसन्धानलाई जोड दिइनेछ। यसका लागि कृषि विश्वविद्यालय र अनुसन्धान केन्द्रहरुसंग समन्वय गरिनेछ।<br>२.२.७ कृषक घुम्ति पाठशाला संचालन गरी कृषकहरुमा ज्ञान, प्रविधि र अनुभवको आदान प्रदान गर्ने व्यवस्था गरिनेछ। |
| २.३ गुणस्तरीय कृषि उत्पादन गरी बजारको पहुँच विस्तार गर्ने | २.३.१ कृषि विकास सम्बन्धी संस्थाहरु तथा कृषकहरुको क्षमता विकास, उन्नत प्रविधिको प्रयोग र जैविक खेतीद्वारा गुणस्तरीय कृषि वस्तुहरुको उत्पादन गरिनेछ।<br>२.३.२ कृषि उपजको संकलन, भण्डारण र बजारीकरण गर्न सहकारी क्षेत्रको उपयोग गरिनेछ।<br>२.३.३ कृषि उपजको राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारमा पहुँच विस्तार गर्न सहजीकरण गरिनेछ।<br>२.३.४ वार्षिक कृषि तथा पशुमेला आयोजना गरिनेछ।<br>२.३.५ नगरपालिकामा कृषि उपज सूचना प्रणाली स्थापित गरी कृषि उपजको छिमेकी देशका नजिकका बजार र देशभित्रका महत्वपूर्ण शहर, बजारको दर भाउको सूचना प्राप्त गर्ने व्यवस्थाका लागि पहल गरिनेछ।<br>२.३.६ कृषि बालीको बीमा गर्ने व्यवस्थाका लागि बीमा कम्पनीहरुसँग समन्वय गरिनेछ। |
| उद्देश्य ३ : जैविक खेतीको प्रवर्द्धनबाट कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरी नगरपालिकाको अर्थतन्त्रमा टेवा पुर्याउनु। | |
| ३.१ जैविक खेतीलाई प्रोत्साहन गर्ने | ३.१.१ जैविक खेती गर्न अनुदान, कृषि सामग्री, सहुलियत ऋण आदि विविध प्रोत्साहनात्मक कार्यक्रम संचालन गरिनेछ।<br>३.१.२ *जैविक फलफूल र अर्गानिक तरकारी, सुरूङ्गा*को चिनारी भन्ने नारालाई अभियानको रुपमा संचालन गरिनेछ।<br>३.१.३ जैविक मल बनाउने प्रविधि किसानहरुमा हस्तान्तरण गरिनेछ। व्यवसायिक रुपमा जैविक मल उत्पादन गर्न नीजि क्षेत्रलाई आंशिक अनुदान र बैंक तथा वित्तीय संस्था मार्फत सहुलियत ऋण प्रदान गर्ने व्यवस्था गरिनेछ।<br>३.१.४ कृषि उपजको अधिकतम उत्पादन एवं उत्पादकत्व वृद्धिका लागि स्थानीय साधन स्रोत र जैविक प्रविधिको उपयोग गरिनेछ।<br>३.१.५ जैविक उत्पादनको बजारीकरणका लागि सहकारी संस्थाहरुलाई परिचालन गरिनेछ।<br>३.१.६ वैदेशिक रोजगारीवाट फर्किएका युवाहरुलाई व्यवसायिक जैविक खेती तर्फ प्रोत्साहित गरिनेछ। |
| उद्देश्य ४ : पशुपंक्षी पालनलाई प्रविधियुक्त र व्यवसायिक बनाई पशुपंक्षीजन्य पदार्थको निर्यात प्रवर्द्धन गर्नु। | |
| ४.१ स्थानीय कृषकहरूलाई पशुपंक्षीजन्य व्यवसायमा प्रेरित गरी आत्मनिर्भर हुने कार्यक्रम संचालन गर्ने | ४.१.१ युवालाई विदेश पलायनबाट रोक्न तथा विदेशबाट फर्किएका र बेरोजगार युवालाई पशुपंक्षी पालनका लागि युवा लक्षित कार्यक्रम प्राथमिकताका साथ संचालन गरिनेछ।<br>४.१.२ विपन्न तथा परम्परागत पशुपालन गर्ने कृषकहरूलाई पशुपंक्षी पालनका लागि प्रोत्साहन कार्यक्रमहरू संचालन गरिनेछ। |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ४.१.३ प्रत्येक वडामा पशु प्राविधिकको व्यवस्था गरिनेछ।<br>४.१.४ पशुजन्य उत्पादनको विक्री वितरण तथा उचित मूल्य प्राप्तिका लागि सम्वन्धित निकायहरूसंग समन्वय गरिनेछ। |
| ४.२ व्यवसायिक माछापालनका लागि तहगत सम्पर्क र समन्वय विस्तार गर्ने। | ४.२.१ विद्यमान माछापालक कृषक र सम्भावनाको सम्वन्धमा अध्ययन अनुसन्धान गरिनेछ।<br>४.२.२ माछापालन कृषकहरूको सीप तथा क्षमता वृद्धिका लागि सम्वन्धित संघ संस्थासंग समन्वय र सम्पर्क विस्तार गरिनेछ।<br>४.२.३ माछापालन व्यवसायबाट कृषकले उचित मूल्य प्राप्तिका लागि बजारसंग समन्वय र सहकार्य गरिनेछ। |

## कार्यक्रम तथा आयोजना

*तालिका नं. २५ : कृषि तथा पशुपंक्षी विकासका कार्यक्रम तथा योजना*

| कार्यक्रमहरू | एकाइ | एकाइ संख्या | प्रति इकाई लागत | लक्ष्य | | | | | | योजना अवधिको जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो आ.व. | | दोस्रो आ.व. | | तेस्रो आ.व. | | | |
| | | | | संख्या | बजेट | संख्या | बजेट | संख्या | बजेट | लक्ष्य | जम्मा बजेट (रू.) |
| **आर्थिक विकास** | | | | ७२३ | ६८०८०००० | ७७० | १०४६१५५०० | ९३० | १२६०४५७५० | २४२३ | २९८,७४१,२५० |
| **कृषि तथा पशुपंक्षी** | | | | २२४ | २१०३००००<br>० | २१२ | २४२८८००० | १५१ | २६६५७००० | ५८७ | ७१,९७५,००० |
| रासायनिक तथा प्रांगारिक मल वितरण केन्द्र स्थापना | संख्या | ११ | ५०,००० | ११ | ५५०००० | ११ | ६०५००० | ११ | ६३२५०० | ३३ | १,७८७,५०० |
| उन्नत विउ विजन वितरण केन्द्र स्थापना | संख्या | ११ | २५०,००० | ११ | २७५०००० | | ० | | ० | ११ | २,७५०,००० |
| व्यवसायिक कागती खेती | स्थान | ३ | ३००,००० | १ | ३००००० | १ | ३३०००० | १ | ३४५००० | ३ | ९७५,००० |
| छहारी खेती | स्थान | ८ | ४५०,००० | २ | ९००००० | ३ | १४८५००० | ३ | १५५२५०० | ८ | ३,९३७,५०० |
| मिनि ट्र्याक्टर/पावोर ट्रेलर | संख्या | ५७ | ३००,००० | १७ | ५१०००००० | २० | ६६०००००० | २० | ६९०००००० | ५७ | १८,६००,००० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बोडो पेस्ट/स्प्रे मशिन वितरण | संख्या | ५८ | २५,००० | १८ | ४५०००० | २० | ५५०००० | २० | ५७५००० | ५८ | १,५७५,००० |
| आँप भण्डारण गृह स्थापना र बजारिकरण | संख्या | ४ | १,५००,००० | १ | १५००००० | २ | ३३००००० | १ | १७२५००० | ४ | ६,५२५,००० |
| गोठ सुधार सहयोग र भैसी पालन तालिम (जना) | जना | १२० | १५,००० | ४० | ६००००० | ४० | ६६०००० | ४० | ६९०००० | १२० | १,९५०,००० |
| वेमौसमी तकारी खेति प्रवर्धन (स्थान ) | स्थान | ५ | १००,००० | १ | १००००० | २ | २२०००० | २ | २३०००० | ५ | ५५०,००० |
| प्रांगारिक मल उत्पादन सहयोग | जना | ३१ | ५०,००० | ११ | ५५०००० | १० | ५५०००० | १० | ५७५००० | ३१ | १,६७५,००० |
| जंगली जनावर नियन्त्रण (जंगल भित्र पोखरी निर्माण र फलफूल रोपन | | २ | १,०००,००० | १ | १०००००० | | ० | १ | ११५०००० | २ | २,१५०,००० |
| विउ उत्पादन, भण्डारण तालिम र उपकरण | | ५ | १५०,००० | १ | १५०००० | २ | ३३०००० | २ | ३४५००० | ५ | ८२५,००० |
| बालि बिमा (आँप) | फार्म | ६ | ३०,००० | ६ | १८०००० | ६ | १९८००० | ६ | २०७००० | १८ | ५८५,००० |
| कृषि उपज संकलन केन्द्र स्थापना | | ११ | १००,००० | ३ | ३००००० | ४ | ४४०००० | ४ | ४६०००० | ११ | १,२००,००० |
| शित भण्डार स्थापना | | १ | ५,०००,००० | | | | | १ | ५७५०००० | १ | ५,७५०,००० |
| दुध संकलन तथा चिस्यान केन्द्र स्थापना | | २ | ८००,००० | १ | ८००००० | १ | ८८०००० | | ० | २ | १,६८०,००० |
| माटो जाँच गराउने | | १ | १५०,००० | १ | १५०००० | १ | १६५००० | १ | १७२५०० | ३ | ४८७,५०० |
| एग्रोभेट स्थापना (भेटेनरी सेवा ) | | ३ | ५०,००० | १ | ५०००० | १ | ५५००० | १ | ५७५०० | ३ | १६२,५०० |
| उन्नत घाँस विऊ वितरण | पटक | ९ | २००,००० | ३ | ६००००० | ३ | ६६०००० | ३ | ६९०००० | ९ | १,९५०,००० |
| कृषि फार्म अनुदान | | ७५ | २००,००० | १ | २००००० | १ | २२०००० | | ० | २ | ४२०,००० |
| कुखुरा पालन तालिम तथा व्यवसाय सहयोग | सख्या | ४० | १००,००० | | ० | २० | २२००००० | २० | २३००००० | ४० | ४,५००,००० |
| पशु नश्ल सुधार कार्यत्रफम (भैसी, बाख्रा) | | ११ | ५००,००० | ३ | १५००००० | ४ | २२००००० | ४ | २३००००० | ११ | ६,०००,००० |
| माछा पालन तालिम, भूरा वितरण | जना | ६० | ३०,००० | ३० | ९००००० | ३० | ९९०००० | | ० | ६० | १,८९०,००० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बंगुर पालन तालिम र अनुदान | जना | ३० | ३०,००० | ३० | ९००००० | | ० | | ० | ३० | ९००,००० |
| बाख्रा पालन तालिम तथा अनुदान | जना | ६० | ५०,००० | ३० | १५००००० | ३० | १६५०००० | | ० | ६० | ३,१५०,००० |

### ४.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

सुरूङ्गा नगरपालिकाले कृषि तथा पशुपंक्षी विकासका लागि लिएको माथि उल्लेखित लक्ष्य तथा उद्देश्य प्राप्त गर्दा निम्न बमोजिमको उपलब्धि तथा नतिजा प्राप्त गर्ने अपेक्षा लिएको छ :

*तालिका नं. २६ : कृषि तथा पशुपंक्षी विकासका अपेक्षित उपलब्धि तथा नतिजा खाका*

| कृषि तथा पशुपंक्षी | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार बर्षको अवस्था | योजना अवधिको लक्ष्य | | | | पुष्टाईको स्रोत |
| | | | | | पहिलो | दोस्रो | तेस्रो | जम्मा | |
| प्रभाव | नगरभित्र आर्थिक विकासको क्षेत्रमा उच्चतम लगानी परिचालन गरी गुणस्तरीय उत्पादन र उत्पादकत्वमा वृद्धि गर्नु | कूल गार्हस्थ्य उत्पादनमा कृषि तथा पशुपंक्षी पालनको हिस्सा | प्रतिशत | | | | | | |
| असर | कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरी नगरको निर्यात प्रवर्द्धन भएको हुनेछ। | धान उत्पादन | मे टन | ८५० | ८७० | ८९० | ९०० | | |
| | | मकै उत्पादन | मेट्रिक टन | | | | | | |
| | | गहुँ उत्पादन | मेट्रिक टन | २८० | २९० | | | | |
| | | तरकारी उत्पादन | क्विन्टल | १७०० | १७२० | १७३० | १७५० | | |
| प्रतिफल | | तेलहनको उत्पादकत्व | मेट्रिक टन प्रति विगाहा | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | दलहनको उत्पादकत्व | मेट्रिक टन प्रति विगाहा | | | | | | |
| | निर्वाहमुखी कृषि प्रणाली दिगो एवं व्यवसायिक प्रणालीमा रूपान्तरण हुनेछ। | फलफूलको उत्पादकत्व | मेट्रिक टन प्रति विगाहा | | | | | | |
| | | ३० मीनेटसम्मको दुरीमा कृषि उपज विक्रीका लागि बजार उपलव्ध भएका कृषक परिवार | प्रतिशत | | | | | | |
| | कृषिमा आधारित उद्योगको स्थापना तथा संचालन भइ रोजगारी र आम्दानी बृद्धि हुनेछ। | तरकारी व्यवसायिक उत्पादन क्षेत्र | हेक्टर | १० | ११ | १२ | १३ | | |
| | | कृषि सहकारी संस्था | संख्या | | | | | | |
| | | अगुवा वा व्यवसायिक कृषक समूह | संख्या | २०० | २१५ | २२५ | २५० | | |
| | | सहकारीमा आवद्ध कृषक | प्रतिशत | | | | | | |
| | | कृषिमा आधारित उद्योग संचालन | संख्या | | | | | | |
| | | कृषिमा आधारित रोजगारी | संख्या | | | | | | |
| | | कृषि तालिम प्राप्त जनशक्ति | जना | १०० | | | | | |
| | | शीत भण्डार | संख्या | | | | | | |
| | | कृषि उपज संकलन केन्द्र | संख्या | | | | | | |
| | | टनेल | संख्या | | | | | | |
| | | कृषि प्राविधिक | जना | | | | | | |
| | व्यवसायिक पशुपालनबाट पशुजन्य पदार्थको निर्यात प्रवर्द्धन भएको हुनेछ। | व्यवसायिक पशुपालन फर्म | संख्या | | | | | | |
| | | अण्डाको उत्पादकत्व | संख्या | | | | | | |
| | | दुधको उत्पादकत्व | लिटर | | | | | | |
| | | पशु प्राविधिक | जना | | | | | | |

### ४.१.६ अनुमान तथा जोखिम पक्ष

सुरूङ्गा नगरपालिकाले कृषि तथा पशुपंक्षी विकासका लागि लिएको माथि उल्लेखित लक्ष्य तथा उद्देश्य प्राप्त गर्ने क्रममा निम्न बमोजिमको जोखिम हुनसक्ने अनुमान गरेको छ :

१. स्थानीय तहमा प्राप्त हुने ससर्त, निसर्त, सामान्यिकरणको रकम याथावत वा बढेर आउने छ।
२. डिप बोरिड निर्माणमा विद्युत प्राधिकरणले थप तार, पोल तथा लोडको व्यवस्था गर्नेछ र किसानहरुले कुल लागतको ३० प्रतिशत लागत वेहोर्न तयार हुनेछन्।
३. व्यक्तिगत पोखरी निर्माणमा किसानहरु उत्साहका साथ सहभागी हुनेछन्।
४. शित भण्डार निर्माणमा किसानहरुले जग्गा प्रदान गर्नुका साथै आर्थिक साझेदारी गर्ने छन्।
५. किसानहरुले कृषि वन निर्माणको लागि जग्गा सहित सहभागिता जनाउने छन्।

## ४.२ सिंचाई

### ४.२.१ पृष्ठभूमि

सुरूङ्गा नगरपालिकाको खेतियोग्य जमिनमध्ये ........प्रतिशतमा मात्र सिंचाइ सुविधा रहेको छ । यस नगरपालिकामा मुख्यतया भूमिगत जलस्रोतको सिंचाइ नै रहेको छ । कुनै प्रकारको नहर वा नदी तथा खोलाको सतह सिंचाइको सुविधा छैन । खेतियोग्य जमिनमा आर्थिक स्थिति अलि राम्रो भएका किसान घरधुरीले भुमिगत जलस्रोत डिप बोरिङ वा ट्युवेलको माध्यमबाट सिंचाइ गरिरहेका छन् । तर जुन परिवारले भूमिगत जलको उपयोग गर्न सक्दैनन ति घरधुरीले मौसमी सिंचाइ वा आकासे पानीको भरमा खेतिपाती गर्ने गर्दछन् । पानी कै अभावले गर्दा व्यवसायिक पशुपंक्षी पालन समेत हुन सकेको छैन ।

नगरपालिकाको दक्षिणी भेगमा भुमिगत जल जमिनको नजिकै पानीको स्रोत भेटिनाले साधारण ट्युवेल वा इनारको माध्यमबाट पनि सिंचाइको लागि पानी प्राप्त गर्न सकिन्छ तर उत्तरीभेगमा भने चुरेक्षेत्रको वन विनासको कारण भुमिगत जल सुक्दै गएकोले डिप बोरिङको माध्यमबाट मात्र भुमिगत जलस्रोत मार्फत सिंचाइको व्यवस्था गर्न सकिने देखिन्छ ।

### ४.२.२ समस्या तथा चुनौती

सुरूङ्गा नगरपालिकाको दक्षिण तथा उत्तरी भेगमा सिंचाइको आ आफ्नै प्रकारका समस्याहरु छन् । नगरपालिकाको उत्तरी भेगमा चुरेको विनासको कारण भएका सानातिना जलस्रोतहरु पनि सुक्दै गएका र भूमिगत जल पनि निकै तल पुगेको कारण साधारण ट्युवेलहरु वा इनारको माध्यमबाट समेत पानी निकाल्न नसकिने अवस्था रहेको छ । पिउने पानीको लागि डिप बोरिङको व्यवस्था गरी वितरण गरिएको छ तर सिंचाइ र पशुपालनको लागि भने पानी अभाव रहेको छ । त्यसैले किसानहरुले विकल्पको खोज्दै तुलनात्मक रुपमा कम पानी आवश्यक पर्ने आँप खेती गरेका छन् ।

नगरपालिकाको दक्षिणी भेगमा जमिनमुनीको पानी सहजै तानेर सिंचाइ सुविधाको व्यवस्था गर्न सकिने भएपनि कृषि विद्युतीकरणको अभावको कारण बोरिङ गाडेर मोटरले पानी तानी सिंचाइको व्यवस्था गर्न सकिएको छैन । केही ठाउँहरुमा डिप बोरिङहरु भएपनि व्यक्तिगत रुपमा प्रयोग गरिएको र कुनै ठाउमा ममर्तको अभावमा विग्रेपछि त्यतिकै छोडिएको पनि देखिन्छ । उत्तरी तथा दक्षिणी दुवै भेगका साना तथा विपन्न किसानहरुले मौसमी आकासे पानीको भरमा खेतिपाती गर्ने गरेका छन् ।

### ४.२.३ संभावना तथा अवसर

सि

नेपाल सरकारले ठूला तथा साना सिंचाइ कार्यक्रमहरुमा जोड दिइरहेको छ । ठूला सिंचाइको लागि नहर, बाध तथा कुलो निर्माणमा कार्यक्रमहरु सञ्चालन गरिहेको छ भने भुमिगत जल सिंचाइको लागि डिप बोरिङको व्यवस्था गरिरहेको छ । सुरूङ्गा नगरपालिकामा भुमिगत जल सिंचाइको संभावना बढी रहेको छ ।

त्यसो त नगरपालिकाको उत्तरी भेगमा वर्षामा मात्र बग्ने ठाडो खोलाहरुमा बाँध बाधेर वर्षातको पानी जम्मा गरे सिंचाइ बनाउन सकिन्छ । दक्षिणी भेगमा पनि पहिले पहिले ठूला पोखरीहरु निर्माण गरी वर्षातको पानी जम्मा गरेर सिंचाइको व्यवस्था गरेको देखिन्छ र त्यसको अहिले पनि संभावना रहेको छ । साना किसानहरुका लागि ठूला डिप बोरिङभन्दा साना किसान मैत्री स्यालो ट्युवेलहरु प्रदान गर्न सकेको खण्डमा बढी लाभदायक हुने देखिन्छ ।

### ४.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

सुरूङ्गा नगरपालिकाले सिंचाइ क्षेत्रको विकासमा आगामी तीन वर्षको लागि लिएको लक्ष्य यस प्रकार रहेको छ :

**लक्ष्य :**

आगामी तीन वर्षभित्र सुरूङ्गा नगरपालिकाले खेतियोग्य सबै जमिनमा सिंचाइ सुविधा पुर्याउने ।

**उद्देश्य :**

आगामी तीन वर्षभित्रमा सुरूङ्गा नगरपालिकाले सिंचाइ सुविधा विकासका लागि निम्न बमोजिमको उद्देश्य लिएको छ :

१. सुरूङ्गा नगरपालिका भित्र रहेका खेतियोग्य जमिनमा सिंचाइको लागि सतही जल तथा भुमिगत जल सिंचाइ निर्माण गर्नु।

**रणनीति र कार्यनीति :**

*तालिका नं. २७ : उपक्षेत्रगत रणनीति तथा कार्यनीति*

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| उद्देश्य १ : खेतियोग्य जमिनमा सिंचाइको लागि सतही जल तथा भुमिगत जल सिंचाइ निर्माण गर्नु। | |
| १.१ विद्यमान सिंचाइ पूर्वाधारमा सुधार र व्यवस्थापनबाट खेतीयोग्य जमीनमा सिंचाइको पहुँच वृद्धि गर्ने। | १.१.१ विद्यमान सिंचाइ प्रणालीहरूको विवरण तयार गरिनेछ।<br>१.१.२ विद्यमान सिंचाइ प्रणालीको संरक्षण र मर्मतसम्भार गरिनेछ।<br>१.१.३ सिंचाइ संरचना निर्माण र मर्मतसम्भारका लागि वित्तीय स्रोतको व्यवस्था गरिनेछ। |
| १.२ आधारभूत सिंचाइको पहुँच नपुगेका कृषिजन्य क्षेत्रहरूमा वैकल्पिक स्रोतहरूको व्यवस्थापन गरी सिंचाइको पहुँच वृद्धि गर्ने। | १.२.१ सिंचाइको पहुँच नपुगेका कृषिजन्य क्षेत्रहरूको विवरण तयार गरी प्राथमिकताको सूची तयार गरिनेछ।<br>१.२.२ खेतीयोग्य जमीनका लागि सिंचाइका वैकल्पिक स्रोतहरूको पहिचान गरिनेछ।<br>१.२.३ जल उपभोक्ता समितिहरूको क्षमता विकास गरी परिचालन गरिनेछ।<br>१.२.४ सिंचाइ संरचना निर्माण, विस्तार र मर्मत सम्भारका लागि उपभोक्ताको लागत सहभागिता सुनिश्चित गरिनेछ।<br>१.२.५ सिंचाइ आयोजनाहरूको रेखदेख अनुगमन र प्रभावकारी संचालनका लागि स्थानीय कृषकहरूको क्षमता विकास गरिनेछ। |

**कार्यक्रम तथा आयोजना**

*तालिका नं. २८ : सिंचाइ सुविधाका कार्यक्रम तथा योजना*

## ४.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

*तालिका नं. २९ : उपक्षेत्रगत अपेक्षित उपलब्धि तथा नतिजा खाका*

| सिंचाइ | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **नतिजा तह** | **नतिजा** | **सूचक** | **एकाइ** | **आधार बर्षको अवस्था** | **योजना अवधिको लक्ष्य** | | | | **पुष्टाईको स्रोत** | **जोखिम पक्ष तथा अनुमान** |
| | | | | | **पहिलो** | **दोस्रो** | **तेस्रो** | **जम्मा** | | |
| **प्रभाव** | खेतीयोग्य सम्पूर्ण जमीनमा सिंचाइको व्यवस्थापन गरी सिंचित गर्ने। | खेतीयोग्य जमीन | प्रतिशत | | | | | | | |
| | | बाह्रै महिना सिंचाइ हुने घरधुरी | प्रतिशत | | | | | | | |
| **असर** | बाह्रै महिना सिंचाइ सुविधा हुने खेतीयोग्य जमीन विस्तार भई उत्पादकत्व वृद्धि भएको हुनेछ। | सुचारू सिंचाइ आयोजना | संख्या | | | | | | | |
| | | कुलो तथा नहर स्तरीकरण | किमी | | | | | | | |
| **प्रतिफल** | पानीका मुहानहरू संरक्षण, मर्मत र व्यवस्थापन भएको हुनेछ। | संरक्षित मुहान | संख्या | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | पानी पुनर्भरणका लागि पोखरीहरू निर्माण र संरक्षण भएको हुनेछ । | प्लाष्टिक पोखरी | संख्या | | | | | | | |
| | | रिचार्ज पोखरी | संख्या | | | | | | | |
| | | सार्वजनिक पोखरीहरूको मर्मत सम्भार | संख्या | | | | | | | |

### ४.२.६ अनुमान तथा जोखिम पक्ष

सुरूङ्गा नगरपालिकाले सिंचाई क्षेत्र विकासका लागि लिएको माथि उल्लेखित लक्ष्य तथा उद्देश्य प्राप्त गर्ने क्रममा निम्न बमोजिमको जोखिम हुनसक्ने अनुमान गरेको छ :

१. स्थानीय तहमा प्राप्त हुने ससर्त, विशेष, समानीकरण रकम यथावत वा बढेर आउने छ।
२. डिप बोरिड निर्माणमा विद्युत प्राधिकरणले थप तार, पोल तथा लोडको व्यवस्था गर्नेछ।
३. किसानहरुले कुल लागतको ३० प्रतिशत लागत वेहोर्न तयार हुनेछन्।
५ डिप बोरिङका लागि आवश्यक जमिन उपलब्ध हुनेछ।

## ४.३ पर्यटन, सँस्कृति तथा सम्पदा

### ४.३.१ पृष्ठभूमि

नेपालमा रोजगारी सिर्जना र बैदेशिक मुद्रा आर्जनको एक महत्वपूर्ण उद्योगको रूपमा पर्यटन क्षेत्र रहेको छ। पछिल्लो समय नेपालमा सडक विमानस्थल लगायत भौतिक पूर्वाधारमा विकास भएसंगै पर्यटन भित्र्याउन सकिने सम्भावना बढेर गएको छ। स्थानीय जनताका विभिन्न कला संस्कृतिले पनि विदेशी पर्यटनलाई मोहित बनाई पर्यटकलाई आकर्षित गराउन सकिन्छ। सन् २०२१ मा नेपालको कुल गार्हस्थ उत्पादनमा पर्यटन क्षेत्रको योगदान नगण्य रहयो। 'ग्लोबल इकोनोमी डटकम'ले त्यसबेला प्रकाशित गरेको एक प्रतिवेदनअनुसार उक्त वर्ष यहाँको कुल गार्हस्थ उत्पादनमा पर्यटन क्षेत्रको योगदान शून्य दशमलव ७१ प्रतिशत मात्र थियो जुन अन्य साना मुलूकको तुलनामा न्यून हो। नेपाल सरकारले हरेक वार्षिक बजेटमा सुरक्षित र आकर्षक पर्यटकीय गन्तव्य स्थलहरूको विकास गरी राष्ट्रिय अर्थतन्त्रमा पर्यटन क्षेत्रको योगदान वृद्धि गर्दै लैजाने कुरा उल्लेख गर्दै आएको छ। यसबाहेक नेपाल सरकारले एकातर्फ सन् २०२५ लाई नेपाल भ्रमण वर्षको रूपमा मनाउने घोषणा गरेको छ भने अर्कातर्फ सन् २०२२ देखि सन् २०३२ सम्मलाई पर्यटन दशकको रूपमा मनाएर प्रतिवर्ष ३५ लाख पर्यटन भित्र्याउने लक्ष्य लिएको छ। नेपाल पर्यटन बोर्डका तथ्यांक अनुसार सन् २०२३ मा नेपाल दस लाखभन्दा बढी पर्यटक भित्रिए। कोभिड–१९ को महामारीपछि उक्त वर्ष यहाँ सबैभन्दा बढी पर्यटकहरू आएका थिए। बोर्डका अनुसार अन्तर्राष्ट्रिय बजारमा पर्यटकीय क्षेत्रका प्रभावकारी बजारीकरणका लागि नया राजनीतिक योजना बनाउने तयारी भएकोले आगामी वर्षहरूमा पर्यटकहरूको संख्या बढ्ने सम्भावना छ। यस नगरपालिकामा रहेको थारू संस्कार लगायत अन्य परम्परागत रीतिरिवाज, खानपान, धार्मिक स्थलहरूको प्रचार प्रसारले आन्तरिक, भारतीय र अन्य मुलूकबाट पर्यटकलाई आकर्षण गर्ने सकिने देखिन्छ।

### ४.३.२ समस्या तथा चुनौती

नगरपालिका भित्र दक्षिणी र उत्तरी भेगमा फरक फरक प्रकारको भू बनोट, प्राकृतिक तथा मानव निर्मित क्षेत्रहरु र मानवीय वस्तीहरु रहेका कारण पर्यटन प्रवर्द्धनमा नगरपालिकाले त्यसै अनुरुपको रणनीति लिनु पर्ने देखिन्छ। हालसम्म नगरपालिकाले पर्यटन प्रवर्द्धनको लागि भनेर कमै प्रयासहरु भएका छन्। यहाँका स्थानीय मठमन्दिर तथा ऐतिहासिक स्थलहरू प्रवर्द्धन तथा संरक्षणको पर्खाइमा रहेका छन्। बाटो, खानेपानी, शौचालय, बास बस्ने ठाउँहरु तथा सुरक्षाको कारण यहाँका उपयुक्त स्थलहरू पर्यटकीय क्षेत्रको रुपमा विकास हुन सकेको छैन। यस क्षेत्रहरुमा रहेका परम्परगत सांस्कृतिक नाचगानहरुमा रहेका थारु नाच, ढुमरा नाच, सोरठी नाच, जोगिरा गित, होली गितहरु, प्राथी आदि पछिल्ला दिनमा विकास भएका डिजेका कारणहरु विस्तारै हराउदै गइरहेका छन्। प्राथी गीत प्रातः कालमा गाइने गीत गरिन्छ भने झिझिंया गीत दशैंमा गाउने र जाट जाटीनी गीत पानी नपरेर खडेरी पर्दा गाउने चलन रहेको छ। यि गितहरुलाई नगरपालिकाले कला संस्कृति संरक्षण नीति लिएर संरक्षण तर्फ नजाने हो भने लोप भएर जानेछ।

मधेस प्रदेशमा पर्यटनका विविध क्षेत्रमा प्रचुर सम्भावना छन् तर योजनाबद्ध विकासका लागि 'पर्यटन गुरुयोजना' नै नहुँदा यहाँका धार्मिक, सांस्कृतिक, प्राकृतिक एवं ऐतिहासिक महत्वका क्षेत्रको उचित विकास हुन सकेको छैन। त्यसै कारण यहाँ आउने आउने पर्यटकबाट उचित लाभ लिन सकिएको छैन।

### ४.३.३ संभावना तथा अवसर

संघीय तथा प्रदेश सरकारहरु पर्यटन प्रवर्द्धनको लागि विभिन्न आयोजनाहरुको तयारी गरी लागू गरिरहेका छन् । मनोरम प्राकृतिक छटा, बहुधार्मिक, बहुजातीय, बहुभाषिक, जैविक विविधता र सामाजिक विविधता एवं ऐतिहासिक तथा साँस्कृतिक सम्पदाले भरिपूर्ण नेपाल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा प्रमुख पर्यटकीय गन्तव्यस्थलको रूपमा परिचित छ । पछिल्लो समयमा प्रविधिमा भएको अभूतपूर्व विकासका कारणले समुच्च विश्व नै एउटा गाउँको रूपमा परिणत हुँदै गएको अवस्थामा नेपालले आफ्नो पर्यटन सम्भावनालाई विश्वसामु प्रस्तुत गर्दै अत्यधिक लाभ लिन सक्ने प्रबल सम्भावना छ । नेपालको पर्यटन नीति २०६५, पर्यटन ऐन २०३५ तथा त्यसपश्चात् विभिन्न समयमा भएका संशोधनहरूले पनि पर्यटनको विकास गरी सर्वसाधारण जनताको आर्थिक हित कायम राख्न र नेपालमा आउने बाह्य पर्यटक तथा आन्तरिक पर्यटकहरूको स्वास्थ्य, सुविधा र हितको निमित्त आवश्यक व्यवस्था गर्न प्राथमिकता दिएका छन् ।
मधेस प्रदेश सरकारले पनि चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममा पर्यटन प्रवर्द्धनका लागि पर्यटकीय स्थलको विकास गर्ने नीति अगाडि सारेको छ । जसमा 'प्रादेशिक पर्यटन पूर्वाधार, आन्तरिक पर्यटनको आधार भन्दै धार्मिक, सांस्कृतिक, ऐतिहासिक र प्राकृतिक पर्यटकीय क्षेत्रलाई विकास र प्रवर्द्धन गर्न दीर्घकालीन नीति लिने, प्रादेशिक गुरुयोजना निर्माण गरी प्रत्येक जिल्लामा न्यूनतम एक पर्यटकीय गन्तव्यस्थलको विकास गरिने भनिएको छ ।
सप्तरी जिल्लाको सुरूङ्गा नगरपालिका चुरेको फेद र राजमार्ग माथिको भागमा वन जंगल तथा ताल तलैया रहेकोले यी क्षेत्रलाई पर्यटन आकर्षण क्षेत्रको रूपमा विकास गर्नसके पर्यटकलाई आकर्षक गर्न सकिने सम्भावना रहेको छ ।
सुरूङ्गा नगरपालिकामा मुख्य धार्मिक, सांस्कृतिक एवं पर्यटकीयस्थलको सुधार, भौतिक संरचना निर्माण र आन्तरिक एवं बाह्य पर्यटकीय गतिविधि बढाउने उद्देश्यले आवश्यक कार्य गर्न पहल हुनु आवश्यक रहेको छ । धार्मिक सांस्कृतिक क्षेत्रदेखि प्राकृतिक सुन्दरतामा आधारित पर्यटन र मिथिलाकालीन सभ्यातासँग जोडिएका मौलिक कुराहरु सुरूङ्गा नगरपालिकामा रहेकाछन् । सिमाना जोडिएका क्षेत्रमा भारतीय नागरिक र अरु क्षेत्रमा आन्तरिक पर्यटकको चहलपहल छ । विशेष गरी सुरूङ्गा नगरपालिकासँग जोडिएको लहान नगरपालिकामा रहेको सलहेस फूलबारीमा वैशाख १ गते मात्रै फूल्ने भनिएको फूल हेर्न लाग्ने मेला भर्न छिमेकी देश भारत र प्रदेशका अरु जिल्लाबाट हजारौँ नागरिक सहभागी भइरहेका छन् । नगरपालिका भित्र साइकल लेन बनाउने, पदमार्ग, होटल र होमस्टे प्रवर्द्धन गर्ने, बफेलो राइडिङ, गोरूगाडा प्रतिस्पर्धा, कृषि मेला, आँप (म्याङ्गो) पर्यटन तथा माछा पर्यटनको सम्भावना रहेको छ ।

### ४.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

सुरूङ्गा नगरपालिकाले पर्यटन, संस्कृति तथा सम्पदा क्षेत्रमा आगामी तीन वर्षको लागि लिएको लक्ष्य यस प्रकार रहेको छ :

**लक्ष्य :**
सुरूङ्गा नगरपालिकाको पर्यटन, संस्कृति तथा सम्पदा क्षेत्रको संरक्षण, सम्वर्धन र प्रवर्द्धन गर्दै नगरपालिकालाई आकर्षक र मनोरम पर्यटकिय स्थलका रूपमा विकास गर्ने ।

**उद्देश्य :**

आगामी तीन वर्षभित्रमा सुरूङ्गा नगरपालिकाले पर्यटन, संस्कृति तथा सम्पदा क्षेत्रको वृहत्तर विकासका लागि निम्न बमोजिमको उद्देश्य लिएको छ :

१. नगरपालिका भित्र रहेका ऐतिहासिक मन्दिर, मस्जित, गुम्बा लगायतका सम्पदाहरुको पूर्वाधार, संरक्षण तथा सौन्दर्यकरण गरी धार्मिक पर्यटन प्रवर्द्धन गर्नु ।
२. सुरूङ्गा नगरपालिकाको पहिचान माछा पालन र आँप खेतीलाई पर्यटनसँग जोडी कृषि पर्यटनको विकास गर्नु ।

**रणनीति :**

सुरूङ्गा नगरपालिकाले पर्यटन, संस्कृति तथा सम्पदा क्षेत्र विकासका लागि लिएको माथि उल्लेखित लक्ष्य तथा उद्देश्य प्राप्त गर्न निम्न रणनीतिको अवलम्बन गर्नेछ :

*तालिका नं. ३० : उपक्षेत्रगत रणनीति तथा कार्यनीति*

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| उद्देश्य १ : नगरपालिका भित्र रहेका ऐतिहासिक मन्दिर, मस्जित, गुम्बा लगायतका सम्पदाहरुको संरक्षण तथा सौन्दर्यकरण गरी धार्मिक पर्यटन प्रवर्द्धन गर्नु। | |
| १.१ पर्यटन क्षेत्रको विकासका लागि आवश्यक पूर्वाधारहरूको विकास गर्ने। | १.१.१ पर्यटकीय महत्त्वका स्थानहरूमा आवतजावत सहज बनाउन सडक पदमार्ग र आवश्यक अन्य पूर्वाधार निर्माण गरिनेछ।<br>१.१.२ पर्यटकीय स्थल जोड्ने विद्यमान सडक र पदमार्गलाई स्तरोन्नति गरिनेछ।<br>१.१.३ स्थानीय पर्यटकीय स्थलहरूको ऐतिहासिक पृष्ठभूमी र पर्यटन आकर्षणका लागि प्रचार प्रसार सामग्री तयार गरी वितरण र प्रशारण गरिनेछ। |
| १.२ नगरपालिकाका सबै जातजाति र समुदायका धर्म, भाषा, संस्कृति, कला, साहित्य र मौलिक परम्पराको संरक्षण गरी भावी पुस्तामा हस्तान्तरण हुने व्यवस्था गर्ने। | १.२.१ स्थानीय रीतिरिवाज, खानपान, संस्कार विषयमा अनुसन्धान गरिनेछ।<br>१.२.२ स्थानीय रीतिरिवाज, खानपान, संस्कार सम्वन्धी विषयमा स्थानीय पाठ्यक्रम तयार गरी विद्यालयहरूमा पठनपाठन गरिनेछ।<br>१.२.३ स्थानीय भाषा, कला, साहित्य, संस्कृति संरक्षण र प्रवर्द्धनमा योगदान दिने व्यक्ति तथा संस्थालाई सम्मान तथा पुरस्कृत गरिनेछ। |
| १.३ युवा युवतीलाई पर्यटन प्रवर्द्धन सम्वन्धमा सीपमा आधारित शिक्षा प्रदान गर्ने। | १.३.१ पर्यटन व्यवसायप्रति युवायुवतीलाई उत्साहित गर्नका लागि नगरपालिका भित्रका योग्य र इच्छुक युवायुवतीलाई अध्ययनका लागि सहयोग गरिनेछ।<br>१.३.२ योग्य र इच्छुक युवायुवतीलाई नेपाल पर्यटन तथा होटल व्यवस्थापन एकेडेमीबाट प्रदान गरिने खाद्य तयारी र नियन्त्रण, टुरिष्ट गाईड लगायत सम्भावित छोटो अवधिका तालिममा पठाउन सहयोग गरिनेछ। |
| उद्देश्य २ : सुरूङ्गा नगरपालिकाको पहिचान माछा पालन र आँप खेतीलाई पर्यटनसँग जोडी कृषि पर्यटनको विकास गर्नु। | |
| २.१ उत्पादित माछाको परिकार मार्फत पर्यटन क्षेत्र विस्तार गर्ने। | २.१.१ पर्यटकलाई आकर्षण गर्न माछा महोत्सव र माछाका परिकार प्रदर्शन संचालन गरिनेछ। |
| २.२ आँप उत्पादनको विक्री र बजारीकरणलाई पर्यटकसंग जोढ्ने। | २.२.१ आँप खेतीलाई *बारीमै ताजा आँप खाऔ : गाउँमा रमाऔं* भनी मौसमी व्यवसाय संचालन गरिनेछ। |

**कार्यक्रम तथा आयोजना**

सुरूङ्गा नगरपालिकाले पर्यटन, संस्कृति तथा सम्पदा क्षेत्र विकासका लागि लिएको माथि उल्लेखित लक्ष्य तथा उद्देश्य प्राप्त गर्न निम्न बमोजिमको कार्यक्रम तथा आयोजना कार्यन्वयन गर्नेछ :

*तालिका नं. ३१ : पर्यटन, संस्कृति तथा सम्पदा क्षेत्र विकासका कार्यक्रम तथा योजना*

### ४.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

सुरूङ्गा नगरपालिकाले पर्यटन, संस्कृति तथा सम्पदा क्षेत्र विकासका लागि लिएको माथि उल्लेखित लक्ष्य तथा उद्देश्य प्राप्त गर्दा निम्न बमोजिमको उपलब्धि तथा नतिजा प्राप्त गर्ने अपेक्षा लिएको छ।

*तालिका नं. ३२ : उपक्षेत्रगत अपेक्षित उपलब्धि तथा नतिजा खाका*

| पर्यटन, संस्कृति तथा सम्पदा | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **नतिजा तह** | **नतिजा** | **सूचक** | **एकाइ** | **आधार बर्षको अवस्था** | **योजना अवधिको लक्ष्य** | | | | **पुष्टाईको स्रोत** |
| | | | | | **पहिलो** | **दोस्रो** | **तेस्रो** | **जम्मा** | |
| **प्रभाव** | धार्मिक तथा सांस्कृतिक पर्यटक स्थलको रूपमा सुरूङ्गा स्थापित भएको हुनेछ। | पर्यटन व्यवसायबाट प्रत्यक्ष रोजगारी पाउने | संख्या | ० | ५ | १० | १५ | ३० | पर्यटक आगमन संख्या खुलेको प्रगति प्रतवेदन |
| | | वार्षिक पर्यटक (आन्तरिक) | संख्या | ५०० | ६०० | १००० | १५०० | ३६०० | |
| | | वार्षिक पर्यटक (वाह्य) | संख्या | १०० | २०० | ५०० | १००० | १८०० | |
| | | पर्यटन क्षेत्रबाट राजस्व संकलन | रू (लाखमा) | ० | १ | ३ | ५ | ९ | |
| **असर** | पर्यटन व्यवसायको गुणस्तर वृद्धि र पर्यटकीय स्थलको प्रचारप्रसार भई पर्यटक | पर्यटन सूचना केन्द्र स्थापना | संख्या | ० | १ | २ | ३ | ६ | |
| | | आधारभूत पूर्वाधार सहितको पर्यटकीय स्थल | संख्या | ६ | ८ | १० | १५ | ३९ | |
| **प्रतिफल** | | कृषि पर्यटन संचालन स्थान | संख्या | १ | २ | ३ | ५ | ११ | |

| पर्यटन, संस्कृति तथा सम्पदा | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार बर्षको अवस्था | योजना अवधिको लक्ष्य | | | | पुष्टाईको स्रोत |
| | | | | | पहिलो | दोस्रो | तेस्रो | जम्मा | |
| | आगमनमा वृद्धि भएको हुनेछ। | धार्मिक पर्यटन संचालन स्थान | संख्या | २ | ३ | ५ | ६ | १६ | |
| | | व्यवस्थित वनभोज तथा पार्क | संख्या | २ | ३ | ४ | ५ | १४ | |
| | आधारभूत पर्यटकीय पूर्वाधारहरूको विकास भएको हुनेछ। | पर्यटकीय स्तरका होटल | संख्या | ५ | १० | १५ | २० | ५० | |
| | | साधारण होटल | संख्या | ५० | १०० | १५० | २०० | ५०० | |
| | | होम स्टे र ग्रामीण पर्यटकीय गाउँ | संख्या | १ | २ | ५ | ६ | १४ | |
| | | पदमार्ग निर्माण तथा स्तरोन्नति | किमी | ० | १ | १ | १ | ३ | |
| | पर्यटन व्यवसाय प्रवर्द्धनका लागि आवश्यक मानव संसाधन विकास भएको हुनेछ। | तालिम प्राप्त टुर गाईड | संख्या | ० | ५ | १० | १५ | ३० | |
| | | तालिम प्राप्त कुक तथा वेटर | संख्या | ० | २० | ३० | ५० | १०० | |
| | | होटल व्यवस्थापन तालिम प्राप्त जनशक्ति | संख्या | ० | १० | १५ | २५ | ५० | |

### ४.३.६ अनुमान तथा जोखिम पक्ष

सुरूङ्गा नगरपालिकाले पर्यटन, संस्कृति तथा सम्पदा क्षेत्र विकासका लागि लिएको माथि उल्लेखित लक्ष्य तथा उद्देश्य प्राप्त गर्ने क्रममा निम्न बमोजिमको जोखिम हुनसक्ने अनुमान गरेको छ ।

१. स्थानीय तहमा प्राप्त हुने ससर्त, निसर्त, सामान्यिकरणको रकम याथावत वा बढेर आउनेछ ।
२. स्थानीय वासिन्दाहरु आफ्नो समुदायमा पर्यटन प्रवर्द्धनका लागि घरवास (होमस्टे) निर्माणमा चासोका साथ सहभागी हुनेछन् ।
३. पर्यटकीय क्षेत्रहरू जोड्ने पदमार्ग निर्माणमा संघीय वन तथा वातावरण विभाग साथै प्रदेश स्तरीय निकायहरुले सहकार्य गर्नेछन् ।
४. माछाको परिकार र आँप मेलामा स्थानीले सहभागिता जनाउने छन् ।
५. माछा पालन तथा आँप खेतीमा कृषकहरू व्यक्तिगत किसानहरु अग्रसर हुनेछन् ।
६. सार्वजनिक पोखरीहरुको सौन्दर्यकरण पश्चात स्थानीय समितिहरुले त्यसको व्यवस्थापनमा चासो देखाउने छन् ।

## ४.४ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति

### ४.४.१ पृष्ठभूमि

नेपालको संविधानको धारा ५१ को राज्यका नीतिहरू अन्तर्गत तुलनात्मक लाभका क्षेत्र पहिचान गरी उद्योगको विकास र विस्तार गर्ने, स्वदेशी लगानीलाई प्रोत्साहन गर्ने, वैदेशिक पुंजी आकर्षित गर्ने, औद्योगिक पूर्वाधार निर्माण गर्ने, स्थानीय श्रम सिपको उपयोग गर्ने, व्यापारिक स्वच्छता र अनुशासन कायम राख्दै उपभोक्ता हित संरक्षण गर्ने आदि नीति लिएको छ । स्थानीय सरकार सञ्चालन ऐनले लघु, घरेलु र साना उद्योगको दर्ता, नवीकरण, खारेजी, नियमन, प्रवद्र्ध न र व्यवस्थापन एवं उद्यमशिलता विकास र प्रवद्र्धनको आधिकार स्थानिय सरकारलाई दिएको छ । साथै स्थानीय सेवाको व्यवस्थापन, स्थानीय बजार व्यवस्थापन आदि कुराहरु स्थानीय सरकारको कार्यक्षेत्रमा पर्दछन् । औद्योगिक विकास मुलुकको आर्थिक विकासको दिगो र भरपर्दो आधारस्तम्भ हो । रोजगारीका लागि कृषि क्षेत्रमा रहेको निर्भरतालाई कम गर्दै विद्यमान बेरोजगारी, अर्धबेरोजगारी कम गर्न औद्योगीकरणको भूमिका महत्वपूर्ण रहन्छ । औद्योगिक लगानीले औद्योगिक उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना, स्थानीय सीपको प्रयोग, स्रोतसाधनको उपयोग, आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनमा योगदान गर्दछ ।

सुरूङ्गा नगरपलिकामा कृषि उत्पादन तथा प्राकृतिक स्रोतमा आधारित उद्योग तथा व्यवसायहरूको पनि सम्भावना रहेको छ । यस नगरपालिकामा केही जनसंख्या उद्योग व्यवसायमा संलग्न रहेका छन् । यस क्षेत्रभित्र विद्युतबाट सञ्चालन भएका कुटानी, पिसानी र पेलानी मिल सहित सानाठूला उद्योग रहेका छन् । जस मध्ये केही साझेदारीमा संचालित उद्योगहरु छन् भने बाँकी सबै नीजि स्वामित्वका रहेका छन् । कृषि उत्पादनको प्रशोधनका उद्योगहरु संचालन गर्न सकिने देखिन्छ जस्तै आँप उत्पादन बढी हुने भएकोले कोल्ड स्टोर, वा आँपबाट बन्ने मिठाइ, पाउ वा पाउडर उद्योगहरु खोल्न सकिन्छ । त्यसैगरी माछा उत्पादन पनि राम्रो भएकोले माछा प्रशोधन गरी सुकाएर बेच्ने उद्योग, माछा प्याकेजिङ उद्योगहरु पनि संचालन गर्न सकिन्छ । त्यसैगरी सुरूङ्गा नगरपालिकामा भएका खोलाहरुबाट नदीजन्य उत्पादनको प्रशोधन गरी गिट्टी, बालुवा तथा ढुंगाहरु बेच्ने उद्योगहरु संचालन गर्न सकिन्छ ।

सुरूङ्गा नगरपालिकाले औद्योगिक क्षेत्रमा निजी स्वदेशी तथा वैदेशिक लगानी आकर्षित गर्नको लागि औद्योगिक पूर्वाधार निर्माण गर्दै लैजाने, मौजुदा औद्योगिक तथा व्यवसाय पूर्वाधारहरूको प्रभावकारी उपयोग गर्ने, निर्यात प्रवर्द्धनमा जोड दिन विशेष आर्थिक क्षेत्रको निर्माण तथा सञ्चालन गर्ने र लघु, घरेलु तथा साना उद्योगहरूको प्रवर्द्धनको माध्यमबाट गरीबी न्यूनीकरण गर्ने उद्देश्यका साथ औद्योगिक नीति निर्माण र कार्यान्वयन गर्नु जरुरी छ। त्यसैगरी सुरूङ्गा नगरपालिकाले सार्वजनिक नीजि साझेदारीको अवधारणा अनुरूप नगरपालिका भित्र औद्योगिक तथा व्यवसायको वातावरण बनाउदै लैजानु पर्ने आवश्यकता रहेको छ ।

### ४.४.२ समस्या तथा चुनौती

सुरूङ्गा नगरपालिकामा उत्पादनसँग जोडिएका भौतिक पूर्वाधार सेवाको उपलब्धताका समस्या छन्। त्यसैगरी असहज श्रम सम्बन्ध, राजनीतिक अस्थिरताका कारण लगानीमैत्री वातावरणमा असहजता, आन्तरिक बजारको अपर्याप्तता, बाह्य बजारमा प्रतिस्पर्धात्मक क्षमताको अभाव, गुणस्तर प्रमाणीकरणमा समस्या, उत्पादनको महँगो लागत जस्ता कारणले गर्दा सुरुङ्गा नगरपालिकामा ठूल्ठूला उत्पादनमूलक उद्योगधन्दा तथा व्यवसायहरुको स्थापना र सञ्चालनको अवस्था खासै उत्साहजनक छैन।
भारतीय बजार नजिकै रहेको र त्यहा ठूलो मात्रामा उत्पादन हुने भएकोले प्रति इकाइ लागत खर्च कम पर्ने हुँदा यता उत्पादन गरेका सामानहरुले बजारमा प्रतिस्पर्धा गर्न समेत समस्या देखिन्छ। त्यसैले सुरूङ्गा नगरपालिकाले नविन उत्पादन र त्यही किसिमको बजार पनि खोज्नु पर्ने देखिन्छ, तर त्यस क्षेत्रमा खासै विचार गरेको देखिदैन। स्थानीय स्तरमा सञ्चालन भैरहेका हाट बजारहरु पनि व्यवस्थित र सुविधायुक्त छैनन। कतै त्यतिकै चौर वा बाटो छेउमा बसेर सामान बेचिरहेको देखिन्छ। हाट बजारहरुमा टहरा, खानेपानी, शौचालय, बधशाला जस्ता आधारभूत सुविधा समेत छैनन्। व्यवसायको वर्गिकरण गरी व्यवस्थित रुपमा वजार विकास गरेको देखिदैन।
उत्पादन निर्वाहमुखीबाट खासै माथि उठ्न सकेको देखिदैन भने बजार पनि सडकबाट माथि उठ्न वा व्यवस्थित हुन सकेको छैन। त्यसैले उत्पादनदेखि बजार व्यवस्थापनसम्म व्यवसायिकताको टड्कारो खाँचो रहेको देखिन्छ। समूहमा आधारित आयआर्जनमूलक उत्पादनहरु जस्तै सावुन बनाउने, धुप बनाउने, अत्यधिक उत्पादन भएको र बजार भाउ कम भएकोको अवस्थामा हरियो तरकारीहरुलाई सुकाएर सुकुटी बनाउने, विडिया बनाउने, अदौरी वा अरिकन्चन लगायत अचार बनाउन लगाई त्यस्ता उत्पादनको बजार सुनिश्चित गर्न सकिए विपन्न वर्गहरुलाई व्यवसायमा जोड्न सकिने देखिएपनि यस क्षेत्रमा ठोस काम हुन सकेको छैन।

### ४.४.३ संभावना तथा अवसर

औद्योगिक नीति, २०६७ मा उल्लेख गरिएअनुसार परम्परागत तथा अन्य घरेलु उद्योग परम्परागत सीप र प्रविधि प्रयोग गर्ने, स्थानीय कच्चा पदार्थ एवं स्थानीय प्रविधिमा आधारित औजार उपकरण उपयोग गर्ने, देशको कला र संस्कृतिसँग सम्बद्ध र १० किलोवाटसम्म विद्युत् शक्ति प्रयोग गर्ने उद्योग व्यवसायलाई परम्परागत तथा अन्य घरेलु उद्योग भनिन्छ। सुरूङ्गा नगरपालिकामा परम्परागत कलामा आधारित वस्तु परम्परागत मूर्तिकला, हस्तनिर्मित भाँडावर्तन तथा हस्तकलाका सामानहरु उत्पादन गर्न सकिने सम्भावना रहेको छ। फलामबाट बनेका हस्तनिर्मित भाँडा वर्तन तथा घरायसी प्रयोगका चक्कु, चुलेसी, खुकुरी, हँसिया, कुटो, कोदालोजस्ता परम्परागत औजारहरू, हस्तनिर्मित गरगहना, भाँडा वर्तनहरू (बहुमूल्य, अर्धबहुमूल्य तथा साधारण पत्थर जडान भएका समेत पनि उत्पादन गर्न सकिने सम्भावना रहेको छ। ग्रामीण ट्यानिङ/छालाबाट हस्तनिर्मित वस्तुहरू साथै जुट, सवाइ घाँस, चोया, बाबियो, सुती धागो आदि प्राकृतिक रेशामा आधारित उद्योगहरू सञ्चालन गर्न सक्ने संभावना रहेको देखिन्छ। मिथिला चित्र र अन्य परम्परागत चित्रकलाहरू मुकुन्डो तथा परम्परागत संस्कृति दर्शाउने पुतली र खेलौना, परम्परागत संस्कृति, बाजागाजा र कला दर्शाउने विभिन्न प्रकारका हस्तकलाका वस्तु, काठ, हाड, सिङ तथा माटो, चट्टान र खनिजका कलात्मक वस्तुहरू, सेरामिक्स तथा माटाका भाँडाकुँडा समेत उत्पादन गर्न सकिने देखिन्छ।
सुरूङ्गा नगरपालिकामा विशेषगरी कृषि उत्पादनमा आधारित उद्योग तथा व्यवसायको संभावना बढी रहेको छ। सुरूङ्गा नगरपालिकामा आँप, माछा तथा तरकारी उत्पादन राम्रो हुने भएकोले कृषिमा आधारित प्रशोधनसँग सम्बन्धित उद्योगहरुको संभावना धेरै देखिन्छ। त्यसको लागि आँप, माछा, तरकारी, उखु जस्ता उत्पादनलाई व्यवसायिककरण गर्न जरुरी देखिन्छ भने नीजि तथा सरकारी साझेदारीको अवधारणामा उद्योग तथा व्यवसाय विस्तार गर्न सकिने देखिन्छ। सुरूङ्गा नगरपालिका भित्र रहेका बजार क्षेत्रहरुलाई उत्पादनसँग जोडेर छुट्टै पहिचान दिन सकिन्छ।
सुरूङ्गा नगरपालिकाले उद्योग, व्यापार, व्यवसाय तथा आपूर्तिको क्षेत्र विकासका लागि कृषि, पर्यटनमा आधारित उद्योग, व्यवसायलाई संरक्षण तथा व्यवस्थापन गर्न सकिन्छ। नगरपालिका भित्र के कस्ता खालका उद्योग, वजार, व्यवसायहरु संचालन गर्न सकिन्छ भनेर सम्भावना अध्ययन गर्न सकिन्छ। उत्पादनको पहिचानको आधारमा बजार व्यवस्थापन गर्न सकिन्छ। आँप, माछा, तरकारी लगायत उत्पादनका क्षेत्रमा वृहत्तर विकासका लागि उत्पादन प्रविधिमा सुधार गर्न सकिन्छ। सुरूङ्गा नगरपालिकाले आफ्नो नगरपालिका भित्र उद्योग, वजार र व्यवसायको विकासका लागि उद्योग मैत्री नीति नियमहरु बनाई कर लगायतमा छुट दिदै विद्युत, जमिन र बाटोघाटो सुविधा निर्माण गर्न सकिन्छ। उद्यमशीलता भएका युवाहरुलाई प्राविधिक ज्ञान प्रदान गरी वित्तीय सुविधामा पँहुच बढाइ उद्योग,

व्यवसायमा संलग्न गराउन सकिन्छ। त्यसैगरी, आपूर्ति तथा निर्यात क्षेत्रमा आवश्यक नीति तथा सहजीकरण गरी नगरपालिकाभित्र उद्योग, व्यापार तथा व्यवसायमैत्री वातावरण निर्माण गर्न सकिन्छ।

### ४.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

सुरूङ्गा नगरपालिकाले उद्योग, व्यापार तथा आपूर्ति क्षेत्रमा आगामी तीन वर्षको लागि लिएको लक्ष्य यस प्रकार रहेको छ :

**लक्ष्य :**
आगामी तीन वर्षभित्र सुरूङ्गा नगरपालिकामा कृषि उत्पादन तथा प्रशोधन, परम्परागत सिप तथा पर्यटनमा आधारित उद्योग, व्यापार तथा व्यावसाय प्रवर्द्धन गर्ने।

**उद्देश्य :**
आगामी तीन वर्षभित्रमा सुरूङ्गा नगरपालिकाले उद्योग, व्यापार, व्यावसाय तथा आपूर्ति क्षेत्रको वृहत्तर विकासका लागि निम्न बमोजिमको उद्देश्य लिएको छ :

१. उद्योग व्यवसाय मार्फत समावेशी र दिगो आर्थिक आधारशिला तयार गर्नु।
२. वाणिज्य क्षेत्रलाई स्थानीय अर्थतन्त्रको महत्वको साथ विकास गर्नु।

**रणनीति तथा कार्यनीति:**

*तालिका नं. ३३ : उपक्षेत्रगत रणनीति तथा कार्यनीति*

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| उद्देश्य १ : उद्योग व्यवसाय मार्फत समावेशी र दिगो आर्थिक आधारशिला तयार गर्नु। | |
| १.१ स्थानीय कच्चा पदार्थ श्रम र सीपमा आधारित उद्योग स्थापनाको वातावरण तयार गर्ने। | १.१.१ स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापनामा स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्न औद्योगिक ग्राम निर्माणका लागि संघीय तथा प्रदेश सरकारसँग समन्वय गरिनेछ।<br>१.१.२ स्वदेश तथा विदेशमा बस्ने नगरबासी उद्यमीहरुलाई यस क्षेत्रमा लगानी गर्न प्रेरित गरिनेछ।<br>१.१.३ नगरपालिका क्षेत्रमा लगानी गर्ने लगानीकर्तालाई सहज सेवा लगायत स्थानीय करमा छुट दिइनेछ।<br>१.१.४ एक स्थानीय तह एक औद्योगिक ग्रामको अवधारणा अनुसार रणनीतिक स्थानमा औद्योगिक ग्रामको स्थापना गरिनेछ।<br>१.१.५ वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण आयलाई नगरपालिका भित्रै लगानी गर्ने वातावरण सिर्जना गरिनेछ। |
| १.२ स्थानीय नागरिकमा उद्यमशीलता विकास गरी स्वरोजगारीमूलक घरेलु तथा साना उद्योग स्थापनामा सहजीकरण गर्ने। | १.२.१ स्थानीय उद्यमशीलता विकास गर्न उद्यम विकास कार्यक्रम संचालनका साथै विभिन्न सीपमूलक तालिम दिइनेछ।<br>१.२.२ सहकारितामा आधारित लघु, घरेलु र साना उद्योगको संचालनमा सहकारी क्षेत्रलाई उपयोग गरिनेछ।<br>१.२.३ बचतको प्रवर्द्धन र परिचालन गर्न सहकारी तथा वित्तीय संस्थाहरुको उपयोग गरिनेछ। |

| | |
|---|---|
| | १.२.४ स्वरोजगारीमूलक लघु तथा घरेलु उद्योग स्थापना गर्ने स्किमको आधारमा समूह जमानीमा ऋण दिने व्यवस्था गरिनेछ।<br>१.२.५ वैदेशिक रोजगारीवाट फर्किएका युवाहरुलाई उनीहरुको सीप वमोजिमका घरेलु तथा साना उद्योग संचालनमा प्रोत्साहन गरिनेछ।<br>१.२.६ स्थानीय कच्चा पदार्थको उत्पादनलाई संस्थागत उद्योगको रुपमा विकास गरी व्यवसायिक उत्पादन र ब्राण्डिङ गर्ने व्यवस्थाका लागि व्यवसायीहरुलाई सहजीकरण गरिनेछ। |
| उद्देश्य २ : वाणिज्य क्षेत्रलाई स्थानीय अर्थतन्त्रको महत्वको साथ विकास गर्नु। | |
| २.१ तुलनात्मक लाभका वस्तु तथा सेवाहरूको पहिचान गरी निर्यातयोग्य हुने वस्तु तथा सेवाको उत्पादकत्वमा वृद्धि गर्ने कार्यक्रमहरू संचालन गर्ने। | २.१.१ तुलनात्मक लाभका वस्तुहरूको उत्पादन र उत्पादकत्व बढाउन व्यापार प्रवर्द्धनसंग सम्वन्धित संघसंस्थाहरूसंग समन्वय र सहकार्य गरिनेछ।<br>२.१.२ साना, घरेलु तथा मझौला उद्योगहरूलाई उत्पादन तथा आपूर्ति संचालनमा आवद्ध गर्दै माग बमोजिमका वस्तु तथा सेवाहरूको उत्पादनलाई प्राथमिकता दिइनेछ। |
| २.२ वस्तु तथा सेवाको आपूर्ति र व्यापारमा सहजीकरण गर्ने। | २.२.१ बजारमा स्थानीय आवश्यकताका वस्तुहरुको नियमित आपूर्तिको व्यवस्था गर्न स्थानीय उद्योग बाणिज्य संघसँग समन्वय गरिनेछ।<br>२.२.२ बजारमा कालोबजारी हुन नदिन मूल्य सूची राख्न अनिवार्य गराउने, नियमित वजार अनुगमन गर्ने, उपभोक्ता सचेतना कार्यक्रन संचालन गरिनेछ। |

**कार्यक्रम तथा आयोजना**

सुरूङ्गा नगरपालिकाले उद्योग, व्यापार तथा आपूर्ति क्षेत्र विकासका लागि लिएको माथि उल्लेखित लक्ष्य तथा उद्देश्य प्राप्त गर्न निम्न बमोजिमको कार्यक्रम तथा आयोजना कार्यान्वयन गर्ने छ।

*तालिका नं.  ३४ : उद्योग, व्यापार तथा आपूर्ति सम्वन्धी कार्यक्रम तथा योजना*

### ४.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

सुरूङ्गा नगरपालिकाले उद्योग, व्यापार तथा आपूर्ति क्षेत्र विकासका लागि लिएको माथि उल्लेखित लक्ष्य तथा उद्देश्य प्राप्त गर्दा निम्न बमोजिमको उपलब्धि तथा नतिजा प्राप्त गर्ने अपेक्षा लिएको छ :

*तालिका नं.  ३५ : उपक्षेत्रगत अपेक्षित उपलव्धि तथा नतिजा खाका*

| उद्योग, व्यापार तथा आपूर्ति | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **नतिजा तह** | **नतिजा** | **सूचक** | **एकाइ** | **आधार बर्षको अवस्था** | **योजना अवधिको लक्ष्य** | | | | **पुष्टाईको स्रोत** | **जोखिम पक्ष तथा अनुमान** |
| | | | | | **पहिलो** | **दोस्रो** | **तेस्रो** | **जम्मा** | | |
| **प्रभाव** | उद्योग र व्यापार क्षेत्रको विकास र विस्तारबाट स्थानीय रोजगारीमा वृद्धि, उत्पादित बस्तुको बजार व्यवस्थापन तथा प्रभावकारी आपूर्तिबाट नगरपालिकाको अर्थतन्त्र अभिवृद्धि हुनेछ । | उद्यम व्यवसायमा संलग्न उद्यमी व्यवसायी | प्रतिशत | | | | | ० | | |
| | | उद्योग व्यवसायबाट रोजगारी प्राप्त गरेको संख्या | संख्या | | | | | ० | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| असर | नगरपालिकाभित्र लघु, घरेलु, साना तथा मझौला उद्योगको स्थापना भई रोजगारीका थप अवसरहरू सिर्जना भएको हुनेछ। | प्रत्यक्ष रोजगारीमा वृद्धि (वार्षिक) | संख्या | | | | | ० | | |
| | | सीपमूलक तालिम प्राप्त जनशक्ति | संख्या | १८१ | ११९ | २०० | ७०० | १२०० | | |
| | | औपचारिक र अनौपचारिक क्षेत्रका चालु लघु घरेलु तथा साना उद्योग (रू १ करोडसम्मको) | संख्या | ५० | ३० | २० | २० | १२० | | |
| | | औपचारिक र अनौपचारिक क्षेत्रका चालु लघु घरेलु तथा साना उद्योग (रू १५ करोडसम्मको) | संख्या | ३० | ३० | २० | २० | १०० | | |
| | | कानुन अनुसार सम्वन्धित निकायमा कर चुक्ता गर्ने उद्योग | संख्या | ११४ | ६६ | ४० | ८० | ३०० | | |
| | | महिलाद्वारा संचालित उद्योग व्यवसाय | संख्या | १९३ | ५७ | १०० | १५० | ५०० | | |
| | | सुचारू व्यापार व्यवसाय | संख्या | ३६४ | १३६ | ५०० | ५०० | १५०० | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बाँस, केरा जस्ता वनस्पतिजन्य रेशामा आधारित उद्योग व्यवसाय | संख्या | ५ | १० | २० | २५ | ६० | | |
| | | जडिवुटीमा आधारित उद्योग व्यवसाय | संख्या | ० | १ | ४ | ८ | १३ | | |
| | | स्थानीय हस्तकलामा आधारित उद्योग व्यवसाय | संख्या | ५० | १० | २० | १० | ९० | | |
| **प्रतिफल** | स्थानीय स्रोत, सीप र साधनको अधिकत्तम परिचालन भई स्थानीय स्रोतमा आधारित उद्योगहरू स्थापना भएको हुनेछ। | स्थानीय सीप तथा स्रोत साधनमा आधारित उद्योग | संख्या | ५ | २ | ५ | १० | २२ | | |
| | | स्थानीय कच्चा पदार्थ प्रशोधन उद्योग | संख्या | | | | | | | |
| | उत्पादित वस्तुहरूको विक्रि वितरणका लागि बजार व्यवस्थापन भएको हुनेछ। | नगरपालिका भरी हाट बजार संचालन | संख्या | | | | | ० | | |
| | | निकासीजन्य कच्चा पदार्थको परिमाण | क्विन्टल | ३०००० | १०००० | २०००० | २०००० | ८०००० | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | उत्पादन र बजारीकरणमा संलग्न सहकारी संस्था | संख्या | | | | | ० | | |
| | | थोक तथा खुद्रा व्यापारमा रोजगारी सिर्जना | संख्या | | | | | ० | | |
| | नगरपालिकामा आपूर्ति प्रणाली प्रभावकारी भएको हुनेछ। | सुपथ मूल्य पसल | संख्या | | | | | ० | | |
| | | सहकारी पसल | | | | | | | | |
| | | होलसेल पसल | संख्या | | | | | ० | | |
| | | स्थानीय बजार | संख्या | | | | | ० | | |

### ४.४.६ अनुमान तथा जोखिम पक्ष

सुरूङ्गा नगरपालिकाले उद्योग, व्यापार तथा आपूर्ति क्षेत्र विकासका लागि लिएको माथि उल्लेखित लक्ष्य तथा उद्देश्य प्राप्त गर्ने क्रममा निम्न बमोजिमको जोखिम हुनसक्ने अनुमान गरेको छ :

१. स्थानीय तहमा प्राप्त हुने ससर्त, निसर्त, समानीकरणको रकम यथावत वा बढेर आउनेछ।
२. उद्योग व्यवसाय संचालनका लागि स्थानीय वासिन्दाहरुको अर्थपूर्ण सहभागिता हुनेछन्।
३. बैदेशिक रोजगारीबाट फर्केका युवाहरूले आफ्नो सीप र दक्षता अनुसार स्थानीय ठाउँमा व्यवसाय संचालन गर्न जागरूक हुनेछन्।
४. नगरपालिकाले उद्योग व्यवसाय संचालनका लागि लिएको प्राथमिकतामा सम्वन्धित संघसंस्थाबाट सहयोग प्राप्त हुनेछ।

## ४.५ श्रम, रोजगारी र सामाजिक सुरक्षा

### ४.५.१ पृष्ठभूमि

देशमा रोजगारीको हक सम्बन्धी ऐन २०७५ कार्यान्वयनमा रहेको छ। देशभित्र रोजगारीको अवसर सिर्जना गरी उपलब्ध अवसरहरुमा लक्षित वर्गको पँहुच अभिवृद्धि र रोजगार सेवा तथा सुविधाको विस्तारबाट श्रम बजारमा सुधार ल्याउने कार्यमा संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारहरुले पहल गरिरहेका छन्। स्थानीय स्तरमा रहेको श्रम शक्तिलाइ परिचालन गरी वेरोजगारीको समस्यालाई केही हदसम्म भए पनि समाधान गर्नको लागि सबै स्थानीय तहहरुमा रोजगार केन्द्रको स्थापना समेत गरिएको छ। सुरूङ्गा नगरपालिकाले पनि रोजगार केन्द्रको स्थापना गरी नगरपालिका भित्र रहेका बेरोगारहरुको तथ्यांक संकलन गरी स्थानीय विकास निर्माणका कामहरुमा संलग्न गराइ रहेको छ।

नगरपालिका भित्र बैदेशिक रोजगारीमा जानेहरुको संख्या पनि उल्लेख्य रहेको छ र त्यसका साथै छिमेकी मुलुक भारतमा मौसमी रोजगारीको लागि जाने गरेको भएपनि नगरपालिकामा बैदेशिक रोजगारीबाट फर्कनेहरुको तथ्यांक छैन। यसको साथै बैदेशिक रोजगारीबाट फर्केर आएका युवाहरुलाई स्वदेशी उद्यमसंग जोड्नको लागि पहलहरु भएको पनि देखिदैन। यसका अतिरिक्त, वृद्ध, अपांग, एकल महिलाहरुको लागि संघीय सरकारले सामाजिक सुरक्षाको क्षेत्र भत्ताको व्यवस्था गरेको छ भने नगरपालिकाले आर्थिक रुपमा विपन्न घरपरिवारको पहिचान गरी आर्थिक प्याकेजका कार्यक्रमहरु संचालन गर्न सकिन्छ।

### ४.५.२ समस्या तथा चुनौती

सुरूङ्गा नगरपालिकाले श्रम बजारलाई सम्मानयोग्य बनाउने घोषणा गरे पनि अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकलाई सामाजिक सुरक्षाको दायरा भित्र समेट्न सकेको छैन। सरकारले घोषणा गरेका योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम र प्रधानमन्त्री रोजगार कार्यक्रमको सफल कार्यान्वयन गर्नु चुनौतीपूर्ण रहेकोछ। सीप अभावमा धेरै नेपाली युवा कम तलबमा काम गर्न बाध्य भइरहेका छन्। नगरपालिकासँग बैदेशिक रोजगारीमा गएका युवाहरुको तथ्यांक राख्न थालिएपनि युवाहरुलाई स्वेदशमै तथा विदेशमा पनि सिपयुक्त काम गर्न सक्ने गरी युवा सिपमुलक कार्यक्रमहरु गरेको पाइदैन। एकिन तथ्यांकको अभावमा नगरपालिका भित्र के कति र कस्तो खालको श्रम शक्ति छ र तिनलाई कसरी परिचालन गर्न सकिन्छ भन्ने योजना निर्माणको आधार तयार गर्न समेत कठिन भएको छ। जसको कारण एकातर्फ उद्योग व्यवसाय गर्नेहरुले श्रमिक पाइरहेका छैनन। श्रमिकको अभावमा भैरहेको उद्योग धन्दा पनि बन्द हुने अवस्थामा पुगेको कुरा समाचारहरुमा आउने गर्दछ भने अर्कोतर्फ युवाहरु बेरोगार बस्न परिरहेको छ। स्थानीय सरकारले आफ्नो स्थानीय तहमा रहेका युवाहरुको दक्षतागत तथ्यांक राखेर युवालाई रोजगारदातासंग जोड्न आवश्यक छ। त्यसैगरी, सामाजिक सुरक्षाको क्षेत्रमा संघीय सरकारले गरेका प्रावधानहरु बाहेक नगरपालिका आफैले थप कार्यक्रमहरु केही गरेको पाइदैन।

### ४.५.३ संभावना तथा अवसर

नेपालमा श्रमको मर्यादित र सुरक्षित व्यवस्थापनबाट रोजगारी सृजना, रोजगारीका लागि सीपयुक्त आवश्यक जनशक्तिको विकास, श्रमको क्षेत्रमा सामाजिक सुरक्षा र व्यवसायजन्य स्वास्थ्य र सुरक्षाको प्रवर्द्धन, बालश्रम निवारण लगायतका नेपाल सरकारले कार्य गरिरहेको छ। त्यसैगरी नेपाल सरकारले देशभर ११ श्रम तथा रोजगार कार्यालय स्थापना गरी वैदेशिक रोजगार सेवा र सातै प्रदेशका केन्द्रबाट श्रम स्वीकृति दिन शुरू गरेपछि वैदेशिक रोजगारीमा जाने युवालाई काठमाडौं आउनै पर्ने बाध्यता हटेको छ। श्रमिकको न्यूनतम तलब मासिक रु.९ हजार ७०० बाट वृद्धि गरी रु.१३ हजार ४५० पुऱ्याइएको छ र यसबाट मुलुकभरका ठूलो संख्याका श्रमिकहरू लाभान्वित भएकाछन्। श्रमिकले पाउने तलब र अन्य वित्तीय सुविधा अनिवार्य रूपमा ब्याङ्क खाता मार्फत भुक्तानी गर्नुपर्ने व्यवस्था गरिएकाले पनि यसको अनुगमन र नियमन सहज भएकोछ।

त्यस्तै वैदेशिक रोजगारीबाट फर्केका युवालाई न्यूनतम ब्याजदरमा रु.१० लाखसम्म ऋण दिने कार्यक्रमले देशभित्र रोजगारीको अवसर सिर्जना हुने सरकारको अपेक्षा छ। रोजगारका अवसरलाई व्यवस्थित र मर्यादित बनाउनुका साथै नयाँ रोजगारीका अवसर सिर्जना गर्न

नेपाल सरकारले प्रधानमन्त्री रोजगार कार्यक्रम समेत कार्यान्वयन गरिरहेको छ। यो कार्यक्रम अन्तर्गत ७५३ वटा स्थानीय तहमा रहने रोजगार सेवा केन्द्रले रोजगारदाता र श्रमिकलाई जोड्ने गरी काम गरिरहेका छन्। यो कार्यक्रमले प्रत्येक परिवारका एक जनालाई वर्षमा न्यूनतम १०० दिन बराबरको रोजगारीको प्रत्याभूति गर्ने र रोजगारी दिन नसके ५० दिन बराबरको ज्याला निर्वाह भत्ताको रूपमा दिने सरकारको योजना छ।
सुरूङ्गा नगरपालिकाले संघीय र प्रदेश सरकारको श्रम, रोजगारी तथा सामाजिक सुरक्षा सम्बन्धी योजनासँग तालमेल गर्दै नगरपालिकाको नीतिगत तथा कार्यक्रमगत व्यवस्था गर्दै गइ लाभ लिन सकिने सम्भावना रहेको छ। त्यसैगरी, युवालाई कृषि व्यवसाय, पर्यटन उद्योग र श्रमसँग जोडेर अगाडी बढ्न सकिने सम्भावना रहेको देखिन्छ।

### ४.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

सुरूङ्गा नगरपालिकाले श्रम, रोजगारी र सामजिक सुरक्षाका क्षेत्रमा आगामी तीन वर्षको लागि लिएको लक्ष्य यस प्रकार रहेको छ :

**लक्ष्य :**

सुरूङ्गा नगरपालिका भित्रमा बसोबास गर्ने जनतालाई सामाजिक सुरक्षा सहितको श्रमसँग जोड्दै आर्थिक रूपमा निष्कृय जनसंख्यालाई २० प्रतिशतमा सिमित गर्ने।

**उद्देश्य :**

आगामी तीन वर्षभित्रमा सुरूङ्गा नगरपालिकाले श्रम, रोजगारी र सामजिक सुरक्षा क्षेत्रको वृहत्तर विकासका लागि निम्न बमोजिमको उद्देश्य लिएको छ :

१. रोजगारीका थप अवसरहरू सिर्जना गरी नगरवासीलाई आर्थिक उपार्जनमा क्रियाशिल बनाउनु।
२. बैदेशिक रोजगारबाट प्राप्त विप्रेक्षणलाई आर्थिक लाभमा लगानी गर्नु।
३. नगरपालिकामा रहेका लक्षित वर्गलाई सामाजिक सुरक्षा कार्यक्रममा पहुँच सुनिश्चित गरी सुरक्षित र सम्मानित जीवनयापनका लागि सेवा सुविधाहरूको विस्तार गर्नु।

**रणनीति तथा कार्यनीति :**

*तालिका नं. ३६ : उपक्षेत्रगत रणनीति तथा कार्यनीति*

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| उद्देश्य १ : रोजगारीका थप अवसरहरू सिर्जना गरी नगरवासीलाई आर्थिक उपार्जनमा क्रियाशिल बनाउनु। | |
| १.१ रोजगारीका अवसर प्रदान गर्ने वाह्य नीजि क्षेत्र र कार्यक्रमलाई प्रोत्साहित गर्ने। | १.१.१ रोजगारीका नयाँ अवसरहरूको अध्ययन गरिनेछ।<br>१.१.२ युवालाई सूचना प्रविधिमा आधारित रोजगारी प्रवर्द्धनमा दक्ष बनाईनेछ।<br>१.१.३ रोजगारी प्रवर्द्धन गर्ने सम्भावित निकायहरूसंग समन्वय र सहकार्य गरिनेछ। |
| १.२ स्थानीय स्तरमा उद्यमशीलता विकास गरी स्वरोजगारीमूलक घरेलु तथा साना उद्योग स्थापनामा सहजीकरण गर्ने। | १.२.१ स्थानीय उद्यमशीलता विकास गर्न उद्यम विकास कार्यक्रम संचालनका साथै विभिन्न सीपमूलक तालिम दिइनेछ।<br>१.२.२ स्थानीय उत्पादन बढाउनका लागि स्थानीय उत्पादन अभिवृद्धि कोष स्थापना गरिनेछ। |

| | |
|---|---|
| | १.२.३ स्थानीय उत्पादनलाई ब्राण्डिङ्ग, प्याकेजिङ्ग र लेवलिङ् गर्न सहयोग गरिनेछ। |
| उद्देश्य २ : बैदेशिक रोजगारबाट प्राप्त विप्रेक्षणलाई आर्थिक लाभमा लगानी गर्नु। | |
| २.१ वैदेशिक रोजगारमा संलग्न घरपरिवारले आर्थिक लाभ प्राप्त गर्ने। | २.१.१ नगरभित्र स्वरोजगार तथा रोजगार सृजना हुने कार्यक्रमहरूलाई प्राथमिकता दिई संचालन गरिनेछ।<br><br>२.१.२ बैदेशिक रोजगारलाई सुरक्षित र लाभदायक बनाउनका लागि सम्वन्धित सरोकारवालाहरूसंग समन्वय र सहकार्य गरिनेछ। |
| २.२ वैदेशिक रोजगारमा रहेका घरपरिवारका सदस्यलाइ व्यवसाय संचालन र उत्पादन वृद्धिका लागि परिचालन गर्ने। | २.२.१ वैदेशिक रोजगारमा रहेका घरपरिवारका सदस्यहरूको व्यवसाय संचालन सम्वन्धी रूची संकलन गरिनेछ।<br><br>२.२.२ रूची अनुसार वैदेशिक रोजगारीमा रहेका घरपरिवारका सदस्यहरूलाई सीप प्रदान गरी विप्रेक्षणलाई उत्पादनमूलक कार्यमा लगाउनका लागि उत्प्रेरित गरिनेछ। |
| उद्देश्य ३ : नगरपालिकामा रहेका लक्षित वर्गलाई सामाजिक सुरक्षा कार्यक्रममा पहुँच सुनिश्चित गरी सुरक्षित र सम्मानित जीवनयापनका लागि सेवा सुविधाहरूको विस्तार गर्नु। | |
| ३.१ : नगर भित्र रहेका लक्षित वर्गको पहिचान गरी सुदृढ सामाजिक सुरक्षा प्रणालीको विकास गर्ने। | ३.१.१ : लक्षित वर्ग पहिचानका लागि सामाजिक शाखालाई सुदृढ गरी परिचालन गरिनेछ।<br><br>३.१.२ : पहिचान भएका लक्षित वर्गलाई सामाजिक सुरक्षा भत्ता प्रदानका लागि कोष स्थापना गरिनेछ।<br><br>३.१.३ : शारीरिक रूपले अशक्त अपाङ्गता भएका तथा विशेष जोखिममा रहेका हिंसा पीडितहरूका लागि विशेष कार्यक्रम संचालन गरिनेछ। |
| ३.२ : नगरवासीलाई सामाजिक सुरक्षाको प्रत्याभूतिका लागि नीतिगत तथा कार्यक्रमगत व्यवस्था गर्ने। | ३.२.१ : नगरमा रहेका लक्षित वर्गलाई सामाजिक सुरक्षा प्रदान गर्नका लागि कानुन बनाउने र बनेका कानुनहरूको आवश्यकता अनुसार परिमार्जन गरिनेछ।<br><br>३.२.२ : जातिय विभेद न्यूनीकरणका लागि सामाजिक सदभाव सम्वन्धी कार्यक्रम संचालन गरिनेछ।<br><br>३.२.३ : नगरपालिकाका विभिन्न संरचनामा रहेका लक्षित वर्गका सदस्यहरूको क्षमता विकास गर्ने र सहभागी हुँदा विशेष भत्ताको व्यवस्था गरिनेछ। |

**कार्यक्रम तथा आयोजना**

*तालिका नं. ३७ : श्रम, रोजगारी र सामाजिक सुरक्षा सम्वन्धी कार्यक्रम तथा योजना*

### ४.५.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

सुरूङ्गा नगरपालिकाले श्रम, रोजगारी र सामाजिक सुरक्षाका क्षेत्र विकासका लागि लिएको माथि उल्लेखित लक्ष्य तथा उद्देश्य प्राप्त गर्दा निम्न बमोजिमको उपलब्धि तथा नतिजा प्राप्त गर्ने अपेक्षा लिएको छ :

*तालिका नं. ३८ : उपक्षेत्रगत अपेक्षित उपलव्धि तथा नतिजा खाका*

| श्रम, रोजगारी र सामाजिक सुरक्षा | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **नतिजा तह** | **नतिजा** | **सूचक** | **एकाइ** | **आधार बर्षको अवस्था** | **योजना अवधिको लक्ष्य** | | | | **पुष्टाईको स्रोत** |
| | | | | | **पहिलो** | **दोस्रो** | **तेस्रो** | **जम्मा** | |
| **प्रभाव** | उद्योग र व्यापार क्षेत्रको विकास र विस्तारबाट स्थानीय रोजगारीमा वृद्धि, उत्पादित बस्तुको बजार व्यवस्थापन तथा प्रभावकारी आपूर्तिबाट नगरपालिकाको अर्थतन्त्र अभिवृद्धि हुनेछ। | उद्यम व्यवसायमा संलग्न उद्यमी व्यवसायी | प्रतिशत | | | | | ० | |
| | | उद्योग व्यवसायबाट रोजगारी प्राप्त गरेको संख्या | संख्या | | | | | ० | |
| **असर** | वैदेशिक रोजगारमा संलग्न व्यक्ति तथा तिनका परिवारमा वैदेशिक | विप्रेषणलाई उद्यम विकास र आयमूलक क्षेत्रमा लगानी गरिएको परिवार | संख्या | | | | | ० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | रोजगारबाट आर्थिक लाभ वृद्धि हुनेछ। | बैदेशिक रोजगारीमा गएको | संख्या | ३६८४ | | | | | |
| | | वैदेशिक रोजगारमा संलग्न घरपरिवारलाई उद्यम विकासमा सहयोग | संख्या | ० | २५ | ५० | ७५ | १५० | |
| | समावेशी सामाजिक सुरक्षा र संरक्षण प्रणाली स्थापित भएको हुनेछ। | सामाजिक सुरक्षाबाट लाभग्राही जेष्ठ नागरिक | संख्या | | | | | ० | |
| | | सामाजिक सुरक्षाबाट लाभग्राही बालबालिका | | | | | | | |
| | | सामाजिक सुरक्षाबाट लाभग्राही अपाङ्ता भएका व्यक्ति | संख्या | | | | | ० | |
| | | सामाजिक सुरक्षाबाट लाभग्राही एकल महिला | संख्या | | | | | ० | |
| **प्रतिफल** | सामाजिक सुरक्षा र संरक्षण सम्वन्धी सम्पूर्ण तथ्यांक व्यवस्थापनका लागि एकिकृत सूचना प्रणाली कार्यान्वयन हुनेछ। | एकिकृत सूचना केन्द्र | संख्या | | | | | ० | |
| | | सामाजिक सुरक्षा रकम वितरण केन्द्र | संख्या | | | | | ० | |
| | सामाजिक सुरक्षा र संरक्षण सम्वन्धी कानुनी दस्तावेज तयार भई कार्यान्वयन हुनेछ। | सामाजिक सुरक्षा तथा संरक्षण सम्वन्धी कानुन निर्माण | संख्या | | | | | ० | |
| | | सूचीकृत भएका बेरोजगार व्यक्तिहरू | संख्या | २३८६ | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कानुनी व्यवस्थाको जानकारी सम्वन्धी अभियान | | | | | | | |

### ४.५.६ अनुमान तथा जोखिम पक्ष

सुरूङ्गा नगरपालिकाले श्रम, रोजगारी र सामजिक सुरक्षाका क्षेत्र विकासका लागि लिएको माथि उल्लेखित लक्ष्य तथा उद्देश्य प्राप्त गर्ने क्रममा निम्न बमोजिमको जोखिम हुनसक्ने अनुमान गरेको छ :

१. स्थानीय तहमा प्राप्त हुने ससर्त, निसर्त, सामान्यिकरणको रकम याथावत वा बढेर आउने छ।
२. स्थानीय वासिन्दाहरु नगरपालिकाले संचालन गर्ने रोजगार प्रवर्धन कार्यमा पूर्ण रुपमा सहभागी हुनेछन्।
३. रोजगार प्रवर्धन महोत्सव कार्यक्रमहरुमा स्थानीले सहभागिता जनाउने छन्।
५. रोजगारसँग सम्बन्धित सरोकारवालाहरुले आवस्यक सहकार्य गर्नेछन्।
६. नगरपालिकासँग ठेक्का गरी काम गर्ने ठेकेदार वा उपभोक्ता समितिले स्थानीय श्रमशक्तिलाई पहिलो प्राथमिकता दिनेछन् ।

# परिच्छेद ५: सामाजिक क्षेत्र

## ५.१ स्वास्थ्य तथा पोषण

### ५.१.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ को धारा २२१ अनुसार र संविधानको अनुसूचि ८ को सूचि नं. ९ र १० का अधिकारहरुलाई कार्यान्वयन गर्न तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ मर्मलाई सम्बोधन गर्न नगरपालिकाले सो को व्यवस्थापनको लागि स्पष्ट कानूनी व्यवस्था गरी कार्यसम्पादन गर्न मिति २०७७/१०/०२ गते नगरपालिकाले स्वास्थ्य नीति तर्जुमा गरेको छ। साथै अन्य सरसफाई सम्वन्धी कानुन र निर्णयहरूबाट यस नगरपालिकाका स्वास्थ्य सरसफाइ तथा पोषणका कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ।
नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक तथा स्वास्थ सेवामा समान पहुँच सुनिश्चित गरेको छ। दिगो विकास लक्ष्यहरुमा लक्ष्य ३ अन्तर्गत सन् २०३० सम्ममा विश्वव्यापी मातृदर ७० (प्रत्येक एकलाख जिवित जन्ममा) भन्दा कम गर्ने, नवजात शिशुहरु र पाँचबर्षमुनिका बालबालिकाहरुको रोक्न सकिने मृत्युलाई अन्त्य गर्ने, पानीजन्य रोगहरु एवं अन्य सरुवा रोगहरु नियन्त्रण गर्ने, यौन तथा प्रजनन स्वास्थ सेवामा सबैको पँहुच सुनिश्चित गर्नका साथै परिवार नियोजन सुचना र शिक्षा तथा प्रजनन स्वास्थ्यलाई राष्ट्रिय रणनीति र कार्यक्रममा एकिकरण गर्ने जस्ता परिमात्मक लक्ष्यहरु प्रस्ताव गरिएको छ।सङ्घीय तथा प्रादेशिक आवधिक योजनामा स्वास्थ्य तथा पोषण क्षेत्र मुख्य प्राथमिकता क्षेत्रका रूपमा रहेको छ। नेपाल सरकारले एक स्थानीय तह एक अस्पतालको अवधारणा कार्यान्वयनमा अगाडी ल्याइसकेको छ।
नगरपालिका क्षेत्रमा रहेका स्वास्थ्य संस्थाहरुमा उपलब्ध हुने स्वास्थ्य सेवाहरुको अवस्था हेर्दा सुरक्षित मातृत्व र पोषण सेवा सबै स्वास्थ्य संस्थाहरुमा उपलब्ध रहेको देखिन्छ। यस क्षेत्र भित्र देखा पर्ने प्रमुख रोगहरु र तीनको उपचारको अवस्था हेर्दा सबै भन्दा बढि झाडापखाला विरामी स्वास्थ्य चौकीमा आउने गरेको देखिन्छ। रोगबाट प्रभावित, उपचार हुने, फलोअप गरिएका र रेफर गरिएकाको संख्या प्रसस्त छ। नगरपालिकाको नगर वस्तुगत विवरण २०७५ अनुसार यस नगरपालिकामा ३ वटा स्वास्थ्य चौकी, एउटा प्रा.स्वा.के., एक अस्पताल सहित २७ जना स्वास्थ्यकर्मी लगायत ७९ जना म.स्वा.स्वयंसेवक कार्यरत रहेका छन्।

### ५.१.२ समस्या तथा चुनौती

नगरपालिका क्षेत्रको स्वास्थ्य अवस्था विश्लेषण गर्दा यस नगरपालिकामा मातृ मृत्यृदर तथा शिशुमृत्युदरको अवस्था ठीकै भए तापनि अधिकांस महिलाहरू स्वासप्रश्वास सम्बन्धी समस्याग्रस्त छन्। किशोरी शिक्षा तथा प्रजनन स्वास्थ्य सम्बन्धी शिक्षाको कमीले अपरिपक्क उमेरमा विवाह गर्ने, गर्भवति हुने जस्ता कुराले जोखिममा छन्। वालवालिकाहरूमा पोषणयुक्त खानाको अभाव, जंकफुडको बड्दो प्रयोग जस्ता समस्या देखा पर्न थालेको छ। जनसंख्याको तुलनामा स्वास्थ्य संस्था तथा प्राविधिकहरूको कमीले अधिकांस विरामीहरू नीजी अस्पताल तथा क्लिनिकको भर पर्दा महंगो स्वास्थ्य सेवा लिन बाध्य छन्। भएका स्वास्थ्य सेवा केन्द्रमा पनि आवस्यक वजेटको अभाव, जनशक्तिको अभाव, पुग्दो अवस्थामा भवन तथा सेवा प्रदान गर्ने कोठा तथा औजारको अभाव जस्ता समस्या रहेका छन्। भएका दरवन्दिमा पनि कर्मचारीको अभाव र कतिपय स्वास्थ्य संस्थामा तल्लो तहको प्राविधिकले सेवा प्रदान गर्नुपर्ने वाध्यता जस्ता चुनौति देखिन्छन्। समुदायमा लागु पदार्थ सेवन, मानसिक वेचैनी तथा डिप्रेसन जस्ता मानसिक समस्या व्याप्त मात्र होइन हरेक वडामा वर्षेनी आत्मा हत्या गर्नेको संख्या बड्दो क्रममा रहेको छ। मानसिक रोगको समयमै उपचार संगै मनोसामाजिक परामर्श दिने जनशक्तिको अभाव तथा मानसिक रोगका लागि क्लिनिक र तालिम प्राप्त स्वास्थ्यकर्मी समेत नभएको अवस्था छ।
समयमा औषधी खरिद नहुने, खरिद गरिएको औषधीलाई राम्रोसँग भण्डारण गर्न नसकिएको र आवस्यकताका आधारमा औषधीहरु वितरण समते नगरेका कारण प्रभावकारी हुन सकेको छैन। औषधी खरिदमा नियमनकारी निकायहरुको फितलो अनुगमनको कारण लागूऔषधको बेचविखनले गर्दा युवालाई दुर्व्यसनको लतमा पार्न थालेको छ।

सुरूङ्गा नगरपालिकालाई आपतकालिन स्वास्थ्य सेवा जनतालाई प्रदान गर्ने कार्य चुनौतिको रुपमा रहेको छ। त्यसैगरी, स्वास्थ्य संस्थाहरुमा विज्ञ डाक्टरहरुका तथा दक्ष स्वास्थ्यकर्मीहरुलाई ल्याउने र टिकाउने काम पनि निकै चुनौतिपूर्ण रहेको देखिन्छ। यदि महामारी वा विपद परेमा एकैपल्ट धेरै संख्यामा स्वास्थ्य सेवा पुराउनको लागि नगरपालिकासँग प्रयाप्त जनशक्ति जुटाउने र तदअनुरुपको भौतिक पूर्वाधार तयार गर्ने कुरा पनि चुनौतिको रुपमा देखिन्छ। नगरपालिकका सवै बालबालिकाहरुलाई कुपोषणबाट बचाउन पोषणको जानकारी तथा व्यवस्था गर्नु पर्ने काम पनि चुनौतिको रुपमा देखिन्छ।

## ५.१.३ संभावना तथा अवसर

सुरूङ्गा नगरपालिकाको स्वास्थ्य क्षेत्रमा संघीय तथा प्रदेश सरकारका विभिन्न किसिमका ससर्त तथा निसर्त अनुदानहरु कार्यान्वयनमा छन्। सुरूङ्गा नगरपालिकाले उक्त कार्यक्रमहरुबाट आफ्नो नगरवासीहरुलाई स्वास्थ्यको क्षेत्रमा प्रभावकारी सेवा प्रदान गर्न सक्ने अवसरहरु रहेका छन्। यस नगरपालिकामा सबै वडामा मोटर बाटो पुगेको ले यातायातको सुविधाका कारण मानिसहरू स्वास्थ्य सेवा लिन सहजै अस्पताल वा स्वास्थ्य सेवा केन्द्र जान सक्छन्। स्थानीय सरकारले १५ शैया सम्मको अस्पताल बनाइ व्यवस्थापन समेत गर्न सक्ने कानुनी व्यवस्था रहेकाले नगर अस्पताल बनाइ त्यसमा मानसिक रोगका लागि मनोसामाजिक परामर्श सेवा सहितको व्यवस्था गर्न सक्ने सम्भावना रहेको छ। पहिले नै स्थापना भएका स्वास्थ्य चौकी, उपस्वास्थ्य चौकी, गाउँघर क्लिनिक तथा खोप केन्द्रलाइ व्यवस्थापन र क्षमता वृद्धि गरिएमा नगरपालिकाले समुदायमा विभिन्न किसिमका स्वास्थ्य सेवा लगायत चेतनामुलक कार्यक्रमहरू सहजै व्यवस्थापन गर्न सक्ने देखिन्छ। सामाजिक स्वास्थ्य विमा कार्यक्रमलाइ व्यवस्थित गर्न सकेमा सर्वसाधारण नागरिकहरूले स्वास्थ्य सेवाका लागि रकम खर्च गर्न पर्दैन। नगरपालिका भित्र काम गर्ने विभिन्न गैर सरकारी संस्थाहरूसंगको सहकार्यमा किशोर किशोरी शिक्षा तथा छात्राहरुको मासिकधर्मको बेला विद्यालयबाट निःशुल्क सेनिटरी प्याडको व्यवस्थापन गर्ने कार्य भैरहेको सन्दर्भमा यसलाइ अझ प्रभावकारी बनाउदै विभिन्न अस्पताल तथा संस्थासँग समन्वय र सहकार्य गरि घरमै स्वास्थ्य सेवा पुर्याउने, मागको आधारमा औषधी व्यवस्थापन गर्ने, विशेषज्ञ सेवा व्यवस्थापन गर्ने, सुर्तिजन्य पर्दाथ नियन्त्रण ऐन कार्यान्वयन गर्ने सम्भावना देखिन्छ।

### ५.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

सुरूङ्गा नगरपालिकाले स्वास्थ्य तथा पोषणको क्षेत्रमा आगामी तीन वर्षको लागि लिएको लक्ष्य यस प्रकार रहेको छ :

**लक्ष्य :**

आगामी तीन वर्ष भित्रमा सुरूङ्गा नगरपालिकाले स्वास्थ्य संस्थाहरुको क्षमता अभिवृद्धि गर्दै आधारभूत एवं गुणस्तरीय स्वास्थ्य सेवामा सहज पहुँच वृद्धिवाट नागरिकको स्वास्थ्य अवस्थामा सुधार ल्याउने

**उद्देश्य :**

आगामी तीन वर्षभित्रमा सुरूङ्गा नगरपालिकाले स्वास्थ्य तथा पोषण क्षेत्रको वृहत्तर विकासका लागि निम्न बमोजिमको उद्देश्य लिएको छ :

१. गुणस्तरीय आधारभूत स्वास्थ्यमा सबै नागरिकको समतामूलक पहूँच र सहभागिता बृद्धि गर्नु

**रणनीति तथा कार्यनीति:**

सुरूङ्गा नगरपालिकाले स्वास्थ्य तथा पोषण क्षेत्रका लागि लिएको माथि उल्लेखित लक्ष्य तथा उद्देश्य प्राप्त गर्न निम्न रणनीति तथा कार्यनीति अवलम्बन गर्नेछ :

*तालिका नं. ३९ : उपक्षेत्रगत रणनीति तथा कार्यनीति*

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| उद्देश्य १ : गुणस्तरीय आधारभूत स्वास्थ्यमा सबै नागरिकको समतामूलक पहूँच र सहभागिता बृद्धि गर्नु | |
| १.१. आधारभूत स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच बढाउने | १.१.१ नियमित स्वास्थ्य परीक्षणलाइ हरेक वडामा उपलव्ध गरिनेछ<br>१.१.२ हरेक वडामा एम्बुलेन्स सेवा उपलव्ध गराइ गर्भवति तथा विपन्न परिवारलाई निशुल्क सेवा उपलव्ध गराइनेछ<br>१.१.३ स्वास्थ्य विमा कार्यक्रममा सबै नागरिकहरूलाइ सहभागी गराइनेछ |
| १.२ आधारभूत स्वास्थ्य सेवाको गुणस्तर वृद्धि गर्ने | २.१.१ हरेक स्वास्थ्य चौकीमा आधारभूत पूर्वाधारको व्यवस्था तथा जनशक्तिको व्यवस्था गरिनेछ<br>२.१.२. स्वास्थ्य चौकीमा अवश्यक जनशक्तिको व्यवस्था गरिनेछ<br>२.१.३ स्वास्थ्यकर्मीहरूलाइ तालिम र क्षमता विकास गरिनेछ |
| २.२ स्वस्थ्य जीवन शैलीका उपायहरू प्रवर्द्धन गरी महामारी तथा कुपोषणका असर न्युनिकरण गर्ने | २.२.१ कोभिड, डेंगु, झाडा पखाला जस्ता महामारीबाट बच्ने मापदण्डहरू विकास गरी चेतनामुलक कार्यक्रमका साथ कडाइका साथ लागू गरिने छ<br>२.२.२ सबै वडाहरूमा वालवालिका पोषण कार्यक्रम लागू गरिने छ |
| २.३. मानिसक तथा लागु पदार्थ सेवन सम्बन्धी समस्या न्युनिकरण गर्ने | २.३.१. स्वास्थ्य चौकीहरूमा मानसिक समस्या भएका व्यक्तिका लागि मनोसामाजिक विमर्श स्थलको व्यवस्था गरिनेछ<br>२.३.२. लागु औषधी ओसारपसार तथा वेचविखनमा कडाइ गरिनेछ<br>२.३.३. लागु औषधी सेवन विरूद्धमा युवा लक्षित चेतनामुलक कार्यक्रमहरू गरिनेछ |

**कार्यक्रम तथा आयोजना :**

सुरूङ्गा नगरपालिकाले स्वास्थ्य तथा पोषणका क्षेत्र विकासका लागि लिएको माथि उल्लेखित लक्ष्य तथा उद्देश्य प्राप्त गर्न निम्न बमोजिमको कार्यक्रम तथा आयोजना कार्यान्वयन गर्ने छ :

*तालिका नं. ४० : स्वास्थ्य तथा पोषण सम्वन्धी कार्यक्रम तथा योजना*

### ५.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

सुरूङ्गा नगरपालिकाले स्वास्थ्य तथा पोषणका क्षेत्र विकासका लागि लिएको माथि उल्लेखित लक्ष्य तथा उद्देश्य प्राप्त गर्दा निम्न बमोजिमको उपलब्धि तथा नतिजा प्राप्त गर्ने अपेक्षा लिएको छ :

*तालिका नं. ४१ : उपक्षेत्रगत अपेक्षित उपलव्धि तथा नतिजा खाका*

| **नतिजा तह** | नतिजा | सूचक | एकाइ | आधार बर्षको अवस्था | योजना अवधिको लक्ष्य | | | | पुष्टाईको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | जम्मा | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | गुणस्तरीय स्वास्थ्यमा समतामूलक पहुँच बृद्धि | झाडापखालाको संक्रमण दर | प्रति हजार | | | | | | |
| | | कुपोषणका कारण ५ वर्ष मुनीका वाल वालिकाहरुको पुड्कोपन र उचाई अनुसारको कम तौल भएकाहरु | प्रतिशत | | | | | | |
| | | स्वाप्रश्वासको संक्रमण (SRI) दर | प्रति हजार | | | | | | |
| | | एक वर्ष भित्र महामारी, भाइरसको संक्रमण तथा आपतकालीन उपचारको अभावमा मृत्यु हुने | प्रतिशत | | | | | | |
| असर | आधारभूत स्वास्थ्य सेवाको गुणस्तर वृद्धि | वर्षभरीमा विरामी पर्दा सर्वप्रथम स्वास्थ्य चौकी तथा प्राथमिक स्वास्थ्य केन्द्र वा अस्पताल जाने जनसंख्या | प्रतिशत | | | | | | |
| | | वर्षभरीमा मनोसामाजिक परामर्श लिने व्यक्तिहरू | संख्या | | | | | | |
| | | लागु पदार्थ सेवनबाट मुक्तहुने व्यक्ति | संख्या | | | | | | |
| | | आधारभूत स्वास्थ्य सेवा सहित खोप पाएका ५ वर्ष मुनीका वालवालिकाहरू | संख्या | | | | | | |
| प्रतिफल | स्वास्थ्य सेवा विस्तार, जनशक्ति र औजार व्यवस्थापन तथा पूर्वाधार विकास<br><br>चेतना अभिवृद्धि तथा स्वास्थ्यकर्मीहरूको क्षमता वृद्धि | आधारभुत सुविधा (खानेपानी, शौचालय, वर्थिङ्ग वार्ड र परामर्श केन्द्र आदि) उपलब्ध भएका स्वास्थ्य संस्था | प्रतिशत | | | | | | |
| | | आधारभूत स्वास्थ्य सेवाहरु उपलव्ध भएका वडाहरु | प्रतिशत | | | | | | |
| | | मनोसामाजिक परामर्श तालिम प्राप्त स्वास्थ्य कर्मीहरू | प्रतिशत | | | | | | |
| | | घुम्ती लगायत स्वास्थ्य शिविर सञ्चालन | पटक | | | | | | |
| | | लागु पदार्थ् सेवा विरूद्धको कार्यक्रम सञ्चालन | पटक | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्वास्थ्य केन्द्रमा स्वास्थ्यकर्मीहरूको संख्या | संख्या | | | | | | | |
| | | भिटामिन ए पाउने वालवालिकाहरू | संख्या | | | | | | | |
| | | ४ पटक प्रसुति सेवा प्राप्त गर्ने महिला | संख्या | | | | | | | |
| | | स्वास्थ्य संस्थामा प्रसुति गराउने महिला | प्रतिशत | | | | | | | |

### ५.१.६ अनुमान तथा जोखिम पक्ष

सुरूङ्गा नगरपालिकाले स्वास्थ्य तथा पोषणका क्षेत्र विकासका लागि लिएको माथि उल्लेखित लक्ष्य तथा उद्देश्य प्राप्त गर्ने क्रममा निम्न बमोजिमको जोखिम हुनसक्ने अनुमान गरेको छ :

१. नगरपालिकाको स्वास्थ्य शाखा र सम्पूर्ण स्वास्थ्यकर्मीहरूले नगरपालिकाले लिएको लक्ष्य प्राप्तिमा सहयोग गर्नेछन्।
२. नगरपालिकामा स्वास्थ्य क्षेत्रका दक्ष जनशक्ति सहजै उपलब्ध हुनेछ र संस्थाहरूमा टिकिराख्ने वातावरण बन्नेछ।
३. नगरपालिकाको लक्ष्य प्राप्तिका लागि नगरवासीले साथ दिनेछन्।
४. स्वास्थ्य संस्थाहरूको पूर्वाधार विकासमा तहगत सरकारहरूबाट सहयोग प्रदान हुनेछ।

## ५.२ शिक्षा, विज्ञान तथा नवप्रवर्तन

### ५.२.१ पृष्ठभूमि

नेपालको संविधानले प्रत्येक नागरिकलाई शिक्षाको मौलिक हक सुनिश्चित गरेको छ। खासगरी आधारभूत शिक्षा अनिवार्य एवम् निःशुल्क पढ्न पाउने हक एवम् समावेशी पहुँचको व्यवस्था सुनिश्चित गर्न निर्देशन गरेको छ। दिगो विकासको लक्ष्य ४ ले समावेशी र समान गुणस्तरीय शिक्षाका लागि सबैलाई समानताको सिद्धान्तका आधारमा अध्ययनको अवसर उपलब्ध गराउने उद्धेश्य लिएको छ। दिगो विकासका लक्ष्यका लागि लैङ्गिक विभेदरहित बालबालिकाको विकासदेखि गुणस्तरिय प्राविधिक, व्यावसायिक र उच्च शिक्षा उपलब्ध हुनुपर्ने आवश्यकता पर्दछ।

वर्तमान युगमा शिक्षा मानव विकासको अभिन्न अंग हो जसले मानव जीवनलाई एउटा निश्चित उचाईसम्म पुर्याउनलाई मद्यत पुर्याउँदछ। शिक्षाको महत्व तथा आवश्यकता आजको समयमा दिनानुदिन बढ्दै गइरहेको अवस्था छ। आजको समयमा शैक्षिक क्षेत्रमा उचित व्यवस्थापन गर्न सकिए मात्र भविष्यमा नगरको मुहार फेर्न सकिन्छ। बर्तमान समयमा शिक्षाका शैलीहरू परिवर्तन हुँदै गइरहेका छन्। हिजोका दिनमा जस्तो परम्परागत रूपले आजको समाज अगाडी वढ्न सक्तैन। यसका लागि शिक्षा क्षेत्रको उचित विकासमा ध्यान दिनुपर्ने आवश्यकता रहेको छ। नगरपालिकाले विस २०७७ सालमा शिक्षा ऐन तयार गरी विस २०७९ सालमा शिक्षा नियमावली बनाई कार्यान्वयन गरिरहेको छ। यसका साथै विसं २०७९ सालमा टयुसन तथा कोचिङ कक्षा संचालन कार्यविधि समेत बनाई सकेको छ। नगरपालिकामा हाल रहेका शैक्षिक संस्थाहरूको विवरणलाई केलाउँदा यो नगरपालिकामा प्रयाप्त मात्रामा शैक्षिक संस्थाहरू रहेको पाईन्छ। नगरपालिका क्षेत्रमा ३२ वटा शिक्षण संस्था हुनु र ती मध्ये २ वटामा बाह्र कक्षा सम्म पढाईहुने र एउटा प्राविधिक विद्यालय हुनु भनेको तुलनात्मक रूपमा राम्रो अवस्था मान्न सकिन्छ।

यस नगरपालिका अन्तर्गतका बिभिन्न बिद्यालयहरू स्थानीय श्रोतबाट संचालित भएका र सरकारी दरबन्दी सिमित मात्रामा भएको कारणले नेपाल सरकारले प्राथमिक शिक्षालाई मौलिकहकको रूपमा निःशुल्क प्रदान गर्ने भनिएको भए पनि अभिभावकहरूले मासिक वा अन्य शुल्क तिर्न बाध्यता भएको अवस्था सबै वडा स्तरिय छलफलमा आएको छ।

### ५.२.२ समस्या तथा चुनौती

सबैका लागि गुणस्तरीय शिक्षामा शिक्षालाई सिपसँग आबद्ध गर्ने र प्राविधिक तथा वैज्ञानिक शिक्षाका अवसरहरू वृद्धि गर्दै लैजानुपर्ने सन्दर्भमा उच्च शिक्षालाई व्यवस्थित गर्दै लैजान सरकारका साथै नीजि क्षेत्र, सहकारी, गुठी, स्थानीय निकाय एवम् समुदायलाई समेत उत्तरदायी बनाई समग्र शैक्षिक कार्यक्रमहरुलाई प्रभावकारी, सान्दर्भिक र गुणस्तरीय बनाउनुपर्ने आवश्यकता छ। उत्कृष्ट शैक्षिक गुणस्तर सुनिश्चित गर्नु हरेक उच्च शिक्षा प्रदायक संस्थाहरूको न्यूनतम दायित्वभित्र पर्दछ।
सबैका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिस्चित गर्न नसक्नु, विद्यालयको शिक्षामा दलित तथा विपन्न समुदायका वालवालिकाको सहभागिता अत्यन्तै न्युन रहनु, विद्यालय भर्ना भएका विद्यार्थीको सिकाइ उपलव्धी प्रभाकारी बनाउन नसक्नु, विद्यार्थीलाइ विद्यालयका टिकाइराख्न नसक्नु, प्राविधिक शिक्षालाइ विद्यालयको मूलधारको शिक्षामा समाहित गर्न नसकिनु यस नगपालिकाका शिक्षा सम्बन्धी मूल समस्याहरू हुन।

### ५.२.३ संभावना तथा अवसर

नेपालको संविधान २०७२ को धारा ३१ मा शिक्षा सम्बन्धी हकको रुपमा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने, प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने, अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने, नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था स्थापना र सञ्चालन गर्न पाउने हक हुने जस्ता शिक्षा सम्बन्धी मौलिक हकको प्रत्याभूत गरेको छ। विद्यालय शिक्षाको प्रमुख जिम्मेवारी स्थानीय तहमा सुम्पिएको छ। यसैगरी दिगो विकास लक्ष्यले सन् २०३० सम्ममा सबैलाई गुणस्तरीय, निःशुल्क, न्यायोचित शिक्षाका साथै आधारभूत तथा माध्यमिक शिक्षाको सुनिश्चिता गर्ने जस्ता सवालहरूलाई महत्वपूर्ण रुपमा उठान गरेको छ। राष्ट्रिय योजना आयोगको १६ औं राष्ट्रिय योजनाले पनि गुणस्तरीय शिक्षालाई महत्व दिएको छ। माध्यमिक शिक्षा परीक्षा दिएर बसेका विद्यार्थीलाई दुई महिने (आठ हप्ता) अवधिको प्रतिकारात्मक स्वास्थ्य, सन्तुलित भोजन, पाककला र प्राथमिक उपचार, सवारी अनुमति तथा सवारी नियम, आत्मसुरक्षा तथा अनुशासन, कार्यक्षेत्र सुरक्षा र यौन दुर्व्यवहार, राष्ट्रप्रेम, स्वयंसेवा र योग, ध्यान तथा कला लगायतका व्यवहारिक विषयहरू समावेश गरी सम्वन्धित निकायहरूसंगको समन्वयमा अनिवार्य अभिमुखीकरण कार्यक्रम संचालन गरिने व्यवस्था गरेको छ।
नगरपालिकाले शिक्षा क्षेत्रको अलग्गै रणनीति तर्जुमा गर्नुका अलावा सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण, मर्मत सम्भार, संचालन र व्यवस्थापनमा उचित ध्यान दिईरहेकोछ। यसका लागि विद्यालय स्तरमा खानेपानी, सरसफाई एवं शौचालय, पर्खाल निर्माणको कार्यलाई प्राथमिकताका साथ अगाडि बढाउने नीति लिएकाले यस नगरपालिमामा शिक्षा क्षेत्रको विकासको संभावना प्रवल छ। नगर शिक्षा रणनितिमा उल्लेखित सामुदायिक विद्यालयहरुमा अध्ययनरत आर्थिक रुपले विपन्न, लोपोन्मुख र सिमान्तकृत समुदाय, दलित तथा अपाङ्गता भएका जेहेन्दार विधार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था गर्ने कुरालाइ नगरपालिकाले निरन्तरता दिन सक्छ। नगरपालिकाले विद्यालय सुशासन, पारदर्शिता र जवादेहिता अभिबृद्धिको लागि बिद्यालयमा सामाजिक परीक्षण, सार्वजनिक लेखा परीक्षण र अन्तिम लेखा परीक्षणलाई वास्तविकतामा आधारित बनाएको छ। यसलाइ निरन्तरता दिन सके विद्यालयमा सुशासन प्रवर्द्धन हुनेछ। यसै गरी नगरपालिकाले यही आर्थिक वर्षमा नगरपालिकालाई पूर्ण साक्षर नगरपालिका घोषणा गर्ने योजना बनाएबाट पनि यस नगरपालिकामा शिक्षा विकासमा थुप्रै अवसरहरू रहेको देखिन्छ।

### ५.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

सुरूङ्गा नगरपालिकाले शिक्षा, विज्ञान तथा नवप्रवर्तनको क्षेत्रमा आगामी तीन वर्षको लागि लिएको लक्ष्य यस प्रकार रहेको छ।

**लक्ष्य** :

गुणस्तरीय शिक्षालाई अधिकारका रूपमा स्थापित गरी समतामूलक पहुँच र सहभागिता बृद्धि गर्नु

**उद्देश्य** :

आगामी तीन वर्षभित्रमा सुरूङ्गा नगरपालिकाले शिक्षा, विज्ञान तथा नवप्रवर्तन क्षेत्रको वृहत्तर विकासका लागि निम्न बमोजिमको उद्देश्य लिएको छ :

१. चार वर्ष पुगेका सबै वालवालिकाका लागि गुणस्तरीय वालविकास र शिक्षाको अवसर उपलव्ध गराउने
२. अनिवार्य तथा निशुल्क आधारभूत् शिक्षामा समतामूलक पहुँच सुनिस्चित गरी गुणस्तर वृद्धि गर्नु
३. माद्यमिक शिक्षामा सबैको पहुँच सुनिस्चित गरी सान्दर्भिकता र गुणस्तरमा सुनिस्चित गर्नु
४. सबै युवा तथा प्रौढहरूका लागि साक्षरता, निरन्तर शिक्षा र जीवन पर्यन्त सिकाइको अवसर उपलव्ध गराइनु

**रणनीति तथा कार्यनीति**:

सुरूङ्गा नगरपालिकाले शिक्षा, विज्ञान तथा नवप्रवर्तन क्षेत्रका लागि लिएको माथि उल्लेखित लक्ष्य तथा उद्देश्य प्राप्त गर्न निम्न रणनीतिको अवलम्बन गर्ने छ :

*तालिका नं. ४२ : उपक्षेत्रगत रणनीति तथा कार्यनीति*

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| उद्देश्य १ : चार वर्ष पुगेका सबै वालवालिकाका लागि गुणस्तरीय वालविकास र शिक्षाको अवसर उपलव्ध गराउने | |
| १.१. वालविकास र शिक्षामा सबै वालविलकाको पहुँच सुनिस्चित गर्ने | १.१.१ वालविकास तथा आधारभूत कक्षामा भर्ना अभियानलाइ निरन्तरता दिने कार्यक्रम संचालन गरिनेछ। <br> १.१.२ वालविलकाहरूलाइ विद्यालयमा टिकाइराख्न दिवा खाजा, छात्रबृत्ति लगायतका प्रोत्साहनमुलक कार्यलाइ निरन्तरता दिईनेछ। <br> १.१.३ निर्धारित मापदण्ड अनुसारका कक्षोठामा बसाइ व्यवस्थापन, सिकाइ एवं शैक्षिक सामग्री र खेलकुद सामग्रीको व्यवस्था गरिनेछ। |
| उद्देश्य २ : अनिवार्य तथा निशुल्क आधारभूत् शिक्षामा समतामूलक पहुँच सुनिस्चित गरी गुणस्तर वृद्धि गर्नु | |
| २.१ विद्यालयको भौतिक तथा मानवीय स्रोतको आवश्यकता परिपूर्ती गर्ने | २.१.१ प्रदेश र संघीय सरकारसंग समेत साझेदारी गरी अपुग शिक्षकको परिपुर्ति गरिनेछ। <br> २.१.२ विद्यालय भवन लगायत भौतिक पूर्वाधारका आवश्यकता पूरा गरिनेछ। <br> २.१.३ वालवालिकाको सिकाइ उपलव्धीलाई प्रभावकारी बनाउन शिक्षकहरूलाइ तालिम र क्षमता विकास गरिने छ। |
| २.२ आधारभूत् शिक्षामा समतामूलक पहुँच सुनिस्चित गरी गुणस्तर वृद्धि गर्नु | २.२.१ विद्यालयमा विद्यार्थी टिकाइराख्न दिवा खाजा, छात्रबृत्ति लगायतका प्रोत्साहनमुलक कार्यलाइ निरन्तरता दिईनेछ। <br> २.२.२ विद्यालयमा नपुग शिक्षक व्यवस्थापन गर्ने छोटो अवधीका स्वयंसेवक शिक्षक, अस्थाइ शिक्षक , आंशिक शक्षक जस्ता वैकल्पिक व्यवस्था गर्न एकमुष्ट अनुदानको व्यवस्था गरिनेछ। <br> २.२.३ विद्यालयमा विद्यार्थी तथा दलित र विपन्न अभिभावकहरूको नियमित निशुल्क स्वास्थ्य परीक्षण, अभिभावक भेला, उत्कृष्ठ अभिभावक पुरस्कार आदिको व्यवस्था गरी अभिभावकहरू समेतको विद्यालयमा पहुँच विस्तार र विद्यार्थी टिकाइराख्ने व्यवस्था गरिनेछ। |

| | |
|---|---|
| उद्देश्य ३ : माद्यमिक शिक्षामा सबैको पहुँच सुनिस्चित गरी सान्दर्भिकता र गुणस्तरमा सुनिस्चित गर्नु | |
| ३.१ निशुल्क माद्यमिक शिक्षामा सबैको पहुँच विस्तार गर्ने | ३.१.१ माद्यमिक तह सम्मको शिक्षा पूर्णतः निशुल्क गर्ने र विपन्न परिवारका विद्यार्थीलाइ छात्रबृत्तिको व्यवस्था गर्नेछ ।<br>३.१.२ माद्यमिक तहका विषयगत सिकाइलाइ प्रभावकारी बनाउन विषयगत शिक्षको समूह बनाइ आपसी अनुभव आदानप्रदान तथा एकअर्काको कक्षा अवलोकन र पृष्ठपोषण आदानप्रदानको व्यवस्था मिलाईनेछ ।<br>३.१.३ जनप्रतिनिधि, कर्मचारी, पेशाविद, निवृत्त शिक्षक तथा कार्यरत शिक्षकको समूह बनाइ निरीक्षण तथा सुपरीवेक्षणका कार्यमा परिचालन गरिनेछ ।<br>३.१.४. माग र आवश्यकताका आधारमा शिक्षकको पेशागत विकास र सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३.२.५. आधारभूत शिक्षाका लागि तोकिएको मापदण्ड बमेजिम स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री तयार गरी कार्यान्वयनमा ल्याइने छ । |
| ३.२. पूर्वाधार तथा प्रविधिको विकास मार्फत माद्यमिक तहको शिक्षामा गुणस्तर सुनिस्चित गर्ने | ३.२.१ अंग्रेजी, गणित, विज्ञान तथा अन्य प्राविधिक विषयमा बजारमा उपलव्ध डिजिटल पाठ्यसामग्रीहरू विद्यालयमा उपलव्ध गराइ तीनको प्रयोगलाइ प्रोत्साहन गरिनेछ ।<br>३.२.२. हरेक माद्यमिक विद्यालयमा नेटवर्क तथा डिजिटल स्मार्टबोर्ड तथा विज्ञान प्रयोगशालाको व्यवस्था गरिने छ र |
| उद्देश्य ४ : सबै युवा तथा प्रौढहरूका लागि साक्षरता, निरन्तर शिक्षा र जीवन पर्यन्त सिकाइको अवसर उपलव्ध गराइनु | |
| ४.१ अनौपचारिक शिक्षा तथा जीवन पर्यन्त सिकाइलाइ सुनिस्चित गर्ने | ४.१.१. निरक्षर युवा तथा प्रौढहरूका लागि आधारभूत अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गरिने छ ।<br>४.१.२. संघ तथ प्रशेश सरकारसंग समन्वय र साझेदारी गरी सार्वजनिक पुस्तकालय प्रणालीको विकास गरिनेछ ।<br>४.१.३. नगरपालिकाभरमा उपयुक्त ३ स्थानमा आधारभूत् सुविधा सहितका ३ वटा सावर्जनिक पुस्तकालय स्थापना गरी त्यसको व्यवस्थापन गरिनेछ । |
| ४.२. शैक्षिक सुशासन, सेवाप्रवाह र पारदर्शितामा सुधार ल्याउने | ४.२.१. सबै विद्यालयहरूको वित्तिय लेखा तथा आर्थिक प्रणालीलाइ कानुन वमोजिम तोकिएका ढाँचामा अनिवार्य रूपमा राखी नियमित अनुगमन तथा परीक्षणको व्यवस्था मिलाईनेछ ।<br>४.२.२. हरेक विद्यालयको आन्तरिक तथा वाह्य लेखा परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक खर्चको स्थितिलाइ अनुदान निकासाको आधार बनाइ कार्यान्वयन गरिनेछ ।<br>४.२.३. विद्यालयका प्र.अ., विव्यास, शिक्षक अविभावक संघहरूको क्षमता विकास गर्न तालिम तथा क्षमता विकासका कार्यक्रम गरिनेछ । |

**कार्यक्रम तथा आयोजना**

सुरूङ्गा नगरपालिकाले शिक्षा, विज्ञान तथा नवप्रवर्तन क्षेत्र विकासका लागि लिएको माथि उल्लेखित लक्ष्य तथा उद्देश्य प्राप्त गर्न निम्न बमोजिमको कार्यक्रम तथा आयोजना कार्यन्वयन गर्ने छ :

*तालिका नं.  ४३ : शिक्षा, विज्ञान तथा नवप्रवर्तन सम्वन्धी कार्यक्रम तथा योजना*

### ५.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

सुरूङ्गा नगरपालिकाले शिक्षा, विज्ञान तथा नवप्रवर्तन क्षेत्र विकासका लागि लिएको माथि उल्लेखित लक्ष्य तथा उद्देश्य प्राप्त गर्दा निम्न बमोजिमको उपलब्धि तथा नतिजा प्राप्त गर्ने अपेक्षा लिएको छ :

*तालिका नं.  ४४ : उपक्षेत्रगत अपेक्षित उपलव्धि तथा नतिजा खाका*

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार बर्षको अवस्था | योजना अवधिको लक्ष्य | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | जम्मा |
| प्रभाव | माद्यमिक तह सम्मको गुणस्तरीय शिक्षामा समतामूलक पहुँच र सहभागिता बृद्धि | आधारभूत तहमा कुल भर्ना दर | प्रतिशत | | | | | |
| | | ९ र १० मा कुल भर्ना दर | | | | | | |
| | | कक्षा १० मा टिकाउ दर | | | | | | |
| | | आधारभूत तह पूरा गर्ने दर | | | | | | |
| असर | गुणस्तरीय आधारभूत शिक्षामा सबैको पहूँच वृद्धि भएको | ४ वर्षका वालवालिकाको भर्ना अनुपात | प्रतिशत | | | | | |
| | | कक्षा १ मा भर्ना भएका वालवालिकामा वालविकास कक्षा समाप्त गरेकाको संख्या | प्रतिशत | | | | | |
| | विद्यालयमा आधारभूत शैक्षिक व्यवस्थापन र सेवा प्रवाहमा सुधार भएको | प्राथमिकता प्राप्त न्यूनतम सक्षमता (PMEC) पाएका विद्यालय | प्रतिशत | | | | | |
| | | महिला शिक्षकको संख्या | प्रतिशत | | | | | |
| | | ५ वर्ष माथिको साक्षरता दर | | | | | | |
| प्रतिफल | सबै वालविलकाहरू लाइ गुणास्तरीय | बालमैत्री, छात्रामैत्री, अपाङ्गैत्री र भुकम्प प्रतिरोधी संरचना भएको विद्यालय | प्रतिशत | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | प्रारम्भिक वालविकासको अवसर सुनिस्चित हुने | बालमैत्री आधारभूत पूर्वाधार र सुविधा (भवन, चर्पी, खानेपानी, खेलकूद मैदान, घेरावार, फर्निचर) उपलव्ध विद्यालय | प्रतिशत | | | | | | |
| | | विद्यालय बाहिर रहेका ५ - १५ बर्ष उमेर समूहका बालबालिका | प्रतिशत | | | | | | |
| | | बालमैत्री सिकाई विधि अवलम्वन गर्ने विद्यालय | | | | | | | |
| | निशुल्क माद्यमिक शिक्षामा सबैको पहूँच र सहभागिता सुनिस्चित भइ सान्दर्भिकता र गुणस्तरमा वृद्धि | माध्यमिक तह (९-१० ) को खूद भर्नादर | प्रतिशत | | | | | | |
| | | आइसिटी सेवा उपलव्ध भएको विद्यालय | संख्या | | | | | | |
| | | व्यवस्थित विज्ञान र कम्पयुटर प्रयोगशाला भएका विद्यालय | संख्या | | | | | | |
| | | विषयगत तालिम प्राप्त शिक्षकहरू | संख्या | | | | | | |
| | | आधारभूत तहमा स्थानीय मातृभाषामा पठनपाठन गर्ने विद्यालय | संख्या | | | | | | |
| | | सूचना प्रविधिका माध्यमबाट अध्यापन गर्ने विद्यालय | जना | | | | | | |
| | | अपाङ्गमैत्री विद्यालय | संख्या | | | | | | |
| | | वालमैत्री विद्यालय | संख्या | | | | | | |
| | | महिलामैत्री विद्यालय | संख्या | | | | | | |
| | | शिक्षक विद्यार्थी अनुपात (आधारभूत र माद्यमिक) | जना | | | | | | |
| | सबै नागरिकले साक्षरता, जीवन पर्यन्त शिक्षा र निरन्तर शिक्षाको अवसर प्राप्त गर्ने | ५ वर्ष उमेर माथिको साक्षरता दर | प्रतिशत | | | | | | |
| | | सार्वजनिक पुस्तकालय संख्या | संख्या | | | | | | |
| | | सामुदायिक सिकाइ केन्द्रहरू | संख्या | | | | | | |
| | | अनौपचारिक शिक्षा सहजकर्ता | संख्या | | | | | | |

### ५.२.६ अनुमान तथा जोखिम पक्ष

सुरूङ्गा नगरपालिकाले शिक्षा, विज्ञान तथा नवप्रवर्तन क्षेत्र विकासका लागि लिएको माथि उल्लेखित लक्ष्य तथा उद्देश्य प्राप्त गर्ने क्रममा निम्न बमोजिमको जोखिम हुनसक्ने अनुमान गरेको छ :

१. शैक्षिक पूर्वाधारका लागि स्रोत र साधनको उपलव्धता भएको हुनेछ
२. शिक्षकहरुको पठनपाठनमा लगनशीलता र अभिभावकको शैक्षिक गुणस्तर सुधारमा सहभागिताको कमीले गर्दा निश्चित उपलव्धी प्राप्तिमा जोखिम रहन्छ
३. शैक्षिक क्षेत्रमा नविनतम विधि तथा प्रविधिको प्रयोगलाई आत्मसात गरेको हुनेछ
४. शैक्षिक क्षेत्रमा पर्याप्त पूर्वाधार विकास, आवश्यक जनशक्ति व्यवस्था, क्षमता विकासका अवसर, नवीनतम प्रविधिको उपयोग, अन्तर सरकार सहयोग र सहकार्य, सरोकारवाला बीचको समन्वय, सहकार्य र साझेदारीको विकास जस्ता पक्षमा ध्यान पुगेमा अपेक्षित नतिजा हासिल हुनेछ
५. स्थानीय समुदायले शिक्षाको महत्व बुझेसंगै छोरीलाई शिक्षा आर्जनमा अनिवार्य सहभागिता गराएमा र पछाडी परेका समुदायका बालबालिकाहरुलाई विद्यालय भर्नामा विशेष व्यवस्थाले शिक्षामा सबैको पहुँच सुनिश्चित हुनेछ
६. नगरवासी, जनप्रतिनिधि, कर्मचारी, स्थानीय संघसंस्था र शिक्षाको क्षेत्रमा सहयोग गर्ने वाह्य संस्थाहरूबाट शैक्षिक सुधारका लागि एकजुट भई सबैपक्षबाट प्रयाप्त सहयोग भएमा निश्चित लक्ष्य र उद्देश्य प्राप्ति हुनेछ ।

## ५.३ खानेपानी तथा सरसफाइ

### ५.३.१ पृष्ठभूमि

नेपालको संविधानको धारा ३५ उपधारा ४ ले सबै नागरिकलाइ स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक सुनिस्चित गरेको छ। यसको अर्थ सबै तहका सरकारले नागरिकको यो हकको सम्मान गर्दै उनीहरूलाई स्वच्छ खानेपानी तथा सरसफाइको सुविधा उपलव्ध गराउनु पर्दछ। दिगो विकास लक्ष्यहरूको लक्ष्य ६ मा सबैको निम्ति सुरक्षित र खर्चले धान्न वा बेहोर्न सकिने खानेपानीको सर्वव्यापी र न्यायोचित पहुँच हासिल गर्ने, सरसफाई र स्वस्थ अवस्था कायम गर्ने कुरामा सबैको निम्ति पर्याप्त र न्यायोचित पहुँच सुनिश्चित गर्ने र खुला रुपमा दिसापिसाब गर्ने चलन वा बानीको अन्त्य गर्ने, खानेपानीको गुणस्तर सुधार गर्ने, एकिकृत जलस्रोत व्यवस्थापन कार्यक्रमहरू कार्यान्वयन गर्ने, पानीसंग सम्वन्धित पारिस्थितिकीय प्रणालीहरूको संरक्षण र पुनस्थापन गर्ने जस्ता परिमाणत्मक लक्ष्यहरू समावेश गरिएको छ।

यसै परिप्रेक्षमा यस नगरपालिकाले पनि नगरका सबै घरमा स्वच्छ खानेपानीको सुनिश्चितता गर्दै एक घर एक धारा वा कलको नीति लिएको छ। तथापी वर्तमान अवस्थामा करीव ६० प्रतिशत घरमा मात्र कलधारा जडान गरिएको अवस्था छ। त्यसै गरी चुरे पहाड तथा नगरको उच्च भेक तिर बसोवास गर्ने परिवारहरूले अझसम्म पनि खुल्ला स्थानको खोला तथा खोल्साकै पानी खानु पर्ने वाध्यता छदैछ । यस अवस्थालाइ विचार गरी नगरपालिकाले नगरको उत्तरी क्षेत्रमा देखिएको खानेपानीको समस्या समाधानका लागि चालु आ.व. मै संघीय सरकार तथा प्रदेश सरकारसंग समन्वय कार्य शुरू गरेको पाइन्छ। अर्कोतर्फ "स्वच्छ, सफा र हराभरा नगर" को नारा सहित फोहरमैलालाई व्यवस्थापनका लागि ल्याण्डफिल्ड साइटको खोजी गरी फोहरमैलाको उचित ब्यबस्थापन गर्ने सोच पनि रहेको पाइन्छ। यस नगरपालिकाको खानेपानीको स्रोत अनुसार परिवार संख्याको विवरण तलको चित्रमा देखाईएको छ :

*चित्र नं. ८ : खानेपानीको स्रोत अनुसार परिवार संख्याको विवरण*

## खाने पानीको स्रोत अनुसार परिवार संख्या




स्रोत: राष्ट्रिय जनगणना, २०७८

यस नगरपालिकामा सरसफाईको सन्दर्भमा अधिकांश घरमा शौचालय रहेको छ भने केही घरधुरी (६.४८%) घरधुरी) अझै पनि शौचालय विहिन अवस्थामा रहेको देखिन्छ। वडागत शौचालयको अवस्थालाई तलको तालिका देखाईएको छ:

*तालिका नं. ४५ : वडागत शौचालयको अवस्था सम्वन्धी विवरण*

| वडा नं | जम्मा | शौचालयको प्रकार | | | | शौचालय विहिन |
|---|---|---|---|---|---|---|
| | | फ्लस भएको शौचालय | सेफ्टी ट्याक सहितको फ्लस भएको शौचालय | पिट शौचालय | सार्वजनिक शौचालय | |
| १ | १०६० | ४३ | ७२९ | १८२ | १७ | ८९ |
| २ | १४२६ | १० | १०३० | ३१९ | ० | ६७ |
| ३ | ११८९ | १६ | ७१९ | ३३० | ११ | ११३ |
| ४ | १०५७ | २१ | ३३७ | ६६८ | १० | २१ |
| ५ | ८८९ | ११ | ८४० | १४ | २ | २२ |
| ६ | ५८७ | २७ | ४०६ | १४५ | ७ | २ |
| ७ | ११९६ | ३३ | ४०६ | ६६९ | २६ | ६२ |
| ८ | १००० | २ | ३७१ | ५७६ | ० | ५१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | ८०३ | २ | ५३७ | १७४ | ० | ९० |
| १० | ६०८ | २ | ३६७ | १०७ | १ | १३१ |
| ११ | ६७२ | १० | ४१६ | २११ | ३ | ३२ |
| **जम्मा** | **१०४८७** | **१७७** | **६१५८** | **३३९५** | **७७** | **६८०** |
| **प्रतिशत** | **१००** | **१.६९** | **५८.७२** | **३२.३७** | **०.७३** | **६.४८** |

स्रोत: राष्ट्रिय जनगणना, २०७८

### ५.३.२ समस्या तथा चुनौती

नगरपालिकामा खानेपानीको सुविधाको दृष्टिकोणले हेर्दा धेरै समस्याहरू देखिन्छन् । उत्तरी भेगमा भूमिगत जलको उपयोग गर्न कठिन हुने तथा मुहानहरू पनि निकै टाढा मात्र रहेकाले निकै ठूलो लगानीमा मात्र संभव हुने देखिन्छ । दक्षिण तर्फ पनि अधिकांस क्षेत्रमा भूमिगत जलको सतह गहिरिदै गएको नगरवासीहरूको भनाइ रहेको छ । नगरपालिकाका केही स्थानमा बोरिंग गरी ओभरहेड टयांकी मार्फत खानेपानी वितरण गर्ने कार्य हुन लागेको पाइए पनि अधिकांस स्थानमा कल वा नलकाकै भर रहेको पाइन्छ । दलित तथा विपन्न परिवारहरू अझै पनि नलकाको अभावमा टाढाबाट खानेपानी ल्याएर निर्वाह गर्ने अवस्थामै छन् । त्यसै गरी फोहोर व्यवस्थापनका क्षेत्रमा पनि ठोस योजनाको अभाव देखिन्छ । सबै वडाहरू खुल्ला दिसा मुक्त क्षेत्र घोषित भएका छन भने पूर्ण सरसफाइ युक्त क्षेत्र घोषणा गर्नका लागि आवस्यक सूचकहरू पूरा गर्ने तर्फका योजना देखिदैन । कतिपय बस्तीका केही परिवारहरु अझै पनि खुल्ला शौच गर्ने गर्दछन् । नगरले नीति तथा कार्यक्रममा जथाभावी फोहर फाल्ने कार्यलाई निरुत्साहित गरी नगर क्षेत्रको सबै स्थानमा सरसफाई अभियान संचालन गरिनेछ र फोहर व्यवस्थापनमा असहयोग गर्नेलाई कानूनी कारवाहीको लागि आवश्यक प्रकृया अवलम्वन गर्ने घोषणासम्म गरेको भए तापनि ठोस योजनाको अभावमा कार्यान्वयन भएको देखिदैन । वडा वडामा लाग्ने हाटबजारहरू ढलानसम्म भएका छन तर त्यहाँ उत्पन्न फोहोरलाई व्यवस्थित गर्ने, ढल निकास निर्माण गर्ने कार्यहरू गरेको पाइदैन । यस क्षेत्रमा चैत्र, बैसाख, जेठ महिनामा इनार तथा ट्युववेलमा पानी सुकेर धेरैतिर नै समस्या पर्दछ । सरसफाइ सम्वन्धी जनचेतनाको कमी, वनजंगलको विनासले पानीका मुहानमा ह्रास भएको तथा जथाभावी गिट्टीवालुवाको दोहनले नदीको समेत पानी सुक्दै गएको अवस्था देखिन्छ ।

सुरूङ्गा नगरपालिकाको दक्षिणी भेगमा पानीको स्रोतको हिसावले सहजै उपलब्ध भएता पनि पानीको गुणस्तर के कस्तो रहेको छ भन्ने कुराको पहिचान हुन नसकेको अवस्था छ । तर नगरवासीहरुमा घर आँगन तथा खानपानमा गर्नु पर्ने सरसफाइको चेतनाको स्तर भने कम नै रहेको छ । स्थानीयवासीहरुको सरसफाइको चेतना अभिवृद्धि गर्नु आफैमा चुनौति रहेको छ । बस्तुभाउहरु घर अगाडीको बाटोमा बाध्ने जसले गर्दा बाटोदेखि आँगन हुदै घरभित्रसम्म फोहोर पुग्ने गरेको देखिन्छ । यो प्रवृत्तिमा सुधार ल्याउन आफैमा चुनौति रहेको छ । पानी संकलन गर्ने भाडा, पिउन प्रयोग गरिने भाँडाहरुको सरसफाइमा ध्यान दिनु पर्ने देखिन्छ । भान्सा तथा घरबाट निस्कने फोहोर पानीको उचित विसर्जन गर्नुको सट्टा सिधै बाटो वा वारीमा बग्न दिने चलने रहेको छ । घरबाट निस्कने पलास्टिकजन्य फोहोरहरु यत्रतत्र फ्याकिएको वा बारीमा फाल्ने वा जलाउने चलन धेरै रहेको छ ।

### ५.३.३ संभावना तथा अवसर

यस नगरपालिकाको शिर भनेकै जंगलले भरिएको चुरे पहाडी भाग हो । तसर्थ त्यस क्षेत्रको समुचित संरक्षण, त्यहाँ भएका मूहान तथा दहहरूको संरक्षण, वर्षाको पानी संरक्षण गर्न ठूला ठूला रिचार्ज पोखरी निर्माण र दिगो गरी संरक्षण गरेमा यस नगरपालिकामा पानीको आपूर्ति सहज हुने धेरै संभावना छ । यसै गरी संघ तथा प्रदेश सरकारसंग समन्वय गरी नगरपालिकाको चार स्थानमा ओभरहेड टयांकी निर्माण भैरहेको अवस्थामा त्यसलाइ पूर्णता दिएमा ३००० भन्दा बढि परिवारका उपभोक्ताहरूले खानेपानीको सुविधा पाउने सम्भावना देखिन्छ । यस अतिरिक्त अन्य साझेदार तथा नीजि संस्थाहरूसंग समेत सहकार्यमा मात्र ठूला परियोजना चलाउन सकिने देखिन्छ । तत्कालका लागि भने नलकुप समेत जोड्न नसक्ने परिवारका लागि भने नगरपालिकाबाट त्यसका लागि सहयोग गर्नुपर्ने देखिन्छ ।

आर्सेनिक युक्त पानीको कारण जोखिम देखिएका नगरपालिकाका दक्षिणी भेगका ग्रामीण क्षेत्रमा चापाकलको विकल्पमा खानेपानी ट्यांकी निर्माणका लागि संघीय तथा प्रदेश सरकारसंग समन्वय गरेर कार्य गर्न सकिने सम्भावना रहेको छ । सार्वजनिक स्थलहरुमा शौचालय समेत निर्माण गर्नु पर्ने देखिन्छ ।

नगरपालिकाको उत्तरी भेगमा चुरे उत्थानशील आयोजना, भूसंरण कार्यालयहरुसँगको समन्वयमा रिचार्ज पोखरीहरु निर्माण गर्न सक्ने सम्भावना रहेको छ जसले तल्लो तटिय क्षेत्रमा पानीको तह माथि आउने साथै संभावित मुलहरु पूनः सुचारु हुन सक्ने संभावनाहरु देखिन्छ । खानेपानीका उपभोक्ता समितिहरु मार्फत पानी वितरण व्यवस्थित गर्न सकिन्छ । वातावरणको क्षेत्रमा काम गर्ने, सरसफाइको क्षेत्रमा काम गर्ने संघसंस्थाहरुसँग मिलेर सरसफाइका कार्यहरु गर्न सकिने संभावना रहेको छ ।

### ५.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

सुरूङ्गा नगरपालिकाले खानेपानी तथा सरसफाइको क्षेत्रमा आगामी तीन वर्षको लागि लिएको लक्ष्य यस प्रकार रहेको छ :

**लक्ष्य** :

सुरक्षित खानेपानीमा नागरिक सवैको सहज पहुँच अभिवृद्धि गर्दै स्थानीयहरुको सहभागितामा फोहोरमैला तथा सरसफाई को व्यवस्थापनवाट स्वच्छ र सफा वातावरण कायम राख्ने ।

**उद्देश्य :**

आगामी तीन वर्षभित्रमा सुरूङ्गा नगरपालिकाले खानेपानी तथा सरसफाइ क्षेत्रको वृहत्तर विकासका लागि निम्न बमोजिमको उद्देश्य लिएको छ :

१. प्रत्येक घरधुरीमा स्वच्छ खनेपानीको पहुँच स्थापना गर्नु
२. सडक, सार्वजनिक स्थल तथा संघसंस्थाका कार्यालय परिसरमा नियमित सरसफाइको व्यवस्था गर्नु ।

**रणनीति तथा कार्यनीति :**

सुरूङ्गा नगरपालिकाले खानेपानी तथा सरसफाइ क्षेत्रका लागि लिएको माथि उल्लेखित लक्ष्य तथा उद्देश्य प्राप्त गर्न निम्न रणनीतिको अवलम्बन गर्ने छ :

*तालिका नं. ४६ : उपक्षेत्रगत रणनीति तथा कार्यनीति*

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| उद्देश्य १ : प्रत्येक घरधुरीमा स्वच्छ खानेपानीको पहुँच स्थापना गर्नु । | |
| १.१. नगरका सबै घरमा स्वच्छ खानेपानीको सुनिश्चितता गर्ने | १.१.१ सबै वडामा एक घर एक धारा वा कल उपलब्ध गराइनेछ<br>१.१.२ N-WASH System बाट प्राप्त प्रतिवेदनको आधारमा आवश्यक खानेपानी तथा सरसफाई सम्वन्धी कार्यक्रम तय गरी कार्यान्वयन गरिनेछ । |
| उद्देश्य २. सडक, सार्वजनिक स्थल तथा संघसंस्थाका कार्यालय परिसर स्वच्छ तथा सफा राख्नु | |
| २.१. सडक, सार्वजनिक स्थल तथा संघसंस्थाका कार्यालय परिसरमा नियमित सरसफाइको व्यवस्था गर्ने | २.१.१ हरेक सार्वजनिक स्थानमा फोहोर राख्ने बीनको व्यवस्था र नियमित फोहोर उठाउने व्यवस्था मिलाइने छ ।<br>२.१.२ विद्यालय, स्वास्थ्य केन्द्र लगायत सबै कार्यालय तथा प्रतिषठानहरूमा कुहिने तथा नकुहिने फोहोर व्यवस्थापन गर्ने कार्यलाई अनिवार्य गराइने छ । |

| | |
|---|---|
| | २.१.३ बजारलई सुन्दर र सफा राख्न बजार क्षेत्रभित्रको ढल निकासको कार्यलाई व्यवस्थित रुपले सञ्चालन गरिने छ।<br>२.१.४ सडकमा वस्तु छाडा छाड्ने कार्यलाइ कडाइका साथ निरूत्साहित गरिनेछ। |

**कार्यक्रम तथा आयोजना :**

सुरूङ्गा नगरपालिकाले खानेपानी तथा सरसफाइ क्षेत्र विकासका लागि लिएको माथि उल्लेखित लक्ष्य तथा उद्देश्य प्राप्त गर्न निम्न बमोजिमको कार्यक्रम तथा आयोजना कार्यन्वयन गर्ने छ :

*तालिका नं. ४७ : खानेपानी तथा सरसफाई सम्वन्धी कार्यक्रम तथा योजना*

## ५.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

सुरूङ्गा नगरपालिकाले खानेपानी तथा सरसफाइ क्षेत्र विकासका लागि लिएको माथि उल्लेखित लक्ष्य तथा उद्देश्य प्राप्त गर्दा निम्न बमोजिमको उपलब्धि तथा नतिजा प्राप्त गर्ने अपेक्षा लिएको छ :

*तालिका नं. ४८ : उपक्षेत्रगत अपेक्षित उपलब्धि तथा नतिजा खाका*

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार बर्षको अवस्था | योजना अवधिको लक्ष्य | | | | पुष्टाईको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | जम्मा | |
| प्रभाव | प्रत्येक घरधुरीमा स्वच्छ खनेपानीको पहुँच वृद्धि | नियमित पानी आउने धारा जडान भएका घरधुरी | संख्या | | | | | | |
| | सडक, सार्वजनिक स्थल तथा कार्यालय परिसर स्वच्छ देखिने | नियमित पानी आउने कलधारा भएका घरधुरी | संख्या | | | | | | |
| | | स्वच्छताका सबै सूचक पूरा भएका सार्वजनिक स्थल तथा कार्यालय परिसर | संख्या | | | | | | |
| | | स्वच्छताका सबै सूचक पूरा भएका विद्यालय | संख्या | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **असर** | प्रत्येक घरधुरीमा कल अथवा धारा जडान भएको अवस्था | कल वा धारा जडान भइ नियमित सरसफाइ सहित प्रयोग गर्ने घरधुरी | संख्या<br>प्रतिशत | | | | | | |
| | खनेपानीको पहुँच स्थापना | नियमित सफाइ भएका सडक | स्थान संख्या | | | | | | |
| | सडक, सार्वजनिक स्थल तथा कार्यालय परिसर नियमित सरसफाइ भएको अवस्था | स्वच्छताको सूचक अनुसार नियमित सफाइ भएका कार्यालय | संख्या | | | | | | |
| | | स्वच्छताको सूचक अनुसार नियमित सफाइ भएका विद्यालय | संख्या | | | | | | |
| **प्रतिफल** | | सार्बजनिक् स्थलमा फोहोर फाल्ने बीन व्यवस्थित भएका | संख्या | | | | | | |
| | | पर्याप्त पानी सहित व्यवस्थित सार्वजनिक शौचालय भएका स्थान | संख्या | | | | | | |
| | | पर्याप्त पानी सहित व्यवस्थित | संख्या | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | शौचालय तथा फोहोर व्यवस्थापन भएका कार्यालयहरू | | | | | | | |
| | | पर्याप्त पानी सहित शौचालय तथा फोहोर व्यवस्थापन भएका विद्यालयहरू | संख्या | | | | | | |
| | | आधारभुत सुविधा (खानेपानी, शौचालय, वर्थिङ्ग वार्ड र परामर्श केन्द्र आदि) उपलब्ध भएका स्वास्थ्य संस्था | संख्या | | | | | | |

### ५.३.६ अनुमान तथा जोखिम पक्ष

सुरूङ्गा नगरपालिकाले खानेपानी तथा सरसफाइ क्षेत्र विकासका लागि लिएको माथि उल्लेखित लक्ष्य तथा उद्देश्य प्राप्त गर्ने क्रममा निम्न बमोजिमको जोखिम हुनसक्ने अनुमान गरेको छ :

१. सामुदायिक सहयोग, संघीय अनुदान यथावत रुपमा प्राप्त हुनेछ
२. खानेपानीको क्षेत्रमा काम गर्ने संघसंस्थाहरुको आर्थिक सहकार्य नियमित हुनेछ
३. सरसफाइका क्रियाकलापहरुमा समुदायको सहभागिता तथा अपनत्व ग्रहण गरेको हुनेछ
४. खानेपानी तथा सरसफाई शाखाले N-WASH System लाई नियमित अद्यावधिक गरेको हुनेछ ।

## ५.४ महिला, बालबालिका तथा लक्षित वर्ग

### ५.४.१ पृष्ठभूमि

नेपाली परिवेशमा केही समूह (जातिय, वर्गिय, भौगोलिक) अझै पनि विकासको मूलप्रवाहमा समाहित हुन सकेका छैनन् । यी समुदायहरूको विकास र सशक्तिकरण अहिलेको मूख्य सवाल बनिरहेको छ । विभिन्न राजनीतिक परिवर्तन भएपनि यी समुदायका

व्यक्तिहरूमा परिवर्तन आउन नसकेकोले व्यवस्था परिवर्तनसंगै यी समुदायको अवस्थामा परिवर्तन ल्याउनका लागि राज्यले समावेशीकरणको नीति अवलम्वन गरेको छ । यस मध्ये महिला, बालबालिका तथा लक्षित वर्ग मूख्य रूपमा रहेको छ । सामाजिक समावेशीकरण भन्नाले राज्यको मूल प्रवाहबाट वञ्चितीकरणमा पारिएका समुदायलाई मूल प्रवाहमा समाहित गराउने प्रक्रियालाई बुझाउँछ । यसलाई वञ्चितीकरणको विपरीत अर्थका रूपमा पनि बुझ्ने गरिन्छ। वञ्चितीकरणमा परेका समूहको समग्र विकासमा देखिएका संस्थागत अवरोध हटाउनुका साथै केही अतिरिक्त लाभ र हौसला प्रदान गर्नु नै समावेशीकरण हो। नेपालको संविधानको प्रस्तावनामा नै लैंगिक विभेद अन्त्य गरी समानुपातिक समावेशीकरण र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था गरिएको छ। महिलाको हक सम्बन्धी धाराले समान वशींय अधिकार, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी अधिकार, राज्यका सबै सरकारमा सहभागिता हुने अधिकार, सम्पत्ति तथा पारिवारिक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ। यसका साथै महिला विरुद्ध हुने हिंसाजन्य कार्यहरूलाई कानुन बमोजिम दण्डनीय हुने व्यवस्था गरेकोछ। समानताको हकले नागरिकहरू, सामाजिक र सांस्कृतिक रुपले पछाडि परेका समुदाय समेतको संरक्षण, सशक्तिकरण वा विकासको लागि संविधानमा विशेष प्रावधानहरूको थप व्याख्या गरको छ। सामाजिक न्यायको हकले राज्यका हरके सरकारहरूमा समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा जनताको सहभागिताको अधिकार स्थापना गरको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सम्बन्धी व्यवस्था गरेको छ । त्यसैगरी वडा समितिको काम, कर्तव्य र अधिकारमा तथ्यांक अद्यावधिक तथा संरक्षण अन्तर्गत खण्डीकृत तथ्यांक संकलन गर्ने, विकास कार्य अन्तर्गत बालविवाह, बहु–विवाह, लैंगिक हिंसा अन्त्य गर्ने आदिको व्यवस्था गरिएको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सम्बन्धी व्यवस्था प्रस्तावनमा नै उल्लेख गरिएको छ। यसै सन्दर्भमा यस नगरपालिकाले तर्जुमा गर्ने नीति, कार्यक्रम तथा बजेट, बार्षिक योजना तर्जुमा प्रकृया, आयोजना व्यबस्थापन तथा कार्यान्वयन र अनुगमन तथा मुल्याङ्कन गर्ने क्रममा संघीय, प्रदेश तथा स्थानीय सरकारले अवलम्वन गरेको राष्ट्रिय तथा प्रादेशिक नीति बमोजिम तय भएका लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण सम्बन्धि कार्यक्रमहरुको कार्यावन्यन गर्दै आवधिक तथा वार्षिक कार्यक्रम तर्जुमा गर्दा समेत यसलाइ एक अभिन्न पक्षका रूपमा लिएर योजनाबद्व कार्ययोजना बनाएर अधि बढ्नु पर्ने हुन्छ।

नेपालको सन्दर्भमा सामाजिक वञ्चितिकरणले धेरै वर्ष अघिदेखि सामाजिक, सास्कृतिक धार्मिक आदि कारणले गरिएको विभेदले सृजना गरेको अवस्थाको चित्रण गर्दछ। “सामाजिक समावेशीकरण” को अवधारणामा लैङ्गिक समानता, अपाङ्ग तथा जेष्ठ नागरिकको पहुँच जस्ता विभिन्न सामाजिक कार्यक्रम समेटिएका हुन्छन्।

सुरूङ्गा नगरपालिका मिश्रित जातजातिहरुको बसोबास भएको नगरपालिका हो । नगरपालिकाको दक्षिणी भेगमा अधिकांस मधेशीमुलका जातजातिका मानिसहरु बसोबास गर्दछन् भने उत्तरी भेगमा पहाडी तथा मधेशीमुलका जातजातिहरु करिव करिव समान रुपमा बसोबास रहेको छ। दुवै भेगमा चौधरी वा पूर्वी थारु समुदायको बसोबास उल्लेख्य मात्रामा रहेको छ। मधेशी संस्कार अनुसार महिला, बालबालिका तथा लक्षित वर्गसँग गरिने व्यवहार पनि फरक रहेको पाइन्छ। उत्तरी भेगमा बसोबास गर्ने समुदायमा भन्दा दक्षिणी समुदायका महिलाहरुले कमै मात्रामा अधिकारहरुको उपयोग गर्न पाएको पाइन्छ। अझै पनि केही भागमा बुर्का वा घुम्टो प्रथा रहेको देखिन्छ भने दाइजो, छोरीलाई शिक्षा तथा अन्य क्षेत्रमा दिइने पहुँच, बाल विवाह, जेष्ठ नागरिकहरुलाई गरिने व्यवहार समुदाय अनुसार फरक फरक रहेको छ।

### ५.४.२ समस्या तथा चुनौती

सामाजिक रूपमा पछाडि परेका खास गरेर महिला बालबालिका तथा लक्षित समूह लगायत अल्पसंख्यक समुदायको हक हितको संरक्षण, सम्बर्द्धन र भाषा, कला, साहित्य, धर्मलाई प्रवर्द्धन गर्नुपर्ने देखिन्छ। यसका साथै नगरपालिकामा यौनिक तथा लैंगिक अल्पसंख्यक, महिला, हिंसा पीडित, जेष्ठ नागरिकहरू बढि सम्वेदनशील र बञ्चिततिकरणमा परेका समूहमा पर्दछन् । दलित तथाअति विपन्न परिवारका वालवालिकाहरू विद्यालय तहको शिक्षा लिनबाट अझै बञ्चितमा छन । अभिभावकको विपन्नता र लाचारीपना,

वालवालिकाहरूको विद्यालयमा भन्दा अन्यत्र जाने प्रवृत्ति, स्थानीय भाषा शैलीमा अध्यापन गराउन शिक्षकको कमी आदि कारणहरू देखिन्छन् । नगरपालिकाले बालश्रम, बालशोषण, बालबिबाह र बालहिंसा न्युनीकरण गर्न विशेष कार्यक्रमहरू गरी नगरपालिकालाई वालविवाह रहित क्षेत्र घोषणा गरिसकेको छ भने विभिन्न सूचकहरू पूरा गरेर वाल मैत्री नगरपालिका घोषणा गर्ने तयारीमा रहेको छ । यति हुदाहुदै पनि अझै कतिपय वालवालिकाहरू विद्यालय गएर पढ्ने उमेरमा पनि नगरपालिका वाहिरका अन्य बजारमा गएर वाल श्रम बेच्न वाध्य छन् । त्यसै गरी महिलामाथि हुने भेदभाव, उत्पीडन, घरेलु हिंसा कम हुन नसक्नु, महिलाहरूको भूमिका उत्पादनशील क्षेत्र र सामुदायिक निर्णायक क्षेत्रमा भन्दा पनि घरेलु काम धन्दामा बढि व्यतित हुनु, महिला लक्षित कार्यक्रमको कमी वाल तथा अपांगमैत्री पूर्वाधारको कमी जस्ता जल्दाबल्दा समस्याहरू अझै विद्यमान छन् । मातृ मृत्यृदर तथा शिशुमृत्युदरको अवस्था ठीकै भए तापनि अधिकांस महिलाहरू स्वासप्रश्वास सम्बन्धी समस्याग्रस्त छन् । किशोरी शिक्षा तथा प्रजनन स्वास्थ्य सम्बन्धी शिक्षाको कमीले अपरिपक्क उमेरमा विवाह गर्ने, गर्भवति हुने जस्ता कुराले जोखिममा छन् । वालवालिकाहरूमा पोषणयुक्त खानाको अभाव, जंकफुडको प्रयोग दिनानुदिन बढ्दै जानु र लक्षित बर्गको आर्थिक उन्नति प्रक्रियामा संलग्न गराउनु चुनौति रहेको छ ।

### ५.४.३ संभावना तथा अवसर

यस नगरपालिकामा विभिन्न संघ संस्थाहरू वाल अधिकार तथा महिला सहभागिता अभिवृद्धि गर्ने उद्देश्यले कार्यरत छन् । नगरपालिकाले ती संस्थाहरूसंगको सहकार्यमा यस क्षेत्रमा प्रभावकारी रूपमा काम गर्न सक्ने सम्भावना रहेको पाइन्छ । नगरपालिकाले यस पालिमा भित्र वसोबास गर्ने जनजातिहरूकै भाषामा स्थानीय पाठ्यक्रम तयार गरी विद्यालय तह सम्म पठनपानठ समेत गर्न सक्छ । विद्यालयमा सेवा निवृत्त जेष्ठ नागरिबाट विभिन्न सेवा गराइ विद्यार्थीको व्यक्तित्व विकासमा सहयोग पुर्याउन सकिन्छ भने यस नगरपालिकामा उल्लेखनीय रूपमा वसोवास गर्ने थारू जातिको संस्कृति, भेषभूषा, खानाका विभिन्न परिकारको प्रवर्द्धन गरी स्थानीय तथा वाह्य पर्यटकको समेत मन लोभ्याएर आम्दानी गर्ने कार्यमा थारू महिला तथा युवाहरूलाइ प्रोत्साहन दिन सकिन्छ । सबै वडामा मोटर बाटो पुगेकोले यातायातको सुविधाका कारण यहाँका खास गरेर विपन्न तथा दलित युवाहरूलाइ विद्युतीय सवारी साँधन चलाउने तथा मरम्मत गर्ने सीप प्रदान गरेमा वातावरणामा अनुकुल प्रभाव पर्नुका साथै उनीहरू स्वरोजगार बन्ने सम्भावना पनि प्रवल देखिन्छ । देश संघीय संरचनामा गई आवधिक निर्वाचनहरू हुन थालेपछि निर्णायक तह नगरसभा, प्रदेश सभामा महिलाको वाक्लो उपस्थिति रहेको छ । स्थानीय सभामा आदिवासी जनजातिहरुको प्रतिनिधित्व पनि रहदै आएको छ । समुदायमा महिला समूह, आमा समूहहरु क्रियाशील रहेका छन् भने बाल क्लव, अपाङ्गता भएका व्यक्तिहरूहरूको संगठन क्रियाशील रहेका छन् । यसैगरी सामाजिक सुरक्षा कार्यक्रमवाट लाभान्वित जनसंख्या अधिक रहेको छ भने महिला सहकारी संस्थाहरु क्रियाशील रहेका छन् । अपाङ्गता भएका व्यक्तिहरुको सशक्तीकरणका लागि क्षमता विकास कार्यक्रमहरु सञ्चालन गर्न, अनाथ वालवालिका संरक्षण कार्यक्रम सञ्चालनको लागि अन्य संघसंस्थाहरुसँग सहकार्य गर्न सक्ने संभावना रहेको छ ।

### ५.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

नगरपालिकाले महिला, बालबालिका तथा लक्षित बर्गको क्षेत्रमा आगामी तीन वर्षको लागि लिएको लक्ष्य यस प्रकार रहेको छ :

**लक्ष्य** :

सामाजिक न्याय सहितको समतामूलक समाज बनाउने ।

**उद्देश्य**

आगामी तीन वर्षभित्रमा सुरूङ्गा नगरपालिकाले महिला, बालबालिका तथा लक्षित बर्ग क्षेत्रको वृहत्तर विकासका लागि निम्न बमोजिमको उद्देश्य लिएको छ :

१. नगर विकासका प्रक्रियामा वञ्चितिकरणमा परेका महिला, दलित, अल्पसंख्यक तथा जनजातिहरूको सहभागीता प्रवर्द्धन गराउनु

**रणनीति तथा कार्यनीति :**

सुरूङ्गा नगरपालिकाले महिला, बालबालिका तथा लक्षित बर्ग क्षेत्रका लागि लिएको माथि उल्लेखित लक्ष्य तथा उद्देश्य प्राप्त गर्न निम्न रणनीतिको अवलम्बन गर्नेछ :

*तालिका नं. ४९ : उपक्षेत्रगत रणनीति तथा कार्यनीति*

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| उद्देश्य १ : नगर विकासका प्रक्रियामा वञ्चितिकरणमा परेका महिला, दलित, अल्पसंख्यक तथा जनजातिहरूको सहभागीता प्रवर्द्धन गराउनु | |
| १.१. महिला, दलित, अल्पसंख्यक तथा जनजातिहरूलाइ परम्परागत सीपमा आधारित उद्यम विकासमा सहभागी गराउने | १.१.१ महिला, दलित, अल्पसंख्यक तथा जनजातिहरूलाइ परम्परागत सीपमा आधारित उद्यम सञ्चालन गर्ने क्षमता विकास गरिनेछ।<br>१.१.२ त्यस्ता उद्यमीले उत्पादन गरेका सामानहरूको बजारीकरणको व्यवस्था मिलाइने छ।<br>१.१.३ एक घर एक सीप, एक बस्ति एक उद्यम हुने गरी कार्यक्रम गरिनेछ। |
| १.२ परम्परागत नाँचगान, भेषभुषा तथा वाजागाजालाइ आय आर्जनसंग जोडेर संरक्षण प्रवर्द्धन गर्ने | १.२.१ पहिचान जनाउने परम्परागत भेषभुषा, वाजागाजा, नाँचगानहरूलाइ व्यव्स्थित गर्दै आम्दानीको स्रोतका रूपमा उपयोग गर्न महिला तथा युवा समूहलाइ प्रोत्साहन गरिनेछ।<br>१.२.२. सिमसार क्षेत्रहरूमा जैविक विविधता संरक्षण, पर्या पर्यटन, परम्परागत खाना तथा नाँचगान प्रवर्द्धन जस्ता कार्यलाइ एकिकृत रूपमा समेटेर व्यवसाय गर्न स्थानीय युवालाइ प्रोत्साहन गरिनेछ। |
| १.३ घरेलु हिंसा, वालविवाह, वाल यौन दुर्व्यवहार विरूद्धमा सचेत जमात तयार गर्ने | २.३.१ घरेलु हिंसा, वालविवाह, वाल यौन दुर्व्यवहार विरूद्धमा चेतनामुलक कार्यक्रमहरू गरिनेछ।<br>१.३.२ वाल क्लव तथा किशोरी समूहलाइ तालिम दिइ उनीहरूमार्फत हरेक वडाका बस्ति, बस्तिमा घरेलु हिंसा, वालविवाह, वाल यौन दुर्व्यवहार विरूद्धमा सडक नाटक लगायत विभिन्न प्रतियोगिता सञ्चालन गरिनेछ। |

**कार्यक्रम तथा आयोजना :**

सुरूङ्गा नगरपालिकाले महिला, बालबालिका तथा लक्षित बर्ग क्षेत्र विकासका लागि लिएको माथि उल्लेखित लक्ष्य तथा उद्देश्य प्राप्त गर्न निम्न बमोजिमको कार्यक्रम तथा आयोजना कार्यान्वयन गर्ने छ :

*तालिका नं. ५० : महिला बालबालिका तथा लक्षित वर्ग सम्वन्धी कार्यक्रम तथा योजना*

## ५.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

सुरूङ्गा नगरपालिकाले महिला, बालबालिका तथा लक्षित बर्ग क्षेत्र विकासका लागि लिएको माथि उल्लेखित लक्ष्य तथा उद्देश्य प्राप्त गर्दा निम्न बमोजिमको उपलब्धि तथा नतिजा प्राप्त गर्ने अपेक्षा लिएको छ :

*तालिका नं. ५१ : उपक्षेत्रगत अपेक्षित उपलब्धि तथा नतिजा खाका*

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार बर्षको अवस्था | योजना अवधिको लक्ष्य | | | | पुष्टाईको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | जम्मा | |
| प्रभाव | शौ | घरेलु हिंसाको घटनामा कमी | संख्या | | | | | | |
| | | परम्परागत सीपमा आधारित उद्यम व्यवसायी महिला | संख्या | | | | | | |
| | | राष्ट्रपति महिला उत्थान कार्यक्रमबाट लाभान्वित महिला | संख्या | ८० | | | | | |
| | | युवा उद्यमी | संख्या | | | | | | |
| | | राष्ट्रिय स्तरका खेलाडी | संख्या | | | | | | |
| | | एकिकृत पर्या पर्यटन व्यवसायी | संख्या | | | | | | |
| | | अपांग उद्यमी | संख्या | | | | | | |
| असर | घरेलु हिंसा तथा वाल यौन दुर्व्यवहार विरोधी जनमत वृद्धि भएको<br><br>परम्परागत सीपमा आधारित उद्यमहरू दर्ता भएका | घरेलु हिंसा, वाल यौन दुर्व्यवहार जस्ता घटना भएमा तुरून्त कानुनी उपचार लिने चलन चलेको (Reported Cases) | संख्या | | | | | | |
| | | स्थानीय संस्कृतिमा आधारित पर्या | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | पर्यटन केन्द्र दर्ता | | | | | | | |
| | | परम्परागत सीपमा आधारित उद्यम दर्ता | संख्या | | | | | | |
| **प्रतिफल** | महिलाहरूमा परम्पागत सीपमा आधारित उद्यम सञ्चालन सम्बन्धी ज्ञान तथा सीप भएको<br><br>घरेलु हिंसा तथा वाल यौन दुर्व्यवहार सम्बन्धी व्यापक जनचेतना वृद्धि भएको<br><br>स्थानीय पहिचान जनाउने परम्परागत नाचगान, भेषभुषा तथा वाजागाजा प्रयोग सम्बन्धी ज्ञान र सीप भएका युवाहरू तयार भएका<br><br>सिमसार, मन्दिर तथा अन्य पर्यटकीय क्षेत्रमा एकिकृत पर्या पर्यटन केन्द्र स्थापना गर्ने स्थल पहिचान भएको | तालिम प्राप्त महिला<br><br>घरेलु हिंसा तथा वाल यौन दुर्व्यवहार सम्बन्धी चेतना जागरण कार्यक्रम सम्पन्न भएका | संख्या<br><br>संख्या | १२०<br><br>२ | | | | | |
| | | महिला संजाल तथा आमा समूहहरू | संख्या | १८ | | | | | |
| | | महिला सहकारी संस्था | संख्या | ३ | | | | | |
| | | वडा स्तरीय वाल संजाल समूह | संख्या | १२८ | | | | | |
| | | लैंगिक हिंसा निवारण कोषमा जम्मा भएको रकम | रू | २०० ००० | | | | | |
| | | युवाहरूलाइ तालिम प्रदान वाजागाजा तथा भेषभुषा उपलव्ध | जना<br>सेट | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | पर्या पर्यटन तालिम सम्पन्न | जना | | | | | | |

### ५.४.६ अनुमान तथा जोखिम पक्ष

सुरूङ्गा नगरपालिकाले महिला, बालबालिका तथा लक्षित वर्ग क्षेत्र विकासका लागि लिएको माथि उल्लेखित लक्ष्य तथा उद्देश्य प्राप्त गर्ने क्रममा निम्न बमोजिमको जोखिम हुनसक्ने अनुमान गरेको छ :

१. महिला, बालबालिका तथा लक्षित वर्गको विकास सम्बन्धित कार्यक्रममा प्राथमिकताका साथ बजेट विनियोजन भएको अवस्था हुने
२. नीतिगत व्यवस्था र यसको कार्यान्वयन सहित व्यवहारिक कार्यक्रम तर्जुमामा जनप्रतिनिधिहरूको तदारूकता भएको हुने
३. यस क्षेत्रसँग सम्बन्धित निकाय तथा संरचनाको क्षमता विकास तथा क्रियाशिलता भएको हुने ।

## ५.५ युवा तथा खेलकुद

### ५.५.१ पृष्ठभूमि

राष्ट्रिय युवा नीति, २०७२ ले युवाका आधारभूत अधिकारहरूको प्रत्याभूति गर्दै युवा सशक्तीकरणका माध्यमबाट सामर्थ्यवान्, उद्यमशील, सिर्जनशील तथा वैज्ञानिक एवं सकारात्मक सोचयुक्त समृद्ध युवा तयार गरी राष्ट्रको राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक जीवनमा अर्थपूर्ण योगदान दिन सक्ने गरी राष्ट्रका युवालाई नेतृत्वदायी भूमिकामा स्थापित गराउने सोच लिएको छ । शिक्षित बेरोजगार युवाहरूको संख्या बढ्दो छ भने युवाहरू वैदेशिक रोजगारमा संलग्न रहेको पाईन्छ । विद्यमान युवा जनशक्तिलाई सृजनशील कार्य र सूचना प्रविधि (आईसीटी) जस्ता क्षेत्रसँग जोडेर आर्थिक विकास र सामाजिक रूपान्तरणको संवाहकका रूपमा स्थापित गराउन सकिने सम्भावना नगरपालिकासँग रहेको देखिन्छ । नगरपालिकाले युवाहरुको लागि स्वरोजगारीमूलक व्यवसायिक सीप तालिम, क्षमता विकास कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ । युवाहरुको शारिरिक विकासका लागि खेलकुद मैदानहरुको व्यवस्था गरेको छ भने खेलकुद प्रतियोगिता सञ्चालन गरिरहेको छ । प्रधानमन्त्री तथा युवा स्वरोजगार कार्यक्रमवाट युवाहरु लाभान्वित भएका छन् ।

### ५.५.२ समस्या तथा चुनौती

संस्थागत संरचना कमजोर हुनाले युवा प्रतिभा एवम् खेलकूदको विकासका लागि स्थानीय स्तरमा पर्याप्त अवसर उपलब्ध हुन सकेका छैनन् । खेल प्रशिक्षकको उचित व्यवस्था नभएको, खेलकूद सामग्री तथा प्रोत्साहनमा कमी, खेलाडीहरुलाई उचित खाजाको व्यवस्था नभएको, युवा स्वरोजगार कार्यक्रमको कमी रहेको, युवा पलायन व्यापक रहेको, युवा आत्मनिर्भरताका अवसरमा कमी र कृषि तथा उद्योग क्षेत्रमा युवा आकर्षण न्यून, युवाका लागि उत्प्रेरणा, परामर्श तथा अभिमूखीकरणको कमी रहेको छ ।

उद्यमशीलता प्रवर्द्धन गर्ने काममा युवा वर्गलाई उत्प्रेरित गर्नु, उच्च शिक्षा प्राप्त गरेका युवाको पलायन रोक्नु, सामाजिक तथा आर्थिक क्षेत्रमा युवाको सहभागिता वृद्धि, रोजगारी र स्वरोजगारीको व्यवस्था, सामाजिक तथा आर्थिक विकासमा युवा परिचालन, स्थानीय स्तरमा खेलकुदका लागि पर्याप्त भौतिक पूर्वाधारको व्यवस्था गर्न आर्थिक स्रोत तथा साधन जुटाउनु, लैङ्गिकमैत्री तथा समावेशी बनाउनु, खेलकुदलाई व्यवसायीकरण गरी व्यवसायका रुपमा स्थापना गर्नु र युवाहरूलाई लागू औषध दुर्व्यसनबाट बचाउनु प्रमुख चुनौती छन् ।

### ५.५.३ संभावना तथा अवसर

खेलकुदका सन्दर्भमा यस नगरपालिकाभित्र सामान्य खेलकूद मैदानहरू रहेका छन् । नगरपालिका स्तरीय खेलकुद प्रतियोगिता सञ्चालन भैरहेका छन् भने प्रधानमन्त्री तथा युवा स्वरोजगार कार्यक्रमवाट ठूलो संख्यामा युवाहरु लाभान्वित भएका छन् । सुरूङ्गा नगरपालिकामा

शिक्षित, ऊर्जावान युवाहरुको उपस्थिति रहेको छ भने खेलकुद तर्फ युवाहरुको आकर्षण वढ्दो रहेको छ। फुटवल, क्रिकेट लगायतका अन्य खेलहरूमा युवाको रूची र चाहना देखिन्छ भने यस खेलहरूलाई जोडेर युवालाई संलग्न गराउन सकिए अनुशासित र स्वस्थ बनाउन सकिने सम्भावना रहेको छ।

### ५.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

सुरूङ्गा नगरपालिकाले युवा तथा खेलकुदको क्षेत्रमा आगामी तीन वर्षको लागि लिएको लक्ष्य यस प्रकार रहेको छ :

**लक्ष्य :**

स्वस्थ उद्यमशिल र कर्तव्यवान युवा शक्तिको विकास गरी परिचालन गराउने।

**उद्देश्य :**

आगामी तीन वर्षभित्रमा सुरूङ्गा नगरपालिकाले युवा तथा खेलकुद क्षेत्रको वृहत्तर विकासका लागि निम्न बमोजिमको उद्देश्य लिएको छ :

१. युवाका लागि आत्मविश्वास, व्यावसायिकता, सदाचार र खेलमैत्री वातावरणको अभिवृद्धि गराउने
२. युवाहरुलाई उद्यमशील र व्यवसायिक बनाइने

**रणनीति तथा कार्यनीति :**

सुरूङ्गा नगरपालिकाले युवा तथा खेलकुद क्षेत्रका लागि लिएको माथि उल्लेखित लक्ष्य तथा उद्देश्य प्राप्त गर्न निम्न रणनीति तथा कार्यनीति लिईने छ :

*तालिका नं. ५२ : उपक्षेत्रगत रणनीति तथा कार्यनीति*

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| उद्देश्य १ : युवाका लागि आत्मविश्वास, व्यावसायिकता, सदाचार र खेलमैत्री वातावरणको अभिवृद्धि गर्ने | |
| १.१ नगरपालिकाको नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्यांकन प्रक्रियामा युवाको सहभागिता सुनिश्चित गर्ने | १.१.१ युवा परिचालन नीति तर्जुमा गरिनेछ।<br>१.१.२ नगरपालिकाबाट तर्जुमा गरिने क्षेत्रगत विकास तथा युवा परिचालन नीति तर्जुमा प्रक्रियामा युवालाई अनिवार्य सहभागी गरिनेछ।<br>१.१.३ स्थानीय विकास गतिविधिमा युवाको सहभागिता सुनिश्चित गरिने छ। |
| १.२ व्यवसायिक खेलाडी तयार गर्ने | १.२.१ स्थानीय युवाहरूको रूची र चाहनालाई ध्यान दिई सो खेलको प्रवर्द्धनमा कार्यक्रम तय गरिनेछ।<br>१.२.२ स्थानीय युवाहरूको आत्मविश्वास अभिवृद्धिका लागि क्षमता विकास गरिनेछ। |
| उद्देश्य २ : युवाहरुलाई उद्यमशील र व्यवसायिक बनाइने | |
| २.१ नगरपालिका स्तरीय खेल प्रतियोगिता संचालन गर्ने | २.१.१ नगरपालिकाले खेलकूद क्यालेण्डर बनाई कार्यान्वयन गरिनेछ।<br>२.१.२ व्यवसायिक खेलाडी उत्पादनका लागि नगरपालिका स्तरीय खेलकूद प्रतियोगिता संचालनका लागि स्रोत परिचालन गरिनेछ।<br>२.१.३ नगरपालिकाले सम्भावित खेलाडीहरू छनोट गरी थप दक्षता वृद्धिका लागि सम्वन्धित निकायसंग समन्वय गरिनेछ। |
| २.२ खेलकूद पूर्वाधारहरूको विकास र अपग्रेड गर्ने | २.२.१ खेलकूद पूर्वाधार निर्माणका लागि स्रोतको खोजी गरिनेछ। |

| | |
|---|---|
| | २.२.२ खेलकूद सम्वन्धी निकायहरूसंग समन्वय गरी खेलकूद शिक्षकको व्यवस्था गरिनेछ।<br>२.२.३ विद्यालयमा खेलकूद प्रतियोगिता संचालनका लागि प्रोत्साहित गरिनेछ।<br>२.२.४ आधुनिक खेलकूद सामग्री खरीद र वितरणको लागि स्रोतको व्यवस्था गरिनेछ। |

**कार्यक्रम तथा आयोजना :**

सुरूङ्गा नगरपालिकाले युवा तथा खेलकुद क्षेत्र विकासका लागि लिएको माथि उल्लेखित लक्ष्य तथा उद्देश्य प्राप्त गर्न निम्न बमोजिमको कार्यक्रम तथा आयोजना कार्यन्वयन गर्ने छ :

*तालिका नं. ५३ : युवा तथा खेलकूद क्षेत्र विकास सम्वन्धी कार्यक्रम तथा योजना*

## ५.५.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

सुरूङ्गा नगरपालिकाले युवा तथा खेलकुद क्षेत्र विकासका लागि लिएको माथि उल्लेखित लक्ष्य तथा उद्देश्य प्राप्त गर्दा निम्न बमोजिमको उपलब्धि तथा नतिजा प्राप्त गर्ने अपेक्षा लिएको छ :

*तालिका नं. ५४ : उपक्षेत्रगत अपेक्षित उपलव्धि तथा नतिजा खाका*

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार बर्षको अवस्था | योजना अवधिको लक्ष्य | | | | पुष्टाईको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | जम्मा | |
| प्रभाव | राष्ट्रिय तहमा खेलकूदको माध्यमबाट नगरपालिकालाई परिचित गराउने | राष्ट्रिय स्तरका खेलाडी | संख्या | | | | | | |
| | | प्रदेश स्तरका खेलाडी | संख्या | | | | | | |
| | | जिल्ला स्तरीय खेलाडी | संख्या | | | | | | |
| असर | युवाहरू अनुशासित र स्वस्थ्य भएको | खेलकूदमा संलग्न युवाहरू | संख्या | | | | | | |
| | | व्यायामशाला | संख्या | | | | | | |
| प्रतिफल | सामुदायिक कार्यमा युवाहरू सहभागी भएको | योजना तर्जुमा प्रक्रियामा सहभागी युवा | संख्या | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | चेतना जागरण कार्यक्रममा नेतृत्व गर्ने युवा | संख्या | | | | | | |

### ५.५.६ अनुमान तथा जोखिम पक्ष

सुरूङ्गा नगरपालिकाले युवा तथा खेलकुद क्षेत्र विकासका लागि लिएको माथि उल्लेखित लक्ष्य तथा उद्देश्य प्राप्त गर्ने क्रममा निम्न बमोजिमको जोखिम हुनसक्ने अनुमान गरेको छ :

१. युवा तथा खेलकुद सम्बन्धी कार्यक्रमका लागि बजेटको यथोचित व्यवस्था र यससँग सम्बन्धित निकायको संस्थागत विकासमा युवाहरु चासोका साथ सहभागी हुनेछन
२. लागु औषध नियन्त्रणका लागि नगरवासी, प्रहरी प्रशासन र सहयोगी संस्थाहरूबाट सहयोग प्राप्त भएको हुनेछ
३. जनशक्ति व्यवस्थापन र खेलाडीलाई प्रोत्साहन प्रदान गरिएको हुनेछ ।

# परिच्छेद ६: पूर्वाधार क्षेत्र

## ६.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

### ६.१.१ पृष्ठभूमि

व्यवस्थित बस्ती तथा सहरी विकासको महत्वले गर्दा पूर्वाधार विकासलाई दिगो विकासको एक महत्वपूर्ण आयामको रुपमा लिने गरिएको छ । यसका साथै दिगो विकास लक्ष्यले निर्धारण गरेका लक्ष्यहरू मध्ये लक्ष्य–७ (खर्चले धान्न सकिने स्वच्छ उर्जा), लक्ष्य–९ (उद्योग प्रवर्द्धन र पूर्वाधार) र लक्ष्य–११ (सहरहरू र समुदायहरूको दिगोपना) यस क्षेत्रसंग प्रत्यक्ष रुपमा दिगो विकासका लक्ष्यहरू सम्वन्धित रहेका छन् । सुरूङ्गा नगरपालिकाको विकास प्रयासलाई योजनाबद्ध र व्यवस्थित रूपमा सञ्चालन गरी आर्थिक, सामाजिक र सांस्कृतिक एंव विकास र वातावरणीय स्थितिमा दिगो सुधार गर्न भौतिक पूर्वाधार विकास प्रवेशद्वारका रूपमा रहेको छ । अन्तराष्ट्रिय प्रतिबद्धताका रूपमा नेपालले लिएको दिगो विकास लक्ष्यले समावेशी र दिगो सहरीकरण गर्ने गरी आवासको व्यवस्था गर्ने, सहरी गरिबीलाई कम गर्ने तथा सबैलाई हरियाली र खुला ठाउँहरू उपलब्ध गराउने लक्ष्य निर्धारण गरेको छ । यसै लक्ष्य अनुसार भू-उपयोग योजना अनुरुप योजनाबद्ध र व्यवस्थित पूर्वाधार तथा संरचनाको विकास द्रुत गतिमा गर्ने, बढी प्रतिफलमुखी र वातावरणमैत्री आयोजना सञ्चालन गर्ने, निर्धारित समय, लागत र गुणस्तरमा सम्पन्न गर्ने गरी भौतिक पूर्वाधार विकासका आयोजनाको छनोट र कार्यान्वयनको जरुरत पर्दछ ।

### ६.१.२ समस्या तथा चुनौती

यस नगरमा अधिकांस स्थानमा व्यवस्थित बजार विस्तार हुन सकेको छैन । नगरपालिकाको विभिन्न स्थानमा आवास तथा वस्तीको संभावना भएतापनि व्यवस्थित बसोबासका लागि योजनाबद्ध मापदण्ड अनुसारका संरचना निर्माण कार्य अगाडि बढ्न सकेको छैन । सबै वडामा कार्यालयको भवन निर्माणका लागि जग्गा उपलब्ध तथा बजेटको कमीले गर्दा निर्माण गर्न सकिएको छैन । भवन निर्माण आचार संहिता पालना गरी नक्सा पास गरी घर निर्माण हुने कार्य पूर्ण रुपमा कार्यान्वयनमा आउन सकेको छैन । सडक क्षेत्राधिकारको मापदण्डहरूमा एकरुपता नहुँदा कार्यान्वयनमा कठिनाई भएको छ । सुरुङ्गा नगरपालिका जम्मा ९६७१ घरधुरी (घर परिवार सर्वेक्षण २०७५) रहेको अभिलेख रहेकोमा २१७१ घरधुरी फुसको छानो, ३७४७ टीनको, २०५९ टायलको, १६४० ढलान, १३ वटा काठ, ११ माटो र ३० वटा अन्य प्रकारका घरहरू रहेका छन् । यस मध्ये १७ % घरधुरीहरू मात्र ढलान भएको हुँदा शहरीकरणको गति सुस्त नै छ । तर पछिल्लो समयमा राजमार्गको छेउमा केही पक्कि घरहरू बन्ने क्रम बढेको छ ।

नयाँ बन्न लागेका सार्वजनिक भवनहरू पूर्णरूपमा अपाङ्ग मैत्री बनाउन सकिएको छैन । नगरपालिकाको सहयोगमा र प्रदेश तथा संघबाट सहयोगमा बनेका सामुदायिक भवनहरू पूरा हुन सकेका छैनन् ।

*तालिका नं. ५५ : वडा अनुसार मापदण्ड पूरा गरेर बनेको घरको विवरण*

| वडा नम्बर | मापदण्ड अनुसार बनेको | मापदण्ड अनुसार नबनेको | भूकम्प प्रतिरोधी भएको | भूकम्प प्रतिरोधी नभएको |
|---|---|---|---|---|
| १ | ४६ | ९११ | ८७ | ८७० |
| २ | ८८ | १२१२ | ६४८ | ६५२ |
| ३ | ० | ११७७ | ४ | ११७३ |
| ४ | ५२ | ९८१ | ७४ | ९५९ |
| ५ | ११ | ६३३ | ४९ | ५९५ |

| | | | | |
|---|---|---|---|---|
| ६ | १२९ | ३९७ | १७१ | ३५५ |
| ७ | २२ | १०८७ | २५ | १०८४ |
| ८ | १८६ | ६३७ | २५९ | ५६४ |
| ९ | ५ | ८२० | १४९ | ६७६ |
| १० | ५ | ६२९ | ५० | ५८४ |
| ११ | ५ | ६३७ | ६३७ | ५ |
| जम्मा | ५४९ | ९१२१ | २१५३ | ७५१७ |

*श्रोतः घरपरिवार सर्वेक्षण, २०७५*

### ६.१.३ संभावना तथा अवसर

सुरूङ्गा नगरपालिका पुर्व पश्चिम राजमार्ग र कटारी जनकपुर तथा इटहरी सडक खण्डमा पर्ने भएको हुँदा यस खण्डका विभिन्न स्थानमा बजार, व्यवस्थित वस्थी विकास गर्न सक्ने अवसर छ । सामुदायिक भवनहरू अधिकांश अपूरा भएका र वडा नं १, ३, ६ र २ मा केही छन तर अन्य वडाहरूमा पनि सामुदायिक भवनहरू निर्माण गर्नु पर्ने देखिन्छ । अधिकांश सरकारी भवनहरू कामचलाउ र जीर्ण रहेका छन् ति भवन निर्माण गर्नु पर्ने छन् । आधारभूत र प्रा.वि., मदरसाको भौतिक अवस्था कमजोर छन् ति भवनहरूको आवश्यकता पूरा गर्नु पर्ने छ ।

### ६.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य :**

नगरपालिकामा परिष्कृत भवन निर्माण मापदण्ड तर्जुमा गरी जोखिम सवेदनशील भू-उपयोग योजना अनुरूप जग्गा विकासका व्यवस्थित बस्ती, समुचित आवास तथा सुरक्षित भवन निर्माणको वातावरण निर्माण गर्ने ।

**उद्देश्य :**

आगामी तीन वर्षभित्रमा सुरूङ्गा नगरपालिकाले आवास भवन तथा शहरी विकास क्षेत्रको वृहत्तर विकासका लागि देहाय बमोजिम उद्देश्यहरू निर्धारण गरिएको छ :

१. विद्यमान भवन निर्माण मापदण्डलाई समयसापेक्ष परिमार्जन तथा त्यसको कार्यान्वयन गरी भवन निर्माण तथा वस्ती विकासलाई व्यवस्थित तथा सुरक्षित गर्ने ।
२. वस्ती विकासका लागी सम्भाव्य क्षेत्रहरूको पहिचान गरी आधारभूत सबै सेवासुविधा सहितको शहर विस्तारको सुरुवात गर्ने ।

**रणनीति तथा कार्यनीति**

*तालिका नं. ५६ : उपक्षेत्रगत रणनीति तथा कार्यनीति*

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| उद्देश्य १: विद्यमान भवन निर्माण मापदण्डलाई समयसापेक्ष परिमार्जन तथा त्यसको कार्यान्वयन गरी भवन निर्माण तथा बस्ती विकासलाई व्यवस्थित तथा सुरक्षित गर्ने | |
| १.१ सुरक्षित, व्यवस्थित आवास तथा एकिकृत वस्तीको विकास गर्ने | १.१.१ वस्ती विकास बढ्दै जाने सम्भावना भएका ग्रामीण क्षेत्रहरूमा योजनावद्ध विकासका लागि एकिकृत शहरी विकास योजना तयार गरी कार्यान्वयन गरिनेछ |

| | |
|---|---|
| | १.१.२ अव्यवस्थित रूपमा वसोवास गर्ने अतिविपन्न, दलित समुदायको लागि आवास निर्माणका लागि प्रदेश तथा संघ सरकारसंग पहल गरिने छ ।<br>१.१.३ उपयुक्त स्थानमा वनभोज स्थल, मनोरञ्जन पार्क निर्माणका लागि विस्तृत परियोजना खाका तयार गरिनेछ ।<br>१.१.४ सार्वजानिक तथा ऐलानी जग्गा खोजविन समिति गठन गरी आवश्यक प्रक्रियाबाट उक्त जग्गाहरू प्राप्त गरी सार्वजानिक कामको लागि उपयोग गरिदै लगिनेछ ।<br>१.१.५ सुरक्षा निकायसंग समन्वय गरी मुख्य चोक तथा सार्वजनिक महत्वका स्थानमा सी.सी. क्यामेरा तथा सुरक्षा निकायको  निगरानीको व्यवस्थालाई गरिनेछ ।<br>१.१.६ भु-उपयोग नीति लागू गरिनेछ । |
| १.२ ग्रामीण क्षेत्रको बजार उन्मुख क्षेत्रमा बजार व्यवस्थापनका लागि भौतिक पूवार्धारको विकास गर्ने | १.२.१ बजार व्यवस्थापनका लागि ग्रामीण क्षेत्रमा  बजार विकास आयोजना सञ्चालन गरिने छ ।<br>१.२.२ बजार व्यवस्थापनका लागि खानेपानी, ढल निकास, बाटो तथा पार्किङ्ग सुविधा जस्ता पूर्वाधारहरूको निर्माण गरिनेछ ।<br>१.२.३ नगर क्षेत्रमा रहेका सार्वजानिक, ऐलानी, तथा जग्गाको अभिलेख तयार गरी अतिक्रमित सार्वजानिक जग्गामा वस्ती विकासका लागि भौतिक पूर्वाधार निर्माण गरिनेछ । |
| १.३ सुविधा सम्पन्न बजारको व्यवस्था गर्ने । | १.३.१ बजार व्यवस्थापनका लागि आवश्यक पूर्वाधारहरूको निर्माण गरिनेछ ।<br>१.३.२ सडक तथा फुटपाथमा व्यापार गर्न निरुत्साहित गरी त्यसको सट्टा निश्चित स्थानमा बजार पूर्वाधार निर्माण गरिने छ । |
| २. उद्देश्य:  वस्ती विकासका लागी सम्भाव्य क्षेत्रहरूको पहिचान गरी आधारभूत सबै सेवासुविधा सहितको शहर विस्तारको सुरुवात गर्ने | |
| २.१  भू-उपयोज नीतिको आधारमा वस्ती विकास नियमावली तर्जुमा र कार्यान्वयन गरी बस्ती विकासको सहज वातावरण तयार गर्ने । | २.१.१ जोखिम संवेदनशिल भू–उपयोग योजना अनुरूप जग्गा पहिचान तथा अध्ययन गरिनेछ ।<br>२.१.२ स्थानीय नियम तथा निर्देशिकाको निर्माण तथा कार्यान्वयन गरिने छ  ।<br>२.१.३ प्रत्येक बस्तीमा आवास, विद्यालय, मनोरञ्जनका स्थानहरू तथा बजारहरू जस्ता सुविधायुक्त मिश्रित भू-उपयोगको प्रवर्द्धन गरिनेछ ।<br>२.१.४ स्थानीय समुदायको सहभागितामा साना सामुदायिक पूर्वाधारहरूको विकास गरिनेछ ।<br>२.१.५ भू उपयोग योजनाका आधारमा जग्गाहरुको बर्गिकरण गरि हाल बन्द रहेको कित्ता काट प्रणालीलाई खुला गरिने छ ।<br>२.१.६ नगरपालिका भित्र रहेका सरकारी गुठी र ऐलानी जग्गाको लगत अद्यावधिक गरि नगरपालिकाको मातहतमा ल्याई संरक्षण र सम्बर्द्धन गरिने छ ।<br>२.१.७ शहरी बिकास तथा भवन निर्माण आचार संहितालाई कडाइका साथ लागू गरि समसामयिक रुपमा परिमार्जन गरिने छ । |

**कार्यक्रम तथा आयोजना**

सुरूङ्गा नगरपालिकाले बस्ती, आवास तथा सार्वजनिक निर्माण क्षेत्र विकासका लागि लिएको माथि उल्लेखित लक्ष्य तथा उद्देश्य प्राप्त गर्न निम्न बमोजिमको कार्यक्रम तथा आयोजना कार्यान्वयन गर्ने छ।

*तालिका नं. ५७ : बस्ती, आवास तथा सार्वजनिक निर्माण सम्वन्धी कार्यक्रम तथा योजना*

### ६.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

सुरूङ्गा नगरपालिकाले बस्ती, आवास तथा सार्वजनिक क्षेत्र विकासका लागि लिएको माथि उल्लेखित लक्ष्य तथा उद्देश्य प्राप्त गर्दा निम्न बमोजिमको उपलब्धि तथा नतिजा प्राप्त गर्ने अपेक्षा लिएको छ :

तालिका नं. ५८ : उपक्षेत्रगत अपेक्षित उपलब्धि तथा नतिजा खाका

| **२. सार्वजनिक भवन तथा आवास** | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **नतिजा तह** | **नतिजा** | **सूचक** | **एकाइ** | **आधार बर्षको अवस्था** | **योजना अवधिको लक्ष्य** | | | | **पुष्टाईको स्रोत** |
| | | | | | **पहिलो** | **दोस्रो** | **तेस्रो** | **जम्मा** | |
| **प्रभाव** | उत्थानशील सार्वजनिक भवन तथा आवास निर्माण हुने | भवन आचारसंहिताको मापदण्ड अनुसार निर्मित आवासमा बसोबास गर्ने परिवार | प्रतिशत | | | | | | |
| | | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका सार्वजनिक भवन तथा संरचना | संख्या | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका निजी आवास तथा संरचनाहरु | प्रतिशत | | | | | | |
| | | जोखिमयुक्त वस्तीहरु को संख्या | संख्या | | | | | | |
| **असर** | भौतिक पूर्वाधार तथा संरचना निर्माण व्यवस्थित, सुरक्षित, गुणस्तरीय र दिगो हुनेछ | आधारभूत पूर्वाधार सहित व्यवस्थित बजार | संख्या | | | | | | |
| | | भवन आचारसंहिताको मापदण्ड लागू भएको हुनेछ | प्रतिशत | | | | | | |
| | | नक्शा पास गरेका भवनको संख्या | संख्या | | | | | | |
| **प्रतिफल** | सुविधा सम्पन्न (खानेपानी, शौचालय, विजुली, संचार) सामुदायिक भवन, महिला तथा ज्येष्ठ नागरिक भवन तथा सभाहल हुनेछन | व्यवस्थित वसपार्क तथा वस स्टेशन | संख्या | | | | | | |
| | | आधारभूत पूर्वाधारयुक्त तथा व्यवस्थित बजार | संख्या | | | | | | |
| | | मापदण्ड अनुसार बनेका आवास घर(सिमेन्ट ढलान) | संख्या | | | | | | |
| | | सुविधा सम्पन्न उद्यान सहितको खुल्ला पार्क क्षेत्र | संख्या | | | | | | |
| | | | संख्या | | | | | | |
| | | भूकम्प प्रतिरोधी भवन निर्माणसम्बन्धी दक्ष व्यक्ति | संख्या | | | | | | |

### ६.१.६ अनुमान तथा जोखिम पक्ष

१. कतिपय वस्तीहरु कानूनी रुपमै वैध वा अवैध रुपमा नछुट्टिएको ।
२. भवन निर्माण कार्यहरु तिव्र हुदै गएको त्यसको अनुगमनमा श्रम व्यवस्था गर्नु पर्ने ।
३. सेवा प्रदायक संस्थाहरुको आफ्नै कार्य प्रकृया तथा सिमितता रहनु ।

## ६.२ सडक, पुल तथा यातायात

### ६.२.१ पृष्ठभूमि

आर्थिक, सामाजिक, सेवा तथा सुविधा प्रवाह गर्न भौतिक पूर्वाधार विकासको भूमिका महत्वपूर्ण हुने गर्दछ। सुरूङ्गा नगरपालिकाको भौतिक पूर्वाधार विकासले क्षेत्रगत विकासमा अन्तरसम्बन्ध विस्तार हुन्छ । यसले भौतिक सुविधा विस्तार गर्नुका साथै अन्य क्षेत्रका सेवा र सुविधा माथि पहुँच विस्तार, बजार सूचना, सेवा सुविधाको स्तर र उपभोग जस्ता विकासको नतिजा हासिल गर्न प्रत्यक्ष योगदान पुग्दछ।

उपरोक्त सन्दर्भमा आधारित भई विकास प्रतिफललाई नगर विकासको दीर्घकालीन सोच र लक्ष्य तर्फ उन्मुख हुन तथा अपेक्षित नतिजा हासिल गर्न मूलतः सडक, यातायात, आवास, बस्ती तथा सहरी विकास, विद्युत तथा वैकल्पिक ऊर्जा, सूचना सञ्चार र प्रविधि जस्ता विषय क्षेत्रको विकास, विस्तार र दिगो सञ्चालन सम्बन्धी विश्लेषण र विकासको मार्गचित्रलाई पूर्वाधार विकास योजनामा समावेश गरिएको छ। सुरूङ्गा नगरपालिकाको पूर्वाधार विकास आन्तार्गत्को सडक तथा यातायात क्षेत्रको विद्यमान अवस्था, सम्भावना र अवसर, समस्या तथा चनौती र चाल्नुपर्ने कदम सहित संक्षिप्त विश्लेषण यस अन्तर्गत गरिएको छ।

### ६.२.२ समस्या तथा चुनौती

नगरपालिकाको भूउपयोग क्षेत्र निर्धारण गर्ने भूउपयोग योजना तयारि अन्तिम चरणमा पुगेको छ। सरकारी तबरबाट जग्गा एकीकरण तथा विकासको कार्यक्रम सञ्चालन नहुनु र फलस्वरुप नीजि क्षेत्रबाट अव्यवस्थित रुपमा जग्गा प्लटिङ भइरहेकाले भवन निर्माण मापदण्ड पालना गराउन कठिनाइ देखिएको छ। यसबाट व्यवस्थित र सुरक्षित बस्ती तथा आवासको निर्माणमा चुनौती थपिएको छ। राष्ट्रिय भूउपयोग नीति २०७२ अनुसार भूउपयोग योजना र क्षेत्र निर्धारण गरी सोअनुसार बस्ती विकास र भवन तथा भौतिक विकास योजना तर्जुमा र पूर्वाधार विकास तथा संरचना निर्माण, नीतिगत, कानुनी, प्रक्रियागत र प्राविधिक ढाँचा तयार हुन सकेको छैन। नगरको सहरी तथा ग्रामीण क्षेत्रको विकास निर्माण र सेवा प्रवाहलाई उपलब्धिमूलक र प्रभावकारी बनाउन नगरकार्यपालिकाको एकीकृत भवन, वडा कार्यालय भवन, सभा हल, पार्क, मनोरञ्जन स्थल तथा क्रिडास्थल लगायतका भौतिक पूर्वाधारहरूको कमी छ।

सार्वजनिक सडक एन २०३१, प्रदेश सडक ऐन २०७६ अनुसार नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने सडकको विकास योजना तर्जुमा र जनताको माग पूरा गर्न ठुलो चुनौतीको सामना गर्नु परेको छ।

सुरुङ्गा नगरपालिकामा सडक तथा यातायातका मुख्य समस्या चुनौती देहाय बमोजिम छन :

- राजमार्ग देखि दायाँ वाँया ग्रामिण सडकको अवस्था राम्रो नभएको ।
- गाउँभित्रको सडक साँघुरो भएको र सडकमा सामान तथा पशुपंक्षी बाँध्ने गर्नाले आवतजावतमा समस्या हुने गरेको छ।
- सडकको दायाँ वायाँ कुलो तथा कतिपय स्थानमा कल्वर्ट नभएकोले वर्षाको समयमा पानी जम्ने र बाटो विग्रने गरेको छ।
- ग्रामिण सडक धुलाम्य भएको हुँदा प्रदुषणको समस्या रहेको छ।
- कटानले बर्षेनी सडक तथा अन्य पूर्वाधार संरचनाहरू जोखिममा परेका छन्।
- सहरीकरणको अनुपातमा आवश्यक भौतिक पूर्वाधारहरूको विकास न्यून रहनु।
- सार्वजनिक तथा व्यक्तिगत जग्गाको अनियन्त्रित खण्डीकरणको साथै अव्यवस्थित भवन निर्माण।
- सार्वजनिक भवन तथा पूर्वाधारहरू सबै वर्ग (महिला, अशक्त, अपांग, बालबालिका तथा ज्येष्ठ नागरिक) को विशेष आवश्यकतालाई ध्यानमा राखी नबनाइएको।
- सहरी विकास योजनाको अभाव वा कार्यान्यवनको कमजोरीले गर्दा अव्यवस्थित बस्ती विकास भइरहेको।

नगरका ४२% भन्दा बढी जमिन जंगलले ढाकेको, ..........बढी जमिन खेतीपातीमा उपयोग भएको तर नदि कटानले बर्षेनी घटाउदै लगेको हुँदा तयार भएका संरचनाहरू जोखिममा परेका छन् ।

## ६.२.३ संभावना तथा अवसर

सुरुङ्गा नगरपालिका सप्तरी जिल्लाको सगरमाथा राजमार्ग तथा पूर्व पश्चिम राजमार्गसँग उत्तर दक्षिण तर्फ फैलिएर रहेको छ । सुरुङ्गा नगरपालिकामा व्यवस्थित बस्ती विकास, भवन तथा आवास विकासको प्रवल सम्भावना तथा अवसरहरू छन् ।

सुरूङ्गा नगरपालिकाको सडक तथा यातायातको विकासका लागि पुर्वपश्चिम राजमार्ग देखि उत्तर र दक्षिणतर्फ कालोपत्रे, ग्राभेल सडक, कच्ची सडक विस्तारको काम प्राथमिकतामा परेको छ । नगरपालिकाका सबै ११ वटा वडासम्म सडक पहुँच पुगेको छ । तर, सहायक मार्ग, कृषि सडकहरू वर्षाको समयमा हिलाम्य हुने हुँदा आवतजावतमा कठिनाई हुने गरेको छ । यस नगरपालिका क्षेत्रभित्र कूल कालोपत्रे सडक ……….., ढलान भएको सडक …………, ग्राभेल सडक ………., कच्ची सडक ……….. र ट्र्याकमात्र खुलेको सडक ……… किमी रहेको छ ।

**सुरुङ्गा नगरपालिकाको सडक सञ्जाल**



## ६.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

तीन वर्ष भित्र सबै वडाबाट नगरपालिका सम्मको सहज यातायात सुविधाको पहुँच पुर्याउने ।

**उद्देश्य**

आगामी तीन वर्षभित्रमा सुरूङ्गा नगरपालिकाले सडक, पुल तथा यातायात विकास क्षेत्रको वृहत्तर विकासका लागि देहाय बमोजिम उद्देश्यहरू निर्धारण गरिएको छ :

१. "धुलो रहित सडक, सुरुङ्गा वासीको रहर " भन्ने मूल नारालाई पूरा गर्न सहयोग गर्ने,
२. ग्रामिण जनजीवनलाई शहरी जनजीवनसंग जोड्ने माध्यम बनाउने,
३. स्थानीय उत्पादनको मुल्यश्रृंखला वृद्धि र बजारीकरण गर्ने ।

**रणनीति तथा कार्यनीति**

*तालिका नं. ५९ : उपक्षेत्रगत रणनीति तथा कार्यनीति*

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| ३. उद्देश्य : सबै वडाहरूमा सहज पहुँच पुर्याई आवतजावतमा सहजता ल्याउने | |
| १.१ नगर क्षेत्रमा भएका सडकहरुलाई आगामी समयमा क्रमशः धुलो रहित सडक बनाउने नीति अबलम्बन गर्ने । | १.१.१ कालोपत्रे योजनामा परेका योजनाहरू छिटो सम्पन्न गरिनेछ ।<br>१.१.२ वस्ती भित्रका बाटोहरु RCC ढलान गरिनेछ ।<br>१.१.३ धुले सडकमा ग्राभेल गर्ने र रोलरलगाए धुलो कम गरिने छ ।<br>१.१.४ निर्माण क्रममा रहेका सडकमा धुलो निर्मुल पार्न पानी छर्ने काम हुनेछ । |
| ४. उद्देश्य: ग्रामिण जनजीवनलाई शहरी जनजीवनसंग जोड्ने माध्यम बनाउने | |
| २.१ बजार विस्तार गर्ने | २.१.१ वाह्य बजारसम्म आवतजावत वृद्धि गर्न सहज यातायातको सुविधा विस्तार गरिनेछ ।<br>१.१.२ विभिन्न गाउँमा साना ठुला बजारहरू स्थापना गर्न वातावरण तयार गरिनेछ ।<br>१.१.३ मानिसहरू लाई स्थानीय उत्पादनको बजारिकरणका लागि प्रोत्साहन गरिने छ ।<br>१.१.४ मुख्य राजमार्गका मुख्य चोक तथा महत्वपूर्ण स्थानको नाम तथा विशेषता लेखिएको वोर्ड राखिने छ । |
| २.२ सडक सञ्जाल नागरिकमैत्री तथा समावेशी र सुरक्षित गर्ने | २.२.१ नगरपालिकाबाट निर्माण भएका सडकहरू अपाङ्गता मैत्री बनाइनेछ ।<br>२.२.२ व्यवस्थित पार्किङ, ट्राफिक संकेत, सडक बत्ती, सडक किनारमा हरित पेटी बनाइने छ ।<br>२.२.३ नगरपालिकाबाट निर्माण भएका भौतिक पूर्वाधार मर्मत सम्भारकालागि मर्मत सम्भार कोषमा आवश्यक रकम विनियाजन गरिने छ ।<br>२.२.४ भौतिक पूर्वाधारहरुको निर्माणलाई गुणस्तरिय बनाउनका साथै यस्ता संरचनाहरुलाई अपाङ्गमैत्री र वातावरणमैत्री बनाउदै लगिनेछ । |

| ५. उद्देश्य: स्थानीय उत्पादनको मुल्यश्रृंखला वृद्धि र बजार केन्द्रहरू निर्माण गरी कृषकलाई उचित मुल्य प्रदान गर्ने | |
|---|---|
| ३.१ नगरपालिका भित्र विभिन्न स्थानमा बजार व्यवस्थापनमा साझेदारिताको खोजि गर्ने | ३.१.१ मुख्य उत्पादनको पकेट क्षेत्र पहिचान गर्न वडासंग समन्वय गर्ने । <br> ३.१.२ बजार स्थापना गर्नु पर्ने ठाउँको DPR तयार गर्ने र संरचनाहरू निर्माण गर्ने । <br> ३.१.३ प्रदेश कृषि मन्त्रालय तथा भौतिक पूर्वाधार मन्त्रालयसंग समन्वय स्थापित गरिनेछ । <br> १.४ नीजि लगानी पनि खोजी गरिनेछ । |
| ३.२ स्थानीय उत्पादनलाई बजारसंग सम्बन्ध जोड्न संकलन केन्द्रहरू निर्माण गर्ने | ३.२.१ समुदाय स्तरमा विभिन्न उत्पादन समेट्ने गरी संकलन केन्द्रहरू निर्माण गरिनेछ । <br> ३.२.२ संकलन केन्द्रहरू सम्म पुग्ने सडकको स्तरोन्नति गरिनेछ । <br> ३.२.३ कृषि समुह तथा सहकारी संस्थाहरू परिचालन गरिनेछ । |

**कार्यक्रम तथा आयोजना**

सुरूङ्गा नगरपालिकाले सडक, पुल तथा यातायात निर्माण क्षेत्र विकासका लागि लिएको माथि उल्लेखित लक्ष्य तथा उद्देश्य प्राप्त गर्न निम्न बमोजिमको कार्यक्रम तथा आयोजना कार्यान्वयन गर्ने छ।

*तालिका नं. ६० : सडक, पुल तथा यातायात निर्माण सम्वन्धी कार्यक्रम तथा योजना*

### ६.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

सुरूङ्गा नगरपालिकाले सडक, पुल तथा यातायात क्षेत्र विकासका लागि लिएको माथि उल्लेखित लक्ष्य तथा उद्देश्य प्राप्त गर्दा निम्न बमोजिमको उपलब्धि तथा नतिजा प्राप्त गर्ने अपेक्षा लिएको छ :

तालिका नं. ६१ : उपक्षेत्रगत अपेक्षित उपलब्धि तथा नतिजा खाका

| **१. सडक तथा यातायात** | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **नतिजा तह** | नतिजा | **सूचक** | **एकाइ** | **आधार बर्षको अवस्था** | **योजना अवधिको लक्ष्य** | | | | **पुष्टाईको स्रोत** |
| | | | | | **पहिलो** | **दोस्रो** | **तेस्रो** | **जम्मा** | |
| **प्रभाव** | तिन वर्ष भित्र सबै वडाबाट नगरपालिका सम्मको सहज यातायात सुविधाको पहुँच पुगेको हुनेछ | नियमित सार्वजनिक यातायात पुगेको जनसंख्या | प्रतिशत | | | | | | |
| **असर** | ग्रामिण जनजीवनलाई शहरी जनजिवनसंग जोड्ने माध्यम तयार हुनेछ, | पालिका केन्द्रवाट वडा कार्यालय सम्म जोडिएको सडक | प्रतिशत | | | | | | |
| | | वार्षिक सडक दुर्घटनाको संख्या | संख्या | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | पक्की सडकमा पुग्न लाग्ने औषत समय | मिनेट | | | | | | |
| | | पक्की सडकमा पुग्न लाग्ने औषत समय | मिनेट | | | | | | |
| **प्रतिफल** | “धुलो रहित शहर, सुरुङ्गा वासीको रहर ” भन्ने मूल नारालाई पूरा गर्न सहयोग गर्ने, | कालोपत्रे सडक | कि.मी. | | | | | | |
| | | ग्राभेल सडक | कि.मी. | | | | | | |
| | | कच्ची सडक | कि.मी. | | | | | | |
| | | नियमित मर्मत संभार भएको सडक | संख्या | | | | | | |
| | | झोलुङ्गे पुल | संख्या | | | | | | |
| | | पक्की पुल | संख्या | | | | | | |
| | | सडक नाली भएको सडक लम्वाई | कि.मी. | | | | | | |
| | | अन्तरपालिका सडक संजाल संख्या | कि.मी. | | | | | | |
| | | जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरको सडक संजाल | कि.मी. | | | | | | |
| | | नियमित मर्मत संभार भएको सडकको लम्वाई | कि.मी. | | | | | | |
| | | डिपिआर तयार, वातावरणीय प्रभाव मूल्याङ्कन, प्रारम्भिक वातावरण परीक्षण आदि गरी निर्माण भएका सडक लम्वाई | कि.मी. | | | | | | |
| | | वायो इन्जिनियरिङ्ग प्रविधि र सडक साइड वृक्षारोपण | संख्या | | | | | | |
| | नगरवासीले सहजै यातायात सुविधा उपभोग गरेको हुनेछन l | ३० मिनेट सम्मको दुरीमा यातायात पहुँच भएको घरपरिवार | संख्या | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नजिकको पिच भएको पक्की सडकमा पुग्न लाग्ने समयावधि | संख्या | | | | | | | |
| | | स्थानीय स्तरमा संचालित ४ पाङ्गे सार्वजनिक यातायात | संख्या | | | | | | | |
| | | बाह्रै महिना यातायात सुचारु सडक लम्बाई | | | | | | | | |
| | | | | | | | | | | |

### ६.२.६ अनुमान तथा जोखिम पक्ष

- मूख्य सडक र जिल्ला सडकहरुको निर्माण गर्ने जिम्मेवारी संघीय सरकार र प्रदेश सरकार हुने भएकोले सडक निर्माणमा तत्परता हुनुपर्ने र छिमेकी पालिकाहरुसंग सहकार्य हुनु आवश्यक।
- माग र जनचाहना अनुसार स्रोत जुटाउनु पर्ने र सडकको स्तर अनुसार चौडाइ कायम गर्न धेरै स्थानहरुमा नीजि जमिन प्राप्त गर्नु पर्ने अवस्था रहेको।

## ६.३ जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा

### ६.३.१ पृष्ठभूमि

यस सुरुङ्गा नगरपालिकामा अवस्थित नदी तथा पोखरीहरूमा सिँचाइको संरचना निर्माण भई कृषियोग्य जमिनमा सिँचाइ सुविधा उपलब्ध हुँदै आइरहेको छ। सिँचाइ कुलोहरू हिउँदमा सुख्खा हुने हुँदा वर्षाको पानी मात्र सिँचाइको लागि प्रयोग हुने गरेको छ। यस नगरपालिकामा कुनै नदि तथा जलाशयबाट विद्युत उत्पादन गरिएको छैन, तर विगत केही वर्षमा सौर्य ऊर्जाको प्रयोग निजी आवास तथा मठमन्दिरहरूमा बढेको देखिन्छ।

तालिका नं. ६ २ : वडा अनुसार उर्जा प्रयोगको आधारमा परिवारको विवरण

| वडा नम्बर | विद्युत | मट्टितेल | वायोग्यास | सोलार | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ५४८ | १४ | ० | ३६४ | ३१ | ९५७ |
| २ | ६६१ | १११ | ० | ५२६ | २ | १३०० |
| ३ | ६२० | १२९ | ० | ४२८ | ० | ११७७ |
| ४ | १०२० | ४ | २ | ७ | ० | १०३३ |
| ५ | ६०७ | ३४ | १ | १ | १ | ६४४ |
| ६ | ४९४ | २७ | ० | ३ | २ | ५२६ |
| ७ | १००५ | ९३ | ० | ११ | ० | ११०९ |
| ८ | ७७३ | ४१ | ० | ५ | ४ | ८२३ |
| ९ | ७५८ | ३७ | ० | २८ | २ | ८२५ |
| १० | २९५ | २६ | ० | ३१३ | ० | ६३४ |
| ११ | ६२८ | १० | ० | १ | ३ | ६४२ |
| जम्मा | ७४१० | ५२६ | ३ | १६८७ | ४५ | ९६७१ |

*स्रोत: घरपरिवार सर्वेक्षण, २०७५*

नोट: राष्ट्रिय जनगणना २०७८ अनुसार जम्मा परिवार संख्या १०,००२ रहेको मा ९७.१% परिवारमा विद्दुत प्रयोग गरेका छन।

### ६.३.२ समस्या तथा चुनौती

यस क्षेत्रमा वत्तीका लागि उपयोग गरिन इन्धनका रुपमा विजुली, मट्टितेल, सोलार लगायतका रहेका छन। जस मध्ये सबै भन्दा बढि ७४१० घरपरिवारले विद्युत उपयोग गर्ने गरेको देखिन्छ। दोस्रोमा १६८७ परिवारले सोलारको प्रयोग गरेका छन् भने तेस्रो ५२६ परिवारमा मट्टीतेलको प्रयोग गरेको रेकर्ड छ। यस नगरपालिकामा विद्युतको पहुँच विस्तारका निम्नलिखित समस्या तथा चुनौती रहेका छन् :

१. झन्डै २५% घरपरिवारमा विद्युतको पहुँच पुग्न सकेको छैन।
२. त्यसैगरी विद्युतका तारहरू जथाभावी सडकमा झुन्डिनु, ग्रामीण क्षेत्रमा विद्युतको पहुँच कम हुनु तथा विद्युतको नियमित आपूर्ति नहुनु पनि यहाँको समस्या हो।
३. वैकल्पिक ऊर्जा विस्तार कार्यक्रम र हरित ऊर्जा प्रवर्द्धनका लागि नगरपालिकासंग श्रोतको कमि हुनु।
४. कृषि विद्युतिकरण गर्न पूर्वाधार नहुँदा किसानको समस्या पुरा गर्न नसकिएको ।
५. धेरै वडाका गाउँहरुसम्म सिमेन्ट पोल तथा तार विस्तार हुन सकेको छैन।

### ६.३.३ संभावना तथा अवसर

यस नगरपालिकामा ७५ प्रतिशत घरहरूमा केन्द्रीय प्रशारणबाट बिजुलीको पहुँच पुगिसकेको छ। ग्रामीण बस्तीहरूमा गोबर ग्याँस, गुइठा, दाउरा बाट खाना पकाउने गरिन्छ भने LP ग्याँसको प्रयोग बढ्दो छ । ८०% घरमा दाउराको प्रयोग हुने गरेको छ, त्यसकारण सुधारिएको चुलो प्रवर्द्धन गर्ने प्रशस्त छ। पशु पालन बढी गर्ने घरधुरीलाई वायो ग्याँस अनुदान कार्यक्रम प्रवर्द्धन गर्ने सम्भावना छ I विद्युतको प्रयोग गरी खाना पकाउने घरधुरी ज्यादै नगन्य छ। त्यसकारण विद्युतिय चुलो प्रवर्द्धन र खपत वृद्धि गर्नसके वाह्य देशबाट इन्धन आयात घटाउन सकिन्छ I गाउँमा वितरण भएको विद्युत दुई फेजको मात्र हुनाले उद्यम तथा कारखाना संचालनमा कठिनाई भैरहेको छ यस समस्या समाधान गर्न तिन फेजको विद्युत लाइन विस्तार गर्ने अवसर छ I

*चित्र नं. ९ : स्रोत अनुसार बत्तिको प्रयोग गर्ने परिवारको विवरण*




### ६.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य :**

स्वच्छ उर्जा पूर्वाधार विकासको माध्यमबाट उज्यालो सुरूङ्गा नगरपालिका बनाउने I

**उद्देश्य :**

आगामी तीन वर्षभित्रमा सुरूङ्गा नगरपालिकाले जलस्रोत, विद्युत तथा स्वच्छ उर्जा विकास क्षेत्रको वृहत्तर विकासका लागि देहाय बमोजिम उद्देश्यहरू निर्धारण गरिएको छ :

१. विद्युत पूर्वाधार विस्तार गरी अन्तरसम्वन्ध विकास र पहुँच अभिवृद्धि गर्ने I
२. संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा वितरण प्रणाली सुदृढीकरण गर्दै विद्युत खपत बढाउने र खनिज इन्धनमाथिको निर्भरता कम गर्ने।
३. विद्युत वितरण तथा गुणस्तरमा सुधार एवं हरित र वैकल्पिक ऊर्जाको प्रवद्र्धन गर्न योगदान गर्नु।
४. नगरका सबै बस्तीहरुमा बिद्युत बिस्तार गरि शत प्रतिशत पुरयाईने।

**रणनीति तथा कार्यनीति**

*तालिका नं. ६३ : उपक्षेत्रगत रणनीति तथा कार्यनीति*

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| १. उद्देश्य: विद्युत पूर्वाधार विस्तार गरी अन्तरसम्वन्ध विकास र पहुँच अभिवृद्धि गर्ने । | |
| १.१. कृषि बिद्युतिकरणलाई बिशेष प्राथमिकता दिईने | १.१.१ कृषि मिटरमा लाग्ने शुल्कको भुक्तानि पूर्णरुपमा नगरबाट गरिएकोमा यस कार्यलाई निरन्तरता दिईनेछ ।<br>१.१.२ बिद्युतिकरण नपुगेका स्थानमा पोल र तार विस्तार गरिने छ ।<br>१.१.३ घरेलु तथा साना उद्दम लाई बिद्युतीय उर्जामा परिणत गर्न नीतिगत व्यवस्था गरिने छ ।<br>१.१.४ रोजगारमूलक व्यवसायिक फार्महरु लै बिद्युतिय शुल्कमा छुट दिने नीति लीइनेछ ।<br>१.१.५ सुरूङ्गा नगरपालिका चोक मा विद्दुत चार्जिंग स्टेसन राख्न समन्वय गरिने छ । |
| १.२ सम्पूर्ण नगरलाई उज्यालो बनाउन नेपाल बिद्युत प्राधिकरण सँग समन्वय र सहकार्य गर्ने | १.२.१ नगर क्षेत्रका विद्युतका पोलहरूमा रहेका अव्यवस्थित तारलाई सम्बन्धित सरोकारवालासंग समन्वय गरी व्यवस्थित गर्न लगाइनेछ ।<br>१.२.२ सार्वजानिक चोक, वनभोज स्थल, मनोरञ्जन पार्क तथा धार्मिक स्थलहरूमा बत्ती जडान गरिनेछ ।<br>१.२.३ सूर्यको प्रकाशमा सेन्सर भएको स्वचालित स्वीचिङ्ग सहितका डिजिटल लाइटको निर्माण गरी साँझ पर्दा आफै बत्ती बल्ने विहान आफै निभ्ने गरी उज्यालो सुरूङ्गा कार्यक्रम सञ्चालन गरिनेछ । |
| २. उद्देश्य: संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा वितरण प्रणाली सुदृढीकरण गर्दै विद्युत खपत बढाउने र खनिज इन्धनमाथिको निर्भरता कम गर्ने । | |
| २.१ संघ तथा प्रदेश सरकारसँग समन्वय र सहकार्यमा जोड दिने । | २.१.१. दाउराको प्रयोगलाई कम गर्दै लैजान बायोग्यास तथा सुधारिएको चुलो, बायोब्रिकेट जस्ता किफायती जैविक ऊर्जा प्रविधिहरूको प्रवन एवम् विस्तार गरिनेछ ।<br>२.१.२. गरिब तथा विपन्न वर्गसम्म नवीकरणीय ऊर्जा प्रविधिको सुलभ र सरल पहुँच पुर्याउन प्रवद्र्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>२.१.३. धुवाँ रहित घरधुरी घोषणा कार्यक्रम शुरू गरिने छ ।<br>२.१.४. जनचेतना अभिब्रिद्दी गर्न टोलविकास संस्थाहरू र गैरसरकारी संस्था परिचालन गरिनेछ ।<br>२.१.५ बिद्युतिय खपत वृद्धि गर्ने र दाउरा र ग्याँस खपत घटाउन बिजुली चुलो वितरण गर्ने । |
| ३. विद्युत वितरण तथा गुणस्तरमा सुधार एवं हरित र वैकल्पिक ऊर्जाको प्रवद्र्धन गर्न योगदान गर्नु । | |
| ३.१. विद्युत वितरण प्रणाली सुधार तथा वैकल्पिक ऊर्जाको प्रवद्र्धन गर्न प्रदेश | ३.१.१. उपभोक्ता समिति र समुदायको लागत सहभागितामा साना तथा मझौला खानेपानी र सिँचाइ आयोजनाहरू विकास र व्यवस्थापन गरिनेछ । |

| | |
|---|---|
| तथा संघ स्तरमा वैकल्पिक उर्जा प्रवर्धन केन्द्रसंग समन्वय गर्ने l | ३.१.२. नगरभित्र विद्युतीय सवारी, सार्वजनिक यातायात र औद्योगिक तथा घरयासी उपयोगमा विद्युतबाट चल्ने उपकरणको प्रयोग प्रोत्साहन गर्न सवारी चार्जिङ केन्द्रलगायतका पूर्वाधार विकास गरिनेछ। |
| ४. नगरका सबै बस्तीहरुमा बिद्युत बिस्तार गरि शत प्रतिशत पुर्याईने | |
| ४.१ बिद्युत बिस्तारलाई प्राथमिकता दिइने तथा निजि क्षेत्रसँग साझेदारी गर्ने l | ४.१.१ दाउराको प्रयोगलाई कम गर्दै लैजान बायोग्यास तथा सुधारिएको चुलो प्रवद्र्धन एवम् विस्तार गरिनेछ।<br>४.१.२ गरिब तथा विपन्न वर्गसम्म नवीकरणीय ऊर्जा प्रविधिको सुलभ र सरल पहुँच पुर्याउन प्रवर्द्र्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>४.१.३ विभिन्न सामुदायिक संस्थाहरू परिचालन गरिने छ l |

**कार्यक्रम तथा आयोजना**

सुरूङ्गा नगरपालिकाले जलस्रोत, विद्युत तथा स्वच्छ उर्जा विकासका लागि लिएको माथि उल्लेखित लक्ष्य तथा उद्देश्य प्राप्त गर्न निम्न बमोजिमको कार्यक्रम तथा आयोजना कार्यान्वयन गर्ने छ।

*तालिका नं. ६४ : जलस्रोत, पुल तथा यातायात निर्माण सम्वन्धी कार्यक्रम तथा योजना*

### ६.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

सुरूङ्गा नगरपालिकाले जलस्रोत, विद्युत तथा बैकल्पिक उर्जा क्षेत्र विकासका लागि लिएको माथि उल्लेखित लक्ष्य तथा उद्देश्य प्राप्त गर्दा निम्न बमोजिमको उपलब्धि तथा नतिजा प्राप्त गर्ने अपेक्षा लिएको छ :

तालिका नं. ६५ : उपक्षेत्रगत अपेक्षित उपलव्धि तथा नतिजा खाका

| **३. विद्युत तथा वैकल्पिक उर्जा** | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **नतिजा तह** | नतिजा | **सूचक** | **एकाइ** | **आधार बर्षको अवस्था** | **योजना अवधिको लक्ष्य** | | | |
| | | | | | **पहिलो** | **दोस्रो** | **तेस्रो** | **जम्मा** |
| **प्रभाव** | नगरपालिकाको सम्पूर्ण विद्युत माग पूरा हुनेछ, | स्थानीय स्तरमा विद्युत माग युनिट | प्रतिदिन | | | | | |
| | | विद्युत आपूर्ति युनिट | प्रतिदिन | | | | | |
| | | आधारभूत विद्युत सेवा उपलब्ध घरधुरी | संख्या | | | | | |
| | | | | | | | | |
| **असर** | जनताको आर्थिक तथा अन्य पक्षमा सकारात्मक परिवर्तन भएको हुनेछ | विद्युतबाट चल्ने सवारी साधन | संख्या | | | | | |
| | | विद्युतबाट संचालन हुने उद्योग | संख्या | | | | | |
| | | विद्युतबाट संचालन हुने आयमूलक व्यवसायहरू | संख्या | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | विद्युत जडान पछि उर्जामा गरिने खर्चमा भएको बचत | प्रतिशत | | | | | |
| **प्रतिफल** | स्वच्छ ऊर्जाको उपलब्धता र उपयोगमा विस्तार भएको हुनेछ | परम्परागत उर्जा (दाउरा) प्रयोग गर्ने घरधुरी | संख्या | | | | | |
| | | स्थानीय स्तरमा सौर्य उर्जाको उत्पादन गर्ने संस्था | संख्या | | | | | |
| | | सोलार प्रणाली सहित विद्युत सेवा पुगेका घरघुरी | संख्या | | | | | |
| | | सुधारिएको उर्जा (वायोग्यास, एलपि) प्रयोग गर्ने घरघुरी | संख्या | | | | | |
| | | सुधारिएको वा धुँवारहित चुल्हो जडान भएका घरधुरी | संख्या | | | | | |
| | | केन्द्रिय विद्युत लाइन प्रसारणवाट लाभान्वित घरधुरी | संख्या | | | | | |
| | | विद्युतिय चुलो प्रयोग गर्ने घरधुरी | संख्या | | | | | |
| | | सडकको किनारा तथा सार्वजनिक स्थानमा जडित सडक बत्ती | संख्या | | | | | |
| | | विद्युत सेवावाट लाभान्वित हुन नसकेका घरधुरी | संख्या | | | | | |

### ६.३.६ अनुमान तथा जोखिम पक्ष

विद्युत सेवा तथा विद्युत वितरणको कार्य नेपाल विद्युत प्राधिकरणको जिम्मेवारी रहेको हुदा त्यस प्राधिकरणको र यस नगरपालिकाको सहकार्यमा माथि उल्लेखित लक्ष्य र उद्देश्य प्राप्तीमा निर्भर रहन्छ। नेपाल विद्युत प्राधिकरणलाई यस नगरपालिका क्षेत्रमा कार्य गर्न उत्प्रेरित गर्ने र विद्युत वितरणको क्षमता, नियमितता र भपरर्दो अवस्था सिर्जना गर्नुमा उक्त प्राधिकरणको कार्यक्रम र प्राथमिकतामा निर्भर रहन्छ।

## ६.४ सूचना, सञ्चार तथा प्रविधि

### ६.४.१ पृष्ठभूमि

सुरुङ्गा नगरपालिका पूर्व पश्चिम हाइवेले विभाजन गरेर उत्तर दक्षिण दुवै तर्फ परेको छ l सूचना संचारको पूर्वाधार निर्माणमा सहज हुनुका साथै मधेश प्रदेशको राजधानी नजिक पनि रहेको हुँदा रणनीतिक रूपमा महत्वको क्षेत्रमा अवस्थित छ। नगरको प्राथमिकता सूचना र सञ्चारको पहुँच सबैको घर घरमा पुर्याउने रहेको छ। सूचना तथा सञ्चार प्रविधिका क्षेत्रमा युवा जनशक्तिलाई परिचालन गर्नुको विकल्प छैन। युवा जनशक्ति पलायनको नकारात्मक असर यस नगरमा पनि परिसकेको छ। सिर्जनशील र दक्ष जनशक्तिका लागि प्रविधिमा आधारित रोजगारी सिर्जना गर्नु पर्ने आजको आवश्यकता हो। नेपाल ज्ञानमा आधारित नवउद्यमहरूको विकासका लागि विश्वस्तरमा नै प्रतिस्पर्धा गर्न सक्षम छ। त्यसलाई सकारात्मक रूपमा परिचालन र मार्गदर्शन प्रदान गर्नु स्थानीय सरकारको दायित्व हो।

सूचना तथा सञ्चारको हकमा सुरुङ्गा नगरपालिकाका सबै क्षेत्रको आधुनिक सूचना तथा सञ्चार सुविधामा पहुँच छ। इन्टरनेट सुविधाको सन्दर्भमा नेपाल दुरसञ्चार कम्पनीका साथै एनसेलका टेलिफोन तथा मोबाइल सञ्जालको पहुँच पुगेको छ तर केही वडामा मोवाइलको नेटवर्क कम पुगेको हुँदा यसमा सुधार गरिने छ।

### ६.४.२ समस्या तथा चुनौती

नेपालको पन्ध्रौँ आवधिक योजनाले परम्परागत अर्थतन्त्रलाई ज्ञानमा आधारित र आधुनिक बनाउन आधुनिक प्रविधि विकासको महत्वलाई आत्मसात गरेर सूचना तथा सञ्चार प्रविधिसम्बन्धी पूर्वाधार तथा परियोजनामा ठूलो लगानी योजना ल्याएको थियो भने सोह्रौं योजनाको अवाधारणापत्रले आधुनिक सूचना र सञ्चार प्रविधि क्षेत्रमा सुरक्षाको सवाल औन्ल्याको छ।

**सूचना तथा सञ्चारका विद्यमान समस्या र चुनौतीहरू:**

- घरधुरी सर्वेक्षण अनुसार यस नगरपालिकामा अझै पनि १०४५ घरधुरीमा कुनै पनि प्रकारको सूचना तथा सञ्चार प्रविधि प्रयोग गरिदैन l कतिपय वडाहरुमा मोवाइलको नेटवर्क राम्रो नभएको हुँदा गुणस्तरको सेवा पुग्न सकेको छैन l
- ल्याण्डलाइनको विस्तार खर्चिलो भएकाले र अन्य सञ्चारका माध्यम पनि ग्रामिण वस्तीका वडाहरूमा सेवाकेन्द्रहरू राख्न सकिरहेका छैनन्। सबै सुविधाका लागि बजार केन्द्रनै धाउनु पर्ने अवस्था विद्यमान छ।
- सञ्चार संस्थाहरूको संख्यात्मकसँगै गुणात्मक विकास हुन नसक्नु।
- पोलमा झुन्डिने तारयुक्त सञ्चार प्रविधि सुरक्षित नहुनु ।
- साइबर सुरक्षाका लागि संस्थागत र प्राविधिक जनशक्तिको अभाव हुनु।
- नगरपालिकाभित्र सूचना तथा सञ्चार पहुँचको एकीकृत र अद्यावधिक विवरण तयार गर्न सकिएको छैन।
- जनतामा सूचना प्रविधिको ज्ञानको कमि रहेको छ l

### ६.४.३ संभावना तथा अवसर

नगरपालिकामा १०.८०% घर परिवारमा मात्र इन्टनेट सेवा पुगेको छ, ८०-८५% परिवारमा मोवाइल सेवामा पहुँच पुगेको छ वाँकी घरधुरीलाई सेवा विस्तार गर्ने अवसर छ। नेपाल टेलिकम र एनसेलका स्टेशन रहेका छन, भने २ वटा कार्यालय रहेका छन l वडा तहका सूचना तथा जानकारी प्रदान गर्न नगरपालिकाको वेव पेज, फेसवुक, डिजिटल वोर्डको प्रयोग गरिएको छ l

नगरपालिकाबाट प्रवाह हुने सुचनाहरू एफ एम रेडियो, स्थानीय पत्रपत्रिका, नगरको वेवसाइट तथा सुचनापाटीबाट हुने गरेको छ। यसको अलावा मोवाइल एप्लिकेशनबाट पनि हुने गरेको छ। नगरमा सञ्चालनमा रहेको १ वटा एफ.एम.रेडियोसंग समन्वय गरी सूचना प्रवाहलाई

प्रभावकारी बनाउन सकिन्छ । नगरपालिकाका सबै वडाहरूमा अप्टिकल फाइबरका माध्यमबाट इन्टरनेट उपलब्ध गराउन सकिने सम्भावना रहेको छ ।
यस उपक्षेत्रका अन्य सम्भावना र अवसर देहायबमोजिम रहेका छन :

- नगरपालिकाले सेवाग्राहीहरूलाई अनलाइन सेवा प्रदान गर्ने प्रणालीको विकास गर्ने ।
- यातायात, कृषि, स्वास्थ्य, शिक्षा, फोहोर मैला व्यवस्थापनसम्बन्धी एप्सहरू निर्माण गर्ने ।
- सबै सरकारी कार्यालयहरूमा विद्युतीय हाजिरी अनिवार्य गर्ने ।
- नगरको आफ्नै सर्भर राखी वडा कार्यालयहरूसँग सञ्जाल स्थापना गर्ने ।
- सबै विद्यालयहरू, सामुदायिक सिकाइ केन्द्रहरूको वेबसाइट तयार गर्ने ।
- नगरपालिकाको डिजिटल प्रोफाइल तयार गर्ने ।
- नगरपालिकाभित्र भएका सार्वजानिक सम्पत्तिहरूको डिजिटल अभिलेख तयार गर्ने अवसर छ ।
- विभिन्न एप्सहरूको निर्माण गरी सर्वसुलभ अनलाइन सेवा प्रदान गर्न सकिने ।
- सबै विद्यालयहरू, सामुदायिक सिकाइ केन्द्रहरू र सरकारी कार्यालयहरूको वेबसाइट निर्माण गरी सूचना प्रवाह गर्ने ।
- राजस्व र कर विजक तथा भुक्तानी प्रणालीलाई अनलाइन गर्ने ।

### ६.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

गुणस्तरीय सेवाको सुनिश्चित गरी नगरपालिकाका सबै वडाहरूमा संचार सुविधाको पहुँच पुर्याउने ।

**उद्देश्य**

आगामी तीन वर्षभित्रमा सुरूङ्गा नगरपालिकाले सूचना तथा संचार विकास क्षेत्रको वृहत्तर विकासका लागि देहाय बमोजिम उद्देश्यहरू निर्धारण गरिएको छ :

१. जनताको सूचनाको हकको प्रत्याभूति गर्ने ।
२. सूचना प्रविधिको प्रयोगबाट आर्थिक उपार्जनमा टेवा पूर्याउने ।

**रणनीति तथा कार्यनीति**

*तालिका नं. ६६ : उपक्षेत्रगत रणनीति तथा कार्यनीति*

| *रणनीतिहरू* | *कार्यनीतिहरू* |
|---|---|
| १. उद्देश्य: जनताको सूचनाको हकको प्रत्याभूति गर्ने । | |
| १.१. विस्वाशिलो सूचनाको प्रणाली विकास गरि लागू गरिने | १.१.१ स्थानीय संचार माध्यम र संचारकर्मीका क्षमता विकास गरी नगरपालिकालाई मिडियामैत्री बनाइने छ । |

| | |
|---|---|
| | १.१.२ नगरपालिकाबाट सम्पादित योजना तथा कार्यक्रम र गतिविधिहरू यस क्षेत्रमा रहेका सामुदायिक रेडियो समेतको सञ्चार माध्यमहरूलाई प्रवर्द्रधन र प्रोत्साहित गरिने छ।<br>१.१.३ स्थानीयस्तरमा पत्रकार उत्पादनका लागि पत्रकारिता तालिम सञ्चालन गरिनेछ l |
| १.२ नगरपालिकाको नियमित सूचना सम्प्रेषणको वातावरण तयार गर्ने l | १.२.१ नगरपालिकाको वेवपेज तथा फेसवुक खाता अपडेट गर्न जिम्मेवार कर्मचारी तोकिने छ l<br>१.२.२ नगरपालिकाका गतिविधि प्रचार प्रसार गर्न अनौपचारिक, औपचारिक मध्यमको प्रयोग गरिने छ l<br>१.२.३ प्रकाशन सामग्री तयार गर्न र छाप्न वजेटको व्यवस्था गरिने छ l<br>१.२.४ वार्षिक रूपमा उत्क्रिस्ठ कार्य गर्ने पत्रकारलाई प्रोत्साहन गरिने छ l |
| उद्देश्य २. सुचना प्रविधिको प्रयोगबाट आर्थिक उपार्जनमा टेवा पूर्याउने | |
| २.१ सूचना प्रविधि शिक्षालाई प्रौढहरू सम्म परिचित गराउने | २.१.१ स्थानीय उत्पादन लाई बजारिकरण गर्न सूचना प्रविधिको उपयोगलाई बढावा दिइने छ l<br>२.१.२ सूचना प्रविधि साक्षरता कार्यक्रम डिजाइन गरिने छ l<br>२.१.३ युवाहरू लाई परिचालन गरि सूचना प्रविधि साक्षरता अभियान संचालन गरिने छ<br>२.१.४ श्रोतको व्यवस्था गरिनेछ l |

**कार्यक्रम तथा आयोजना**

सुरूङ्गा नगरपालिकाले सूचना तथा संचार क्षेत्रको विकासका लागि लिएको माथि उल्लेखित लक्ष्य तथा उद्देश्य प्राप्त गर्न निम्न बमोजिमको कार्यक्रम तथा आयोजना कार्यान्वयन गर्ने छ।

तालिका नं. ६७ : सूचना तथा संचार सम्वन्धी कार्यक्रम तथा योजना

## ६.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

सुरूङ्गा नगरपालिकाले सूचना तथा संचार क्षेत्र विकासका लागि लिएको माथि उल्लेखित लक्ष्य तथा उद्देश्य प्राप्त गर्दा निम्न बमोजिमको उपलब्धि तथा नतिजा प्राप्त गर्ने अपेक्षा लिएको छ :

*तालिका नं. ६८ : उपक्षेत्रगत अपेक्षित उपलब्धि तथा नतिजा खाका*

| **४. सूचना तथा सञ्चार** | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **नतिजा तह** | नतिजा | **सूचक** | **एकाइ** | **आधार बर्षको अवस्था** | **योजना अवधिको लक्ष्य** | | | | **पुष्टयाईको स्रोत** |
| | | | | | **पहिलो** | **दोस्रो** | **तेस्रो** | **जम्मा** | |
| **प्रभाव** | नगरपालिका/ वडाहरूका जनताले सूचना तथा संचारको सूविधाको प्रयोग गर्ने छन् | टेलिफोन/मोवाइल प्रयोग गरि फाईदा लिने परिवार | प्रतिशत | | | | | | |
| | | इन्टरनेटको सुविधा लिने घर/परिवार | प्रतिशत | | | | | | |
| | | नगरपालिकाको वेव पेज तथा फेसवुक भिजिट गर्ने जनसंख्या | प्रतिशत | | | | | | |
| | | | | | | | | | |
| **असर** | स्थानीय स्तरमा नै सूचना प्रविधिको क्षेत्रमा दक्षता अभिवृद्धिमार्फत रोजगार सिर्जना भएको हुनेछ। | सूचना तथा सञ्चार प्रविधिको पूर्वाधारमा वृद्धि भएको | संख्या | | | | | | |
| | | सूचना प्रविधिमा काम गर्ने दक्ष जनशक्ति | संख्या | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सूचना प्रविधिमा आधारित संघ/संथा तथा कम्पनी | संख्या | | | | | | |
| | | सूचना प्रविधिमा आधारित प्राप्त राजश्व तथा सेवाशुल्क | रकम | | | | | | |
| **प्रतिफल** | सूचना प्रविधिको उपलब्धता र प्रयोग विस्तार भएको हुनेछ | संचारका कुनै एक साधन उपलब्ध घरधुरी | संख्या | | | | | | |
| | | संचार सेवावाट वञ्चित घरधुरी | संख्या | | | | | | |
| | | मोबाइल फोन प्रयोगकर्ता | संख्या | | | | | | |
| | | ल्याण्डलाइन टेलिफोन वितरण | संख्या | | | | | | |
| | | स्थानीय केवल नेटवर्क सेवा प्रदायक संस्था | संख्या | | | | | | |
| | | स्थानीय पत्रपत्रिका प्रकाशन गर्ने संस्था | संख्या | | | | | | |
| | | सूचना प्रविधि सेवा पुगेको उद्योग, व्यापार, व्यवसाय संख्या | संख्या | | | | | | |
| | | सूचना प्रविधि सेवा विद्यालय लगायत सार्वजनिक भवन तथा कार्यालयहरुमा इन्टरनेट सेवा सुचारु | संख्या | | | | | | |
| | | स्थानीय स्तरमा संचालित एफएम रेडियो | संख्या | | | | | | |
| | | स्थानीय स्तरमा इन्टरनेट सेवा प्रदायकहरू | संख्या | | | | | | |

### ६.४.६ अनुमान तथा जोखिम पक्ष

१. नगरपालिकाले इ सेवा तथा वेभसाइडलाई प्राथमिकता दिने क्रममा ति सेवासंग अभ्यास नहुने सेवाग्राहीहरु सेवा तथा सूचनाबाट वञ्चित हुने सम्भावना वा अन्य सहयोगीको भर पर्नु पर्ने अवस्था सिर्जना हुन सक्छ ।

२.  संचार साधन तथा विद्युत सेवामा आउने गडवडीका कारण सेवा प्रवाहमा रुकावट आउन सक्ने स्थिति र सेवा प्रवाह गर्ने जनशक्तिको लापवाहीबाट सुशासनमा प्रतिकुल प्रभाव पर्न सक्दछ।

# परिच्छेद ७: वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र

## ७.१ वन तथा जैविक विविधता

### ७.१.१ पृष्ठभूमि

राष्ट्रको अर्थतन्त्रलाई लामो समयदेखि सहयोग प्रदान गर्ने प्रमुख प्राकृतिक स्रोतको रुपमा वन क्षेत्रलाई लिइन्छ साथै वन स्रोत तथा जैविक विविधताले नेपालको जनसंख्याको ठूलो हिस्साको जीविकोपार्जनमा योगदान पुर्याउदै आइरहेको छ। वन क्षेत्रले जैविक विविधताको प्रवर्द्धन को साथै पारिस्थितिक प्रणालीलाई सन्तुलनमा राख्नमा महत्वपूर्ण भूमिका प्रदान गरि रहेको हुन्छ। जैविक विविधता भन्नाले जीवित वस्तुहरु र तिनीहरुसंग सम्वन्धित पारिस्थितिक प्रक्रियाहरुलाई जनाउन्छ र यसले पारिस्थितिकिय प्रणाली विविधता, प्रजाती विविधता र आनुवंशिक विविधता समेतलाई सम्वोधन गर्दछ। नेपालको पारिस्थितिकिय प्रणाली विविधतालाई वन, घाँसे मैदान, जलिय क्षेत्र र कृषि क्षेत्रमा विभाजित गरि सम्वोधन गर्ने प्रयास राष्ट्रिय जैविक विविधता रणनीति मार्फत गर्ने प्रयास भै रहेको छ।

सुरूङ्गा नगरपालिका नेपालको पूर्वपश्चिम राजमार्गमा रहेको छ। नगरपालिका दक्षिणदेखि उत्तरमा चुरेसम्म फैलिएको कारण कृषि तथा पशुपंक्षी उत्पादनका अभ्यासहरुमा उत्तर र दक्षिणमा केही फरक रहेको पाइन्छ। सप्तरी जिल्लाको करिव …….. प्रतिशत भुभाग वन तथा पहाड र सिमसारले ढकिएको छ। नगरपालिका भरी १५ वटा सामुदायिक वन उपभोक्ता समितिहरू क्रियाशील छन भने ४ वटा दर्ताका क्रममा छन्। यहाँका वनमा साल, खयर, सिसौ, जामुन, तेजपात, बकैना लगायतका बनस्पति पाइनुका साथै विभिन्न प्रकारका जडिबुटी कुरिलो, चिउरी, हर्रो, वर्रो आदि पाइन्छन्। वनजंगल, गुफा, सिमसार क्षेत्रका अलावा सुरूंगा, शिरसावा लगायत मूख्य नदी र तीनका सहायक ११ वटा ससाना नदीहरू यही नगरपालिका क्षेत्र भएर बहन्छन् । विगत केही वर्ष यता वन जंगलको उचित व्यवस्थापनमा कमी भएकाले जंगल नासिने, आगलागि, वन्यजन्तुले वालीनाली नष्ट गर्दा वन्यजन्तु र मानववीच द्वन्द्व बढेको पाइन्छ। नगरपालिकाको अधिकांस ठाउँमा भूसतह सिंचाइ सुविधाको अभाव रहेको छ। त्यसैले सिंचाईको लागि नगरपालिकाको दक्षिणी भेगमा जमिनमुनीको पानी नजिकै रहेकोले साधारण ट्युवेल वा इनार मार्फत पनि सिंचाइको व्यवस्था गर्न सकिने भएकोले तरकारी र माछा खेती गर्ने गरिन्छ। त्यसका अतिरिक्त वर्षायाममा धान खेती र हिउँदमा गहुँ, मसुरो र तोरी खेती गर्ने गरिन्छ। तर नगरपालिकाको उत्तरी भेग चुरेको नजिक रहेको र चुरेमा वन विनास भएकोले जमिनमुनीको पानीको सतह निकै तल पुगेको कारण टिप बोरिङबाट मात्र जमिनमुनीको पानी तानेर सिंचाइ गरिएको पाइन्छ। शिशुवारी, चहका, वलान , सुरुङ्गा मूख्य नदी तथा भुसी, शुक्लाही, कुर्राहा, विधर्ना, पत्थराहा, बिहुल तथा बाँकी सहायक नदी समेतले वर्षेनी कटान र दक्षिणी भेगमा डुवानको समस्या निम्त्याउछन् भने नदीमा ढुंगा, गिट्टी, वालुवा तथा माटो उत्खखन गरिन्छ। विसनरीया दह, पदम दह, अमहा दह, मुसहरनीया दह, रामपुर दह, अन्य ४ स्थानमा रहेका सिमसार क्षेत्र संरक्षणको पर्खाइमा रहेका छन् भने चुरे क्षेत्रमा गौचरण तथा भिराला डाँडा तथा उच्च भागहरु रहेका छन्। केही स्थानमा नदी उकाश क्षेत्रमा वृक्षरोपण गरिएको छ भने अधिकांस क्षेत्र खाली रहेको पाईन्छ।

### ७.१.२ समस्या तथा चुनौती

नगरपालिकाको उत्तरी भेगमा सामुदायिक वनको संरक्षण त भएको छ तर उपयोग गर्न धेरै कानुनी व्यवधानले सदुपयोग हुन पाएको छैन। कतिपय दर्ताका लागि निवेदन परेका सावउसमा विधान तथा कार्ययोजना नभएकाले दर्ता प्रक्रियामा अवरोध भएको छ। नदी कटान नियन्त्रण नहुँदा वर्षेनी खेतियोग्य जग्गा तथा बस्ति नदी कटानमा परि धनजनको क्षति भैरहेको छ। नदीमा पानी कम हुँदै गएको तथा नदी गहिरिदै गएकाले कुला तथा नहरमा पानी लान नसकेर सिंचाइको अभाव भएको छ। सहायक नदीहरुमा जथाभावी र अवैध रुपमा गिट्टी, वालुवा उत्खनन हुनाले नदीको वहाव परिवर्तन तथा नदी गहिरिन गएको छ। चुरे क्षेत्रका प्राकृतिक दहहरु, सिमसार क्रमश: अतिक्रमण भएका तथा क्रमश: सुक्ने क्रममा रहेकाले तल्लो क्षेत्रमा नदी सुक्ने, पानीका कुवा तथा नाला सुक्ने क्रम बढ्दो रहेको छ।

वातावरण तर्फ हेर्दा शहरी क्षेत्रमा फोहोर व्यवस्थापनको व्यवस्था भए पनि ग्रामिण भेगमा प्लास्टिकजन्य फोहोरको व्यवस्थापन गर्ने व्यवस्था भएको पाइदैन भने खुल्ला चौरहरुको संरक्षण नभएकाले अतिक्रमण भैरहेका छन् । जलवायु परिवर्तनको असर तथा त्यसको जोखिम सम्बन्धमा नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुमा ज्ञानको कमी रहेको छ। नगरपालिकामा जलवायु परिवर्तनका

असरलाई सम्बोधन गर्न व्यवस्थित रुपमा योजना बनाइएको छैन। सडक किनारा तथा अन्य आवश्यक स्थलमा हरियाली प्रवर्द्धनका कुनै नीति वा कार्यक्रम छैनन्। अधिकांस घरपरिवारमा इन्धनका रुपमा वनका दाउरा तथा गुइठा र परम्परागत चुलोको प्रयोगले धुवाँग्रस्त भै अधिकांस गृहिणी महिलामा स्वाँसप्रस्वाँसको रोग बढेको पाइन्छ। अव्यवस्थित इँटाभट्टाबाट उत्पन्न धुवाँ धुलोले वातावरण प्रदुषण गरेको छ।

प्रकोप व्यवस्थापन तर्फ शहरी क्षेत्रमा फोहोर व्यवस्थापनको व्यवस्था भएता पनि उपयुक्त ल्याण्डफिल्ड साइटको व्यवस्था नभएकोले व्यवस्थापनमा चुनौति देखिन्छ। सबैवडामा प्रसस्त आवादी जमीन, खेल मैदान तथा खुल्ला चौरहरु रहेका भए पनि तिनको संरक्षण तथा सदुपयोगको नीति तथा कानुनको अभावमा अतिक्रमण भैरहेका छन्। भू उपयोग नीति तयार भई कार्यान्वयन हुन सकेको छैन।

### ७.१.३ संभावना तथा अवसर

चुरे पर्वतबाट दक्षिणको मलिलो भूभागसम्म फैलिएकाले यो नगरपालिकामा वन तथा वातावरण संरक्षणाका क्षेत्रमा नमूनाका कामहरू गर्ने थुप्रै अवसर र संभावना रहेका छन्। सामुदायिक वन उपभोक्ता समितिलाई विधान तथा कार्ययोजना तयारी तथा अद्यावधी गर्ने काममा सहजीकरण गरी वन व्यवस्थापनमा उदाहरणीय काम गर्ने अवसर रहेको पाइन्छ। यसैगरी नदी संरक्षणका लागि तटबन्ध, नदीतटमा वृक्षरोपण र संरक्षणका कार्यक्रम गर्ने संघ तथा प्रदेश सरकारको समेत प्राथमिकतामा पर्ने भएकाले सहकार्य जुट्ने संभावना देखिन्छ। नदी गहिरिन नदिन गिट्टी वालुवा उत्खननलाई मापदण्डभित्र कडाईका साथ अनुगमन गरी नियन्त्रण गर्न स्थानीय सरकारको अधिकारको प्रयोग गर्ने अवसर त्यतिकै मात्रामा रहेको पाइन्छ। नगरपालिकाले नदीको गिट्टी तथा वालुवा उत्खनन गर्ने आधुनिक औजार खरिद गरी परिचालन गरी राजस्व वृद्धि गर्ने अवसर पनि रहेको छ। नगरपालिका भित्र रहेका दहहरुको संरक्षण, रिचार्ज पोखरीहरुको निर्माण तथा सिमसार क्षेत्रको बहु उपयोगी (संरक्षण तथा आयआर्जन समेत हुने गरी प्रयोगमा ल्याउनु पर्ने नगरपालिकाको उत्तरी भेगमा सिंचाइ र खानेपानीको व्यवस्था गर्न सकेमा पशुपालनको लागि निकै सम्भावना रहेको देखिन्छ। नजिकमा वनजंगल चरिचरणको क्षेत्र प्रसस्त रहेकोले व्यवस्थित गरी घाँस तथा चरणको व्यवस्था समेत गर्न सकिन्छ।

त्यसैगरी नगरपालिकाको ग्रामीण क्षेत्रमा समेत विभिन्न संघ संस्थाले वातावरणाका क्षेत्रमा काम गरीरहेकाले तिनीहरूलाइ समेत परिचालन गरी जनसहभागितामूलक रूपमा प्लास्टिकजन्य फोहोर व्यवस्थापन गर्न जनचेतना लगायतका कार्यक्रम गर्ने तथा संघ एवं प्रदेश सरकारसंगको सहकार्यमा ल्याण्डफिल्ड साइटको व्यवस्था गरी फोहोरमैला व्यवस्थापन गर्न सकिने देखिन्छ। जनप्रतिनिधि तथा कर्मचारीहरुलाई जलवायु परिवर्तन तथा अनुकुलन सम्बन्धि आधारभूत ज्ञान र सीप अभिवृद्धि गरी परिचालन गर्न सकिने देखिन्छ। नगरपालिका तहमा जलवायु परिवर्तन अनुकुलनको योजना बनाई वनमा सिंचाइ पोखरी, सिमसार क्षेत्रको एकिकृत संरक्षण योजना लगायतका काममा संघ तथा प्रदेश सरकारसंग समेत सहकार्य गर्न सकिने देखिन्छ। सडकको गुरू योजना बनाइ डिपिआरमा नै देखिनै दुवै किनारा तथा अन्य आवश्यक स्थलमा हरियाली प्रवर्द्धन समेत समेटी कार्यान्वयन गरेमा वातावरणाको क्षेत्रमा उल्लेखनीय परिवर्तन हुने देखिन्छ। विभिन्न गैर सरकारी संस्था तथा संघ र प्रदेशका अन्य सम्बन्धित निकाय समेतसंगको सहकार्यमा ग्रामीण क्षेत्रमा धुवाँरहित चुलोको प्रवर्द्धन गर्ने तथा गुईँठाको प्रयोगलाई न्युनिकरण गर्ने कार्यक्रम बनाइ कार्यान्वयन गर्न सकिने देखिन्छ भने वातावरण संरक्षण ऐन बनाइ इँटाभट्टाहरुलाई वातावरणीय मापदण्डको पालना गराइएमा वातावरणका क्षेत्रमा उल्लेख्य परिवर्तन देखिन सक्छ।




### ७.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

यस वन तथा जैविक विविधता संरक्षण, प्रवर्धन तथा विकासकालागि निम्न लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यक्रमहरु रहने छ :

**लक्ष्य :**

वन जंगल तथा पानीका स्रोत संरक्षण, समुदायको अनुकुलन क्षमतालाइ सवलीकरण र वातावरण स्वच्छ बनाउने

**उद्देश्य :**

सुरूङ्गा नगरपालिकाले वन तथा वातावरण क्षेत्रमा आगामी तीन वर्ष भित्र नगरपाली क्षेत्र भित्र वन पैदावारको कुल मौज्दातमा वृद्धि गर्न तथा वन क्षेत्रबाट स्थानीय जनसमुदायको रोजगारीको अवसर सिर्जना गर्न निम्न उद्देश्यहरु लिइएको छ :

१. वनक्षेत्रको दिगो व्यवस्थापन गर्ने ।
२. वन पैदावार तथा जडिबुटीहरूको उत्पादन, प्रवर्द्धन र बजारीकरण गर्ने ।
३. अव्यवस्थित फोहोरमैला तथा धुलोधुवाँबाट हुने वातावरण प्रदुषण तथाफोहोर मैला न्युनिकरण गर्ने ।
४. खडेरी, भोकमरी, महामारी, अगलागि, वाढी, डुवान जस्ता प्रकोप तथा जोखिम न्युनिकरण गर्ने ।
५. समुदायमा उत्थानशीलता विकास गरी विपत तथा जोखिन न्यनीकरण गर्ने ।

**रणनीति तथा कार्यनीति :**

सुरूङ्गा नगरपालिकाले वन तथा वातावरण र जैविक विविधताको संरक्षण, सम्वर्धन, व्यवस्थापन र समृद्ध गर्न निम्न रणनीति तथा कार्यनीतिहरु अवलम्वन गरिने छ :

*तालिका नं. ६९ : उपक्षेत्रगत रणनीति तथा कार्यनीति*

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| उद्देश्य १ : वनक्षेत्रको दिगो व्यवस्थापन गर्ने । | |
| १.१ वनको उत्पादकत्व वृद्धि गरी स्रोतको सदुपयोग गर्न सवै वनको दिगो व्यवस्थापन गर्ने | १.१.१ दर्ता भएका सावउसहरूको विधान तथा कार्ययोजना परिमार्जनमा सहजीकरण गरिनेछ ।<br>१.१.२ दर्ता हुन वाँकी सावउसको विधान तथा कार्ययोजना बनाइ दर्ता प्रक्रियामा सहजीकरण गरिनेछ ।<br>१.१.३ सावउसमा सदस्यहरूलाइ दिगो वन व्यवस्थापन सम्बन्धी ज्ञान, सीप अभिवृद्धि गरिनेछ ।<br>१.१.४ सावउससंग सहकार्य गरी नर्सरी स्थापना गरिनेछ ।<br>१.१.४ दिगो वन व्यवस्थापन गरिनेछ । |
| उद्देश्य २ : वन पैदावार तथा जडिबुटीहरूको उत्पादन, प्रवर्द्धन र बजारीकरण गर्ने । | |
| २.१ गैर काष्ठजन्य वन पैदावारहरूको विकास तथा व्यवस्थापन गर्ने | २.१.१ सावउस तथा उत्पादक समूहसंग सहकार्य गरी गैर काष्ठजन्य वन पैदावारहरूको विकास गरिनेछ ।<br>२.१.२ गैर काष्ठजन्य वन पैदावारहरूको प्रदर्शन स्थलको स्थापना गरिनेछ ।<br>२.१.३ सामुदायिक वनमा भएका वन पैदावारहरूको इन्भेन्ट्री तयार गरिनेछ ।<br>२.१.४ जडिबुटि खेति गर्न इच्छुक किसानहरूलाइ तालिम तथा जडिबुटी खेतीमा विशेष प्रोत्साहन दिइनेछ ।<br>२.१.५ कृषि तथा चरण क्षेत्रमा भुइँघाँस तथा डालेघाँसको वृक्षारोपण र संरक्षणलाइ प्रवर्द्धन गरिनेछ । |
| उद्देश्य ३ : अव्यवस्थित फोहोरमैला तथा धुलोधुवाँबाट हुने वातावरण प्रदुषण तथाफोहोर मैला न्युनिकरण गर्ने | |
| ३.१ फोहोरमैला व्यवस्थापनका लागि चेतनामुलक कार्यक्रम तथा उपयुक्त स्थानमा ल्याण्डफिल्ड साइटको निर्माण समेत गरी फोहोर मैला व्यवस्थापन गर्ने | ३.१.१ प्लाष्टिक जन्य फोहोर न्युनिकरणका लागि ग्रामीण क्षेत्रमा चेतना अभिवृद्धि तथा व्यवहार परिवर्तनका कार्यक्रम प्रवर्द्धन गरिनेछ ।<br>३.१.२ शहरी क्षेत्रमा कुहिने र नकुहिने फोहोरको घरघरमै व्यवस्थापन गर्ने व्यवस्था मिलाउने तथा जैविक मल बनाउने प्रविधि प्रवर्द्धन गरिनेछ ।<br>३.१.३ ल्याण्डफिल्ड साइटको निर्माण समेत गरी फोहोर मैला व्यवस्थापन गरिनेछ । |

| | |
|---|---|
| ३.२. धुलो, धुवाँबाट हुने वातावरणीय प्रदुषण नियन्त्रण गर्ने | ३.२.१. इँटाभट्टा सञ्चालनलाइ धुलो धुँवा नियन्त्रणका लागि नीतिगत व्यवस्था सहितको वातावरण ऐन बनाइनेछ ।<br>३.२.२. घरमा गुइँठा तथा दाउराको प्रयोग कम गर्न वैकल्पिक उर्जाको व्यवस्था गरिनेछ ।<br>३.३.३ धुँवा रहित तथा सुधारिएको चुल्होको प्रयोगलाई विशेष प्रेत्साहन दिइनेछ । |
| उद्देश्य ४. भोकमरी, महामारी, अगलागि, वाढी, डुवान जस्ता प्रकोप तथा जोखिम न्युनिकरण गर्ने | |
| ४.१. नगरपालिकाको भू उपयोग नीति तथा कानुनलाई प्रभावकारी कार्यान्वयन गर्ने | ४.१.१. सम्पूर्ण घरधुरीको जमीनको लागत संकलन र यकिन गरिनेछ ।<br>४.१.२. अनौपचारिक भूस्वामित्वको यकिन पहिचान गरी अभिलेखीकरण गरिनेछ ।<br>४.१.३. भूमीहिन सुकुम्वासी पहिचान गरी एकिकृत वस्ति निर्माण तथा जिविकोपार्जन कार्यक्रमहरू गरिनेछ ।<br>४..१.४. सावर्जनिक तथा पर्ति जमीनको संरक्षण गरिनेछ । |
| ४.२. प्रकोप तथा जोखिम न्यूनिकरण गर्ने | ४.२.१. महामारी तथा विभिन्न किसिमका प्रकोप व्यवस्थापनमा सामुदायिक सहकार्य वृद्धि गरिनेछ ।<br>४.२.२. स्थानीय युवाहरूलाइ विपद प्रतिकार्यका लागि तालिम र ओजार सहयोग गरिनेछ ।<br>४.२.३. विपद व्यवस्थापन कोष वृद्धि तथा विपद व्यवस्थापनका सामाग्री (दमकल लगायत अन्य औजार) को व्यवस्थापन गरिनेछ । |
| ४.३. पानीका मुहान तथा सिमसार संरक्षण गर्ने | ४.३.१. चुरे क्षेत्रका उच्च भेगमा रिजार्ज पोखरी तथा पानीका मूल संरक्षणलाइ जोड दिईनेछ ।<br>४.३.२. सिमसार क्षेत्रलाई एकिकृत रूपमा संरक्षण र विकास गरी पर्या पर्यटन (विसनरीया दह, पदम दह, अमहा दह, मुसहरनीया दह, रामपुर दह) को विकास गरिने छ । |
| उद्देश्य ५. समुदायमा उत्थानशीलता विकास गरी विपत तथा जोखिम न्यनीकरण गर्ने | |
| ५.१. सबै समुदायलाइ जलवायु परिवर्तन अनुकुलन सम्बन्धी सचेत बनाउने | ५.१.१. जलवायु परिवर्तन अनुकुलन सम्बन्धी चेतनामुलक कार्यक्रम तयारी र प्रसार गरिनेछ ।<br>५.१.२. जलवायु परिवर्तनबाट उत्पन्न विपद् बाट उच्च जोखिममा पर्न सक्ने समूह तथा परिवारको पहिचान गरी लगत अभिलेखीकरण गरिनेछ । |
| ५.२. जलवायु परिवर्तन अनुकुलन योजना तयारी र कार्यान्वयन गर्ने | ५.२.१. जलवायु परिवर्तन अनुकुलन योजना तर्जुमा गरिनेछ ।<br>५.२.१. जलवायु परिवर्तन अनुकुलन योजनाअनुसार वर्षेनी वजेट विनियोजन गरिनेछ । |

**कार्यक्रम तथा आयोजनाहरु**

सुरूङ्गा नगरपालिकाले वन तथा वातावरण र जैविक विविधताको संरक्षण, सम्वर्धन, व्यवस्थापन र समृद्ध गर्न निम्न अनुसारको कार्यक्रम संचालन गरिने छ :

*तालिका नं. ७० : वन, वातावरण तथा जैविक विविधता संरक्षण सम्वन्धी कार्यक्रम तथा योजना*

### ७.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

सुरूङ्गा नगरपालिकाले वन तथा जैविक विविधता विषयको लक्ष र उद्देश्य हासिल गर्न संचालन गरिने कार्यक्रम तथा परियोजनाहरुबाट निम्न उपलव्धिहरु हासिल भएका हुनेछ :

*तालिका नं. ७१ : उपक्षेत्रगत अपेक्षित उपलव्धि तथा नतिजा खाका*

| **नतिजा तह** | **नतिजा** | **सूचक** | **एकाइ** | **आधार बर्षको अवस्था** | **योजना अवधिको लक्ष्य** | | | | **पुष्टाईको स्रोत** |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | **पहिलो** | **दोस्रो** | **तेस्रो** | **जम्मा** | |
| **प्रभाव** | वन जंगल तथा पानीका स्रोत संरक्षण हुनेछ<br><br>समुदायको अनुकुलन क्षमता वृद्धि हुनेछ<br><br>स्वासप्रश्वास सम्बन्धी समस्यामा कमी आउनेछ | आगलागीका घटना कमी भएको | संख्या | | | | | | |
| | | संरक्षित मूहानबाट नियमित खानेपानी आपूर्ती भएको | संख्या | | | | | | |
| | | विपद् जोखिम कार्यदल सक्रिय रही विपदमा धनजनको क्षति कम भएको | | | | | | | |
| | | विपद् जोखिममा प्रभावित हुने घरधुरीमा कमी भएको | संख्या | | | | | | |
| **असर** | वन जंगल र मूहानको संरक्षण, खाली पर्ती जमीनमा बृक्षरोपण तथा सिमसार क्षेत्रमा पर्यापर्यटनको | पूर्ण रूपमा संरक्षित खानेपानीका मूहानहरू | | | | | | | |
| | | पूर्ण रूपमा संरक्षित रिचार्ज पोखरी संख्या | संख्या | | | | | | |
| | | पर्या पर्यटन सञ्चालन | संख्या | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | विकास भएको हुनेछ | भएका सिमसारहरू | | | | | | | | |
| | नगरको वातावरण स्वच्छ भएको हुनेछ | धुँवा धुलो व्यवस्थापन गरी उत्पादन गर्ने इटाभट्टाहरू | संख्या | | | | | | | |
| | | विपद जोखिम न्युनिकरण कार्यदल सक्रिय रहेका वडाहरू | संख्या | | | | | | | |
| **प्रतिफल** | | डम्पिंग साइटको निर्माण | संख्या | | | | | | | |
| | | रिजार्ज पोखरी निर्माण | संख्या | | | | | | | |
| | | पानीका मूहान संरक्षण | संख्या | | | | | | | |
| | | वृक्षरोपण | हेक्टर | | | | | | | |
| | | नर्सरी स्थापना<br>दमकलको व्यवस्था | एकड<br>संख्या | | | | | | | |

### ७.१.६ अनुमान तथा जोखिम पक्ष

सुरूङ्गा नगरपालिकाले वन तथा जैविक विविधता विषयको लक्ष र उद्देश्य हासिल गर्न तथा सम्वन्धित कार्य संचालन गर्ने क्रममा निम्न जोखिम हुन सक्ने छ।

१. सिमाना विवाद तथा अव्यवस्थित वस्तीको कारण वन समूहहरुका गतिविधि निस्कृय हुन सक्दछ।
२. नीजि वन प्रवर्द्धन वा वगैचा प्रवर्द्धनमा छनौट गर्नु पर्दा जग्गाधनीहरुले नीजिवन प्रवर्द्धनलाई कम महत्व दिन सक्छ।

# परिच्छेद ८ : संस्थागत विकास तथा सुशासन

## ८.१ संस्थागत संरचना र मानव संशाधन

### ८.१.१ पृष्ठभूमि

नेपालको संविधानले नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरि तीन तहको हुने र राज्यशक्तिको प्रयोग र उपयोग संविधान र कानून वमोजिम हुने व्यवस्था गरेको छ । तीन तह मध्ये स्थानीय तह जनताको सवै भन्दा नजिकको इकाई हो । जनताले विकास र अधिकार सम्वन्धि आम सरोकारका सवालहरू सबैभन्दा पहिले स्थानीय सरकार समक्ष व्यक्त गर्ने भएकोले यसलाई प्रत्यक्ष देखिने र सुनिने सरकारको रूपमा लिन सकिन्छ । नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐनले तोकेका अधिकारहरुको विवेकपूर्ण प्रयोग गर्दै स्थानीय जनतालाई छिटो, छरितो, सरल, पारदर्शी र गुणस्तरीय सेवा प्रवाह गरी संघीय लोकतान्त्रिक गणतान्त्रिक शासन प्रणालीले व्यवस्था गरे अनुसार नागरिकहरुको स्थानीय तहमा सहज पहुँच स्थापित गर्नका लागि स्थानीय तहहरु आफैमा सवल र सक्षम हुन जरुरी छ । यसका लागि हरेक स्थानीय तहको संरचनात्मक, संस्थागत सक्षमता र जवाफदेहिता लिने संस्कार हुन जरुरी छ । स्थानीय विकास, प्रभावकारी सेवा प्रवाह र स्थानीय सुशासनमा गुणात्मक परिवर्तनका लागि रुपान्तरणकारी, दक्ष, सबल र सक्षम स्थानीय तहबाट मात्र सम्भव छ । त्यसकारण कुनैपनि संस्था प्रणालीबाट संचालन हुनुपर्दछ l नेपालमा सदाचार सम्बन्धी थुप्रै कानून, नीति तथा प्रणालीहरू विकास भएकाछन ।  संस्था संरचनामा निर्दिष्ट जनशक्तिको व्यवस्था गरेको छ । यस अर्थमा नीति, प्रणाली र जनशक्ति समेतको व्यवस्था भएको हुँदा प्रभावकारी कार्यान्वयन मात्र गर्न सके सुशासनको लक्ष्य पूरा गर्न सकिन्छ ।

तालिका नं. ७२ : सुरूङ्गा नगरपालिकाले तयार गरेका स्थानीय कानुनहरूको विवरण

| शीर्षक | मिति |
|---|---|
| सुरुङ्गा नगरपालिकाको संस्था दर्ता एन २०७९ | ०४/२०/२०२३ |
| सुरुङ्गा नगरपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन, २०७७ | ०४/२०/२०२३ |
| सुरुङ्गा नगरपालिकाको विनियोजन ऐन २०७९ | ०९/१२/२०२२ |
| सुरुङ्गा नगरपालिकाको बिनियोन एन ०७९ प्रथम संशोधन सहित | ०४/२०/२०२३ |
| सूचनाको हक सम्बन्धी ऐन 2064 को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली २०६५ (३) | ०८/२९/२०२२ |
| सुरुङ्गा नगरपालिकाको आर्थिक ऐन ०७९८०/ | ०७/२६/२०२२ |
| विनियोजित ऐन २०७८०८९/ | ०९/२२/२०२१ |
| आर्थिक ऐन २०७८०७९/ | ०९/२२/२०२१ |
| सुरुंगा नगरपालिकाको शिक्षा ऐन २०७७ | ०४/०४/२०२१ |
| सुरुंगा नगरपालिकाको विनियोजित ऐन २०७४ | ०३/०४/२०१८ |
| सुरुंगा नगरपालिकाको आर्थिक ऐन २०७ | |
| सुरुङ्गा नगरपालिकाको सार्वजनिक खरिद नियमामवली २०७८ | ०४/२०/२०२३ |
| सुरुङ्गा नगरपालिकाको शिक्षा नियमावली सुरुङ्गा २०७९ | ०४/२०/२०२३ |
| सूचनाको हक सम्बन्धी नियमावली | ०४/१८/२०२२ |
| स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सेवा सुविधाको व्यवस्था गर्न बनेको विधेयक | ०२/२१/२०२२ |
| सुरुंगा नगरपालिकाको खरीद नियमावली २०७८ | ०२/०१/२०२२ |

| शीर्षक | मिति |
|---|---|
| नगर कार्य सम्पादन नियमावली २०७४ | ०३/०६/२०१८ |
| नगर कार्य विभाजन नियमावली २०७४ | ०३/०६/२०१८ |
| लैंगिक समानता तथा सामाजिक समावेशीकरण मूल प्रवाहीकरण रणनीतिक योजना २०८० (GESI POLICY) | १२/२१/२०२३ |
| सुरुङ्गा नगरपालिकाको लिलाम सम्बन्धी कार्यविधि २०७९ | ०४/२०/२०२३ |
| सुरुङ्गा नगरपालिकाको बाल बिवाह मुक्त अभियान संचालन निर्देशिका, २०७९ | ०४/२०/२०२३ |
| सुरुङ्गा नगरपालिकाको बाल अधिकार तथा संरक्षण कार्यविधि २०७७ | ०४/२०/२०२३ |
| सुरुङ्गा नगरपालिकाको ट्यूशन र कोचिङ कक्षा सञ्चालन कार्यविधि, २०७९ | ०४/२०/२०२३ |
| सुरुङ्गा नगरपालिकाको कार्यसंचालन कार्यबिधी २०७८ | |
| सुरुङ्गा नगरपालिकाको एम्बुलेन्स संचालन कार्यबिधी २०७९ | ०४/२०/२०२३ |
| सुरुङ्गा नगरपालिकाको निर्माण व्यवसाय कार्यविधि, २०७५ | ०४/२०/२०२३ |
| सुरुङ्गगा नगरपालिकाको साक्षरता अभियान सञ्चालन तथा साक्षर नगरपालिका घोषणा सम्बन्धी कार्यविधि, २०७९ | ०४/२०/२०२३ |
| सुरुङ्गा नगरपालिकाको बालिका तथा समावेशी शिक्षा संजाल गठन तथा परिचालन कार्यविधि २०७९ | ०४/२०/२०२३ |
| सुरुंगा नगरपालिकाको शैक्षिक परिदृश्य २०७८ | ०७/०५/२०२२ |
| सुरुङ्गा नगरपालिकाको बाल अधिकार कार्यविधि २०७९ | |
| नीतिगत निर्णय २०७८ | ०९/२२/२०२१ |
| नीति तथा कार्यक्रम २०७८ | ०९/२२/२०२१ |
| स्थानीय पाठ्यक्रम मस्यौदा २०७७ | ०४/०४/२०२१ |
| शिक्षा सम्बन्धी सूचना तथा निर्देशिका २०७७ | |
| आदेश प्रमाणीकरण | ०३/११/२०१८ |
| नगर सभा संचालन कार्य बिधि | ०३/०६/२०१८ |

स्रोत: सुरुङ्गा नगरपालिकाको वेवसाइट

नेपालको संविधानमा रहेको स्थानीय तहको एकल अधिकारको प्रयोग सम्वन्धमा स्थानीय सरकार संचालन ऐन २०७४ ले स्थानीय तहको काम कर्तव्य र अधिकार लगायत व्यवस्थापकीय अधिकार, कार्यकारिणी अधिकार र न्यायिक निरूपण, स्थानीय विकास, सेवा प्रवाह सम्वन्धी अधिकार र जिम्मेवारी निर्धारण गरेको छ। कानून बमोजिमका अधिकार र जिम्मेवारी वहन गर्दै स्थानीय विकासलाई समावेशी, सहभागितात्मक र समतामूलक बनाउन स्थानीय तहहरुको क्षमतामा विकास हुन जरूरी हुन्छ। नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन र विभिन्न अन्तर्राष्ट्रिय प्रतिबद्धताहरु र राष्ट्रिय तथा स्थानीय योजनाको आधारमा स्थानीय तहले सम्पादन गर्नु पर्ने नियमित कार्यहरु र तिनको सम्पादन स्तरको अध्ययनबाट स्थानीय तहमा जनप्रतिनिधि र कर्मचारीहरुको व्यक्तिगत क्षमता (ज्ञान, सीप, दक्षता, प्रवृत्ति), संस्थागत क्षमता र विधि, प्रणालीगत क्षमतामा विकास गर्दै जानुपर्ने देखिएको छ। यसलाई मध्यनजर गरी सेवा प्रवाह र विकास व्यवस्थापनमा प्रभावकारिता अभिवृद्धि गरी स्थानीय तहमा सुशासन कायम गर्न कानून, नीति र सुशासन, संगठन तथा क्षमता विकास, राजस्व तथा श्रोत परिचालन र योजना व्यवस्थापनको वस्तुस्थिति विश्लेषण गरिएको छ।

तालिका नं. ७३ : व्यक्तिगत घटना दर्ताको विवरण

| वर्ष | जन्म | मृत्यु | सम्बन्ध बिच्छेद | विवाह | बसाई सरी आएको | बसाई सरी जाने | जम्मा |
|---|---|---|---|---|---|---|---|

| | पुरूष | महिला | तेश्रो लिङ्ग | जम्मा | पुरूष | महिला | तेश्रो लिङ्ग | जम्मा | जम्मा | जम्मा | दर्ता संख्या | सदस्यको संख्या | दर्ता संख्या | सदस्यको संख्या | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७८-०७९ | ८०८ | ७५६ | ० | १५६४ | २४२ | ३१८ | ० | ५६० | २ | ८२७ | १३४ | ४७० | ११० | ३५४ | ३१९७ |
| २०७९-०८० | ७७७ | ६५८ | ० | १४३५ | १८८ | २१० | ० | ३९८ | ६ | ५१५ | ४४ | १३८ | ६४ | २१५ | २४६२ |
| २०८०-०८१ | ५४० | ४१६ | ० | ९५६ | १६९ | १५२ | ० | ३२१ | ६ | ३३० | ३१ | ८३ | ४८ | १२३ | १६९२ |

सुरुङ्गा नगरपालिका सुशासन, संगठन तथा क्षमता विकासमा देखिएको समस्या, चुनौती, सम्भावना र अवसर क्रमशः प्रस्तुत गरिएको छ :

## ८.१.२ समस्या तथा चुनौती

नगरपालिकाको आफ्नै संरचना अनुसारको प्रशासनिक भवन नभएको, ११ वटा वडा कार्यालयहरू मध्ये केहीको राम्रो भवन छैन। दरवन्दीको हिसावले पर्याप्त कर्मचारी छैनन्। कर्मचारी आवासको व्यवस्ता छैन। दुई पाग्रे र चार पाग्रे सवारी साधानको पर्याप्तता नभएको कारण समुदाय तहमा कार्यक्रम संचालन र अनुगमन गर्न समस्या रहेको छ। कर्मचारीहरूको नियमित बैठक बस्ने गरेको छैन। आन्तरिक कर्मचारीहरूलाई क्षमता अभिवृद्धि तालिम कम रहेको छ। अनुगमन नियमित तथा प्रभावकारी हुन नसकेको छैन। विकास निर्माण कार्यमा वास्तविक रुपले जनसहभागिता हुन नसकेको छैन। नगरपालिकाको संगठन संरचना अनुरुप प्रशासनिक भवन अपुग रहेको छ। प्रधानमन्त्री रोजगार कार्यक्रम र प्रदेश सरकारको शसर्त बजेट आ.व.को अन्तिम चरणमा आउँदा पूर्ण रुपमा खर्च हुने गरेको छैन।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नगरपालिका भै सके पछि ......... दरवन्दी कायम गरेको छ। यो संख्या निकै कम हो, गाउँपालिका र नगरपालिकामा संरचना फरक भए पनि कर्मचारी संख्या त्यसै अनुपातमा बुद्धि हुनु पर्नेमा सो भएको देखिदैन। संगठन संरचनाको अध्ययन, पुनरावलोकनको प्रयास भए पनि सो स्विकृती भएको छैन। ......... जना कार्यालयका सवारी चालक, मध्यम स्तरीय विभिन्न प्राविधिक लगायत र ....... जना सरसफाईका कुचिकार नाइके गरी ......... जना मन्त्रालयले दिएको दरवन्दीसंग मेल खादैन।

पछिल्लो समयमा लोक सेवा आयोगले पठाएका अधिकृतहरू अधिकांश वडा कार्यालयका लागि खटाइएको छ। पहिले देखि कार्यरत कर्मचारीहरूको मेल खाने गरी पद मिलान गर्न तथा अति न्यून दरवन्दीको पुरावलोकन आवस्यक छ। सबै वडावाट सेवा संचालन गर्न भारी संख्यामा कर्मचारीको आवस्यकता छ भने मौजुदा कर्मचारीको क्षमता विकास त्यतिकै जरुरी छ। सूचना प्रविधिमा आधारित छिटो सरल सार्वजनिक सेवाको लागि नगरपालिकाले लिएको नीति क्रमश: कार्यान्वयन गर्नु पर्ने देखिन्छ।

## ८.१.३ संभावना, अवसर र वर्तमान अवस्था

दिगो विकासका लक्ष्यहरू हासिल गर्ने, सुशासन, सामाजिक न्याय र समृद्धिको राष्ट्रिय लक्ष्य प्राप्त गर्ने र समतामूलक समाज स्थापना गर्ने अभिभारा पाएको सुरूङ्गा नगरपालिकाले आफ्नो कार्यसम्पादन स्तर सुधारमा अधिकतम प्रयत्न गरिरहेको छ। परिवर्तित सन्दर्भ अनुसारको जिम्मेवारी पूरा गर्न नगरपालिकाले उपयुक्त संस्थागत व्यवस्थाको स्थापना, आवश्यक कर्मचारीहरूको प्राप्ति, प्राप्त अधिकारक्षेत्रमा सेवा प्रदान गर्न नयाँ संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी कार्यान्वयनमा ल्याउनुछ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहहरूलाई विकेन्द्रीकरण र स्थानीय स्वायत्त शासनको मर्म अनुरूप नगरपालिकालाई प्राप्त अधिकार र जिम्मेवारी पूरा गर्न रूपान्तरणकारी, दक्ष, सबल र सक्षम प्रशासन, प्रभावकारी सेवा प्रवाह र सुशासनमा गुणात्मक परिवर्तन ल्याउन संस्थागत क्षमता विकास कार्ययोजना तर्जुमा गरी लागू गर्नु पर्नेछ।

साविक केन्द्र सरकारबाट हस्तान्तरण भई आएका स्वास्थ्य संस्थाहरूको भौगोलिक अवस्थिति र संगठनात्मक व्यवस्था, मानव संसाधन तथा भौतिक पूर्वाधारको मूल्यांकन गरि आवश्यकताका आधारमा क्षमता विकासका लागि स्वास्थ्य संस्थाहरूको संगठन

तथा व्यवस्थापन सर्वेक्षण गरी क्षमता विकास गर्नु पर्नेछ । नगरपालिकामा सुशासन कायम गर्न संस्थागत क्षमता विकासमा सेवा प्रवाहको माग र सम्भावित आपूर्ति पक्षलाई ध्यानमा राखी सुधारका विभिन्न कार्यक्रमहरू सञ्चालनमा ल्याइएको छ । संस्थागत सुधारका सन्दर्भमा सर्वप्रथम ऐन, नियम, विधि तथा प्रणाली जारी गरी आवश्यक नीति, ऐन, नियम, कार्यविधि, योजना कार्यान्वयनमा ल्याइएको छ । त्यसैगरी सम्पादन गरिने कार्यलाई व्यवस्थित रूपले सम्पादन गर्न तथा सबैमा एउटै बुझाइ ल्याउने प्रणाली निर्धारण गर्न आन्तरिक नियन्त्रण प्रणाली, कार्य वातावरण, सञ्चार, समन्वय जस्ता पक्ष समावेश गरी नागरिक बडापत्र सार्वजनिक गरिएको छ । नगरको सेवा प्रवाहलाई छरितो र दक्ष बनाउन सूचना प्रविधि शाखा स्थापना गरी वेवसाइटलाई व्यवस्थित रूपमा सञ्चालन गरिएको छ ।

नगरपालिकाको सेवालाई थप प्रभावकारी बनाउन विभिन्न शाखागत रूपमा अपुग कर्मचारी अस्थाई, करार, ज्यालादारीको रूपमा नियुक्त गरी काममा लगाइएको छ I अब नगरपालिकाक सबै तहका कर्मचारीको लागि प्रस्ट हुने कार्यविवरण दिने र अभिमूखीकरण गर्नु पर्ने छ I हाल नगरपालिकामा कार्यरत कर्मचारिको विवरण प्रस्तुत तालिकामा दिइएको छ :

तालिका नं. ७४ : नगर कार्यपालिका तथा वडा कार्यालयमा कार्यरत कर्मचारीको विवरण

| कार्यरत शाखा | संख्या | कार्यरत शाखा | संख्या | कार्यरत शाखा | संख्या |
|---|---|---|---|---|---|
| कार्यालय प्रमुख | १ | पशु शाखा | २ | वडा कार्यालय | ३७ |
| प्रशासन शाखा | १ | महिला बा.जे.ना शाखा | २ | सूचना तथा प्रविधि शाखा | १ |
| लेखा शाखा | ३ | शिक्षा शाखा | ४ | लघु उद्यम विकास शाखा | २ |
| योजना तथा प्राविधिक | ९ | अमिन शाखा | १ | पंजिकरण शाखा | ३ |
| कृषि शाखा | ५ | राजश्व शाखा | १ | सहकारी/प्रशासन शाखा | १ |
| दर्ता चलानी शाखा | १ | रोजगार शाखा | २ | श्रेणी विहिन, स्वीपर, सवारी चालक, नगर प्रहरी | २५ |
| न्यायिक शाखा | २ | स्वास्थ्य शाखा | ४ | स्वास्थ्य चौकी | १ |
| जम्मा- १०८ | | | | | |

| उप-सचिव | अधिकृत आठौं | अधिकृत छैठौं | अधिकृत सातौ | सहायक पाँचौ | सहायक पाँचौ | सहायक चौथौं | सहायक तृतीय | श्रेणी विहिन चतुर्थ | नखुलेको | श्रेणी विहिन | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | १३ | १ | १२ | १२ | २४ | १ | १ | २५ | २८ | १०८ |

स्रोत : आवधिक योजना सर्वेक्षण २०८१

## ८.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

### लक्ष्य :

गुणस्तरीय सेवा, सबल र सक्षम संगठन मार्फत नगरवासीको जीवनमा सहजता ल्याउने I

### उद्देश्य:

आगामी तीन वर्षभित्रमा सुरूङ्गा नगरपालिकाले संगठन व्यवस्थापन क्षेत्रको वृहत्तर विकासका लागि देहाय बमोजिम उद्देश्यहरू निर्धारण गरिएको छ :

१. सक्षम र जवाफदेही संगठन मार्फत नगरपालिकाका सेवा प्रभावकारी बनाउने I
२. नगरपालिकाको संस्थागत र व्यवस्थापन बलियो बनाई विकासका लक्ष्य हासिल गर्ने I
३. क्षमता विकासको अवसरहरु सिर्जना गरी कार्यदक्षता अभिवृद्धि गर्ने I

**रणनीति तथा कार्यनीति :**

सुरूङ्गा नगरपालिकाले संगठन व्यवस्थापन गर्न निम्न रणनीति तथा कार्यनीतिहरु अवलम्वन गरिने छ :

*तालिका नं. ७५ : उपक्षेत्रगत रणनीति तथा कार्यनीति*

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| १. उद्देश्य: सक्षम र जवाफदेही संगठन मार्फत नगरपालिकाका सेवा प्रभावकारी बनाउने | |
| १.१. नगर कार्यपालिका, वडा तथा कर्मचारी संगठनको क्षमता सुदृढीकरण गर्ने | १.१.१ कार्यविभाजन र कार्यसम्पादन नियमावलीको आधार र संगठन व्यवस्थापन सर्वेक्षण प्रतिवेदन अनुसार संगठन संरचना, दरबन्दी र कार्यविवरणको व्यवस्था कार्यान्वयन गरिनेछ।<br>१.१.२ कार्यालयमा एकीकृत सेवा प्रवाहका लागि लेआउट सहितको सोधपुछ, सहायता कक्ष, स्तनपान कक्ष र सेवाग्राही प्रतीक्षालय सहित कार्यकक्षको व्यवस्था गरिनेछ।<br>१.१.३ नगरपालिकामा कार्यरत कर्मचारीहरूमा विषयगत दक्षता, कार्यकुशलता, जवाफदेहिता र उच्च मनोवलको विकास गरिनेछ।<br>१.१.४ सेवा प्रवाह र व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधि र विद्युतीय सञ्चार माध्यमको प्रयोग क्रमशः वृद्धि गरिनेछ। |
| १.२ विषयगत क्षत्रको कार्यविधि निर्माण गरी सेवा प्रवाह तथा कार्यसम्पादनलाई व्यवस्थित गर्ने | १.२.१ स्थानीय तहको अधिकार क्षेत्रका विषयमा कार्यविभाजन तथा कार्यसम्पादन नियमावली अनुसार सरल र स्पष्ट कार्यविधि निर्माण गरी कार्यसम्पादन र सेवा प्रवाह सुचारु गरिनेछ।<br>१.२.२ नियमित कार्यक्रममा समावेश गरी स्वीकृत कार्यविधिबारे जनप्रतिनिधि, कर्मचारी, नागरिक समाज तथा सेवाग्राहीलाई अभिमुखीकरण गरिनेछ।<br>१.२.३ एकल महिला, अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक, भूमिहीन, विस्थापित तथा विपन्नहरूको संस्था तथा सञ्जाल निर्माण, क्षमता विकास गरी सेवा प्रवाह प्रक्रियामा परिचालन गरिनेछ।<br>१.२.४ नगरपालिकामा कार्यसम्पादनमा आधारित करार पद्धति र कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणालीको स्थापना गरी कार्यान्वयन गरिनेछ। |
| २ उद्देश्य: नगरपालिकाको संस्थागत र व्यवस्थापन बलियो बनाई विकासका लक्ष्य हासिल गर्ने | |
| २.१ नगर शासन तथा नीति, कानुन, निर्णय, कार्यसम्पादन र सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही र प्रभावकारी बनाइने | २.१.१ स्थानीय तहको अधिकार क्षेत्रका विषयमा नीति, ऐन, नियम, कार्यविधि तथा मापदण्ड निर्माण र प्रवोधीकरण गरी नियम पालनामा अभिवृद्धि गरिनेछ।<br>२.१.२ नगर सरकारको जवाफदेहिता अभिवृद्धि सम्बन्धी एकीकृत संयन्त्रको विकास गरी नियमित अभ्यास गरिनेछ।<br>२.१.३ गुनासो तथा क्षतिपूर्ति समेतको प्रावधान भएको नागरिक बडापत्र सहितको सेवा प्रवाह पद्धतिको विकास गरी कार्यान्वयन गरिनेछ। |

| | |
|---|---|
| | २.१.४ आयोजनाको अनुगमन तथा सुपरीवेक्षण सम्बन्धी कार्यविधि तयार गरी टोल विकास संस्था, आमा समूह, युवा क्लब, बालक्लब तथा नागरिक संस्था मार्फत सेवाग्राहीलाई जानकारी गराउने तथा सचेतना अभिवृद्धि गरी कार्यसम्पादन प्रक्रियामा र उपलब्धिमा जवाफदेहिता वृद्धि गरिनेछ।<br>२.१.५ नगरपालिकाबाट प्रवाह गरिने सेवा तथा कार्यसम्पादनलाई जनउत्तरदायी बनाउन कार्यपालिका र वडा कार्यालयहरूमा क्षतिपूर्ति सहितको नागरिक बडापत्र, हेल्पडेक्स, नागरिक भेला र पृष्ठपोषण मार्फत कार्य प्रणालीलाई पारदर्शी बनाइनेछ । |
| २.२ नगरपालिकाको नीति, कानुन तथा निर्णय प्रक्रियामा लक्षित समुदाय र आम नागरिकको अपनत्व वृद्धि गरिने | २.२.१ नगरपालिकाको नीति, निर्णय, सेवा प्रवाह र कार्यसम्पादन बारे सेवाग्राहीसँग मत सर्वेक्षण तथा सरोकारवालासँग अन्तर्क्रिया गरी नागरिक र सरोकारवालाको पृष्ठपोषण र सुझाव प्राप्त गरिनेछ।<br>२.१.२ वडा तथा नगरस्तरबाट सेवा प्रवाहका लागि मापदण्ड तथा मान्यताको विकास गरी कार्यान्वयन गरिनेछ।<br>२.१.३ नगरपालिकाको नीति, ऐन, नियम, कार्यविधि र मापदण्डबारे पदाधिकारी तथा कर्मचारीको क्षमता विकास गरिनेछ।<br>२.१.४ प्रविधिको उच्चतम प्रयोग गरी एकद्वार प्रणालीमार्फत सेवाग्राहीहरूलाई सरल र सहज सेवा प्रदन गरिनेछ। |

## ८.२ वित्तीय स्रोत व्यवस्थापन

### ८.२.१ पृष्ठभूमि

सुरुङ्गा नगरपालिकाले अवलम्बन गरेको आर्थिक नीति तथा राजस्व व्यवस्थापन प्रणालीले समग्र नगरबासीको जनजीवनमा प्रत्यक्ष प्रभाव पारेको छ। यसर्थ नगरपालिकाको आर्थिक नीति तथा राजस्व व्यवस्थापन प्रणालीबारे नगरवासीहरूलाई जानकारी गराउनुपर्छ। नयाँ व्यवस्था अनुसारका सेवा सुविधा र जानकारीहरू वडास्तरबाट पनि सहज तवरबाट समयमै उपलब्ध गराउनु पर्ने हुन्छ। नीति निर्माण गर्ने वेला देखि नै जनसहभागिता गराउन सके नगरपालिकाको लक्ष्य अनुसारको राजश्व संकलन गर्न सकिन्छ । नगरपालिकामा सुशासन प्रवर्द्धन गर्न भई रहेका ऐन नियम, नीति, रणनीतिहरूको पूर्ण रूपमा कार्यान्वयन गर्नसके जनताको विश्वास जित्न सकिन्छ। नागरिकले तिरेको करको पैसा कहाँ र कसरी खर्च भैरहेको छ जान्न पाउने हक प्रत्येक करदातालाई प्राप्त छ।
त्यसैले असीमित जनआकांक्षाको सम्बोधन गर्न सिमित स्रोत साधनबाट मात्र सम्भव छैन। त्यसकारण नगरपालिकाले प्रदेश, संघ तथा विकास साझेदारहरूबाट पनि स्रोत, साधन र प्रविधि प्राप्त गर्न कोशिस गरी राखेको छ। करको दर बढाउने भन्दा दायरा फराकिलो बनाउने तर्फ नगरपालिकाको प्राथमिकता रहेको छ। बदलिदो परिवेशसँगै कर प्रशासनलाई प्रविधि मैत्री र सहज बनाउने योजना नगरपालिकाले लिएको छ। कर प्रशासनमा काम गर्ने कर्मचारीहरूको क्षमता विकास अन्तर शाखा समन्वय र सहकार्य बनाउनेतर्फ विशेष ध्यान दिनु पर्ने छ। नगरपालिकाको विकास प्रशासन, सेवा प्रवाह र कार्यसम्पादनमा प्रभावकारिता अभिवृद्धि गरी स्थानीय सुशासन कायम गर्न स्थानीय नीति, कानुन, संगठन तथा क्षमता विकास, राजस्व तथा स्रोत परिचालनको योजनाबद्ध प्रयास थालनी गरिएको छ।

### ८.२.३ समस्या तथा चुनौती

राजस्व परिचालन कार्यविधि तयार पारिएको छ। राजश्व सुधार कार्य योजना समपुरक कोषको व्यवस्था गरिएको छ। कम्प्यूटरमा आधारित लेखा प्रणाली लागू गरिएको छ।

काम सम्पन्न्न गर्दा उपभोक्ता समितिमा लाभग्राही तथा लागत सहभागीताको कमि छ। जिआईएस प्रकृया अनुसार राजस्व संकलन गर्ने कार्य हुन सकेको छैन। सबै वडामा कम्प्यूटरमा आधारित राजस्व संकलन तथा व्यवस्थापन छैन। लक्ष्य अनुसार आन्तरिक आय बृद्धि हुन नसकेको अवस्था छ। गत आ.व. मा पूँजिगत खर्च ........... प्रतिशत मात्र रहेको छ।

वित्तीय स्रोत व्यवस्थापनका निम्न लिखित समस्याहरू पहिचान भएका छन:

- योजना तथा बजेट तर्जुमा, वित्तीय व्यवस्थापन, लेखा परीक्षण र निर्णय प्रक्रियामा समावेशीता, सहभागिता र पारदर्शितामा सुधार गर्नुपर्ने पर्याप्त स्थान छन।
- योजनाबद्ध विकास तथा सेवाको न्यूनतम मापदण्ड पुरा गर्न आवश्यक स्रोत परिचालन र दक्षतामा कमी छ।
- साधारण खर्चको तुलनामा पुँजीगत खर्च कमजोर र आर्थिक वर्षको अन्त्यमा बढि गर्ने प्रवृत्ति दोहोरिरहेको छ।
- वार्षिक आयको अनुमान र वास्तविकतामा तालमेल मिलाउन सकिएको छैन।
- नगरपालिकाको सेवा व्यवस्थापन प्रक्रियामा कार्यसम्पादनमा आधारित, दण्ड र पुरस्कार तथा वृत्ति विकासको व्यवस्था लागू हुन सकेको छैन।
- संघीय तहबाट खटिने कर्मचारीहरूको छोटो समयमा हुने फेरबदल र संघीय निजामती र स्थानीय सेवाप्रतिको जवाफदेहितामा दोहोरोपनाले, स्रोत परिचालन, योजना तथा कार्यक्रमको कार्यान्वयन लगायत समग्र कार्य सम्पादनमा ढिलाइ र कठिनाइ भएको छ।
- नगरकार्यपालिका कार्यालय, विषयगत शाखा, वडा कार्यालय र एकाईहरूमा आवश्यकता र दरबन्दी अनुसार प्रशासनिक तथा विषयगत कर्मचारीहरूका पदपूर्ति एवं मिलान नहुँदा सेवा प्रवाह र कार्यसम्पादनमा कठिनाइ भइरहेको छ।

## ८.२.४ संभावना, अवसर तथा विद्यमान स्थिति

वित्तिय स्रोत परिचालनको लागि राजस्व परामर्श समिति क्रियाशिल रहेको, सालवसालि रुपमा आर्थिक ऐन र विनियोजन ऐन बन्ने गरेको र राजस्व सुधार कार्ययोजना बनी समय समयमा यस्को पुनरावलोकन गर्ने गरिएको छ। यस चालु आर्थिक वर्ष २०८०-०८१ का लागि राजस्व बाँडफाँडबाट प्राप्त, अन्तर सरकारी वित्तीय, वित्तिय समानिकरणबाट तथा सडक बोर्ड क्यान्सर पीडितको लागि उपचार खर्च प्राप्त कूल आय ३९,८३७,६५०००। रहेको छ भने सशर्त अनुदान ४३,६६०,००००।, नगरपालिकाको आन्तरिक आयको अनुमान प्रक्षेपण रू. ३२९०१८७९। रहेको छ। नगरपालिकाले आन्तरिक आय वृद्धि गर्न राजश्व तथा करको दायरा फराकिलो बनाउनु पर्छ।

चालु आर्थिक वर्ष २०८०-०८१ का लागि प्रस्तावित आयको विवरण तालिकामा प्रस्तुत गरिएको छ :

*तालिका नं. ७६ : प्रस्तावित आयको विवरण*

**आयको अनुमान**

आ.व.२०८०/८१

**एघारौं नगर सभा बाट स्विकृत**

| | शीर्षक | आ.व. २०८०।८१ को अनुमान |
|---|---|---|
| | **कूल आय** | **८३४,९७६,५००.००** |
| | **निशर्त आय** | **३९८३७६५००।००** |
| १ | गत वर्षको अल्या | १००,९१८,६२०।८३ |
| २ | आन्तरिक आय | ३२,९०१,८७९।१७ |
| ३ | संघीय सरकार राजस्व बाँडफाँड | १११,४५६,०००।०० |
| ४ | सघीय सरकार बितिय समानिकरण अनुदान | १३०,१००,०००।०० |
| ५ | प्रदेश समानिकरण अनुदान | १०,०००,०००।०० |
| ६ | प्रदेश सरकार राजश्व बाँडफाँड | ८,५००,०००।०० |
| ७ | सडक बोर्ड | ३,५००,०००।०० |
| ८ | क्यान्सर पिडितको भुक्तानी शोधभर्ना | १,०००,०००।०० |
| | **सशर्त अनुदान** | **४३६,६००,०००.००** |
| १ | संघीय सरकार शशर्त अनुदान | २६९,६००,०००।०० |
| २ | संघीय सरकार बिशेष अनुदान | ८,०००,०००।०० |
| ३ | संघीय सरकार समपुरक अनुदान | ५,०००,०००।०० |
| ४ | प्रदेश सरकार सशर्त अनुदान | ८,०००,०००।०० |
| ५ | प्रदेश सरकार बिशेष अनुदान | ३,०००,०००।०० |
| ६ | प्रदेश सरकार समपुरक अनुदान | २,५००,०००।०० |
| ७ | पीएल जिएसपी | ५००,०००।०० |
| ८ | सामाजिक सुरक्षा | १४०,०००,०००।०० |
| | **कूल आय** | **८३४,९७६,५००।००** |

स्रोत: नगरपालिका नीति तथा कार्यक्रम २०८०-०८१

सुरुङ्गा नगरपालिका

**आन्तरिक राजस्व तथा अन्य दस्तुर प्राप्तिको अनुमान**

आ.व.२०८०/८१

| आय शीर्षक | | प्रस्तावित |
|---|---|---|
| **क्र.स.** | **आन्तरिक राजस्व** | **३२९०१८७९।१७** |
| १ | सम्पती कर | २००००००।०० |
| २ | भुमिकर/ मालपोत | ३००००००।०० |
| ३ | घर बहाल कर | ७५००००।०० |
| ४ | बहाल बिटौरी कर | ५०००००।०० |
| ५ | न्यायिक समिति दस्तुर | ५००००।०० |
| ६ | नक्सापास दस्तुर | ७०००००।०० |
| ७ | सिफारिस दस्तुर | ३५०००००।०० |
| ८ | नाता प्रमाणित दस्तुर | ५००००।०० |
| ९ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ७०००००।०० |
| १० | दहतर बहतर दस्तुर ६० प्रतिशत | ६५०००००।०० |
| ११ | व्यक्तिगत घटना दर्ता दस्तुर | १०००००।०० |
| १२ | विज्ञापन कर | १५००००।०० |
| १३ | न्यायिक तथा प्रशासनिक दण्ड जरिवाना र जफत | २०००००।०० |
| १४ | बेरुजु | २५००००।०० |
| १५ | घर जग्गा रजिष्ट्रेशन दस्तुर | ७५०००००।०० |
| १६ | परीक्षा दस्तुर | ५०००००।०० |
| १७ | अन्य आय | ६४५१८७९.१७ |
| | **जम्मा** | **३२९०१८७९।१७** |

नोट- स्थानीय तहबाट नतोकिएका राजस्व शिर्षक तथा दरहरु संघीय तथा प्रदेश सरकारले तोके बमोजिम हुनेछ ।

*स्रोत: नगरपालिका नीति तथा कार्यक्रम २०८०-०८१*

### ८.२.५ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य :**

आन्तरिक तथा बाह्य स्रोत परिचालनमा वृद्धि गर्नु र राजस्व प्रणाली सुदृढ बनाउने।

**उद्देश्य:**

आगामी तीन वर्षभित्रमा सुरूङ्गा नगरपालिकाले वित्तीय स्रोत परिचालन क्षेत्रको वृहत्तर विकासका लागि देहाय बमोजिम उद्देश्यहरू निर्धारण गरिएको छ :

१. वडा तथा नगरपालिकामा आन्तरिक राजश्व प्रणाली बलियो बनाई चुहावट नियन्त्रण गर्ने र आन्तरिक स्रोत परिचालनलाई जोड दिदै आय वृद्धि गर्ने।

*तालिका नं. ७७ : विषयगत क्षेत्र/उपक्षेत्र अनुसार रणनीति तथा कार्यनीति*

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| १. उद्देश्य: वडा तथा नगरपालिकामा आन्तरिक राजश्व प्रणाली बलियो बनाई चुहावट नियन्त्रण गर्ने । | |
| १.१. राजश्वको दायरा फराकिलो पार्दै आय वृद्धि गरिने | १.१.१ बिद्यमान कर प्रणालीमा सुधार गरि यसलाई बैज्ञानिक र ब्यवस्थित बनाईनेछ ।<br>१.१.२ कर राजश्व असुलीमा सुचना प्रविधिको प्रयोग बढाउँदै लगि यसलाई पूर्णरुपमा स्वचालित पद्धतिमा आबद्ध गरिनेछ ।<br>१.१.३ करको दायरा फराकिलो बनाउँदै करका दरहरुमा समयानुसार परिवर्तन गर्दै लगिनेछ ।<br>१.१.४ बढि राजश्व संकलन गर्ने वडाहरुको मनोबल उच्च बनाउने नीति लिईनेछ ।<br>१.१.५ आन्तरिक आयको वृद्धिका लागि करका नयाँ क्षेत्रहरुको पहिचान गर्दै लगिनेछ<br>१.१.६ नागरिकले घरमै बसेर कर तिर्न सक्ने गरि e-Payment System वा SMS System लागू गरिने छ ।<br>१.१.७ नगरपालिका भित्र लाग्ने साप्ताहिक हाटबजार, पोखरी, नदीनाला आदिको ठेक्का आवश्यक प्रकृया पुर्याई समयमै व्यवस्थापन गरिनेछ |
| १.२ वडा तथा नगरपालिकामा आन्तरिक राजश्व प्रणाली बलियो बनाई चुहावट नियन्त्रण गरिने | १.२.१ वडा तथा नगरपालिकामा online प्रणाली लागू गरिनेछ ।<br>१.२.३ बढी राजश्व संकलन गर्ने वडा तथा कर्मचारीलाई पुरस्कृत गरिने छ ।<br>१.२.४ राजश्व संकलन गर्ने कर्मचारी तथा जनप्रतिनिधिको क्षमता विकास गरिनेछ ।<br>१.२.५ राजश्व सुधार कार्ययोजनाको प्रतिबेदनमा उल्लेख भएका सुझावहरुलाई कार्यान्वयनमा जोड दिईनेछ ।<br>१.२.६. बक्यौता कर असुलीका लागि कार्यदल बनाई परिचालन गरिने छ । |
| १.३ कर तथा राजश्व असुलीका लागि आन्तरिक राजश्व कार्यालय तथा अन्य प्रशासनिक निकायहरूसंग समन्वय र सहकार्य गरिने | १.३.१ कर प्रणाली विधिसम्मत ढंगबाट सञ्चालन गर्न आवश्यक पर्ने पदाधिकारीहरू र कर्मचारीहरूको आचारसंहिता कडाईका साथ लागू गरिनेछ ।<br>१.२.२ कर असुली र चुहावट नियन्त्रणका लागि नगर प्रहरीलाई परिचालन गरिनेछ ।<br>१.२.३ कार्य सम्पादन नियमवाली, विषयगत समितिको कार्यविधि, सुशासन कार्यविधि, आन्तरिक लेखा परिक्षण कार्यविधि, कार्यक्रम संचालन कार्यविधि संशोधन गरी लागू गरिनेछ ।<br>१.२.४ नागरिक निगरानी समूह गठन गरी परिचालन गरिनेछ ।<br>१.२.५ करदाता शिक्षा संचालन तथा पुरस्कृत गरिने छ । |

# परिच्छेद ९: कार्यान्वयन व्यवस्था

## ९.१ पृष्ठभूमि

सुरूङ्गा नगरपालिकाले नगरको समग्र विकासका लागि सहभागितामूलक प्रक्रियाबाट तीन बर्षे आवधिक नगर विकास योजना तयार छ । यस आवधिक योजना तर्जुमाको क्रममा नगरपालिका स्तरीय तीन दिने कार्यशाला गोष्ठी र विभिन्न चरणमा शाखागत छलफलका साथै जनप्रतिनिधिहरूसंग छलफल गरिएको र वडा तहमा समेत सम्पूर्ण वडाहरूमा छलफल गरी प्राप्त सूचना र तथ्यांक विश्लेषण गरिएको छ। प्रति इकाई लागतका आधारमा योजनाको प्रगति मापनका सूचक अनुसारको लक्ष्य प्राप्त गर्न तीन वर्षका लागि प्रमुख कार्यक्रम तथा आयोजनालाई आवश्यक बजेट तयार गरिएको छ। उक्त अनुमानित श्रोत मध्ये नगरपालिकाको वार्षिक बजेटको आधारमा उपलब्ध हुन सक्ने बजेट र योजना कार्यान्वयन गर्दा आवश्यक पर्ने बजेट विश्लेषण गरि नगरपालिकाको आन्तरित श्रोत तथा संघ तथा प्रदेशबाट प्राप्त हुने अनुमानित अनुदान, विषयगत निकायमा उपलब्ध बजेट, विकास साझेदार तथा सहयोगी निकायबाट उपलब्ध हुने रकम, गैसस, नीजि क्षेत्र, समुदायमा आधारित संस्था तथा समुदायको नगद र वस्तुगत योगदानसमेत नगरपालिकामा उपलब्ध श्रोतको विगत वर्षहरूको प्रवाहको आधारमा योजना अवधिमा उक्त श्रोतहरूबाट प्रवाह हुन सक्ने रकमको आधारमा उपलब्ध हुने सक्ने बजेट प्रक्षेपण गरिएको छ ।

## ९.२ संस्थागत व्यवस्था तथा मानव संसाधन योजना

## ९.३ विषय क्षेत्र अनुसार अनुमानित बजेट

| विषय क्षेत्र | पहिलो आ.व. | | दोस्रो आ.व. | | तेस्रो आ.व. | | जम्मा बजेट (रू.) | बजेट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | बजेट प्रतिशत | बजेट | बजेट प्रतिशत | बजेट | बजेट प्रतिशत | बजेट | | |
| आर्थिक विकास | २२.६८९७ | ६८०८०००० | २३.४७८ | १०४६१५५०० | २५.३०४२ | १२६०४५७५० | २९८७४१२५० | २४.०१९२ |
| समाजिक विकास | २९.२७७१ | ८७८४५२५० | २३.२८५७ | १०३७५८३२५ | २२.४८८७ | ११२०२१५०० | ३०३६२५०७५ | २४.४११९ |
| पूर्वाधार विकास | ३७.३६४९ | ११२११२५०० | ४२.९९५१ | १९१५८१५०० | ४४.४०७२ | २२१२०२५०० | ५२४८९६५०० | ४२.२०२४ |
| वातावरण तथा विपद् व्यवस्थापन | ६.१९४०१ | १८५८५००० | ६.५६९०६ | २९२७१००० | ५.५२००३ | २७४९६५०० | ७५३५२५०० | ६.०५८४५ |
| संस्थागत विकास तथा सुशासन | ३.०१११९ | ९०३५००० | ३.३२८९७ | १४८३३५०० | १.९५८९१ | ९७५७७५० | ३३६२६२५० | २.७०३६ |
| योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन | ०.९९६५१ | २९९०००० | ०.२४४४ | १०८९००० | ०.२२८५६ | ११३८५०० | ५२१७५०० | ०.४१९४९ |
| अनुगमन तथा मूल्याङ्कन | ०.४६६५९ | १४००००० | ०.०९८७५ | ४४०००० | ०.०९२३५ | ४६०००० | २३००००० | ०.१८४९२ |
| **कुल बजेट** | **१००** | **३०००४७७५०** | **१००** | **४४५५८८८२५** | **१००** | **४९८१२२५००** | **१२४३७५९०७५** | **१००** |

## ९.४ स्रोत परिचालन रणनीति

